# लेखापरीक्षण प्रतिवेदन

# पोखरा महानगरपालिका

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# पोखरा महानगरपालिका

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**

**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/629

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,

पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

पोखरा, कास्की।

**कैफियतसहितको राय**

हामीले पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. महानगरपालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोषव्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति रभुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१ अर्ब ३१ करोड ४६ लाख ५३ हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.७ लाख ३० हजार, एकीकृत स्वास्थ्य क्षेत्रसुधार कार्यक्रमको रु.३ करोड ४३ लाख १२ हजार र पर्यटन पूर्वाधार विकास कार्यक्रमकोरु.८ लाख समेत रु.१ अर्ब ३५ करोड ४ लाख ९५ हजार समावेश गरेको छैन।

२. महानगरपालिकाको रु.१३ अर्ब ४६ करोड ७२ लाख ६० हजारको लेखापरीक्षण गरिएकोमा रु.४७ करोड ८४ लाख ४७ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.१ करोड ६९ लाख ७७ हजार प्रतिक्रियाबाट कारबाही भई रु.४ करोड २८ लाख ३९ हजार बेरुजु थप समेत बाँकी बेरुजु रु.५० करोड ४३ लाख ९ हजार मध्ये असुल गर्नुपर्ने रु.१९ करोड ५१ लाख ५१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.३ करोड ८२ लाख ७३ हजार, नियमित गर्नुपर्ने रु.१९ करोड ३५ लाख ६४ हजार र पेस्की बाँकी रु.७ करोड ७३ लाख २१ हजार रहेको छ। महानगरपालिकाको गत वर्षसम्म रु.३ अर्ब ५० लाख २९ हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षणबाट कायम रु.२४ लाख ८६ हजार समेत हालसम्मको अद्यावधिक बेरुजु रु.३ अर्ब ५० करोड ९१ लाख १३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. महानगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पोखरा महानगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस महानगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपणयथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसारस्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानकोपर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पोखरा महानगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, महानगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| २१० | १,३१८ | ४७,८४,४७,१०४ | ० | १६५ | १,६९,७६,६२३ | ४,२८,३८,७०१ | २१० | १,१५३ | ५०,४३,०९,१८४ | १९,५१,५१,५४५ | १९,३५,६४,३१० | ३,८२,७२,५८३ | ० | ० | २३,१८,३६,८९६ | ७,७३,२०,७३६ |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फर्स्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कास्की | ३,००,५०,२९,००० | ० | २७,११,०४० | ३,००,२३,१७,९६० | २४,८६,२५६ | ५०,४३,०९,१८४ | ३५०९११३४०० |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ४७ | भूमिकर वांकी | १,०९,५१९ |
| २ | २०७९/८० | ५० | भूमिकर | १,०८,६६० |
| ३ | २०७७/७८ | १०२ | सडक वत्ति जडान | २४,९२,८६१ |
| ४ | २०८०/८१ | १७० | सामाजिक सुरक्षा तर्फ | ६,७९,२९३ |
| ५ | २०८०/८१ | १५२ | विद्यालयको बस खरिद | ७४,८५,२८७ |
| ६ | २०८०/८१ | १८१.3,१८१.४ | वडा नं. ८ तर्फ | १,२८,१३४ |
| ७ | २०८०/८१ | १८८.२ | वडा नं. ३ तर्फ | ११,५८२ |
| ८ | २०८०/८१ | १७१.८ | वडा नं. २८ तर्फ | ३,४०० |
| ९ | २०८०/८१ | १७४.६,१७४.९, १७४.१० | वडा नं. २४ तर्फ | ७६,७५० |

| | | | | |
|---|---|---|---|---|
| १० | २०८०/८१ | १८४.४ | वडा नं. २३ तर्फ | १८,४७७ |
| ११ | २०८०/८१ | १९६.४,१९६.७ | वडा नं. १८ तर्फ | ४,२५० |
| १२ | २०८०/८१ | १८९.३ | वडा नं. १७ तर्फ | ३७,७८० |
| १३ | २०८०/८१ | १९९.५ | वडा नं. १५ तर्फ | ५०,४४२ |
| १४ | २०८०/८१ | १९१.२ | वडा नं. १० तर्फ | १०,३६६ |
| १५ | २०८०/८१ | ३४.२ | रिङ्रेपानी डाडा कटान रोयल्टी | ६२,४०० |
| १६ | २०८०/८१ | १६१ | यातायात भत्ता | २४,३०० |
| १७ | २०८०/८१ | ४३ | मनोरन्जन कर | ६,८३,११८ |
| १८ | २०८०/८१ | ११८ | भेरिएसन आदेश | २५,६९,४४३ |
| १९ | २०८०/८१ | ६७.१ | भवन निर्माणको लागि डाँडा कटान | ३,४०,९१६ |
| २० | २०८०/८१ | १४५ | बुक कर्नर | ५०,८०० |
| २१ | २०८०/८१ | ९९ | बढी भुक्तानी | ६,९७,७०७ |
| २२ | २०८०/८१ | १५० | बढी निकासा | १,३५,००० |
| २३ | २०८०/८१ | १०७ | प्रमाण र पुष्टयाई | ४,५०,००० |
| २४ | २०८०/८१ | १५७ | पूर्ण खोप घोषणा कार्यक्रम | ३२,२२५ |
| २५ | २०८०/८१ | ६९ | ढिला राजश्व दाखिला | ३२,२८,१९६ |
| २६ | २०८०/८१ | २०४.१ | आन्तरिक लेखापरीणबाट कायम व्यहोरा | २८,०५० |
| २७ | २०८०/८१ | १६६,१९६.४ | अनुगमन भत्ता | १४,०२५ |
| २८ | २०८०/८१ | १३० | Day works बाट भएको भुक्तानी | १,०७,३५० |
| २९ | २०८०/८१ | २७ | पेस्की बाँकी | ४७,३३२ |
| ३० | २०८०/८१ | १७७.३ | वडा नं २२ तर्फ | ० |
| जम्मा | | | | १,९६,८७,६६४ |

# (८०४३९२०१३०० - पोखरा महानगरपालिका )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस महानगरपालिकामा ३३ वडा रहेको छ भने क्षेत्रफल ४६४.२४ वर्ग किलोमिटर तथा ५,१३,५०४ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।१०।६ देखि २०८१।११।५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजन, राजस्व, धरौटी, अन्य कारोबार, आय – व्ययको गरी जम्मा रु.१३,४६,७२,५९,८१०।८७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४,७७,१०८।- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| दाखिला मिति।भौ.नं. | विवरण | रकम |
|---|---|---|
| २०८१।१०।२५ | दामोदर अधिकारीलाई बढी भुक्तानी | ४५०० |
| २०८१।१०।२० | राजु प्रसाद सुवेदीलाई बढी भुक्तानी | ३९९५ |
| २०८१।१०।२५ | हिमचुली तरकारी कृषक समूहको बढी भुक्तानी | ६३०४ |
| २०८१।१०।२४ | मञ्जुदेवी गुरुङ्गलाई बढी भुक्तानी | २५५० |
| २०८१।१०।२३ | अन्नपूर्ण कृषि उत्पादन कृषक समूह | ४१७५ |
| २०८१।१०।२० | ए लामिछाने एण्ड एसोसियट्स | ४५४२ |
| २०८१।१०।२३ | भुमेपुज्ने कृषि सहकारी संस्था | १३५३६ |
| २०८१।११।४ | चन्द्रकला अधिकारी बराल | ९०० |
| २०८१।११।४ | देवकी रेग्मी | ५१०० |
| ३२५ | वरपाटन पछाडि खानेपानी उ स लाई बढी भुक्तानी | ६४८६ |
| ३११ | पुजा श्री इलेक्ट्रोनिक्सलाई बढी भुक्तानी | ११४५८ |
| ६७३ | नागको थान देखि मचारी जाने बाटो स्तरोन्नति उ स लाई बढी भुक्तानी | ७२२१ |
| २०८१।१०।१८ | ठेक्का नं. ०८०।८१ बास्कोट हेल्थ पोष्ट भवन निर्माणको बढी भुक्तानी | १४००० |
| २०८१।११।२१ | कृषि सञ्जाल १३ | १२१०० |
| २०८१।११।२५ | सम्पुर्ण सानाकिसान कृषि सहकारी संस्था लि | १७१०६५ |
| २०८१।११।१८ | अनुगमन भत्ता वडा नं. १५ | ११४७५ |
| २०८१।११।१९ | शुक्रराज मा वि | १६८०० |
| २०८१।११।१९ | ब्रह्मरुपा मा वि | २७६०० |
| २०८१।११।२० | महेन्द्र मा वि | १७४०० |
| २०८१।१०।२९ | वडा नं. १७ को बढी भुक्तानी | २९१७ |
| २०८१।११।२७ | यातायात भत्ता क्षयरोग जोखिमयुक्त जनसंख्या खोजपडाल | १५८०० |
| २०८१।११।२६ | बढी भुक्तानी स्वास्थ्यतर्फ | १३९२९ |
| २०८१।११।१५ | भिमबहादुर पराजुली सटर भाडा | ३५५५० |
| २०८१।१२।५ | प्रशिक्षक भत्ता कानुनी युवा मञ्च | ६७७०५ |
| | जम्मा | ४७७१०८ |

२ **एकीकृत आय-व्यय**

महानगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

| पोखरामहानगरपालिका | | | |
|---|---|---|---|
| आ.व. २०८०।८१ को एकीकृत आर्थिक विवरण | | | |
| आय तर्फ | | व्ययतर्फ | |
| विवरण | रकम | विवरण | रकम |
| गतवर्षको जिम्मेवारी बाँकी | | पालिका चालु | १२४७८२७४३५.५४ |
| संचित कोष | ११८१८२३३४४.३४ | पालिका पुँजीगत | २१४३७७६५७१.०१ |
| धरौटी | ११२५८२४३०.२६ | **जम्मा** | **३३९१६०४००६.५५** |
| विविध कोष खाता | | संघीय सरकारबाट प्राप्त अनुदान | |
| विविध खर्च खाता | २३९३००९.४० | सशर्त अनुदान चालु | १५८४१४७३४२.१४ |
| प्रकोप व्यवस्थापन कोष | ९४४०२९.०३ | सशर्त अनुदान पुँजीगत | ३८६०६१८९२.८४ |
| आकस्मिक कोष खाता | २१८१८१३.०० | समपुरक अनुदान | २३९८१८२८.४८ |
| आन्तरिक राजस्व खाता | | विशेष अनुदान | |
| **जम्मा** | **१२९९९२४६२६.०३** | फिर्ता | ११२९७६३६९.५४ |
| राजस्व (आन्तरिक आय) | | **जम्मा** | **२१०७१६७४३३.००** |
| आन्तरिक राजस्व | १०१७९४१८५४.७६ | | |
| राजस्व बाँडफाँट मालपोत समेत | ७२००३२४२८.५४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | |
| विभाज्य कोष | ७०७९२४३५.०० | | |
| **जम्मा** | **१८०८७६६७१८.३०** | समपुरक अनुदान | ६४९७१८३.३६ |
| बाँडफाँटबाट प्राप्त राजस्व (संघ) | ३१४७१५४६३.५५ | विशेष अनुदान | ७४३५०००.०० |
| बाँडफाँटबाट प्राप्त राजस्व (प्रदेश) | ८०४६३४७७.०० | फिर्ता | १००२८१६.६४ |
| **जम्मा** | **३९५१७८९४०.५५** | **जम्मा** | **१४९३५०००.००** |
| संघीय सरकारबाट प्राप्त अनुदान | | | |
| वित्तीय समानीकरण अनुदान | ४५२९१००००.०० | अन्तर सरकारी अख्तियारी संघ | |
| सशर्त अनुदान चालु | १६८३१६५२०९.०० | सामाजिक सुरक्षा | १३१४६५२८४८.८९ |
| सशर्त अनुदान पुँजीगत | ३९९००२२२४.०० | गरिबसँग विश्वेश्वर कार्यक्रम | ७२९९९८.०० |
| समपुरक अनुदान | २५००००००.०० | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३४३१२३०८.०० |
| विशेष अनुदान | | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन | ०.०० |
| **जम्मा** | **२५६००७७४३३.००** | राष्ट्रपति महिला उत्थान कार्यक्रम | ०.०० |
| प्रदेश सरकारबाटप्राप्त अनुदान | | पर्यटन पूर्वाधार विकास कार्यक्रम | ८०००००.०० |
| वित्तीय समानीकरणअनुदान | ५९५२१५००.०० | **जम्मा** | **१३५०४९५१५४.८९** |
| सशर्त अनुदान | ७४३५०००.०० | | |
| समपुरक अनुदान | ७५००००००.०० | विविध खर्च | ५५३६१७०८.८२ |
| विशेष अनुदान | | | |
| **जम्मा** | **७४४५६५००.००** | विविध कोष | ५२७९८६९०.०० |
| URLIP | ४२३२१५.०० | प्रकोष व्यवस्थापन कोष खर्च | २०२०१५६३.०० |
| अन्य आम्दानी | ३२८७२३.०० | | |
| धरौटी | ५५६२८६२४.०९ | धरौटी | ३८५६५७२२.८३ |
| **जम्मा** | **५५६२८६२४.०९** | **जम्मा** | **३८५६५७२२.८३** |
| अन्तरसरकारी अख्तियारी संघ | | **मौज्दात बाँकी** | |
| सामाजिक सुरक्षा | १३१४६५२८४८.८९ | संचित कोष | ४३६५५५९९९.६४ |
| गरिबसँग बिश्वेश्वर कार्यक्रम | ७२९९९८.०० | धरौटी | १२९६४५३३१.५२ |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३४३१२३०८.०० | विविध कोष खाता | २०६६१९५१.२२ |
| राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन | ०.०० | प्रकोप व्यवस्थापन कोष | ३८६६८१७.६५ |
| राष्ट्रपति महिला उत्थान कार्यक्रम | ०.०० | विविध खर्च खाता | ४१२२१५३०.६९ |
| पर्यटन पूर्वाधार विकास कार्यक्रम | ८०००००.०० | आकस्मिक कोष खाता | २१८१८१३.०० |

| | | | |
|---|---|---|---|
| **जम्मा** | **१३५०४९५१५४.८९** | विभाज्य कोष | ७०७९२४३५.०० |
| | | **जम्मा** | **७०४९२५८७८.७२** |
| प्रकोप व्यवस्थापनकोष | २३१२४३५१.६२ | | |
| विविध खर्च | ९४१९०२३०.११ | | |
| विविध कोष खाता | ७३४६०६४१.२२ | | |
| **कुल जम्मा** | **७७३६०५५१५७.८१** | **कुल जम्मा** | **७७३६०५५१५७.८१** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **तलबी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९ तथा स्वास्थ्य सेवा ऐन, २०५३ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १३७ कर्मचारीको रु. १० करोड ९९ लाख १० हजार, शिक्षातर्फ १४७४ स्थायी शिक्षकको रू.१ अर्ब २३ करोड १९ लाख ६२ हजार र पालिकाका चालुतर्फ ४७० कर्मचारीको रु २८ करोड १५ लाख ३९ हजार रु. १ अर्ब ६२ करोड ३४ लाख ११ हजार खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

४ **प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापन**

(क) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पोखरा महानगरपालिकाबाट प्राप्त विवरण अनुसार साविक जि वि स, लेखनाथ नगरपालिका, करार, ज्यालादारी, स्थायी र समायोजन भई आएका समेत संघीय मामिला तथा प्रशासन मन्त्रालयबाट ४९७ कुल दरबन्दी स्वीकृत भई आएकोमा नगर कार्यपालिकाको बैठकबाट कुल ७५४ दरबन्दी कायम रहेको देखिन्छ । हाल पोखरा महानगरपालिकामा स्थायी कर्मचारी ४५७ संघबाट २, अन्य प्रदेशका स्थानीय तहबाट २ जना, गण्डकी प्रदेशका स्थानीय तहबाट ९४ जना गरी कुल ९८ जना कर्मचारी कामकाज, अस्थायी र करार ३३५ जना र ज्यालादारीमा ४१ जना कर्मचारी गरी कुल ९३१ जना कर्मचारी कार्यरत रहेको जानकारी प्राप्त भएको छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार ९ पदहरु नगर कार्यपालिकामा रिक्त रहेका छन् । पदपूर्ति मध्ये कार्यालय सहयोगी, कार्यक्रमतर्फ समेत विभिन्न पदमा ३१५ कर्मचारी करारमा राखी जम्मा रु.१२ करोड ४ लाख ५५ हजार भुक्तानी दिई खर्च लेखेको विवरण प्राप्त भएको छ।साथै पालिकाका विभिन्न महाशाखा मार्फत कर्मचारीको यथार्थ विवरण प्राप्त हुन नसेकेकोले सो सम्बन्धी एकीकृत विवरण प्रशासन शाखाले तयार गरी विभिन्न महाशाखा तथा शाखामा के कति कर्मचारी आवश्यक पर्ने हो र कुन शाखामा कर्मचारीहरु बढी संख्यामा कार्यरत रहेका छन् विश्लेषण गरी कर्मचारीको दरबन्दी व्यवस्थापन र पदपूर्ति गर्नुपर्दछ ।

(ख) संघीय संसदबाट पारित प्रदेश लोक सेवा आयोग आधार र मापदण्ड ऐन, २०७५ र गण्डकी प्रदेश स्थानीय सेवा (गठन र सञ्चालन) ऐन, २०७९ मा भएको व्यवस्था बमोजिम नयाँ कार्यालयहरूको स्थापना र पदपूर्ति गर्दा स्थानीय तहमा स्थानीय सेवाको सङ्गठन संरचना वा दरबन्दी सिर्जना तथा स्वीकृत गर्ने, प्रदेश किताबखानामा पद दर्ता गर्ने, पद दर्ता भएपश्चात मात्र त्यस्ता सङ्गठन तथा निकायको स्थापना र पदपूर्ति गर्ने प्रावधान रहेको छ । पोखरा महानगरपालिकाले पालिका मातहत ३३ वडा कार्यालय र महाशाखा तथा विभागलाई छुट्टै कार्यालय सरह मानी कार्यालय प्रमुख र लेखा प्रमुख समेतको अख्तियारी र जिम्मेवारी तोकी बजेट तथा कार्यक्रम आम्दानी तथा खर्च गर्ने अधिकार दिएको देखिन्छ । यसरी छुट्टै कार्यालयको अस्तित्व सिर्जना गरी सञ्चालनमा ल्याउँदा उक्त कानुनबमोजिम स्थानीय सेवाको सङ्गठन संरचना वा दरबन्दी स्वीकृत गर्ने, प्रदेश किताबखानामा पद दर्ता गर्ने र सोअनुरुप पदपूर्ति गर्नुपर्नेमा सोबमोजिम गरेको छैन ।

५ **कर्मचारीको स्थायी नियुक्ति र पदपूर्ति**

प्रदेश लोक सेवा आयोगले संघीय संसदबाट पारित प्रदेश लोक सेवा आयोग आधार र मापदण्ड ऐन, २०७५ बमोजिम प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवाको साथै स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको पदमा कर्मचारी नियुक्तिका लागि

छनौट र सिफारिस र परामर्श दिने प्रावधान रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२१ ले स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई खारेज गरेसँगै स्थानीय स्वायत्त नियमावली, २०५६ समेत स्वतः खारेज भैसकेको देखिन्छ । गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवाको साथै स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्तिको लागि छनौट, सिफारिस र परामर्श दिने र स्थानीय तहबाट निवृत्तभरण पाउने पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति नगरिने आदि सम्बन्धी व्यवस्थाहरू रहेका छन् । जसमा निम्नानुसार देखियोः

(क) पोखरा महानगरपालिकाले सङ्गठन व्यवस्थापन सर्वेक्षण गरी सभाबाट स्वीकृत गराई पद दर्ता गर्ने तथा सोपश्चात रिक्त पद माग गर्ने लगायतका काम कारबाहीहरू गरेको देखिन नआएकोले यसतर्फ यथाशीघ्र पहल गर्नुपर्ने देखिन्छ ।

(ख) गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ८, १२ र १३ लगायतका दफाहरूमा भएको स्थानीय तहमा स्थानीय सेवाको सङ्गठन संरचना वा दरबन्दी सिर्जना तथा स्वीकृत गर्ने, प्रदेश किताबखानामा पद दर्ता गर्ने, पद दर्ता भएपश्चात मात्र पदपूर्ति प्रकृया अगाडि बढाउने, प्रदेश लोक सेवा आयोगको सिफारिसका आधारमा नयाँ नियुक्ति र पदस्थापन गर्ने, स्थानीय सेवाको कुनै पद रिक्त भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो पद रिक्त भएको मितिले १५ दिनभित्र पद रिक्त भएको सूचना प्रदेश लोक सेवा आयोग र मुख्यमन्त्रीको कार्यालयलाई दिनुपर्ने उल्लेख रहेकोमा पोखरा महानगरपालिकाबाट उल्लेख भएबमोजिमका प्रावधानहरू नियमितरुपमा भए गरेको देखिन आएन ।

(ग) गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ९ को उपदफा (५) अनुसार पोखरा महानगरपालिकाले प्रदेश लोक सेवा आयोगबाट परामर्श लिई पोखरा महानगरपालिकाले कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि ऐन, २०८० सभाबाट स्वीकृत गराउनुपर्नेमा आयोगको परामर्श बेगरनै उक्त ऐन सभामा पेस गरी स्वीकृत गराएको देखियो ।

(घ) उक्त कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि ऐन, २०८० को दफा ३ अनुसार महानगरपालिकामा स्थायी पदपूर्ति गर्न ३ सदस्यीय पदपूर्ति समितिको प्रावधान रहे बमोजिम सोही पदपूर्ति समितिले मिति २०८०।७।२३ मा महानगरपालिकामा २०६४ आश्विन मसान्त अगाडिदेखि नियुक्त भई अस्थायी सेवा करारमा हालसम्म अविछिन्न रुपमा कार्यरत रहेका विभिन्न तह र पदका कर्मचारीको स्थायी पदपूर्तिका लागि स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र उक्त कार्यविधि ऐन, २०८० बमोजिम दरखास्त आह्वान गरेको र सोपश्चात मिति २०८०।८।१९ को कार्यपालिकाको निर्णयबाट उक्त पदपूर्ति समितिलाई स्थायी पदपूर्तिको लागि प्रकृया अगाडि बढाउन निर्देशन दिएबमोजिम पदपूर्ति समितिले विभिन्न समयमा विभिन्न तह र सेवाका १३२ जनालाई स्थायी पदपूर्तिका लागि दरखास्त आह्वान गरेबमोजिम १२९ जनालाई पदपूर्ति गरेको जानकारी लेखापरीक्षणको समयमा प्राप्त भएको छ । प्रदेश लोकसेवा आयोगको परामर्श बेगरनै सभाबाट ऐन पारित गरी पदपूर्ति समिति गठन गरी उक्त ३ सदस्यीय पदपूर्ति समितिले स्थायी पदपूर्तिको प्रकृया अगाडि बढाई स्थायी पदपूर्ति गर्ने र कार्यपालिकाले समेत उक्त समितिलाई सो बमोजिम कार्य गर्न निर्देशन दिने गरी गरेको निर्णय औचित्यपूर्ण देखिएन । यसरी प्रदेश लोकसेवा आयोगको परामर्श बेगर स्थायी नियुक्ति गरिएको विषय तुरुन्त पुनरावलोकन हुनुपर्दछ ।

६ **दरबन्दी बाहिरको करार सेवा**

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसै गरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी सवारी चालक सयश कार्यालय सहयोगी प्लम्बर इलेक्टीसियन चौकिदार माली बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । कार्यालयले संगठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत नगरी ११० जना करार कर्मचारी स्वीकृत दरबन्दी बाहिर राखेको छ । महानगरपालिकाले देहायबमोजिम दरबन्दी बाहिर कारार सेवामा कर्मचारी राखी खर्च गरेको देखिएकाले नियमसम्मत नदेखिएको रु.५,१६,२३,३६६

| क्र.सं. | पद | संख्या | भुक्तानीरकम वार्षिक |
|---|---|---|---|
| १ | शिक्षिका | ५ | २०७६३२० |
| २ | इन्जिनियर | १० | ५९१९५७० |
| ३ | जुनियरइन्जिनियर | ४ | १९०१९६० |
| ४ | सहायकस्तरचौथो | २ | ९०३४५२ |
| ५ | अमिन | ३ | १३५५१७८ |
| ६ | चौथो तह | १ | ४५१७२६ |
| ७ | फा मे सी | ४ | १४५२२६२ |
| ८ | अर्वानप्लानर | १ | ६२००६३ |
| ९ | मेकानिकलइन्जिनियर | १ | ५९१९५७ |
| १० | स्टक्चरलइन्जिनियर | १ | ५९१९५७ |
| ११ | वन तथावातावरण अधिकृत | १ | ५९१९५७ |
| १२ | न प्र नि | १ | ५९१९५७ |
| १३ | सवइन्जिनियर | १४ | ६६५६८६० |
| १४ | सा प चौथो | १ | ४५१७२६ |
| १५ | सामाजिकपरिचालक | १ | ४७५४९० |
| १६ | कम्प्युटरअपरेटर | २ | ९३६९८० |
| १७ | टा नासु | १ | ४७५४९० |
| १८ | स क अ चौथोतह | ५ | २२७८१५८ |
| १९ | मे अ आठौं | १ | ६४३५८१ |
| २० | ल्या टे | १ | ४६१४९० |
| २१ | स्टाफ नर्स | २ | ९२२९८० |
| २२ | हेल्थ असिष्टेन्ट | ११ | ५०७६३९० |
| २३ | अनमी | १८ | ७८७९०६८ |
| २४ | अहेव | १६ | ७००३६१६ |
| २५ | ल्याब असिष्टेन्ट | ३ | १३१३१७८ |
|  | जम्मा | ११० | ५१६२३३६६ |

**(ख) ज्यालादारी कर्मचारी:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ यस महानगरले गतबिगत बर्षहरुदेखि देहाय बमोजिम २४ जना व्यक्तिहरुलाइ वर्षभरी नियमित रुपमा ज्यालादारीमा राखी रु. ४३,११,६००।पारिश्रमिक भुक्तानी गरेको बिबरण प्राप्त भएको छ । महानगरले संगठन व्यवस्थापन र सर्भेक्षण गरेर थप दरवन्दी स्वीकृत गरेको जनाए तापनि यसप्रकार वर्षौंदेखि

ज्यालादारीमा राखी नियमित रुपमा काममा लगाएर पारिश्रमिक खर्च लेख्ने कार्यलाइ नियमसम्मत भएको भन्न मिल्ने नदेखिएको रु.४३,११,६००

| क्र.सं. | नाम थर | तह | हाजिरी दिन अनुसार रकम | जम्मा रु |
|---|---|---|---|---|
| १ | समिर गायक | अन्य कामदार | १८१२०० | १८१२०० |
| २ | शंकर भटराई | नर्सरी नाइके | २७१८०० | २७१८०० |
| ३ | भेष कुमारी दास तत्मा | का.स. | १८१२०० | १८१२०० |
| ४ | याम बहादुर श्रेष्ठ | का.स. | १८१२०० | १८१२०० |
| ५ | गिता नेपाली | कुचिकार | १८१२०० | १८१२०० |
| ६ | पुर्ण सिरी सार्की | कुचिकार | १८१२०० | १८१२०० |
| ७ | निरु विश्वकर्मा | कुचिकार | १८१२०० | १८१२०० |
| ८ | जुनी सुनार | कुचिकार | १८१२०० | १८१२०० |
| ९ | पवित्रा सुवेदी | का.स. | १८१२०० | १८१२०० |
| १० | आशिष खत्री | का.स. | १८१२०० | १८१२०० |
| ११ | खड्क कुमारी प्याकुरेल | कुचिकार | २७१८०० | २७१८०० |
| १२ | सुमित पोखरेल | इले.हेल्पर | १८१२०० | १८१२०० |
| १३ | सता पाध्या | का.स. | १८१२०० | १८१२०० |
| १४ | अम्बिका क्षेत्री | का.स. | १८१२०० | १८१२०० |
| १५ | सविता थापा क्षेत्री | का.स. | १८१२०० | १८१२०० |
| १६ | विशाल घिमेरे | का.स. | १८१२०० | १८१२०० |
| १७ | सरिता लामिछाने जि.सी | कुचिकार | १८१२०० | १८१२०० |
| १८ | डिलमाया दमाई | कुचिकार | ७२००० | ७२००० |
| १९ | विश्वराम के.सी. | कुचिकार | ७२००० | ७२००० |
| २० | अजिता अधिकारी पोखरेल | हेल्पर | १८१२०० | १८१२०० |
| २१ | अन्जु खनाल | कुचिकार | १८१२०० | १८१२०० |
| २२ | सरिता कुमारी वि.क. | कुचिकार | १८१२०० | १८१२०० |
| २३ | सुमित श्रेष्ठ | का.स. | १८१२०० | १८१२०० |
| २४ | धर्मराज कार्की | हेल्पर | १८१२०० | १८१२०० |
| | | जम्मा | ४३११६०० | ४३११६०० |

| | |
|---|---|
| अनियमित भएको | ५,५९,३४,९६६ |

७ **सेवा प्रवाह**

पोखरा महानगरपालिकाको कार्यविभाजन नियमावली, २०७५ बमोजिम नगरप्रमुखदेखि वडा सदस्यसम्मको र प्रशासनतर्फ प्रमुख प्रशासकीय अधिकृतदेखि सहायकस्तरका कर्मचारीहरुको कार्यजिम्मेवारी स्पष्ट किटान गरेको छ । यस वर्ष महानगरपालिकाको विभिन्न

महाशाखाबाट प्राप्त सेवा प्रवाह विवरण देहायवमोजिम रहेको छः

| क्र. सं. | दर्ता प्रकार | संख्या |
|---|---|---|
| १ | जन्म | ५१७० |
| २ | मृत्यु | २११६ |
| ३ | सम्बन्ध बिच्छेद | ५४६ |
| ४ | विवाह | २५५२ |
| ५ | बसाई सरी आएको | ७५४ |
| ६ | बसाई सरी जाने | ३८१ |
| | जम्मा | ११५१९ |

उपरोक्तानुसार महानगरको वार्षिक सेवा प्रवाह अवस्था विश्लेषण गर्दा अद्यावधिक अभिलेख नराखेकोले थप विश्लेषण भएको छैन । गुनासो सुनुवाई प्रभावकारी बनाई साथै सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरी सेवा प्रवाहको अवस्थाको मूल्याङ्कन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ८ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको सशर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसूची २ बमोजिम रू.२ अर्ब १२ करोड २१ लाख २ हजार निकासा प्राप्त भएकोमा रु.२ अर्ब ८१ लाख २३ हजार खर्च भई बाँकी रु.११ करोड ३९ लाख ७९ हजार पालिकाले अनुदान फिर्ता गरेको पाईयो ।

| क्र.सं. | श्रोत | निकासा | खर्च | फिर्ता |
|---|---|---|---|---|
| | **संघीय** | | | |
| १ | सशर्त अनुदान चालु : | १६८३११३१७३ | १५८४१४७३४२ | ९८९६५८३१ |
| २ | सशर्त अनुदान पुँजीगत : | ३९९०५४२६० | ३८६०६१८९३ | १२९९२३६७ |
| ३ | समपुरक अनुदान पुँजीगत | २५०००००० | २३९८१८२८ | १०१८१७२ |
| | **जम्मा** | **२१०७१६७४३३** | **१९९४१९१०६३** | **११२९७६३७०** |
| | **प्रदेश** | | | |
| १ | सशर्त अनुदान पुँजीगत | ७४३५००० | ७४३५००० | ० |
| २ | समपुरक अनुदान पुँजीगत | ७५००००० | ६४९७१८३ | १००२८१७ |
| | **जम्मा** | **१४९३५०००** | **१३९३२१८३** | **१००२८१७** |
| | **कुल जम्मा** | **२१२२१०२४३३** | **२००८१२३२४६** | **११३९७९१८७** |

## ९ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक वजेटको कुनै शीर्षकवाट पुँजीगत शीर्षकमा २५ प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । जसअनुसार चालुमा रकमान्तरबाट थप गर्न मिल्ने व्यवस्था गरेको देखिदैन । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष रु.१ अर्ब ५२ करोड ८८ लाख ६३ हजारलाई टुक्रा पारी निम्नानुसारका ९५६ योजनामा रकमान्तर गरेको देखिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार चालुमा रकमान्तर गर्न पाईने उल्लेख नभएकोमा चालुमा

समेत रकमान्तर गरी अतिरिक्त रकम थप गरी बजेट संरचनामा परिवर्तन हुनेगरी रकमान्तर गरेको देखियो । चालु तथा पुँजीगत बजेटमा हुने रकमान्तरमा नियन्त्रण हुनुपर्दछ ।

## १० **खर्च दक्षता**

महानगरपालिकाले विभिन्न शाखा महाशाखा तथा वडामा वजेट खर्चको अख्तियारी प्रदान गरी ४२ खर्च केन्द्रबाट आर्थिक प्रशासन सञ्चालन गरेकोमा खर्च केन्द्रगत खर्चको विवरण देहायअनुसार रहेको छः

| रु.हजारमा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | खर्च केन्द्र | चालु | | पूँजीगत | | जम्मा | | | |
| | | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | खर्च(%) | |
| १ | पोखरा महानगरपालिका कास्की | ६७२७६३ | ६१३२५६ | ७१७५३ | ४६३५५ | ७४४५१६ | ६५९६१२ | ८८.६० | |
| २ | पोखरा महानगरपालिका१ नं. वडा कार्यालय कास्की | ४७४६ | ३८८९ | १७४०० | १४१२३ | २२१४६ | १८०१३ | ८१.३४ | |
| ३ | पोखरा महानगरपालिका२ नं. वडा कार्यालय कास्की | ४९४७ | ४७९८ | २३५८८ | २१३५३ | २८५३५ | २६१५१ | ९१.६५ | |
| ४ | पोखरा महानगरपालिका३ नं. वडा कार्यालय कास्की | ८००६ | ५६५५ | १४३८२ | १०८७६ | २२३८८ | १६५३१ | ७३.८४ | |
| ५ | पोखरा महानगरपालिका४ नं. वडा कार्यालय कास्की | ५२७७ | ४५७४ | १५९५० | १३१७८ | २१२२७ | १७७५३ | ८३.६४ | |
| ६ | पोखरा महानगरपालिका५ नं. वडा कार्यालय कास्की | ५५७७ | ४३४३ | १७९०० | १४५०२ | २३४७७ | १८८४६ | ८०.२८ | |
| ७ | पोखरा महानगरपालिका६ नं. वडा कार्यालय कास्की | ८३०० | ६९३८ | १९७३१ | १५९९५ | २८०३१ | २२९३३ | ८१.८२ | |
| ८ | पोखरा महानगरपालिका७ नं. वडा कार्यालय कास्की | ५९५५ | ४८२१ | १५९८० | १३७१५ | २१९३५ | १८५३६ | ८४.५१ | |
| ९ | पोखरा महानगरपालिका८ नं. वडा कार्यालय कास्की | ९८५९ | ८३८३ | २१७०० | १७९०४ | ३१५५९ | २६२८७ | ८३.३० | |
| १० | पोखरा महानगरपालिका९ नं. वडा कार्यालय कास्की | ८८५८ | ८१९४ | ३२४४५ | २६०६६ | ४१३०३ | ३४२६० | ८२.९५ | |
| ११ | पोखरा महानगरपालिका१० नं. वडा कार्यालय कास्की | ६८८० | ६०९८ | २४७०५ | १७७७४ | ३१५८५ | २३८७२ | ७५.५८ | |
| १२ | पोखरा महानगरपालिका११ नं. वडा कार्यालय कास्की | ६६७० | ६२५६ | ३५४४५ | २८५३० | ४२११५ | ३४७८६ | ८२.६० | |
| १३ | पोखरा महानगरपालिका१२ नं. वडा कार्यालय कास्की | ५९५० | ५६९२ | २४०५६ | १९७०० | ३०००६ | २५३९३ | ८४.६३ | |
| १४ | पोखरा महानगरपालिका१३ नं. वडा कार्यालय कास्की | ६६९६ | ५४९८ | ३८२१० | ३१९११ | ४४९०६ | ३७४०९ | ८३.३१ | |
| १५ | पोखरा महानगरपालिका१४ नं. वडा कार्यालय कास्की | ६९८७ | ६३९० | ४४३२४ | ३७१०१ | ५१३११ | ४३४९१ | ८४.७६ | |
| १६ | पोखरा महानगरपालिका१५ नं. वडा कार्यालय कास्की | ७६५० | ६६५४ | ५०३७० | ४०२६१ | ५८०२० | ४६९१६ | ८०.८६ | |
| १७ | पोखरा महानगरपालिका१६ नं. वडा कार्यालय कास्की | ४४५० | ४२३६ | ४३५५२ | ३४२२० | ४८००२ | ३८४५६ | ८०.११ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १८ | पोखरा महानगरपालिका१७ नं. वडा कार्यालय कास्की | १०८६५ | ९५५० | २७७३५ | २३२८६ | ३८६०० | ३२८३६ | ८५.०७ | |
| १९ | पोखरा महानगरपालिका१८ नं. वडा कार्यालय कास्की | ३९०० | ३७७५ | ४६२०४ | ३७७५२ | ५०१०४ | ४१५२७ | ८२.८८ | |
| २० | पोखरा महानगरपालिका१९ नं. वडा कार्यालय कास्की | ४५२७ | ३४९१ | ५६४३५ | ४६६१५ | ६०९६३ | ५०१०७ | ८२.१९ | |
| २१ | पोखरा महानगरपालिका२० नं. वडा कार्यालय कास्की | ६६५८ | ५६८३ | १२९४५ | ९८८० | १९६०३ | १५५६३ | ७९.४० | |
| २२ | पोखरा महानगरपालिका२१ नं. वडा कार्यालय कास्की | ४४८७ | ४३०८ | ४७३२५ | ३९६९४ | ५१८१२ | ४४००३ | ८४.९३ | |
| २३ | पोखरा महानगरपालिका२२ नं. वडा कार्यालय कास्की | ३९२५ | २८१७ | ३६४६९ | ३०४२९ | ४०३९४ | ३३२४७ | ८२.३१ | |
| २४ | पोखरा महानगरपालिका२३ नं. वडा कार्यालय कास्की | ४७८८ | ४६६५ | ४६२७५ | ३६१०५ | ५१०६३ | ४०७७१ | ७९.८५ | |
| २५ | पोखरा महानगरपालिका२४ नं. वडा कार्यालय कास्की | ३८०० | ३५४९ | ५३१३० | ४१९८४ | ५६९३० | ४५५३३ | ७९.९८ | |
| २६ | पोखरा महानगरपालिका२५ नं. वडा कार्यालय कास्की | ५१०७ | ४८८५ | ४५८०० | ३४०४१ | ५०९०७ | ३८९२६ | ७६.४७ | |
| २७ | पोखरा महानगरपालिका२६ नं. वडा कार्यालय कास्की | ७७३० | ६३१४ | ७४८९८ | ५५३०७ | ८२६२८ | ६१६२२ | ७४.५८ | |
| २८ | पोखरा महानगरपालिका२७ नं. वडा कार्यालय कास्की | ९९४२ | ८८२८ | ४०२२८ | ३१४७३ | ५०१७० | ४०३०१ | ८०.३३ | |
| २९ | पोखरा महानगरपालिका२८ नं. वडा कार्यालय कास्की | ४०८९ | ३७३४ | ६०८१० | ४०१८६ | ६४८९९ | ४३९२१ | ६७.६८ | |
| ३० | पोखरा महानगरपालिका२९ नं. वडा कार्यालय कास्की | ११००९ | ८४३० | २९५५० | २६३७६ | ४०५५९ | ३४८०६ | ८५.८२ | |
| ३१ | पोखरा महानगरपालिका३० नं. वडा कार्यालय कास्की | ६४०२ | ४७४६ | २९४०० | २२५९१ | ३५८०२ | २७३३७ | ७६.३६ | |
| ३२ | पोखरा महानगरपालिका३१ नं. वडा कार्यालय कास्की | ६९०० | ५६३८ | १५८९५ | १२०८३ | २२७९५ | १७७२१ | ७७.७४ | |
| ३३ | पोखरा महानगरपालिका३२ नं. वडा कार्यालय कास्की | ९७२९ | ७२७७ | ६६२४८ | ५१८१० | ७५९७७ | ५९०८८ | ७७.७७ | |
| ३४ | पोखरा महानगरपालिका३३ नं. वडा कार्यालय कास्की | ४०६४ | ३६५० | ४७४२५ | ४०३८४ | ५१४८९ | ४४०३५ | ८५.५२ | |
| ३५ | स्वास्थ्य महाशाखा पोखरा | ३०५१५० | २४२१६५ | ८००० | २९७९ | ३१३१५० | २४५१४४ | ७८.२८ | |
| ३६ | शिक्षा महाशाखा पोखरा | १६१९६४९ | १५१६३५४ | ११४७९ | ११९४९ | १६३११२९ | १५२७५०४ | ९३.६५ | |
| ३७ | कृषि तथा पशु विकास महाशाखा | १३७२३६ | ८६३६७ | ७५६४ | ६३८६ | १४४८०० | ९२७५३ | ६४.०६ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पोखरा | | | | | | | | |
| ३८ | सामाजिक बिकास महाशाखा पोखरा | ७५९८३ | ५९०४९ | १८०० | १३८६ | ७७७८३ | ६०४३५ | ७७.७० | |
| ३९ | पुर्बाधर बिकास महाशाखा पोखरा | १७२०० | १२०१४ | १६८४६४३ | १०५०८२९ | १७०१८४३ | १०६२८४४ | ६२.४५ | |
| ४० | पोखरा महानगरपालिकाशहरी विकास पर्यटन तथा बातावरणमहाशाखा कास्की | २१०६४० | ९०८४६ | ८१९२६९ | ५१०६६० | १०२९९०९ | ६०१५०६ | ५८.४० | |
| ४१ | शिशुवा अस्पताल | ११७२६ | १०३२६ | ५२४ | ५२४ | १२२५० | १०८५० | ८८.५८ | |
| ४२ | गण्डकी बहुप्राविधिक शिक्षालय | २१७७१ | १२७५९ | ११५२९ | ५३२३ | ३३३०० | १८०८३ | ५४.३० | |
| | जम्मा | ३२८६८४९ | २८२६९१४ | ३७९३०७४ | २५७२८१२ | ७०७९९२३ | ५३९९७२७ | ७६.२६ | |

उल्लेखित विवरण अनुसार पालिकाको कुल विनियोजित वजेट रु.७ अर्ब ७ करोड ९९ लाख २३ हजार रहेकोमा सम्पूर्ण खर्च केन्द्रहरुले कुल बजेट खर्च रु.५ अर्व ३९ करोड ९७ लाख २७ हजार अर्थात् कुल विनियोजित बजेटको ७६.२६ प्रतिशत मात्र खर्च भएको अवस्था छ । लक्ष्यको तुलनामा सबैभन्दा बढी खर्च शिक्षा महाशाखाले ९३.६५ प्रतिशत गरेको र कम खर्च गण्डकी प्राविधिक शिक्षालय महाशाखाले ५४.३० प्रतिशत गरेको छ। खर्चलाई बढाइ विनियोजन दक्षता प्रभावकारी बनाउनेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

## ११ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ ।यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४४८१०६४९२ | २३३०२८०८३ | ४.३२ |
| २ | पूर्वाधार विकास | ३२०६९७३२५३ | २२६२०११५१८ | ४१.८९ |
| ३ | सामाजिक विकास | २३७०८०२८८६ | २०१२५९९९४६ | ३७.२७ |
| ४ | सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र | २००४२२२४७ | १३९३४२९७३ | २.५८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८५३६१९००८ | ७५२७४४७३४ | १३.९४ |
| | **जम्मा** | **७०७९९२३८८६** | **५३९९७२७२५३** | **१००.००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ४१.८९ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धितमा सबैभन्दा घटी २.५८ प्रतिशत रहेको छ ।

## १२ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रू. हजारमा) | | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पूँजिगत खर्चतर्फ | २५७२८१३ | ५८९१२९ | १९६६२४ | ५९६०८८ | ११९०९७२ | ६६२१७४ |
| प्रतिशत | १०० | २२.९० | ७.६४ | २३.१७ | ४६.२९ | २५.७४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू.२ अर्ब ५७ करोड २८ लाख १३ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.५८ करोड ९१ लाख २९ हजार (२२.९० प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१९ करोड ६६ लाख २४ हजार (७.६४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.५९ करोड ६० लाख ८८ हजार (२३.१७ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१ अर्ब १९ करोड ९ लाख ७२ हजार (४६.२९ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.६६ करोड २१ लख ७४ हजार (२५.७४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

## १३ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार १६१६ योजना वडागत र ३१२ पालिकास्तरका गरी कुल १९२६ योजनामा बजेट विनियोजन गरी खर्च गरेको छ ।

| क्र. सं. | विवरण | योजना संख्या | | | खर्चरकम | | |
|---|---|---|---|---|---|---|---|
| | | पालिकास्तरीय | वडास्तरीय | जम्मा | पालिकास्तरीय | वडास्तरीय | जम्मा |
| १ | रु. १ लाख भन्दा कमको योजना | २ | १५० | १५२ | १६९५९० | १११४०४०५ | ११३०९९९५ |
| २ | रु.१ लाख एक देखि पाँच लाख सम्मका योजना | २८ | ८८६ | ९१४ | ५७९६७३६ | २३०६९०८१० | २३६४८७५४६ |
| ३ | रु. ५ लाख देखि १० लाख सम्मका योजना | ४५ | ३१० | ३५५ | २४३१९९७६ | २१५५१५९६५ | २३९८३५९४१ |
| ४ | रु. १० लाख एक देखि ५० लाख सम्मका योजना | १४२ | २६८ | ४१० | २१२५९६१८९ | ४७८३४०९०४ | ६९०९३७०९३ |
| ५ | रु.५० लाख भन्दा माथिका योजना | ९५ | ० | ९५ | १३१७५८८५५७ | ० | १३१७५८८५५७ |
| | जम्मा | ३१२ | १६१४ | १९२६ | १५६०४७१०४८ | ९३५६८८०८४ | २४९६१५९१३३ |

सभाले पारित गरेका उल्लेखित योजना मध्ये ७४ प्रतिशत योजना ५ लाखभन्दा कमका योजनामा बजेट खर्च गर्ने प्रवृति रहेको देखिन्छ । जसले गर्दा ठूला योजना र दीर्घकालीन लाभ र प्रतिफल प्राप्त हुने योजनामा असर पर्ने देखिन्छ तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## १४ अवण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष अन्य सार्वजनिक निर्माण शीर्षक उल्लेख गरी रु.१ करोड १५ लाख तथा वडाहरुले मर्मत संभार/विविध खर्च शिर्षक उल्लेख गरि रु.४ करोड ७७ लाखा २३ हजार अवण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको

निर्णयबाट चालुतर्फ रु.७७ लाख २३ हजार र पुँजीगततर्फ सभाको निर्णयबाट रु.३ करोड ४५ लाख ४७ हजार खर्च भएको छ । वजेट अवण्डाको रुपमा राखी कार्यपालिकाको निर्णयबाट पटके रुपमा खर्च गर्ने र बजेट संरचनामानै असर पर्ने खर्च गर्ने गरी बजेट अबण्डामा राखी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

१५ **खर्च विश्लेषण**

यस पालिकाले अघिल्लो आ.व. २०७९।०८० बाट प्राप्त अ.ल्या मौज्दात रु.१,२९,९९,२४,६२६।०३, यस वर्ष कुल आन्तरिक आय रू.१,८०,८७,६६,७१८।- र राजस्व बाँडफाँडबाट रु.३९,५१,७८,९४०।५५, अनुदानबाट रु.२,६३,४५,३३,९३३।– र अन्य वित्तीयतर्फ रू.२४,७१,५५,७८५।०५ (अन्तर सरकारी बाहेक) समेत रु.६,१३,८४,०४,२१७।८८ आम्दानी भएकोमा चालु तर्फ रु.२,८२,६९,१४,३५८।६८ र पुँजीगत तर्फ रु.२,५७,२८,१२,८९४।६९ समेत रु.५,३९,९७,२७,२५३।३७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३३.४९ प्रतिशत रहेको छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । साथै आन्तरिक आय बढाउनका लागि सम्भाव्य उपाय अवलम्वन गर्नुपर्दछ ।

१६ **बजेट पेस, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस महानगरपालिकाको उपप्रमुखले मिति २०८०।३।९ मा रु.७ अर्ब १५ करोड १५ लाख १७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।३० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै अख्तियारी बजेट कार्यक्रम हुँदा समेत पुँजीगत बजेट ६७.८२ प्रतिशत मात्रै खर्च भएको अवस्था छ । बजेट कार्यान्वियन दक्षता बढाउनु पर्ने देखिन्छ ।

१७ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.१९,७५,५०७।- आर्थिक सहायता वितरण गरेको छ । निश्चित विधि र मापदण्ड बेगर नगर प्रमखुको तोकआदेशबाट आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

१८ **खाना, खाजा तथा विविध खर्च**

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नगरपालिका वडा कार्यालय तथा स्वास्थ्य संस्था समेतमा रु.२ करोड ३८ लाख ११ हजार ५७८ खर्च गरेको छ । महानगरपालिकाले विविध बैठक तथा कार्यक्रम सञ्चालनार्थ खर्च भएको उल्लेख गरी विविध शीर्षकबाट खाजाखाना बापतको खर्च लेखेको छ । महानगरकार्यपालिका, महाशाखाहरु तथा विभिन्न वडा कार्यालयहरुमा भएका विविध तथा खाजा खाना खर्चमा भएको विवरण निम्नानुसार छः

| क्र.सं. | खर्च केन्द्र | खर्च रकम (रू.) | क्र.सं. | खर्च केन्द्र | खर्च रकम (रू.) |
|---|---|---|---|---|---|
| १ | पोखरा महानगरपालिका, १ नं. वडा कार्यालय | ३४९००० | २२ | पोखरा महानगरपालिका, २२ नं. वडा कार्यालय | ४८७७८५ |
| २ | पोखरा महानगरपालिका, २ नं. वडा कार्यालय | ४२८००० | २३ | पोखरा महानगरपालिका, २३ नं. वडा कार्यालय | ५३०००० |
| ३ | पोखरा महानगरपालिका, ३ नं. वडा कार्यालय | ४००००० | २४ | पोखरा महानगरपालिका, २४नं. वडा कार्यालय | ३१६५७० |
| ४ | पोखरा महानगरपालिका, ४ नं. वडा कार्यालय | ३३०००० | २५ | पोखरा महानगरपालिका, २५नं. वडा कार्यालय | ३१९२१० |
| ५ | पोखरा महानगरपालिका, ५ नं. वडा कार्यालय | ३४६६७० | २६ | पोखरा महानगरपालिका, २६नं. वडा कार्यालय | ३११०१६ |
| ६ | पोखरा महानगरपालिका, ६ नं. वडा कार्यालय | ३९९९२६ | २७ | पोखरा महानगरपालिका, २७नं. वडा कार्यालय | ३५९४११ |
| ७ | पोखरा महानगरपालिका, ७ नं. वडा कार्यालय | ३९९९७३ | २८ | पोखरा महानगरपालिका, २८नं. वडा कार्यालय | ३५०००० |
| ८ | पोखरा महानगरपालिका, ८ नं. वडा कार्यालय | ४९८०९६ | २९ | पोखरा महानगरपालिका, २९नं. वडा कार्यालय | ३९१७५५ |
| ९ | पोखरा महानगरपालिका, ९ नं. वडा कार्यालय | ३६४००० | ३० | पोखरा महानगरपालिका, ३०नं. वडा कार्यालय | ३०६९०१ |
| १० | पोखरा महानगरपालिका, १० नं. वडा कार्यालय | ३४९८९१ | ३१ | पोखरा महानगरपालिका, ३१नं. वडा कार्यालय | ३५३९११ |
| ११ | पोखरा महानगरपालिका, ११ नं. वडा कार्यालय | २८५९५७ | ३२ | पोखरा महानगरपालिका, ३२नं. वडा कार्यालय | ३३९९६९ |
| १२ | पोखरा महानगरपालिका, १२ नं. वडा कार्यालय | ४०९९९७ | ३३ | पोखरा महानगरपालिका, ३३नं. वडा कार्यालय | २५१६९७ |
| १३ | पोखरा महानगरपालिका, १३ नं. वडा कार्यालय | ३८६२४६ | ३४ | कृषि तथा पशु विकास महाशाखा | २४०००० |
| १४ | पोखरा महानगरपालिका, १४ नं. वडा कार्यालय | २७४९७० | ३५ | सामाजिक बिकास महाशाखा | २६१८६९ |
| १५ | पोखरा महानगरपालिका, १५ नं. वडा कार्यालय | २५७११० | ३६ | शिक्षा महाशाखा | १८०००० |
| १६ | पोखरा महानगरपालिका, १६ नं. वडा कार्यालय | २२५९८४ | ३७ | गण्डकी बहुप्राविधिक शिक्षालय | २२९५४७ |
| १७ | पोखरा महानगरपालिका, १७ नं. वडा कार्यालय | २४८०३० | ३८ | शिशुवा अस्पताल | ५४६०२३ |
| १८ | पोखरा महानगरपालिका, १८ नं. वडा कार्यालय | ३४९००० | ३९ | शहरी विकास पर्यटन तथा वातावरणमहाशाखा | ७८८१३३ |
| १९ | पोखरा महानगरपालिका, १९ नं. वडा कार्यालय | ३९९८५८ | ४० | पुर्बाधर बिकास महाशाखा | ३९७६५७ |
| २० | पोखरा महानगरपालिका, २० नं. वडा कार्यालय | २९९५८० | ४१ | पोखरा महानगरपालिका | ९३१२८४५ |
| २१ | पोखरा महानगरपालिका, २१ नं. वडा कार्यालय | ५३५००० | | जम्मा | २३८११५८७ |

यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

(ख) कार्यपालिका, यस अन्तर्गत रहेको खर्च केन्द्रबाट भएका विविध तथा खाजा खाना खर्चमा होटलको विलमात्र पेश भएको तर प्रयोजन तथा खर्चको पुष्ट्याई बेगर भुक्तानी भएका उदाहरणहरु देहायबमोजिम रहेको छन्:

| गो भौ मिति | विवरण | भुक्तानी प्राप्त गर्ने | भुक्तानी रकम |
|---|---|---|---|
| ४१।२०८०।५।१० | खाजा खानाविविध | जिन्जर गार्डेन रेष्टुरेन्ट एण्ड बार प्रा लि | १४३६१७ |
| १७।२०८०।५।६ | खाजा खानाविविध | जिन्जर गार्डेन रेष्टुरेन्ट एण्ड बार प्रा लि | १४५८०५ |
| १३१।२०८०।६।५ | खाजा खानाविविध | थासाङ थकाली किचन | २५२५० |
| १५६।२०८०।६।१० | खाजा खानाविविध | जिन्जर गार्डेन रेष्टुरेन्ट एण्ड बार प्रा लि | १९५२५ |
| २१६।२०८०।६।२६ | खाजा खानाविविध | होटल शुभकामना | २२९३८५ |
| २२०।२०८०।६।२९ | खाजा खानाविविध | जिन्जर गार्डेन रेष्टुरेन्ट एण्ड बार प्रा लि | २१८०० |
| १०५७।२०८१।३।२४ | खाजा खानाविविध | आल्मोन्डक्याफे एण्ड रेस्टुरेन्ट प्रा लि | ५०८५० |
| १०५२।२०८१।३।२४ | खाजा खानाविविध | टिका रिसोर्ट | ५५००० |
| ९९८।२०८१।३।२१ | खाजा खानाविविध | कुमार रेष्टुरेन्ट | ५२३९१ |
| ९७९।२०८१।३।२० | खाजा खानाविविध | होटल शुभकामना | ५०२३४० |
| ९७८।२०८०।३।२० | खाजा खानाविविध | जिन्जर गार्डेन रेष्टुरेन्ट एण्ड बार प्रा लि | ७५००० |
| ९७८।२०८०।३।२० | खाजा खानाविविध | होटल लेकाली एण्ड रेष्टुरेन्ट | ६०००० |
| ९७७।२०८१।३।२० | खाजा खानाविविध | विच वारएण्ड लज प्रालि | १३५१८० |
| ८६५।२०८१।३।२ | खाजा खानाविविध | कुमार रेष्टुरेन्ट | २५८१७० |
| ८६४।२०८१।३।२ | खाजा खानाविविध | जिन्जर गार्डेन रेष्टुरेन्ट एण्ड बार प्रा लि | ५८६६० |
| ८६३।२०८१।३।२ | खाजा खानाविविध | होटल शुभकामना | २३७९४० |
| ७८७।२०८१।२।४ | खाजा खानाविविध | होटल शुभकामना | २२९४३५ |
| ७६९।२०८१।२।१ | खाजा खानाविविध | जिन्जर गार्डेन रेष्टुरेन्ट एण्ड बार प्रा लि | ४४०३५ |
| ६९१।२०८१।१।१३ | खाजा खानाविविध | होटल शुभकामना | २४४०९० |
| ६९०।२०८१।१।१३ | खाजा खानाविविध | टेम्पलट्रि रिसोर्ट प्रा लि | १०९१२४ |
| ६७५।२०८१।१।३ | खाजा खानाविविध | जिन्जर गार्डेन रेष्टुरेन्ट एण्ड बार प्रा लि | ४३०८० |
| ६४८।२०८०।१२।२५ | खाजा खानाविविध | विच वारएण्ड लज प्रालि | १०६६३३ |
| ६००।२०८०।१२।७ | खाजा खानाविविध | जिन्जर गार्डेन रेष्टुरेन्ट एण्ड बार प्रा लि | ३९०५० |
| ५७९।२०८०।१२।१ | खाजा खानाविविध | होटल शुभकामना | ४८४१०५ |
| ५२२।२०८०।११।१० | खाजा खानाविविध | जिन्जरगार्डेन रेष्टुरेन्ट एण्ड बार प्रा लि | १४४६३५ |
| २५५।२०८०।७।२ | खाजा खानाविविध | होटल शुभकामना | १७८३८५ |
| ४७२।२०८०।१०।२३ | खाजा खानाविविध | कुमार रेष्टुरेन्ट | १०५००० |
| ४२६।२०८०।९।२९ | खाजा खानाविविध | होटल शुभकामना | ६३३७२५ |
| जम्मा | | | **४४३२२१०** |

प्रयोजन खुलाएर खर्च गर्ने तथा यस्तो खर्चमा नियन्त्रण हुनु जरुरी छ ।

## १९ महानगरपालिका साझेदारी विकास कोष

महानगरपालिका साझेदारी विकास कोष (स्थापना तथा सञ्चालन) नियमावली, २०६१ बमोजिम २९ क बमोजिम कोषले नगरपालिका र ग्रामीण बजार केन्द्र क्षेत्रभित्र गठित परिपक्व टोल विकास संस्था तथा आर्थिक उद्यमहरूलाई ऋण प्रवाह गर्न सक्ने प्रावधान रहेको छ । यसरी ऋण प्रदान गर्नु अघि कोषले ऋण लगानीका शर्तहरू, ऋण रकमको हद, लगानी गर्ने कार्यविधि, व्याजदर, सेवा शुल्क, क्षतिपूर्ति, ऋण रकमको उपयोग, ऋण अनुगमन, असूली गर्ने कार्यविधि तथा ऋण तिर्ने जिम्मेदारी समेत उल्लेख गरी हरेक टोल विकास संस्था वा उद्यमसँग साझेदारी सम्झौता गर्नुपर्ने र कोषसँगको साझेदारी शर्तमा उल्लेख भएको भाखा अनुरूप टोल विकास संस्था तथा उद्यमले लिएको साँवा तथा व्याज रकम किस्ताबन्दीमा कोषलाई फिर्ता गर्नु पर्नेछ । तोकिएको भाखा अनुरूप साँवा तथा व्याज चुक्ता नगरेमा सामाजिक दबाव र नियम अनुरूप कारवाही गरी ऋण तथा व्याजको रकम उठाउन आवश्यक कदम चाल्नेछ भन्ने ब्यवस्था रहेकोमा कोषले भाखा नाघेको ११७ ऋणीको ऋण रकम रु २५,५९,७१३।३६ र नियमानुसारले हुने व्याज रकम रु.१३,३१,११६। जरिवाना हिसाव गणना नगरिएको विवरण पेश हुन आएको छ । यसप्रकार उठ्न बाँकी रकममा रू.४,४६,८३०।७५ व्याज मिन्हा दिएको र कोष संचालक समितिको मिति २०७९।६।११ को बैठकबाट ऋणको किस्ता भुक्तानी गर्ने अवधि २०८१ फागुन मसान्तसम्म थप गरिदिएको व्यहोरा जनाइएको छ । उक्त ऋण रकम रू.२५,५९,७१३।३६ समयमै सावा, व्याज र जरिवाना समेतले हुने रकम नियमानुसार असुलउपर गरिनु पर्ने भनि गत बिगतको प्रतिवेदन देखि औल्याउदै आएकोमा सुधार भएको छैन । ऋणको भाका बढाउदै जाने प्रवृत्तिमा नियन्त्रण गरी उठ्न बाँकी भाका नाघेको सावा र नियमानुसारले लाग्ने व्याज तथा जरिवाना समेतले हुने रकम यथाशिघ्र असुल गरिनु पर्ने रु.

**कार्यालयको भनाइः** साँवा र व्याज मिनाहा नदिएको, जरिवाना मात्र मिनाहा दिएको व्यहोरा पालिकाले जनाएको छ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,३१,११६ |

## २० सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।

## २१ जिन्सी सम्पत्तिको लेखाङ्कन र अभिलेखिकरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ र नियमावली २०७७ को नियम ७८ तथा परिच्छेद १० मा सरकारी सम्पत्तिको लेखाङ्कन, प्रतिवेदन तथा जिम्मा लगत र संरक्षण सम्बन्धमा प्रावधान उल्लेख रहेका छन्। महालेखा नियन्त्रक कार्यालयले बिगत वर्षहरु देखि सरकारी निकायमा खरिद तथा प्राप्त गरिने जिन्सी मालसामान तथा सम्पत्तीको अभिलेख PAMS नामक सफ्टवेयर मार्फत गर्नुपर्ने गरी तोकेको छ । पोखरा महानगर पालिका अन्तरगत ७ महाशाखा, ३३ वडा कार्यालयहरु र २ अन्य निकाय समेत ४२ निकाय रहेकामा सबै निकायमा छुट्टाछुट्टै बजेट, कार्यक्रम तथा खर्च गर्ने अख्तियारी प्रदान गरी सोही बमोजिम खर्च केन्द्रहरुको स्थापना गरी प्रत्येक खर्च केन्द्रहरुबाट छुट्टाछुट्टै रुपमा रकम खर्च गर्दै आएको छ । यसप्रकार खर्च केन्द्रहरुबाट रकम खर्च गरेर वा अन्यत्रबाट जिन्सी वा सम्पत्ती खरिद वा प्राप्त गर्दा कार्यपालिकाको सचिवालय, शहरी, पर्यटन तथा वातावरण महाशाखा, राजस्व महाशाखा र पुर्वाधार महाशाखाको लागि प्राप्त भएका जिन्सी सामान तथा सम्पत्तीलाइ मात्र PAMS नामक सफ्टवेयरमा लेखाङ्कन र अभिलेखाङ्कन गर्ने गरिएको र बाँकी ३९ महाशाखा, कार्यालय तथा निकायबाट खरिद वा प्राप्त गरेको जिन्सी सामान तथा सम्पत्तिको अभिलेख PAMS सफ्टवेयरमा नराखी परम्परागत हार्डकपि रजिष्टरमा छुट्टाछुट्टै रुपमा राख्ने गरेबाट सम्पत्तिको एकिकृत अभिलेख नरहने तथा हिनामिना र दुरुपयोगको समेत अवस्था रहन सक्ने देखिन्छ । यसमा सम्वन्धित पक्षको ध्यान गइ सुधार हुनुपर्ने देखिन्छ ।

## २२ शून्य प्रगति भएका योजना

महानगरले यस आर्थिक वर्षमा पुर्वाधार विकास महाशाखावाट कार्यान्वयन गर्ने भनी वजेट विनियोजन गरेका विभिन्न ३१२ आयोजनामा रु.६२ करोड ७९ लाख २० हजार बजेट विनियोजन भएकोमा प्रगति शुन्य प्रतिशत छ भने समग्र महाशाखाको पुँजीगत प्रगति ६८ प्रतिशत मात्र रहेको छ। बजेट विनियोजन तथा आयोजना छनौट गर्दा कार्यान्वियन योग्य आयोजना छनौट गरी बजेट प्रणालीलाई

प्रभावकारी बनाउनुपर्नेमा खर्च हुन नसक्ने आयोजनामा बजेट विनियोजन गर्ने तथा खर्च हुन सक्ने क्षेत्रमा बजेट अभाव हुन सक्ने देखिन्छ बजेट तथा कार्यक्रम प्रणालीलाई पूर्वानुमानयोग्य बनाई कार्यन्वयन हुन सक्ने आयोजना मात्र छनौट गर्नुपर्ने देखिन्छ।

## २३ पदाधिकारी सुविधा

गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरि सुविधा पाउने व्यवस्था गरेको छ । यस पालिकाले आर्थिक वर्ष २०८०।८१ मा १६८ जना पदाधिकारीहरुलाई रु.४,४६,६४,३९५।- पदाधिकारी सुविधा र रु.१,०८,७९५।- पदाधिकारीको अनुगमन तथा दैनिक भ्रमण तथा भत्तामा खर्च लेखी भुक्तानी गरेको विवरण प्राप्त भएको छ ।

## २४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन्:

**बजेट व्यवस्थापनतर्फ**

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखांकन र व्यवस्थापन नगरेको, स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची-११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा महानगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको जनाएतापनि सो अनुरुप कार्यान्वियन भएको देखिएन,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको जनाएतापनि सो अनुरुप कार्यान्वियन भएको देखिएन,
- महानगरपालिकाले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजना बैंक खडा गरेको देखिएन,
- दिगो विकास योजना २०१५-३० लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

खरिद व्यवस्थापनतर्फ

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा पालिकाले तयार गरेको जनाएता पनि सो बमोजिम खरिदको कार्य गरेको पाईएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,
- कार्यक्रमहरुको विस्तृत विवरण देखिने गरी कार्यक्रम अभिलेख खाता राखेको पाईएन,
- स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,

- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा केहीको पालना भएको पाईएन।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित नगरेको,
- पालिकाका पदाधिकारीहरुको मासिक अनुगमन सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्ने गरेको छैन,
- पालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारण गर्ने गरेको तर कार्यान्वियन नभएको ।

**शिक्षातर्फ**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको,
- कार्यक्रम कार्यान्वियन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन नगरेको,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निःशुल्क छात्रवृत्ति, वर्गीकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको ।

**विविधतर्फ**

- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन ,
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,
- निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन,
- कतिपय भ्रमण आदेशमा स्पष्ट काम उल्लेख नगरि कार्यालय सम्बन्धी काम मात्र उल्लेख गरेको छ,
- विद्युत, पानी महशुल यथा समयमै भुक्तानी नगरी ढिलाई गर्दा थप दस्तुर समेत खर्च लेख्ने गरेको छ,
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सोको पालना नभएको,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,
- खेलकुद कार्यक्रम, सांस्कृतिक कार्यक्रमहरुको लागी अध्यक्षको तोक आदेशको आधारमा भुक्तानी गर्ने गरेको,
- अधिकांशमा पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/प्रशारण बापतको बिल भुक्तानी भएको तर सोको सम्झौता तथा कार्यदेश नभएको,
- पालिका तथा विद्यालयबाट आयोजना भएको खेलकुद प्रतियोगितामा खरिद गरी प्रयोग गरिएका खप्ने जिन्सी सामग्री लगायतका खेलकुद सामग्रीको विवरण सहित सम्बन्धित कार्यालय वा विद्यालयमा दाखिला गर्ने नगरेको,
- शिशुवा अस्पतालबाट स्वास्थ्य सेवा कर रू.१ करोड ६० लाख ५१ हजार अनुमान गरेकोमा कुनै रकम असुल गरिएको छैन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२५ **कानुन निर्माण र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड सबनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ वटा नीति, ३६ वटा ऐन, १२ वटा नियमावली, ४४ कार्यविधि, २ आचारसंहिता, २४ निर्देशिका र ६ मापदण्ड लगायत १२९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले १० वटा कानूनहरु निर्माण गरी सभा। कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

२६ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फर्स्यौट विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५४ उजुरी रहेकोमा यस बर्ष विभिन्न विषयका ६७ वटा विवाद दर्ता भएकोमा जम्मा १२१ मध्ये ८८ वटा फर्स्यौट भई यो वर्ष फर्स्यौट नभई ३३ वटा बाँकी रहेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२७ **पेस्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फछ्यौट गर्ने कार्यविधि तोकेको छ । पालिकाले यस वर्ष विभिन्न व्यक्ति संस्थालाई सम्झौता बमोजिम पेश्की दिएकोमा हालसम्म फस्यौट भएको नदेखिएकोले पेश्की नियमानुसार असुल फर्स्यौट गर्नुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२७,३३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा २७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | ७,७३,२०,७३६ |

२८ **सापटी रकम**

कर्मचारी कल्याण कोष विनियमावली, २०७० को विनियम २४(१) बमोजिम कर्मचारिले लिएको सापटी रकमको भुक्तानी अवधी सापटी लिएको मितिबाट दुई वर्षको हुनेछ भन्ने ब्यवस्था भएकोमा कार्यालयले निम्न कर्मचारीहरुलाई सापटी दिएको रकम रु. ३१०००००। मा नियमानुसार थप ब्याज रु. १०२९३२४। समेत गणना गरी ऋण रकम रु ४१२९३२४। चुक्ता गर्न पटक पटक पत्राचार गरेको जनाएकोमा लेखा परीक्षण अवधिसम्म ऋण तथा ब्याज चुक्ता गरेको देखिएन । अतः बिनियम २३ बमोजिम ब्याज समेत गणना गरी असुल गर्नुपर्ने रु.

| क्र.सं | सापटी लिने कर्मचारीको पद/ नाम | ऋण लिएको मिति | सापटी रकम | ब्याज रकम | मिति २०८१।०३।३१ मात्रऋण र व्याज रकम |
|---|---|---|---|---|---|
| १ | ई.रविचन्द्र घिमिरे | २०७१।०८।१५ | ८५०००० | ३०१०९४।८९ | ११५१०९४।८९ |
| २ | ले अ रविन्द्र अधिकारी | २०७१।०८।१५ | ८१४००० | २८५८०१।८९ | १०९९८०१।८९ |
| ३ | ना सु सावित्रा पौडेल | २०७२।०६।२१ | ७३६००० | २६००९८।५६ | ९९६०९८।५६ |
| ४ | ना सु विष्णु प्रसाद बराल | २०७२।०६।२१ | ५०००००० | १५७३६६।११ | ६५७३६६।११ |
| ५ | का स विष्णुमायाँ भुजेल | २०७१।०८।१५ | २०००००० | २४९६३।४४ | २२४९६३।४४ |
| | जम्मा | | ३१००००० | १०२९३२४।८९ | ४१२९३२५।- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,२९,३२५ |

२९ **उपप्रमुखसँग महिला कार्यक्रम**

पोखरा महानगरपालिकाले उपप्रमुखसंग महिला कार्यक्रम संचालन कार्यविधि,२०७४ र उपप्रमुखसंग महिला कार्यक्रम संचालन निर्देशिका,२०७७ स्वीकृत गरी कार्यान्वयमा ल्याएको छ । उक्त कार्यविधि र निर्देशिका अनुसार महानगरले देहाय वमोजिम २०७५।७६ देखि २०८०।८१ सम्म ७०१ जना महिलाहरुलाई १४ करोड १ लाख २५ हजार ऋण लगानी गरेकोमा यो आ.व.२०८०।०८१ को आषाढ मसान्त सम्ममा ५६८ जना महिलाबाट रु ८,३५,६९,३२९।८५ सावाँ र रु ५७,१२,३०३।– व्याज समेत जम्मा रु ८,९२,८१,६३२।८५ फिर्ता असुल हुन बाँकी रहेको विवरण प्राप्त भएको छ । जसमा २०७५।७६ का ६८ जना मध्ये २२ जनाबाट रु ५९,९३,२२१।– र २०७६।७७ का ७२ जना मध्ये ४५ जनाबाट रु २८,६०,३१४।– समेत फिर्ता प्राप्त हुन बाँकी रहेको समेत देखियो ।यसप्रकार फिर्ता प्राप्त हुन बाँकी रहेका मध्ये भाका नाघेको सावा र व्याज रकम यथाशीघ्र फिर्ता गर्न लगाउन महानगरले थप पहल गर्नुपर्दछ ।

| सि.नं | ऋण लगानी गरेको वर्ष | ऋणी संख्या | ऋण लगानी रकम | | बाँकी रकम | | |
|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | साँवा रकम | व्याज रकम | जम्मा रकम |
| १ | २०७५।७६ | ६८ | १८८५०००० | २२ | ५०७३१७५ | ९२००४६ | ५९९३२२१ |
| २ | २०७६।७७ | ७२ | १३९००००० | ४५ | १८०५७२० | १०५४५९४ | २८६०३१४ |
| ३ | २०७७।७८ | १२४ | २९५००००० | ७० | ११३२४५२८ | १३५६३५३ | १२६८०८८१ |
| ४ | २०७८।७९ | १६२ | २५२७५००० | १६२ | २३८३१३५३.५५ | २५९३०४ | २४०९०६५७.५५ |
| ५ | २०७९।८० | १७४ | २७१००००० | १६९ | २६३०६१३९.३० | ७८४६२९ | २७०९०७६८.३ |
| ६ | २०८०।८१ | १०१ | २५५००००० | १०० | १५२२८४१४ | १३३७३७७ | १६५६५७९१ |
| | जम्मा | ७०१ | १४०१२५००० | ५६८ | ८३५६९३२९.८५ | ५७१२३०३ | ८९२८१६३२.८५ |

(क) महानगरले उपरोक्त वमोजिम ऋण प्रवाह गर्दा विना धितो प्रवाह गर्ने प्रावधान रहेको कारण प्रवाहित साँवा र व्याज रकम असुलीमा जोखिम बढ्दै गएको देखिन्छ । उक्त ऋण सापटी रकम लगानी गरेको उद्देश्य र क्षेत्र तथा असुलीको सम्बन्धमा अनुगमन र मूल्याङ्कन गरी उक्त रकम असुल गर्नुपर्दछ ।

३० **खरिद टुक्राएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा खरिदका बिधिहरु र उपदफा (२) मा खरिद कार्यमा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीमा रू. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रू. ५ लाखभन्दा माथि रू. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न

नहुने उल्लेख छ । महानगरले यो वर्ष कार्यपालिकाको सचिवालय, शहरी, पर्यटन तथा वातावरण महाशाखा, राजस्व महाशाखा र पुर्वाधार महाशाखाको लागि चाहिने स्टेशनरी सामान, छपाइ, कार्यालय सामान, फर्निचर कम्पुटर लगायतका सामान देहाय बमोजिम २ बिक्रेतासंग बोलपत्रबाट रु.२,४९५,७४५। र करिव १६९ बिक्रेताबाट ३३७६ कारोवार संख्यामा रू ७१३५०६५६।३४। रकम बराबरको विभिन्न वस्तु र सामग्री खरिद गरी बिक्रेतालाई भुक्तानी गरेको विवरण जिन्सी शाखाको PAMS बाट प्राप्त भएको छ । ३३ वडा कार्यालयहरु, स्वास्थ्य महाशाखा, शिक्षा महाशाखा, सामाजिक महाशाखा र आर्थिक विकास महाशाखाबाट गरिएको खरिद कार्य PAMS मा नचढाइएको कारण उक्त खरिदमा समावेश हुन सकेको छैन । यी ४ महाशाखा र ३३ वडा कार्यालयहरुबाट भएको खरिदलाई समेत समावेश गर्दा उक्त खरिदको रकम ठूलो परिमाणमा हुन्छ । उक्त सचिवालय र ३ महाशाखाबाट भएको यसप्रकारको वस्तु र सामग्री खरिदमा स्टेशनरी र छपाइको केही आंशिक खरिदलाई १/१ गरी २ वटा बोलपत्रबाट क्रमश २३.१६ प्रतिशत र ५६.४१ प्रतिशत घटी दरमा प्रस्ताव स्वीकृत गरी खरिद गरिएको छ भने १६९ बिक्रेताबाट ३३७६ कारोवार संख्यामा रु.७,१३,५०,६५६।३४ रकम बराबरको खरिद कार्य बिना प्रतिस्पर्धा सोझै वा खुला ३ दरभाउपत्र लिएर खरिद गरेको देखियो । अन्य ४ महाशाखा र ३३ वडा कार्यालयहरुबाट भएको अधिकांश खरिद समेत बिना प्रतिस्पर्धा सोझै वा खुला ३ दरभाउपत्र लिएर शुन्य प्रतिशत घटी दरमा गरिएको छ । यसरी यो वर्ष पूँजीगत तथा चालु किसिमका सामान खरिद गर्दा अधिकांश खरिद सोझै तथा ३ वटासँग दर माग गरी पटक-पटक खरिद गरिएको पाइयो । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने प्रावधानको समेत पालना भएको देखिएन । महानगरले वार्षिक खरिद योजना बनाएर स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाइ खरिद कार्य गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ३१ कर्मचारी कल्याण र अन्य कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवामा आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । यस महानगर पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा गतबिगतको बाकी मौज्दात रु.३१,००,०००। रहेकोमा यो वर्ष बजेट विनियोजन गरेको छैन । यो वर्षसम्म प्राप्त हुनुपर्ने आम्दानी रू.१०,२९,३२४।८९ (ब्याज आम्दानी) समेत बर्षको अन्त्यमा रु.४१,२९,३२४।८९ बाँकी मौज्दात रहेको जनाएको छ ।

पालिकाले उपलब्ध गराएको विवरण अनुसार अन्य कोषको अवस्था निम्न छः

| सि नं | कोषको नाम | गतवर्षको अ. ल्या. | यसवर्षको आम्दानी | यसवर्षको खर्च | मौज्दात बाकी |
|---|---|---|---|---|---|
| १ | प्रकोप व्यवस्थापन कोष | ९४४०२९ | २३१२४३५२ | २०२०१५६३ | ३८६६८१८ |
| २ | कर्मचारी कल्याण कोष | ३१००००० | १०२९३२५ | ० | ४१२९३२५ |
| ३ | आकस्मिक कोष | २१८१८१३ | ० | ० | २१८१८१३ |
| ४ | बिबिध कोष | ० | ७३४६०६४१ | ५२७९८६९० | २०६६१९५१ |
| | जम्मा | ६२२५८४२ | ९७६१४३१८ | ७३०००२५३ | ३०८३९९०७ |

पालिकाले यस्ता कोष गठन गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

## ३२ वित्तीय विवरण

३२.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

- स्थानीय तहले संचित कोषमा गत विगतको साविक पालिका र गा.वि.स. हरुबाट सरी आएको सम्पत्ति र दायित्व बाँकीको अवस्था समेत स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा.नं. २७० ले साविकको उक्त कारोवार समेत देखिने गरी आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।
- कार्यालयले आ.व. २०८०।८१ को लागि बजेट तथा कार्यक्रम स्वीकृत गर्दा स्थानीय संचित कोषमा हुनसक्ने आम्दानी र खर्चको यथार्थतालाइ बिश्लेषण गरेर तर्जुमा गर्नुपर्नेमा सो बमोजिम भए गरेको पाइएन । यस स्थानीय सरकारको कार्यपालिका र सभाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा र स्वीकृत गर्दा गराउँदा आफ्नो अपेक्षित आम्दानी र खर्चलाइ विश्लेषण गरेर मात्र यथार्थतामा आधारित भएर तर्जुमा गर्नुपर्ने देखिन्छ ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । कार्यालयले पेश गरेको वित्तीय विवरण यथार्थ र सही ढंगले तोकिए बमोजिमको ढाँचामा बन्नु पर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले संघिय तथा प्रादेशिक सरकारबाट हस्तान्तरित सामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम समेत संघीय र प्रादेशिक पुर्वाधार बिकास कार्यक्रम लगायतका कार्यक्रम तथा बजेट शिर्षकबाट भएको आम्दानी तथा खर्चको लेखाकंन सुत्रमा राखी प्रतिवेदन तयार गरेको छैन ।
- एकीकृत आर्थिक संकेत वर्गीकरण तथा व्याख्या २०७४ अनुसार चालु र पुँजीगत शीर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रममा चालु शीर्षकबाट गर्नुपर्नेमा पुँजीगत शीर्षकबाट गरेको देखियो ।
- **आर्थिक विवरण पेशः** महानगरले आफू र मातहतका ४२ आम्दानी तथा खर्च केन्द्रहरूको एकमुष्ट र छुट्टाछुट्टै वित्तीय विवरण तयार गरी लेखापरीक्षणको लागि पेश गर्नुपर्दछ । महानगरपालिका मातहत ३३ वटा वडा कार्यालय, ७ विभाग तथा महाशाखा र २ अन्य इकाईसमेत जम्मा ४२ वटा आम्दानी तथा खर्च केन्द्रहरू स्थापना गरी बजेट तथा कार्यक्रमको अख्तियारी दिने, कार्यक्रम सञ्चालन गर्ने, बजेट खर्च गर्ने तथा आम्दानी गर्ने गरी छुट्टाछुट्टै आम्दानी तथा खर्च केन्द्रहरू स्थापना गरी कारोबार सञ्चालन गरेको छ । उक्त आम्दानी तथा खर्च केन्द्रबमोजिम आम्दानी र खर्च गरेको भए तापनि उक्त ४२ केन्द्रहरूको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखबाट प्रमाणित भएका छुट्टाछुट्टै वित्तीय विवरणहरू पेश हुन आएन । सुत्र सफ्टवेयर र आम्दानी सफ्टवेयरले एकमुष्ट देखाएको वित्तीय विवरण पेश भएको आधारमा लेखापरीक्षण गरिएको छ ।

त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

३२.२ **जिम्मेवारी फरक :** कार्यालयले यो वर्ष देहाय अनुसार खातामा कायम गरेको शुरु मौज्दात रकम बैंकमा रहेको मौज्दात रकम भन्दा निम्नानुसार घटी जिम्मेवारी सारेको व्यहोरा पालिकाले लेखापरीक्षणको लागि पेश गरेको एकीकृत आय व्यय विवरणबाट देखियो। यसरी घटी जिम्मेवारी अ. ल्या. गरी फरक परेको सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरी यथार्थता यकिन गर्नुपर्नेमा गरेको नदेखिएकोले यकिन गर्नुपर्ने रु…

| सि नं | विवरण | बैंक स्टेटमेण्ट अनुसार बाँकी मौज्दात | योवर्ष जिम्मेवारी सारेको मौज्दात | फरक रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृषि तथा पशु विकास महाशाखा ( विविध खर्च खाता ) | ३२४३१७.२० | -४२९८०.८० | ३६७२९८.०० | घटी मौज्दात अल्या सारेको |
| २ | पूर्वाधार विकास महाशाखा ( विविध खर्च खाता ) | ३४२६३७३.२५ | २४३५९९०.२० | ९९०३८३.०५ | |
| | जम्मा | ३७५०६९०.४५ | २३९३००९.४० | १३५७६८१.०५ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,५७,६८१.०५ |

३२.३ **आय व्यय हिसावमा फरक:** महानगर पालिकाले पेश गरेको एकीकृत आय-व्यय विवरण अनुसार महानगरको समग्र आम्दानी रु. ७,७३,५७,२६,४३४।८१ रहेको र बैंङ्क मौज्दात बाँकी समेत समग्र खर्च रु. ७,७३,६०,५५,१५७।८१ रही बैंक मौज्दात रु. ३,२८,७२३। ले फरक परी घटी हुन गएको अन्य आम्दानी भनि आयमा समावेश गरेको देखिएकोले यथार्थता यकिन गरी बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२८,७२३ |

३२.४ राजस्व शाखा र राजस्वको सफ्टवेयर सफ्टेक अनुसार कुल आन्तरिक आम्दानी दाखिला रू.१,०१,७९,७०,२६०।१३ रहेको देखिन्छ । तर सुत्र सफ्टवेयर अनुसार बैङ्क दाखिला रू.१,०१,८०,४६,२७०।२० रहेको देखि रू.७६,०१०।– भई मौज्दात बढी रहेको देखियो । यसप्रकार बैङ्क मौज्दात फरक पारेको रू.७६,०१०।– सम्बन्धमा हिसाब मिलान गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७६,००१ |

३२.५ पोखरा महानगरपालिका मातहतका ४२ वटा खर्च केन्द्रमा सुत्रले देखाएको बजेट तथा खर्च केन्द्रगत विवरण अनुसार कुल जम्मा खर्च रू.५,३९,९७,२७,२५३।३७ भएको देखिन्छ । तर सोही सुत्रको सञ्चित कोषको स्रोतगत खर्च विवरण अनुसार जम्मा खर्च रू.५,६९,६१,६७,१५४।१६ मा स्रोतगत जम्मा फिर्ता रू.३०,२३,८८,९००।८८ घटाउँदा खुद जम्मा खर्च रू.५,३९,३७,७८,२५३।२८ भई खुद फरक रू.५९,४९,०००।०९ का सम्बन्धमा हिसाब मिलान विवरण तयार गर्नुपर्दछ ।

३२.६ गत वर्षको बैङ्क स्टेमेन्ट अनुसार बाँकी रहेको बैङ्क मौज्दात कार्यालयले सञ्चित कोषको गोश्वरा भौ.नं. १, ४ र ३८ बाट अल्या जिम्मेवारी सारेको देखाएतापनि सुत्रले प्रतिवेदन मार्फत रू.१,१३,७०,७६,८८४।३६ मात्र अल्या देखाएको जनाई कार्यालयले रू.४,४७,४६,४५९।९५ को सट्टा ४,५२,६३,६९७।११ आम्दानी समायोजन हिसाब भनी गो.भौ.नं. ३३९ बाट देखाएको छ । यसप्रकार समायोजन हिसाब बढी देखाएको रू.५,१७,२३७।१३ का सम्बन्धमा बैङ्क हिसाब मिलान तयार गर्नुपर्दछ ।

३२.७ **धरौटी मौज्दातः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा कार्यालयले आफ्नो नामबाट एकल कोष धरौटी खातामा जम्मा गरेको धरौटी रकमको गोश्वरा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ। पोखरा महानगरपालिका मातहत रहेका ४२ खर्च केन्द्र मध्ये २७ वटा खर्च केन्द्रहरूमा देहाएबमोजिम धरौटी हिसाब रहेको देखिन्छ ।

| गत वर्षको अल्या | यस वर्षको आम्दानी | जम्मा आम्दानी | धरौटी फिर्ता | धरौटी सदरस्याहा | जम्मा खर्च | मौज्दात |
|---|---|---|---|---|---|---|
| १२९६४८१९७।३९ | ५५६२८६२४।०९ | १८५२७६८२१।४८ | ३७००६३४१।२१ | १५५९३८१।६२ | ३८५६५७२२।८३ | १४६७११०९८।६५ |

उक्त कारोबारबाट निम्नानुसार व्यहोरा देखिएका छन्:

- निम्नानुसार धरौटी खातामा स्रेस्तामा भन्दा बैङ्कमा रहेको गत वर्षको मौज्दात अल्या रकम फरक परेको देखिएको हुँदा यथार्थता यकिन गरी हिसाब मिलान गर्नुपर्ने रू.

| क्र.सं . | खर्च केन्द्र | स्रेस्ता अनुसारको मौज्दात अल्या | बैङ्क अनुसारको अनुसार मौज्दात अल्या | फरक रकम |
|---|---|---|---|---|
| १ | वडा नं. ४ | ३१६८१ | १३११९५ | ९९५१४ |
| २ | वडा नं. १३ | १८५४१७ | १६४१८९ | २१२२८ |
| ३ | वडा नं. २७ | ० | ८२३८८ | ८२३८८ |
| ४ | वडा नं. ३२ | ० | ४७३१४ | ४७३१४ |
| ५ | शिक्षा महाशाखा | ५७८५० | १२३७०५ | ६५८५५ |
| | | | जम्मा | ३१६२९९ |

- यो वर्षको धरौटी खातामा स्रेस्ता र बैङ्क मौज्दातमा निम्नानुसार फरक परेको देखिएको हुँदा यथार्थता यकिन गरी हिसाब मिलान गर्नुपर्ने रू.

| क्र.सं. | खर्च केन्द्र | स्रेस्ता अनुसारको मौज्दात बाँकी | बैङ्क अनुसारको अनुसार मौज्दात बाँक | फरक रकम |
|---|---|---|---|---|
| १ | वडा नं. ६ | ६४१४२१ | ५०८६९० | १३२७३१ |
| २ | शिक्षा महाशाखा | ० | ६५८५५ | ६५८५५ |
| | | | जम्मा | १९८५८६ |

- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६४ मा कार्यालयले आफ्नो नामवाट एकल कोष धरौटी खातामा जम्मा गरेको धरौटी रकमको गोश्वरा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ। महानगरको नगर कार्यपालिका सचिवालय महाशाखातर्फ धरौटीको स्रेस्तामा भन्दा बैङ्क मौज्दात घटी भई गत विगत वर्षदेखि फरक पर्दै आएको रू.१,७०,६५,७६७।१३ का सम्बन्धमा गत विगतमा प्रतिवेदनमा औंल्याउदै आएकोमा लेखापरीक्षण अवधिसम्म पनि सुधार भएको नदेखिँदा यथार्थता पहिचान गरी हिसाब मिलान गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,१४,८८५ |

३३ **प्रदेशमा पठाउनु पर्ने रकम नपठाएको**

गण्डकी प्रदेश आर्थिक ऐन, २०८० को दफा ८ उपदफा ५ मा स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम बाँडफाँट गरी साठी प्रतिशत रकम स्थानीय तहको संचित कोषमा र चालीस प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने प्रावधान रहेको छ । पोखरा महानगर पालिकाले महानगरको आर्थिक ऐन, २०८० को दफा ७ र सोको अनुसुची १० बमोजिम ढुंगा, गिट्टी, बालुवा, माटो, ग्राभेल लगायतका नदीजन्य तथा खानीजन्य प्राकृतिक श्रोत साधन बिक्री बापत योवर्ष जम्मा रु .११,९३,०८,१०६।५० आम्दानी गरेको छ ।

उक्त आम्दानी मध्ये रु. ४,८६,३९,५२२।- स्थानीय संचित कोषमा ट्रान्स्फर गरी आम्दानी बाधेको छ भने बाँकी रहेको रु.७,०६,६८,५८४।५० स्थानीय बिभाज्य कोषमा नै राखेको छ ।

क. विभाज्य कोष खातामा गत वर्षको अन्तमा बाँकी रहेको रू.१,९६,२७,२४२।५० गत वर्ष नै गोश्वारा भौचर उठाई स्रेष्ता अनुसार यो वर्षलाई स्रेष्तामा ट्रान्सफर गरेको तर बैङ्कले भने यो आर्थिक वर्ष २०८०।८१ मा आएर मात्र ट्रान्सफर गरेको देखाएबाट आय व्यय हिसाबमा जिम्मेवारी अल्या नगरेको व्यहोरा पालिकाले जनाएको छ ।

## ३४ **रिङ्गेपानी डाडा कटान रोयल्टी**

३४.१ पोखरा महानगरको आर्थिक ऐन २०८० को अनुसुची १० वमोजिम प्रकृतिक स्रोत साधन विक्री तर्फ माटो उत्खन्न प्रतिघनमिटर रु २४०।– का दरले शुल्क असुल गरी महानगरको स्थानीय संचित कोषमा र सो को लाग्ने मू.अ.कर संघीय राजश्वको सम्बन्धित संचितकोष शिर्षकमा दाखिला गर्नुपर्ने प्रावधान रहेको छ ।महानगरको क्षेत्राधिकार भित्र रहेको रिङ्गेपानी वानिया पाखा डाडा स्थित ३९ वटा कित्ताको जम्मा क्षेत्रफल ८६-०-१-१ जग्गा पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल आयोजनाले उक्त जग्गा हरु ICAO को वर्गीकरण ४D category मा पर्ने तथा Runway मा obstacle पर्ने हुदा उक्त डाडा २४.४८६ मिटर + ५ मिटर (मार्जिन) समेत करिब ३० मिटर कटान र कटान गर्दा निस्किएको सामग्री व्यस्थापनकव लागि सहजिकरण गरिदिन आयोजनाले मिति २०७५।१०।३ च.नं ३२७ र मिति २०७६।१।१३ च.नं ४६६ बाट अनुरोध भै आएकोमा पालिकाको राजश्व परामर्श समितिको मिति २०७६ जेठ २० गते को निर्णय तथा सिफारिसका आधारमा सरोकारवालाले पेश गरेको IEE प्रतिवेदन अनुसार उक्त डाँडाँ कटान गर्दा निस्कने ११०६२७३ घनमिटर माटो मध्ये ३५७७४ घनमिटर माटो filling गर्न सोही स्थानमा प्रयोग हुने र बाँकी १०७०४४९ घनमिटर माटो स्वयम् जग्गा धनिहरुले mitigation measures अनुसार निकासी गरी व्यवस्थापन गर्ने गरी सरोकारवाला जग्गाधनी गोविन्द प्रसाद तिमिल्सिना समेतका जग्गाधनीलाई मिति २०७६।२।४ मा ५० हजार घनमिटर माटो कटा तथा व्यवस्थापनको लागि तत्कालिन महानगरको आर्थिक ऐनले तोकेको दर प्रतिघनमिटर रु ७२।– ले हुने रु ३६ लाख रोयल्टी लिई नगर प्रमुखले तत्काललाई स्वीकृति प्रदान गरेको देखियो । हाल उक्त डाडाँ कटानको कार्य सम्पन्न भइसकेको जनाइएकोमा तत्पश्चात आयोजना र सरोकारवालाहरुले महानगरपालिकाबाट थप स्वीकृति लिएको र लाग्ने रोयल्टी तथा कर हरु तिरेको देखिन आएन । यसप्रकार सरोकारहरुले पेश गरेको IEE प्रतिवेदन अनुसार बाँकी परिमाण १०२०४४९ घनमिटर सम्बन्धमा आयोजनाको अध्ययन प्रतिवेदन तथा वास्तविक कटान तथा निकासी व्यवस्थापन गरेको परिमाण यकिन गरी महानगरको आर्थिक ऐन, २०८० बमोजिम लाग्ने रोयल्टी शुल्क रु २४,४९,०७,७६०।– र सो मा लाग्ने मू.अ.कर रकम रु ३,१८,३८,००९।– समेतले हुने रकम रु.२७,६७,४५,७६९।– का सम्बन्धमा यथार्थता यकिन गरी हुन आउने रकम सम्बन्धित सरोकार वाला जग्गाधनीहरु र आयोजनाबाट असुल गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

**कार्यालयको भनाइः** नागरिक उड्यन प्राधिकरण र आयोजनासँग यस विषयमा पटक पटक समन्वय र पत्राचार गर्दा आयोजनाले तथ्याङ्क उपलब्ध नगराउनु साथै सहयोग नपुर्‍याएको व्यहोरा पालिकाले जनाएको छ ।

### ३४.२ **रोयल्टी तथा कर असुली :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **६२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ३५ **फोहरमैला व्यवस्थापन लागत अनुमान**

३५.१ राष्ट्रिय तथ्यांक विभागको २०७८ को प्रतिवेदन अनुसार महानगरभित्र कुल १४०४५९ घरधुरीमा घरधुरीमा वसोवास गर्ने ५ लाख १८ हजार ४ सय ५२ व्यक्तिवाट दैनिक सरदर १८० देखि २०० मेट्रिक टनसम्म फोहोर उत्पादन हुने आकंलन गर्ने गरेको छ । महानगरमा रहेको अभिलेख अनुसार २८२१५ व्यवसायिक संघ संस्थाहरुको फोहरमैला व्यवस्थापन शुल्क २०५९ सालदेखि विभिन्न ६ कम्पनिले उठाउदै आएको देखिन्छ । महानगरले फोहरमैला व्यवस्थापन गर्नको लागि लागत अनुमान तयार गर्दा विद्यमान जनसंख्या,

घरधुरीसंख्या, दैनिक उत्पादन हुने फोहर र व्यवस्थापन गर्दा लाग्ने लागत समेत यथार्थपरक र वस्तुनिष्ठ भई लाभ लागत विश्लेषण गरेर गर्नुपर्नेमा सो बमोजिम गरेको पाइएन । महानगरपालिकाले आर्थिक वर्ष २०७८।७९ सम्म संकलित फोहोरमैला शुल्कको २० प्रतिशत रकम महानगरमा बुझाउने गरी र २०७९ श्रावण देखि पौषसम्म वार्षिक रु.१,५७,७२,६२१। का दरले हुने रकम बुझाउने गरी २ पटक ३/३ महिनाका दरले म्यादथप गरी फोहोर व्यवस्थापनको कार्य गर्दै आएकोमा उक्त संस्थाहरु मार्फत नै आर्थिक वर्ष २०७९।८० को माघ १ देखि विगतको भन्दा करिव २५० प्रतिशत घटी अंक राखी सोही ६ कम्पनीहरुलाई थप ४२ महिनाको लागि सोझै निरन्तरता दिएको छ । लागत अनुमान तयारी गर्दा कूल घरधुरीसंख्या १ लाख ४० हजार ४५९ को प्रति घरधुरीको आर्थिक ऐन, २०८० को अनुसुची १५ को दफा १३ बुदा नं ४ क्रम संख्या २८ ले तोकेअनुसार मासिक रु.२०० लाग्ने उल्लेख भएअनुसार वार्षिक रुपमा हिसाव निकाल्दा कम्तीमा रु.३३,७१,०१,६००।- लागत अनुमान तयार गर्नुपर्ने देखिन्छ । लागत लाभ विश्लेषण गरी फोहर व्यवस्थापन गर्दा के कति लागत लाग्ने हो सो अंक समेत घटाइ ठेक्का कायम गरेर मूल्यांकन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिन आएन ।

३५.२ **फोहरमैला व्यवस्थापनः** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १५ बमोजिम बोलपत्र आव्हान गरी प्रतिष्पर्धा गराई फोहरमैला व्यवस्थापनको कार्य गराउनुपर्ने उल्लेख छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ उपदफा १ मा खरिदका बिधिहरु उल्लेख हुनुको साथै दफा २४ र २६ मा आपसमा मिलेमतो गर्न नहुने उल्लेख छ । महानगरबाट प्राप्त जानाकारी अनुसार उपमहानगर हुंदादेखिनै लामो समयदेखि फोहोर संकलन र व्यवस्थापनको कार्य गर्दै आएका देहायका छ कम्पनीलाई कार्यपालिकाको मिति २०७९।११।१५ को निर्णय नं ६ मा गरेको निर्णयलाई बिशेष नगरसभाबाट अनुमोदन गराए बमोजिम विना प्रतिष्पर्धा लगत्तै अगाडीको आर्थिक वर्ष २०७८।७९ को सम्झौता अंक भन्दा देहाय बमोजिम करिव २.५ गुणाले घटी मुल्य दरमा सोझै एकै पटक २०७९ माघ १ देखि लागु भइ २०८३ असार मसान्तसम्म ४२ महिनाको लागि देहाय बमोजिम सम्झौता गरी कार्य गराएको छ । खरिद तथा फोहरमैला व्यवस्थापन ऐनको बिपरित हुनेगरी साबिककै कम्पनीहरुलाई रु.३,९४,३१,५५३।- मुल्य समेत घटाइ विना प्रतिस्पर्धाबाट सम्झौता गरी गराएको कार्य कानुनसम्मत नदेखिएकाले यथार्थता यकिन गरिनुपर्ने रु.

| सि नं | संस्थाको विवरण | २०७८।७९ मा एक वर्षको सम्झौता रकम | पुरानो सम्झौता अनुसार ४२ महिनाको हुने शुल्क रु | हालको सम्झौता अनुसार ४२ महिनाको हुने शुल्क रु | घटी रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | प्रगति संसार नेपाल प्रा. लि | ४१८८७७२ | १४६६०७०२ | ४१८८७७२ | १०४७१९३० | २५० |
| २ | पोखरा फोहरमैला व्यवस्थापन प्रा. लि | २३५३८६७ | ८२३७९०५ | २३५३८६७ | ५८८४६६८ | २५० |
| ३ | नेपाल पव्लिक हेल्थ एण्ड ईन्भाईरोमेण्ट फर डिभलपमेण्ड प्रालि | १३००२०७ | ४५५०७२५ | १३००२०७ | ३२५०५१८ | २५० |
| ४ | भद्रकाली वेस्ट म्यानेजमेण्ट प्रालि | ४४०२७९१ | १५४०९७६९ | ४४०२७९१ | ११००६९७८ | २५० |
| ५ | बृहत वातावरणीय सुन्दर नेपाल संस्था | १२५७२०३ | ४४००२११ | १२५७२०३ | ३१४३००८ | २५० |
| ६ | वेस्ट म्यानेजमेण्ट रिसाईक्लिङ प्रालि | २२६९६३१ | ७९४३७०९ | २२६९६३१ | ५६७४०७८ | २५० |
| | जम्मा | १५७७२६२१ | ५५२०३०२१ | १५७७२६२१ | ३९४३१५५३ | २५० |

| अनियमित भएको | ३,९४,३१,५५३ |
|---|---|

३६ **पार्किङ शुल्क**

३६.१ महानगरको आर्थिक ऐन २०८० को दफा ११ मा पोखरा महानगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराएवापत अनुसुची ११ वमोजिम सवारी पार्किङ शुल्क लगाई कर असुल गरिने उल्लेख छ । महानगरपालिकाका मुख्य क्षेत्र (पृथ्वीचोक,जिरो किमी, सभागृहचोक, महेन्द्रपुल, लेकसाईड, विरौटा लगायत १५ ) स्थानमा २०७७ मंसिर १४ मा २ वर्षको लागि रु.३ करोड १६ लाख ७० हजारमा ठेक्का लगाएकोमा तत्पश्चात यसवर्ष ठेक्का व्यवस्थापन भएको पाईएन । महानगरले उक्त क्षेत्रवाट विगत वर्षमा ठुलो रकम राजस्व असुल गर्ने गरेकोमा यो वर्ष ठेक्का नलगाँउदा राजस्व शुन्य रहेको अवस्था छ । महानगरका व्यवसायिक भवनहरुको अन्डरग्राउण्डमा(वेसमेण्टमा) व्यवस्थित रुपमा पार्किङको लागि छुट्याउनुपर्ने नीति अख्तियार गर्नुपर्ने अथवा भएको सडक पेटीलाई व्यवस्थित गरी राजस्व असुल गर्नुपर्ने हुन्छ । सडक पेटी तथा पार्किङ व्यवस्थापनमा महानगरले ध्यान पुर्याइ पार्किङ्ग शुल्क असुल गर्ने तर्फ पहल गर्नुपर्ने देखिन्छ ।

३६.२ पोखरा महानगर पालिका र श्री फेवा सावित्री जे.भी. बीच पोखरा महानगर पालिका क्षेत्रको पार्किङ्ग व्यवस्थापन शुल्क संकलन गर्न मिति २०७७।८।१४ गते रु.३,१६,७०,०००। कर बाहेकको रकममा ठेक्का सम्झौता गरेकोमा निजले महानगर पालिकालाइ बुझाउनु पर्ने रकम रु. १,९०,०२,०००।कर बाहेकको रकम नबुझाएको लगायतका कारणबाट महानगरले मिति २०७९।९।१२ देखि उक्त ठेक्का तोडी बैंक जमानत जफत गर्न माछापुच्छ्रे बैंक नया बजार शाखा पोखरालाइ पटक पटक ताकेता गरेको जनाएको छ ।सो सम्वन्धमा निज जे भी ले दायर गरेको मुद्दा उच्च अदालत पोखराबाट मिति २०८०।३।२७ मा उक्त रीट खारेज भएको व्यहोरा जनाइएको छ । तर उक्त बाँकी रकम रु. १,९०,०२,०००। र सोमा लाग्ने १३ प्रतिशत मूल्य अभिवृद्धि करको साथै सम्झौता र पोखरा महानगर पालिकाको आर्थिक ऐन बमोजिम लाग्ने जरिवाना दस्तुर समेत यकिन गरी असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९०,०२,००० |

## ३७ पर्यटन शुल्कको आम्दानी

३७.१ नेपाल सरकारले स्वीकृत गरेको कार्य बिस्तृतिकरण प्रतिवेदन, २०७३ को दफा नं ४.३ स्थानीय तहको एकल अधिकारको बिस्तृतिकरण खण्डको बुँदा नं ४.७ मा पर्यटन शुल्क उठाउने एकल अधिकार सम्बन्धित स्थानीय तहमा रहेको देखिन्छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा प्रदेश र गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकार क्षेत्र भित्रका कर निर्धारण संकलन बाडफाँट गर्ने व्यवस्था रहेको छ । उक्त दफाको उपदफा (१) घ बमोजिम मनोरञ्जन करको दर र संकलन गर्ने तरिका प्रदेशले निर्धारण गर्ने र सो को संकलन गाउँपालिका तथा नगरपालिकाले गर्ने उल्लेख रहेको छ । पोखरा महानगरले जारी गरेको आर्थिक ऐन २०८० को दफा १४ वमोजिम महानगरले आफुले निर्माण गरेका वा हस्तान्नतरण भई आएका वा सञ्चालनमा रहेका पर्यटकीय स्थलमा प्रवेश गर्ने पर्यटकहरुवाट अनुसुची १६ वमोजिम तोकिएको ८ वटा क्षेत्रहरु गुप्तेश्वर गुफा, पातले छागो/डेविड फल्स, महेन्द्र गुफा/चमेरे गुफा, कांहुको धरहरा, बिभुति/शहिद पार्क, फेवाताल दृश्यवलोकन, सेति गोर्ज दृश्यवलोकन र सराङकोट प्रवेशका क्षेत्रहरुमा उक्त ऐनमा तोकिएको दरमा पर्यटन शुल्क असुल उपर गरिने उल्लेख छ । महानगरको कार्यक्षेत्र भित्रका विभिन्न निकायले महानगरपालिकाले उठाउनुपर्ने पर्यटन सेवा शुल्क उठाएका तर महानगरमा दाखिला नगरेको विषयमा गत वर्षक प्रतिवेदनमा समेत उल्लेख गरेकोमा यस वर्ष पनि कुनै सुधार नभएकोले महानगरको राजस्वमा कमी आएको छ । तसर्थ देहायका संस्थाहरुको लेखापरीक्षण प्रतिवेदनबाट उल्लेख भएको शुल्कका सम्बन्धमा थप यकिन गरेर छुट भएको निम्नानुसारको राजस्व असुल गर्ने व्यवस्था गर्नुपर्दछ ।

| आर्थिक वर्ष | छोरेपाटन उच्च मा वि | विन्दवासिनी मा वि | | जम्मा आम्दानी रु. |
|---|---|---|---|---|
| | पातले छाँगोको आम्दानी रु. | महेन्द्र र चमेरे गुफावाट रु. | काँहुधरहरा | |
| २०८०।८१ | ४४५३४००० | २९६३४६७० | ९०००० | ७४२५८६७० |
| २०७९।८० | ४१५८६५६० | ३०५११८९० | तथ्याङ्क उपलब्ध नभएको | ७२०९८४५० |
| २०७८।७९ | ३०१५१९४० | २२२१६८३० | | ५२३६८७७० |
| २०७७।७८ | ७०४१०६० | ६९९९८७० | | १४०४०९३० |
| २०७६।७७ | १५५९०००० | २२८६१५०० | | ३८४५१५०० |
| २०७५।७६ | ३१८५३१३६ | ३३४७६६९० | | ६५३२९८२६ |
| २०७४।७५ | तथ्याङ्क उपलब्ध नभएको | तथ्याङ्क उपलब्ध नभएको | | |
| २०७३।७४ | | | | |
| कुल जम्मा | १७०७५६६९६ | १४५७०१४५० | ९०००० | ३१६५४८१४६ |

३७.२ **मूल्य अभिवृद्धि कर**: मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ अनुसार पर्यटन शुल्क वापतको आम्दानी मूल्य अभिवृद्धि कर योग्य आम्दानी भएपनि विद्यालयहरूले सङ्कलन गरेको पर्यटन शुल्क आम्दानी रु.३१,६४,५८,१४६। मा लाग्ने १३ प्रतिशत मूल्य अभिवृद्धि कर रु.४,११,३९,५५९।- असुल नगरेको कारण संघीय सरकारको राजस्वमा पनि कमी आएको छ । यस सम्बन्धमा थप छानबिन गरी लाग्ने करको निर्क्यौल गर्नुपर्दछ । रहेको हुँदा उपरोक्त बमोजिमको आम्दानी रु.३१,६४,५८,१४६। मा लाग्ने १३ प्रतिशत मूल्य अभिवृद्धि कर रु.४,११,३९,५५९।- उपरोक्त बमोजिमका जिम्मेवार व्यक्तिबाट असुल गरी सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्ने रु.

३७.३ **तथ्याङ्क उपलब्ध नभएको:** पोखरा महानगरले जारी गरेको आर्थिक ऐन, २०८० को दफा १४ वमोजिम महानगरले आफुले निर्माण गरेका वा हस्तान्तरण भई आएका वा सञ्चालनमा रहेका पर्यटकीय स्थलमा प्रवेश गर्ने पर्यटकहरुबाट अनुसुची १६ वमोजिम तोकिएको ८ वटा क्षेत्रहरु गुप्तेश्वर गुफा, पातले छागो/डेविड फल्स, महेन्द्र गुफा/चमेरे गुफा, कांहुको धरहरा, विभुति/शहिद पार्क, फेवाताल दृश्यवलोकन, सेती गोर्ज दृश्यवलोकन र सराङकोट प्रवेशका क्षेत्रहरुमा उक्त ऐनमा तोकिएको दरमा पर्यटन शुल्क असुल उपर गरिनेछ भनि उल्लेख रहेको छ । यस महानगरको कार्यक्षेत्र अन्तर्गत देहाय बमोजिमका पर्यटन शुल्क असुली गर्न तोकिएका स्थानमा पर्यटन शुल्क र सोको मूल्ष अभिवृद्धि कर समेत असुली गरेको तथ्याङ्क र विवरणहरु वित्तीय विवरणमा समावेश गरेको छैन । महानगर आर्थिक ऐन, २०८० अनुरुप निज संस्थाहरुबाट अभिलेख अद्यावधिक गरी गराइ सो बमोजिमको पर्यटन शुल्क र सोमा लाग्ने मूल्य अभिवृद्धि कर समेतले हुने रकम देहाय बमोजिम यकिन गरी असुल उपर गरि सम्बन्धित राजस्व खातामा दाखिला गरिनुपर्दछ ।

| सि नं | पर्यटन शुल्क असुल उपर गरिने क्षेत्र वा स्थान | आर्थिक वर्ष | वर्ष संख्या | आम्दानी रकम |
|---|---|---|---|---|
| १ | पातले छागो/डेविड फल्स(छोरेपाटन उच्च मा वि) | २०७३।७४ र २०७४।७५ | २ | तथ्याङ्क उपलब्ध हुन नसकेको |
| २ | महेन्द्र गुफा/चमेरे गुफा(विन्दवासिनी मा वि) | २०७३।७४ र २०७४।७५ | २ | तथ्याङ्क उपलब्ध हुन नसकेको |
| ३ | गुप्तेश्वर गुफा | २०७३।७४ देखि २०८०।८१ सम्म | ८ | तथ्याङ्क उपलब्ध हुन नसकेको |
| ४ | कांहुको धरहरा | २०७३।७४ देखि २०८०।८१ सम्म | ८ | तथ्याङ्क उपलब्ध हुन नसकेको |
| ५ | बिभुति/शहिद पार्क | २०७३।७४ देखि २०८०।८१ सम्म | ८ | तथ्याङ्क उपलब्ध हुन नसकेको |
| ६ | फेवाताल दृश्यवलोकन | २०७३।७४ देखि २०८०।८१ सम्म | ८ | तथ्याङ्क उपलब्ध हुन नसकेको |
| ७ | सेति गोर्ज दृश्यवलोकन | २०७३।७४ देखि २०८०।८१ सम्म | ८ | तथ्याङ्क उपलब्ध हुन नसकेको |
| ८ | सराङकोट प्रवेश | २०७३।७४ देखि २०८०।८१ सम्म | ८ | तथ्याङ्क उपलब्ध हुन नसकेको |
| | जम्मा रु | | | तथ्याङ्क उपलब्ध हुन नसकेको |

३८ **वडाको राजस्व असुली**

महानगरले प्रत्येक वर्ष जारी गर्ने आर्थिक ऐन तथा वजेट किताबमा राजस्वको लक्ष्य यथार्थपरक वनाउनुपर्दछ । महानगरले यस वर्ष ३३ वटा वडालाई खर्च गर्ने अख्तियारी र राजस्व असुल गर्ने जिम्मेवारी तोकेको छ । तर राजस्वको लक्ष्य तोकेको देखिदैन । तोकिएको शीर्षकमा राजस्वको लक्ष्य समेत तोकि वडालाई जिम्मेवार वनाउनुपर्दछ ।

(क) महानगरको आर्थिक ऐन २०८० को दफा ४ मा सवै किसिमका व्यवसायहरुले महानगरमा अनिवार्य रुपमा दर्ता भई कर राजस्व दाखिला गर्नुपर्दछ । यस महानगरका धेरैजसो वडा पूर्णतः शहरीकृत वडा भएकोले सवै किसिमका व्यवसायहरु करको दायरामा आए नआएको यकिन गरेको छैन । करको दायरामा नआएका करदातालाई अनिवार्य रुपमा दर्ता गरी दायरामा ल्याउने र कर लगायतको राजस्व असुली तर्फ महानगरको ध्यान जानुपर्दछ ।

(ख) यस महानगरका वडाहरुमा दर्ता भएका करदाताहरु मध्ये २०८१ आषाढ सम्म के कति करदाताले कर तिर्न वांकी रहेको छ । सोको एकिकृत तथ्यांक भएको पाईएन । करदाताको रियल टाईम वक्यौता देखिने गरी राजस्वको असुली र लेखाङ्कन प्रणालीको विकास गर्नुपर्दछ ।

३९ **ल्याण्डफिल्ड साइटको व्यवस्थापन**

पोखरा महानगरपालिकाको फोहोरमैला व्यवस्थापन नियमावली,२०७४ को नियम १० मा फोहोर मैला व्यवस्थापन स्थल व्यवस्थापन गर्ने उल्लेख छ । महानगरपालिकाबाट दैनिक करिव २ सय टन फोहोर उत्पादन हुने र २०६१ सालदेखि वडा नं. १४ को सेती नदी किनारमा १५ वर्ष फोहोर फाल्ने गरी स्थानीय वासिन्दासँग सहमति भएको देखिन्छ । महानगरले सहमति भएको अवधि दुई वर्ष अगाडि नै समाप्त भइसकेको छ। महानगरपालिकाले ल्याडफिल्ड साईटको लागि वडा नं ३३ टिमुरपाटामा जग्गा व्यवस्थापन गरेको जनाएतापनि हाल वडा नं ३२ लामे आहालमा फोहर विसर्जन गरिरहेको छ । नीति तथा कार्यक्रममा वडा नं ३३ टिमुरपाटामा जग्गा प्राप्ति प्रकृया पुरा गरी सेनेटरि ल्याण्डफिल्ड साईट सञ्चालनमा ल्याईने, फोहरलाई स्रोतमै वर्गीकरण गरी व्यवस्थापन गर्न स्यमंसेवक परिचालन गरिने, विस्तृत अध्ययन, जग्गा प्राप्ति, स्रोतमा फोहर वर्गीकरण र पूर्वाधार निर्माणमा यस वर्ष समेत वजेट व्यवस्थापन गरिने उल्लेख छ । उक्त नीति तथा कार्यक्रम अनुरुप स्रोतमा फोहर वर्गिकरण हुन सकेको देखिएन । अस्थाई रुपमा फोहर व्यवस्थापन भई आएको लामे आहाल वडा नं ३२ मा स्थानीयको विरोध हुने गरेको, फोहरमैलाबाट आउने गन्धले स्वास्थ्यमा गम्भीर असर परेको भन्दै फोहर विसर्जन हुन नदिएको र त्यस क्षेत्रमा बारम्वार अवरोध सृजना हुने गरेको व्यहोरा महानगरको अध्ययन प्रतिवेदनले देखाएको छ । फोहर व्यवस्थापनलाई दीर्घकालिन रुपमा समाधान गर्न जग्गा प्राप्ति गरि स्थायी ल्याण्डफिल्ड साईटको व्यवस्थापन गरिनु पर्दछ ।

## ४० फेवाताल सिल्ट्रेशन

४०.१ फेवातालको ४ वटा (हर्पनखोला, खहरेखोला, लौरुख र वेतेनी खोला) समेतको स्रोत नदिमा वनेका सिल्टेशन ट्रापमा वनेका ड्याम्पको मर्मर्त सम्हार तथा संकलन हुने सामग्रीको संकलन तथा निकासी गर्ने प्रयोजनको लागि पेव्याक पिरियड(Pay back period) र आई आर आर(Internal rate of return) समेत गणना गरी २४ वर्षमा लगानी सुरक्षित हुने प्राविधिक सिफारिसका आधारमा २४ वर्षको लागि एकमुष्ठ रुपमा फेवा सिल्टेशन प्रा. ली. नामक कम्पनीसंग मिति २०७८।२।१७ मा सम्झौता गरी ठेक्का दिएको छ । उक्त ठेक्का सम्झौताको दफा नं १९ रोयल्टी र भुक्तानी बिधिको उपदफा (१) मा दोश्रो पक्षले प्रत्येक वर्ष अनुसुचि १ बमोजिमको रोयल्टी प्रथम पक्षलाइ बुझाउनु पर्ने र समयमा भुक्तान गर्न असमर्थ भएमा बुझाउने म्याद समाप्त भएको मितिले रोयल्टी रकमको १० प्रतिशत व्याज सहित थप रकम बुझाउनु पर्ने उल्लेख छ । सम्झौताको अनुसुची १ मा प्रत्येक वर्ष बुझाउनु पर्ने रोयल्टी रकम उल्लेख हुनुको साथै दोश्रो बर्ष दुइ किस्तामा अग्रिम र तेश्रो बर्ष देखि ४ किस्तामा अग्रिम रुपमा बुझाउनु पर्ने उल्लेख रहेको छ । निज प्रा. ली. ले देहाय बमोजिम तोकिएको किस्ता नबुझाएको तथा ढिला बुझाएको देखिएकोले नपुग किस्ता रकम र व्याज रकम निजसंग असुल गर्नुपर्ने रु.

| वर्ष | रोयल्टी रकम रु. | बुझाउनु पर्ने अन्तिम मिति | बुझाएको मिति | बुझाएको किस्ता रु. | बुझाउन बाकी किस्ता रु. | बुझाएको व्याज रु. | बुझाउन बाकी व्याज रु. | जम्मा बाकी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १३०१०६२५ | २०७८।२।१७ | २०७८।२।१४ | १३०१०६२५ | | - | - | - | |
| २ | १३०१०६२५ | २०७९।२।१७ | २०७९।३।१० | ७३५१००३ | - | ८४५६९१ | ४५५३७२ | ४५५३७२ | |
| | | | २०८१।२।७ | ५६५९६२२ | | | | | |
| ३ | २६०२१२५० | २०८०।२।१७ | - | - | २६०२१२५० | - | ५२०४२५० | ३१२२५५०० | २०८० र २०८१ गरी २ वर्षको व्याज |
| ४ | २६०२१२५० | २०८१।२।१७ | - | - | २६०२१२५० | - | २६०२१२५ | २८६२३३७५ | २०८१ को व्याज |
| जम्मा | ७८०६३७५० | | | २६०२१२५० | 52042500 | ८४५६९१ | ८२६१७४७ | ६०३०४२४७ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,०३,०४,२४७ |

४०.२ **सिल्ट्रेशन ड्याम्पः** ठेक्का सम्झौता हुंदाका वखत ठेकेदार कम्पनीले ५ वर्ष भित्र ट्रापको मर्मत सम्भार संरक्षण समेत गर्ने दायित्व हुने भएकोमा यस अवधिमा हर्पन तथा खहरेखोलाको ड्याम्पको मर्मत सम्भार गरिसक्नुपर्ने र लौरुक र बेतिनी खोलाको ड्यामको मर्मत संभारको कार्य समेत सकिन अन्तिम चरणमा पुगि सक्नुपर्ने सम्झौताको अनुसुची २ बमोजिम प्रावधान रहेकोमा लेखापरीक्षण अवधी २०८१ माघसम्म कार्यतालिका अनुसारको कार्य नभइ सम्झौता मितिले २ वर्षभित्र सकिसक्नु पर्ने हर्पन तथा खहरे खोलाको ड्याम्पको मर्मत संभारको कार्य समेत सम्पन्न भएको देखिदैन । निज कम्पनीले के कति संरचना निर्माण गरेको हो प्राविधिक विल नापी र सम्पन्न प्रतिवेदन प्राप्त हुन सकेन । सम्झौतामा उल्लेख भएको कार्यतालिका वमोजिम ती खोलाको ड्याम्पको अभिलम्व निर्माण कार्य सम्पन्न गर्न ताकेता गर्नुपर्दछ अन्यथा सार्वजनिक खरिद कानुन अनुसार कारबाही गर्नेतर्फ महानगरले पहल गर्नुपर्दछ।

## ४१ संस्थागत बहाल कर

महानगरपालिकाको आर्थिक ऐन २०८० को दफा ४ वमोजिम महानगर क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज वा टहरा भाडामा लगाएमा अनुसची ६ बमोजिम बहाल कर असुल गरिने उल्लेख छ । यस महानगर भित्र रहेका विभिन्न सपिङ कम्प्लेक्स,

ट्रेड मल, प्लाजा, ठूला भवन तथा सार्वजनिक संस्थान लगायतले आफ्नो स्वामित्वमा रहेको सटर, फ्ल्याट तथा जग्गा भाडा लगाएर आम्दानी गरे वापत आम्दानी शीर्षकमा आय लेखाङ्कन गरेकोमा महानगरको आर्थिक ऐनले तोकेको दर ७ प्रतिशतले हुन आउने रकम महानगरको राजस्व खातामा जम्मा गरेको देखिदैन । यस्ता केही कम्प्लेक्स तथा संस्थाहरुले व्यवसायिक रुपमा लगाएको बहालकर स्थानीय तहमा वुझाउने नभई संघीय सरकारको आन्तरिक राजस्व कार्यालयमा बुझाइने गरेको भनि जनाउने गरेको पाईयो । तर ती संस्थाले के कति रकममा बहालकर दाखिला गरेको हो प्रमाण पेश गरेको पाईएन । महानगरले आफ्नो अधिकार क्षेत्रभित्र सवै किसिमका घरबहाललाई करको दायरामा ल्याउनेतर्फ थप पहल गर्नुपर्दछ ।

४२ **पर्यटक सूचना केन्द्र**

महानगरपालिकाको आर्थिक ऐन, २०७९ को अनुसुची १३ वमोजिम पर्यटन पूर्वाधार तयार भए पश्चात् पर्यटन शुल्क सम्वन्धित सरोकारवाला, व्यवसायी, संघ संस्थाहरुसंगको समन्वयमा लगाईनेछ भन्ने उल्लेख छ । जसवमोजिम महानगरले विभिन्न पर्यटकीय स्थल तोकि न्युनतम् रु २० देखि १५० सम्म प्रति पर्यटक प्रवेश शुल्क तोकेको छ । पर्यटन शुल्कवापत महानगरले योवर्ष जम्मा रु.११ लाख मात्र राजस्व प्राप्त गरेको विवरण प्राप्त भएको छ । पोखरा महानगरपालिकामा यसवर्ष के कति संख्यामा स्वदेशी तथा विदेशी पर्यटककले भ्रमण गरे भन्ने सम्बन्धमा महानगरसँग तथ्याङ्क माग गर्दा एकीकृत तथ्याङ्क प्राप्त गर्न सकिएन । नेपालको दोश्रो पर्यटकीय गन्तव्यको रुपमा स्थापित यस पोखरा महानगरको मुख्य आम्दानीको स्रोत पर्यटन क्षेत्र हो । तर महानगरले पर्यटकवाट प्राप्त हुने आम्दानीमा यस वर्ष जम्मा रु.११ लाख सङ्कलन हुनुले यसतर्फ महानगरले महत्व नदिएको स्पष्ट देखिन्छ । यसको अल्पकालीन तथा दीर्धकालीन सोच, लक्ष्य र गन्तव्य निर्माणमा महानगरको ध्यान जानुपर्दछ ।

४३ **मनोरन्जन कर**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **७६,१२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२७०,२७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **३३६,७११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४४ **कवाडी ठेक्का**

पोखरा महानगरको आर्थिक ऐन २०८० को दफा १६ दण्ड जरिवाना तथा अनुसुची १८ को क्र.स. १६ मा आय संकलनको लागि ठेक्कामा दिएको कामहरुको तोकिएको समयमा बुझाउनुपर्ने राजश्व रकम दाखिला नगरेमा दाखिला गर्न बाँकी रकमको मासिक ३ प्रतिशतका दरले जरिवाना दस्तुर लाग्ने उल्लेख छ ।महानगर भित्र पुन प्रयोग योग्य सामग्रीहरुको निकासी कर (कवाडी कर) संकलन समबन्धि शुल्क संकलन गर्न ठेकेदार शुभ जगदम्बा कन्सट्रक्सन एण्ड इन्जिनियरिङसंग रु ९,००,७७,७७८।– मा मू.अ.कर र १.५ प्रतिशत अग्रिम आयकर समेतले हुने रकम रु १०,३१,३९,०५७।– को समझौता मिति २०८०।३।६ मा भई अवधि २ वर्ष कायम गरिएको छ ।उक्त समझौताको दफा (४) खण्ड (क) मा तोकिएको मिति किस्ता वमोजिमको रकम दाखिला नगरेमा प्रति दिन आर्थिक ऐनले तोकेको दर रेट बाट जरिवाना लाग्ने उल्लेख छ ।उक्त समझौता अनुसार यो आ.व. २०८०।०८१ मा दोश्रो किस्ता रु १,५०,१३,०००।– २०८१ असार ६ गते भित्र बुझाउनुपर्ने उल्लेख रहेकोमा देहायवमोजिम ढिला प्राप्त गरेको देखिएकोले उक्त समझौता र आर्थिक ऐन वमोजिम लाग्ने देहायवमोजिमको जरिवाना दस्तुर निज ठेकेदार संग असुल गर्नुपर्ने रु.

| सि.नं | बुझाएको मिति | बुझाएको रकम रु | ढिला अवधि | लाग्ने जरिवाना रु | किस्ता |
|---|---|---|---|---|---|
| १ | २०८०।७।१३ | १,१६,१३,०००।- | ७ दिन | ८१,२९१।- | दोस्रो |
| २ | २०८०।९।८ | ३४,००,०००।- | ६२ दिन | २,१०,८००।- | दोस्रो |
| ३ | २०८०।११।१६ | ७०,१३,०००।- | १० दिन | ७०,१३०।- | तेस्रो |
| ४ | २०८०।१२।१२ | ३०,००,०००।- | ३६ दिन | १,०८,०००।- | तेस्रो |
| ५ | २०८०।१२।१३ | ३०,००,०००।- | ३७ दिन | १,११,०००।- | तेस्रो |
| ६ | २०८०।१२।१८ | २०,००,०००।- | ४२ दिन | ८४,०००।- | तेस्रो |
| ७ | २०८१।३।१८ | ७०,१३,०००।- | १२ दिन | ८४,१५६।- | चौथो |
| ८ | २०८१।४।१८ | २०,००,०००।- | ४३ दिन | ८६,०००।- | चौथो |
| ९ | २०८१।५।१२ | १५,००,०००।- | ६८ दिन | १,०२,०००।- | चौथो |
| १० | २०८१।५।२७ | १०,००,०००।- | ८३ दिन | ८३,०००।- | चौथो |
| ११ | २०८१।८।१३ | ३५,००,०००।- | १६० दिन | ५,६०,०००।- | चौथो |
| | जम्मा | ४,५०,३९,०००।- | | १५,८०,३७७।- | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,८०,३७७ |

## ४५ तालहरूको संरक्षण

पोखरामहानगरमा रुपा, वेगनाश, खाष्टे, दिपाङ, मैदी, न्युरेनी, गुदे र फेवाताल तालको वगैचाको रुपमा परिचित पोखरामहानगरमा ८ वटा ताल रहेको छ । पोखरा नगर योजनाले तयार गरेको फेवातालको मापदण्ड २०३० मंसिर १५ गते तत्कालिन सरकारले स्वीकृत गरेर लागू गरेको थियो । उक्त मापदण्डमा फेवातालको किनारादेखि दुई सय फिटसम्म कुनै संरचना निर्माण गर्न नपाउने उल्लेख छ । २०६५ सालमा पोखरा उपत्यका नगर विकास समितिले फेवातालको मापदण्ड ६५ मिटर कायम गर्ने निर्णय गरेको थियो । यस सम्वन्धमा फेवा तालको मापदण्ड सम्वन्धमा सम्मानित सर्वोच्च अदालतले १६ वैशाख २०७५ मा गरेको फैसलामा तालको मापदण्ड ६ महिनाभित्र तोक्न आदेश दिएको थियो । हाल राष्ट्रिय ताल संरक्षण विकास समिति (गठन) आदेश,२०६३ जारी भइ संचालनमा रहेको छ । सम्मानित अदालतको अन्तरिम आदेश विपरीत २०७८ चैत १६ गते बसेको ५५ औं कार्यपालिकाको बैठकले तोकेको फेवाताल लगायत अन्य ताल किनारको मापदण्ड पहिलेको मापदण्डमा ५० प्रतिशत भन्दा वढी घटाई नयां मापदण्ड कायम गरेकोले यस निर्णयलाई कार्यान्वयन नगर्न आदेश दिएको थियो । सर्वोच्च अदालतको आदेश तथा संघीय सरकारको ताल किनारको मापदण्ड विपरीत करिव ६० प्रतिशत घटाई नयाँ मापदण्ड कायम गर्नु नियमसम्मत देखिदैन । सर्वोच्च अदालतको आदेशको परिपालना गर्नुपर्दछ । फेवाताल लगायत अन्य ७ वटा तालको पहिले र कार्यपालिकाको निर्णय पश्चात मापदण्को अवस्था देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | तालको विवरण | साविकको मापदण्ड | हालको मापदण्ड |
|---|---|---|---|
| १ | फेवाताल | १०० मि | ३० मि(हुनुपर्ने ६५) |
| २ | वेगनासताल | १०० मि | ५५ मि |
| ३ | रुपाताल | १०० मि | ५५ मि |
| ४ | खाष्टेताल | ५० मि | २० मि |
| ५ | दिपाङताल | ५० मि | २० मि |
| ६ | मैदीताल | ५० मि | २० मि |
| ७ | न्युरेनीताल | ५० मि | २० मि |
| ८ | गुँदेताल | ५० मि | २० मि |

(क) करिव ३ दशमलव दुई आठ वर्गकिलोमिटरमा फैलिएको पोखराको दोस्रो ठूलो बेगनास ताल मानव अतिक्रमणले खुम्चिन थालेको पाईयो । उक्त तालमा पानीभित्रै जग हालेर अवैध रुपले संरचना निर्माणले तीव्रता पाएको देखिन्छ । बेगनासको पिप्ले, माझिकुना लगायतका क्षेत्रमा व्यवसाय गर्ने नाममा तालमै केही स्थायीसहित अस्थायी संरचना बनेको देखिन्छ । यी संरचना मध्ये केही संरचना पोखरा महानगरपालिकाले तोकेको १ सय मिटर मापदण्डको उल्लघंन गरी बनाइएको पाइयो । यस सम्बन्धमा महानगरले यथार्थता यकिन गरी मापदण्ड विपरीत वनाईएका संरचनाहरु हटाईनुपर्दछ ।

४६ **सटरभाडा आम्दानी**

महानगरपालिकाको आर्थिक ऐन,२०८० को दफा १० वमोजिम महानगर क्षेत्रभित्र आफूले निर्माण रेखदेख वा सञ्चालन गरेका वा सार्वजनिक ऐलानी जग्गामा अनुसुची १२ अनुसार वहाल विटौरी शुल्क लगाई कर असुल गरिने उल्लेख छ । महानगरले वहाल विरौटी करप्रयोजनको लागि आफुले सार्वजनिक जग्गामा निर्माण गरेको भवन तथा सटर मध्ये देहाय बमोजिम सृजनाचोकमा अवस्थित भवन, मालपोत कार्यालय अगाडी रहेका सटरहरु र राष्ट्र बैंक चोक स्थित सटर भाडा मध्ये देहायका व्यक्ति तथा संस्थाले निम्नानुसार सटर भाडाको रकम बुझाएको पाइएन । भाडा नबुझाउनेमा कतिपयले बिगत लामो अवधी देखि भाडा र सोको जरिवाना रकम नबुझाइ हरेक वर्ष सावा र जरिवाना रकम थपिदै गएको स्थिति देखियो । सार्वजनिक खरिद ऐन बमोजिम खरिदका प्रतिस्पर्धात्मक विधि मार्फत भाडा दर र भाडामा लिनेकर्ता छनौट गरी भाडामा लगाउनुपर्ने र सटर भाडा नबुझाउने व्यक्ति तथा संस्थालाइ सम्झौता र यस पालिकाको आर्थिक ऐन बमोजिम लाग्ने जरीवाना समेत यकिन गरी हुन आउने रकम असुल गर्नुपर्ने रु.

| व्यवसायीको नाम | सटर नं. | कवोल रकम | भाडा रकम | जरिवाना | जम्मा बाँकी |
|---|---|---|---|---|---|
| **राष्ट्रबैंक चोक स्थित सटरको भाडा बाँकी विवरण** | | | | | |
| तोरण मल्ल ठकुरी (गिरिधारी पोखरेल र दिलिप श्रेष्ठ) | १ | ३५००० | ० | ४११०६३ | ४११०६३ |
| पवनराज बसौला (गैरी भुजेल) | २ | २३२११ | ४२६४९ | ५६४४७७ | ६०७१२६ |
| विश्वराज गिरी (दिपेन्द्र आचार्य) | ३ | १७५२७ | ८००११९ | ५४८१२० | १३४८२३९ |
| विश्वराज गिरी (कमलेश अग्रहरी) | ४ | १७७२७ | १३०१७९२ | १०८९४५० | २३९१२४२ |
| डिल प्रसाद पोखरेल (कमलेश अग्रहरी) | ५ | २१३३३ | १२९९३११ | ९३०३७७ | २२२९६८८ |
| कपुराकोट मल्टी सर्भिस (राजु सुवेदी) | ६ | २०१०० | ३२५६०० | ४९२६८५ | ८१८२८५ |
| कपुराकोट मल्टी सर्भिस | ७ | २०१०० | १२०६०० | २८५७५० | ४०६३५० |
| विमल राज वज्राचार्य (माधव मिश्र) | ८ | २३५५५ | ११४१७० | ५५४८३३ | ६६९००३ |
| कपुराकोट मल्टीसर्भिस ( भोलानाथ सुवेदी ) | ९क | २०६०० | १२३६०० | १८५४० | १४२१४० |
| रिता श्रेष्ठ (बावुराम पासवान) | ९ख | १२५०५ | १५१५६० | ५३१३०२ | ६८२८६२ |
| **मालपोत अगाडिका सटरको भाडा बाँकी विवरण** | | | | | |
| **सृजना चोक भवनको भाडा बाँकी विवरण** | | | | | |
| स्टार लन्ज एण्ड बार ( दोश्रो तला ) | | १०५१०० | ६१५०६० | ९२२५९ | ७०७३१९ |
| **जम्मा उठ्न बाकी रकम रु.** | | | **४९२५०६१** | **५५१८८५६** | **१०४१३३१७** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०४,१३,३१७ |

४७ **औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको भूमिकर**

महानगरपालिकाले सालवसाली रुपमा जारी गर्ने आर्थिक ऐन, २०८० बमोजिम पालिकाभित्र सम्पत्ति कर लाग्ने बाहेकमा अनुसुची ५ बमोजिम भूमिकर लगाई असुल गरिनेछ । यस पालिकाको कार्यक्षेत्रभित्र रहेको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले विगत लामो अवधिदेखि पालिकामा कुनैपनि ( भूमिकर,सम्पत्ति कर ) दाखिला गरेको देखिएन । पालिकाले राजस्व दाखिला गर्ने सम्वन्धमा २०७९।१२।०९ मा पत्राचार गरेको भएतापनि व्यवस्थापन लिमिटेडले यस शीर्षकमा कुनै कर दाखिला गरेको पाईएन । महानगरको पत्रानुसार निज करदाताको नाममा २०६९।७० देखि २०७९।८० सम्म १२ करोड ७ लाख ५१ हजार दाखिला गर्नुपर्ने भनी उल्लेख गरेकोमा उक्त रकम गतवर्षको लेखापरीक्षण प्रतिवेदनमा औल्याएकोमा आ. व. २०७९।८० को जरिवाना रु.४६,५९,३८६। र आ. व. २०८०।८१ को कर रकम रु.२,३५,६३,८३४। समेत जम्मा रु.२,८२,२३,२२०। बक्यौता थप भइ हालसम्मको उठाउन बाँकी जम्मा बक्यौता रु.१६,३१,०८,९९०। पुगेको व्यहोरा पालिकाको अभिलेखबाट देखियो । उक्त रकम असुल गर्नुपर्दछ ।

४८ **व्यवसाय कर**

पोखरा महानगरपालिकाको आर्थिक ऐन,२०८० को दफा ५ उपदफा (१) मा महानगरपालिका क्षेत्र भित्र उद्योग व्यापार व्यवसाय सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति संघसंस्था वा निकायलाई व्यवसायको प्रकृति आर्थिक कारोबार स्थान विशेष र लागनीलाई आधार लिई गरिएको वर्गिकरण अनुसार अनुसूची (८) बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिने उल्लेख छ । पालिकामा रहेको सफ्टवेयर सर्टिङ बिबरणबाट २०८१ आषाढको अन्त्यसम्म व्यवसाय कर बुझाउनुपर्नेमा विभिन्न २७९ व्यक्ति तथा संस्थाले रू.४४,६९,३७७।- आर्थिक वर्ष २०८०।८१ तथा विगतको समेत व्यवसाय कर दाखिला गर्नुपर्नेमा गरेको देखिएन । उक्त रकमको अतिरिक्त अन्य व्यवसायीसँग समेत रकम असुल गर्नुपर्दछ ।

४९ **बहाल कर**

महानगरपालिकाको आर्थिक ऐन २०८० को दफा ४ वमोजिम महानगरक्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज टहरा भाडामा लगाएमा अनुसची ६ वमोजिम वहाल कर असुल गरिने उल्लेख छ । सरकारी विद्यालयहरू समेत महानगरमा सञ्चालित अन्य विद्यालय तथा संघ, संस्था वा व्यक्तिहरूले सरकारी वा सार्वजनिक जग्गामा रहेका भवन तथा संरचना र जग्गाको भाडा असुल गरिरहेको हकमा निजहरूले असुल गरेको भाडा रकम पालिकाको आफ्नो आम्दानी भएको हुँदा त्यस्तो जग्गामा भएको भवन वा संरचना तथा जग्गाको भाडा सबै रकम यकिन गरी महानगरपालिकामा दाखिला गराउनुपर्दछ । लेखापरीक्षणको क्रममा यस महानगरभित्र रहेका विभिन्न सामुदायिक विद्यालयले आफ्नो स्वामित्वमा रहेको सटर भाडा तथा जग्गा भाडा लगाए वापत देहायका आर्थिक वर्षमा आम्दानी शिर्षकमा आय लेखांकन गरेका छन् तर आर्थिक ऐनले तोकेको दरमा भाडा कर वापतको रकम महानगरको राजस्व खातामा जम्मा गरेको देखिन आएन । तसर्थ देहायका बिद्यालयले सम्वन्धित बर्षमा भाडा कर वापतको रकम महानगरको राजस्व खातामा दाखिला गरेको प्रमाण भए पेश हुनु पर्दछ अन्यथा ती विद्यालयवाट दाखिला गर्न वांकी भाडाकर वापतको रकम असुल हुनुपर्ने रु.

| विद्यालयको विवरण | आर्थिक वर्ष | भाडा करको दर | वार्षिक आम्दानी | दाखिला हुनुपर्ने कर रु |
|---|---|---|---|---|
| बिन्ध्यवासिनी मा.बि. १६ | २०८०।८१ | ७.००% | १९८८२९७ | १३९१८१ |
| ईन्द्रराज्यलक्ष्मी मा वि | २०८०।८१ | ७.००% | ७८४२४९९ | ५४८९७५ |
| श्री कालिका मा वि १०रामबजार | २०८०।८१ | ७.००% | ३३६८४१९ | २३५७९० |
| ,, ,, | २०७७।७८ | ८.००% | २८९१०८५ | २३१२८७ |
| ,, ,, | २०७६।७७ | ८.००% | १८३६७३० | १४६९३९ |
| छोरेपाटन उ मा वि | २०८०।८१ | ७.००% | ९४८७५८८ | ६६४१३२ |
| जम्मा | | | २७४१४६१८ | १९६६३०४ |

सोदेखि बाहेक विद्यालय तथा संघ, संस्था वा व्यक्तिहरुको निजी जग्गा वा अन्य निजी जग्गामा बनेका भवन तथा संरचना र जग्गाबाट प्राप्त हुने भाडा रकममा उपरोक्त बमोजिमको कानुन अनुसार भाडा रकममा लाग्ने भाडा कर रकम असुल गर्न महानगरले थप पहल गर्नुपर्ने देखिन्छ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,६६,३०४ |

५० **नक्सापास नगरी सञ्चालन**

महानगरको आर्थिक ऐन २०८० को अनुसुची १५ मा पोखरा महानगरपालिका क्षेत्रभित्र रहेका घर टहरा तथा भवनहरु र सोले चर्चेको जग्गामा अनुसुची (१) वमोजिम सम्पत्ति कर लगाई असुल उपर गरिने उल्लेख छ । घरको मूल्यांकन अनुसुची (२) अनुसार घरको वनौटको आधारमा ह्रासकट्टी अनुसुची (२) अनुसार गरिने उल्लेख छ जसअनुसार भुईतल्ला प्रति वर्ग फुट रु २६, पहिलो तल्ला रु २८,दोश्रो तल्ला रु३० र तेश्रो तल्ला ३५ को दरले तोकिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४२ मा नक्सापास सम्वन्धी विशेष व्यवस्था जसमा भवन निर्माण सम्वन्धी मापदण्ड र संहिता पुरा गरेको एकिन भएमा हाल नक्सा पास गर्न वा स्वीकृत नक्सा हेरफेर गर्नको लागि लाग्ने दस्तुरको तेव्वर दस्तुर लिई अनुमति दिन सक्ने व्यवस्था छ । भवन निर्माण मापदण्ड २०७२ लागु हुनु पहिले निर्माण भएको भवनमा साविक दर लागु गरी सोमा अभिलेखीकरण प्रयोजनको लागि ३ गुणा थप गरी शुल्क निर्धारण गर्नुपर्ने उल्लेख छ । पोखरा महानगरले नक्सा पास गर्नको लागि प्रति तला १००० बर्ग फुटका दरले ३००० बर्ग फुटसम्मको नक्सा पास गर्ने अधिकार वडा कार्यालयहरुमा प्रत्यायोजन गरी सोही बमोजिम र सोभन्दा बढी क्षेत्रफल भएका भवन तथा घरहरुको नक्सा पास गर्ने कार्य पालिकाको सम्वन्धित शाखाबाट हुदै आएको व्यहोरा जनाएको छ । महानगरको घर नक्साफाँटबाट प्राप्त तथ्याङ्क अनुसार २०८१ आषाढ मसान्तसम्म कूल ६५ हजार १९० घर नक्सा पास तथा स्वीकृतिको लागि दर्ता भएको जनाइएको छ ।यसप्रकार घर नक्सा पास गर्न पेश गर्ने गरेकोमा महानगरले सबै वडाबाट समेत हालसम्म जम्मा के कति संख्यामा नक्सा पासको लागि अस्थायी अनुमति, स्थायी अनुमती र सम्पन्न प्रमाण पत्र लिए सो सम्वन्धमा ३३ वडाहरु र केन्द्र समेतको छुट्टै र एकमुष्ट अभिलेख अद्यावधिक राखी छुट रकम असुल गराउनुपर्दछ ।

**(क)** पोखरा महानगरको नक्साफाँटमा रहेका केही संस्था तथा निकायको फा महानगरको जनप्रतिनिधि र सम्बन्धित प्राविधिकहरुबाट अनुगमन गरी कानुन बमोजिमको कारबाही प्रकृया अगाडि बढाई नक्सा पास गराउनु पर्ने व्यहोरा गत विगतदेखि नै औंल्याएकोमा यो वर्ष पनि सुधार भएको छैन ।

| निकायको विवरण | निर्माण कार्य | तल्ला | वर्ग क्षेत्रफल | लाग्ने दर | तीन गुणालेलाग्ने दर |
|---|---|---|---|---|---|
| नेपाल वैंक भवन १ कित्ता नं ४ | २०४२।०४।२७ | भुईतल्ला | ३०९४ | २६ | ७८ |
| | २०४२।०४।२७ | पहिलो तल्ला | ३०९४ | २८ | ८४ |
| | २०४२।०४।२७ | दोश्रो तल्ला | ३०९४ | ३० | ९० |
| नेपाल वैंक भवन२ | २०६६।०४।२७ | भुईतल्ला | ४२३२९ | २६ | ७८ |
| | २०६६।०४।२७ | पहिलो तल्ला | ४२३२९ | २८ | ८४ |
| | २०६६।०४।२७ | दोश्रो तल्ला | ४२३२९ | ३० | ९० |
| नेपाल वैंक भवन३ | २०६६।०४।२७ | भुईतल्ला | ६९८३ | २६ | ७८ |
| | २०६६।०४।२७ | पहिलो तल्ला | ६९८३ | २८ | ८४ |
| | २०६६।०४।२७ | दोश्रो तल्ला | ६९८३ | ३० | ९० |
| होटल सांग्रिला भिलेज प्रा लि | २०७३।०९।०२ | भुईतल्ला | ५८०३३ | २६ | ७८ |
| | २०७३।०९।०२ | पहिलो तल्ला | ५८०३३ | २८ | ८४ |
| | २०७३।०९।०२ | दोश्रो तल्ला | ५२७९९ | ३० | ९० |

### ५१ नक्सापास नगरी होटल सञ्चालन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४२ वमोजिम यो ऐन प्रारम्भ हुनुअघि तत्काल प्रचलित कानुन वमोजिम नक्सा पास गर्नुपर्नेमा नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृति वेगर हेरफेर गरी भवनको हकमा भवन निर्माण सम्वन्धी मापदण्ड र संहिता पालन भएको रहेनछ भने पालिकाले यो ऐन प्रारम्भ भएपछि एकपटकको लागि लाग्ने दस्तुरको तेव्वर दस्तुर लिएर स्वीकृति दिन सक्नेछ । नक्सा पासको स्वीकृति नलिई सञ्चालन भएका देहायका होटललाई प्रभावकारी अनुगमन गरेर र महानगरबाट प्रदान गरिने सेवा प्रवाहसंग सम्वन्धित तुल्याइ निजहरुलाइ करको दायरामा ल्याउन थप पहल गर्नुपर्दछ ।

| क्रस | होटलको विवरण | कैफियत | क्रस | होटलको विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | टेम्पल ट्रि रिसोर्ट एण्ड स्पा | तथ्यांक फेला नपरेको | ११ | होटल तुलसी प्रा लि | तथ्यांक फेला नपरेको |
| २ | कुटी रिसोर्ट एण्ड स्पा | तथ्यांक फेला नपरेको | १२ | फिस्टेल लज | स्वीकृती नलिएको |
| ३ | वरपिपल रिसोर्ट | तथ्यांक फेला नपरेको | १३ | होटल स्तूपा | तथ्यांक फेला नपरेको |
| ४ | रानी वन रिट्रिट | तथ्यांक फेला नपरेको | १४ | होटल एलो प्यागोडा | स्वीकृति नलिएको |
| ५ | वाटर फ्रन्ट रिसोर्ट | स्वीकृती नलिएको | १५ | होटल स्नोल्याण्ड | तथ्यांक फेला नपरेको |
| ६ | ग्लासियर होटल एण्ड स्पा | तथ्यांक फेला नपरेको | १६ | होटल ड्रागन | तथ्यांक फेला नपरेको |
| ७ | होटल ल्याडमार्क | तथ्यांक फेला नपरेको | १७ | होटल फेवा प्रिन्स | तथ्यांक फेला नपरेको |
| ८ | क्लव ईन्फिनिटी प्रा लि | तथ्यांक फेला नपरेको | १८ | द फुलवारी होटल प्रालि | स्वीकृती नलिएको |
| ९ | पोखरा उद्योग वाणिज्य संघ | स्वीकृती नलिएको | १९ | होटल न्यु क्रिष्टल | तथ्यांक फेला नपरेको |
| १० | हिमालय होम्स प्रालि | तथ्यांक फेला नपरेको | २० | होटल सरोवर | तथ्यांक फेला नपरेको |

५२ **सभाहलको भाडा आम्दानी**

महानगपालिकाको आर्थिक ऐन, २०८० को दफा १५ मा महानगरपालिकाको स्वामित्वमा रहेको सभाहल र सोमा चर्चिएको जग्गा तथा कार्यक्रम तथा समयको आधारमा न्युनतम् भाडादर अनुसुची १७ मा उल्लेख भए वमोजिम हुनेछ । जसअनुसार उद्घाटन, प्रवचन कार्यक्रमको लागि प्रति दिनको रु ३५ हजार, निजी स्कूलको अविभावक दिवस रु २५ हजार, आयआर्जन गर्ने प्रति वन्द कार्यक्रम रु ५० हजार, एक शो भन्दा वढी रु ६० हजार, वाहिर चौरमात्र प्रयोग गर्ने रु.३५ हजार तोकिएको छ । महानगर प्रशासनले उपलव्ध गराएको बुकिङ्ग रजिष्टर किताव अनुसार योवर्ष सभाहल र सोको परिसर प्रयोगको भाडा वापत जम्मा रु ११ लाख ८५ हजार आम्दानी प्राप्त भएको देखियो । उक्त रजिष्टर किताव अनुसार देहायका मितिमा उक्त सभाहलको हल तथा स्थान तथा परिषर निम्नानुसार प्रयोग गर्ने गरी पेन्सिलले लेखेर बुक गरिएकोमा (प्रतिदिन रु.३५०००। लिइदा) सो अवधिमा १२ कार्यक्रमको १३ दिनको भाडा रकम असुल नगरी पालिकालाई देहाय बमोजिम रु.४ लाख ५५ हजार नोक्सानी पुर्‍याएको देखिन्छ । तथ्याङ्क अनुसार यस वर्ष कार्यक्रमहरु भएको मध्ये केही क्लव संस्थाहरु, राजनीतिक दल आदिबाट भएको कार्यक्रमको शुल्क लिएको देखिदैन । सभागृह हल तथा परिसरबाट भएको आम्दानीलाई व्यवस्थित र एकरुपता ल्याई आन्तरिक नियन्त्रण प्रणालीलाई सवल बनाउनुपर्दछ ।

| सि नं | मिति | व्यक्ति/संस्था | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | २०८०।४।५ | गण्डकी छड्के सार्वजनिक सुनुवाइ | ३५००० | पेन्सिलले छोटोरुपमा टिपोट मात्र गरिएको छ। बिस्तृत बिबरण खुल्दैन। |
| २ | २०८०।५।२३ | लोक दर्शन कोइराला | ३५००० | |
| ३ | २०८०।६।२ | राष्ट्रिय शिक्षा दिवस शिक्षा महाशाखा | ३५००० | |
| ४ | २०८०।६।३ | संविधान दिवस | ३५००० | |
| ५ | २०८०।७।१३ | नेकपा एमाले | ३५००० | |
| ६ | २०८०।८।१९ | अन्तराष्ट्रिय स्वयंसेविका दिवस | ३५००० | |
| ७ | २०८०।९।३ र ४ | पूर्ण लामा | ७०००० | |
| ८ | २०८०।९।१६ | नेकपा माओवादी | ३५००० | |
| ९ | २०८०।११।१५ | नेपाल मगर संघ (पुर्ण लामा समेत) | ३५००० | |
| १० | २०८०।११।२४ | नारी दिवस सामाजिक विकास महाशाखा | ३५००० | |
| ११ | २०८०।११।२७ | महानगर स्थापना दिवस | ३५००० | |
| १२ | २०८१।०१।२७ | सार्वजनिक सुनुवाइ कार्यक्रम | ३५००० | |
| | | जम्मा | ४५५००० | |

५३ **जरिवाना असुल**

ढुंगा,गिटी,वालुवा लगायत नदिजन्य पदार्थको उत्खन्न,संकलन र निकासी तथा विक्रीको लागि आह्वान गरिएको आय ठेक्काको वोलपत्र प्रस्तावका शर्तहरुको वुँदा नं १ मा बाँकी ५० प्रतिशत रकम २०८१ जेष्ठ १५सम्म बुझाउनुपर्ने र बुँदा नं ३ मा तोकिएको समयमा बाँकी किस्ता नबुझाएमा १५ प्रतिशत जरिवाना जोडी असुल गर्नुपर्ने उल्लेख छ ।देहायवमोजिम आय ठेक्काका ठेकेदारहरुले सम्झौता गर्दा ५० प्रतिशत रकम दाखिला गरेको र बाँकी ५० प्रतिशत रकम निम्नानुसार ढिला गरी दाखिला गरेकोमा पालिकाले उक्त शर्तअनुसार १५ प्रतिशत जरिवाना रकम असुल गरेको नदेखिएकोले सो रकममा मूल्य अभिवृद्धि करसहित हिसाब गरेर असुल गर्नुपर्ने रु.

| सि. नं | घाटको नाम | ठेकेदार | अन्तिम।बाकी किस्ता बुझाएको | | जरिवाना रकम रु |
|---|---|---|---|---|---|
| | | | मिति | रकम रु | |
| १ | दशखेत घाट | बलु ट्रिक्स कन्सट्रक्सन प्रा. लि . | २०८१।३।४ | ३५०२५०३ | ११६११०.३८ |
| २ | लालटिन बजार घाट | बलु ट्रिक्स कन्सट्रक्सन प्रा. लि . | २०८१।३।४ | ६७६६६६७ | २२४३१९.६५ |
| ३ | रातो पैह्रो खोरी पुँडी तल्लो माथिल्लो घाट | श्रीमान निर्माण सेवा प्रा. लि . | २०८१।३।२० | १३४००००० | ६४४११७.८१ |
| ४ | ह्वारकस्यार गाँउखर्क भेडी फारम घाट | आशिका कन्सट्रक्सन | २०८१।२।३२ | १५३५४६५८ | ४३२६६४.८२ |
| ५ | पशुपति घुमाउने घाट | श्रीमान निर्माण सेवा प्रा. लि . | २०८१।३।२० | ७१९९९८६ | ४४१५६६.२७ |
| | | | जम्मा | ४६२२३८१४ | १८५८७७८.९३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,५८,७७८.९३ |

५४ **दहत्तर वहत्तर आय ठेक्का**

महानगरको आर्थिक ऐन २०८० को दफा ७ मा प्राकृतिक स्रोत साधन ढुंगा गिटी वालुवा दहत्तर वहरत्तरमा अनुसुची १० वमोजिम कर असुल गरिने उल्लेख छ । यस महानगरपालिकाले विभिन्न वडामा रहेको ३३ वटा नदीघाट मध्ये ११ घाटको ७ वटा ठेक्का मार्फत देहाय बबमोजिम परिमाण तोकी ढुंगा गिट्टी वालुवाको ठेक्का व्यवस्थापन गरेको छ । उल्लेखित घाटहरुको ठेक्का सम्झौतामा आई.ई.को प्रतिवेदन वमोजिम गहिराई १.५ मि सम्म उत्खनन गर्न सकिने, हेभी मेशिन एक्साभेटर प्रयोग गर्न नमिल्ने, तथा उल्लेखित अवधिमा के कति परिमाणमा उत्खनन तथा विक्री गरेको हो परिमाण खुलाई विवरण पेश गर्नुपर्नेमा कुनैपनि निर्माण व्यवसायीले परिमाण खुलाई पेश गरेका छैनन् साथै जिल्ला अनुगमन समितिले समेत उक्त घाटहरुको अनुगमन गरेको देखिन आएन। ठेक्का व्यवस्थापन भैसकेपछि कुन कुन घाटमा के कति परिमाणमा उत्खनन गरेको र वातावरणीय प्रभाव मूल्यांकन तथा दीगो विकासलाई ख्याल गरी प्राकृतिक स्रोत साधनको उत्खनन् बिक्री वितरण गरेको विषयमा अनुगमन समितिलाई सक्रिय बनाई स्रोत साधनको संरक्षण गर्नुपर्दछ ।

| सि नं | नाम | २०८०।८१ को लागि कुल परिमाण | २०८०।८१ मा ठेक्का लगाएको परिमाण | न्यूनतम मूल्याङ्कन रकम कर बाहेक | सम्झौता कर बाहेक रु |
|---|---|---|---|---|---|
| १ | पशुपति घुमाउरे घाट | २८९०० घन मि. | १४७४० घन मि. | १२०८६८०० | १८८८०३५० |
| २ | पशुपतिघाट बाया | ७००० घन मि. | ३५०० मध्ये २४५० घन मि. | २००९००० | २०२२००० |
| ३ | द्धार कस्यार घाट | २८००८ घन मि. | १४००४ घन मि. | २०९५५१०० | ३०७१०००० |
| ४ | गाउखर्क ओखलढुंगा | १०२५१ घन मि. | ६१५१ घन मि. | - | - |
| ५ | भेडी फारम | ९००० घन मि. | ५४०० घन मि. | - | - |
| ६ | रातोपैह्रो खोरी बाया | ८४०० घन मि. | ५०४० घन मि. | १८५०३३०० | २६८४१०४८ |
| ७ | पुडी माथिल्लो घाट | ३४०४३ घन मि. | १७०२५ घन मि. | - | - |
| ८ | पुडी तल्लो घाट | १००० घन मि. | ५०० घन मि. | - | - |
| ९ | तल्लोखेत बिच भाग | ८७२५ घन मि. | ५२३५ घन मि. | ४२९२७०० | ५४६७८५० मुद्दापरी रोकिएको |
| १० | लालटिन बजार | १४६०० घन मि. | ११६८० घन मि. | ९५७७६०० | १३५३३३३३ |
| ११ | दशखेत घाट | ९००० घन मि. | ७२०० घन मि. | ५९०४००० | ७००५००५ |

५५ **घाटहरुको ठेक्का विश्लेषण**

यस महानगरको आर्थिक ऐन २०८० को दफा ७ मा प्राकृतिक स्रोत साधन ढुंगा गिट्टी वालुवा दहत्तर वहरत्तरमा अनुसुची १० वमोजिम कर असुल गरिने उल्लेख छ । महानगरपालिकाले योवर्ष विभिन्न वडामा रहेका ३३ वटा नदीघाटको ३६६९२३ घन मिटर परिमाण २५ वटा ठेक्का मार्फत उत्खनन् संकलन र निकासी तथा बिक्री गर्न सकिने गरी आई.ई. ई.को प्रतिवेदन परिमार्जन गरेकोमा २१ ठेक्का मार्फत २७ नदीघाटको २९६३७६ घनमिटर परिमाण उत्खनन् संकलन र निकासी तथा बिक्री गर्न ढुंगा गिट्टी वालुवाको ठेक्का व्यवस्थापन गरेको छ । जसमा निम्नानुसार देखियो ।

(क) परिमार्जित आई.ई. ई. प्रतिवेदनमा उल्लेखित निम्न ६ नदीघाटको ७०५४७ घन मिटर परिमाण बिक्रीको लागि पालिकाले एक पटक पनि सुचना प्रकाशित गरेको छैन ।

| सि नं | नदीघाटको नाम | उत्खनन् योग्य परिमाण | प्रतिघनमिटर दर | न्युनतम मुल्यांकन दर कर बाहेक |
|---|---|---|---|---|
| १ | गढीघाट | २१४०० घ. मि . | ८२० | १७५४८०० |
| २ | मुसेटुंडा सैनिक घाट | १४७४० घ. मि . | ८२० | १२०८६८०० |
| ३ | चमेरेघाट दाया | २०००० घ. मि . | ८२० | १६४००००० |
| ४ | मोरे खहरे घाट | १४०७ घ. मि . | ८२० | ११५३७४० |
| ५ | सहश्रधारा घाट | १०५०० घ. मि . | ८२० | ८६१०००० |
| ६ | मर्दि लस्ती दोभान | २५०० घ. मि . | ८२० | २०५०००० |
| | जम्मा | ७०५४७ घ. मि . | | ५७८४८५४० |

(ख) बिक्रीको लागि प्रथम पटक २०८०।४।८ मा सुचना प्रकाशन भएको २७ घाट मध्ये प्रस्ताव पेश हुन नआएका निम्न ५ घाटहरुमा प्रति घनमिटर मुल्यांकन दरको सट्टा पहिले प्रकाशित परिमाण घटाएर दोश्रो पटक मिति २०८०।१२।१९मा निम्न ५ घाटहरुको र गोस्ते लामाचौर घाट बाहेक अन्य ४ घाटहरुको तेश्रोपटक मिति २०८०।१२।२८ मा प्रस्ताव आह्वानको सुचना प्रकाशन गरेको छ । प्रस्ताव पेश हुन नआएको बिभिन्न कारणहरु मध्ये मुल्यदर बढी भएको कारण भए मूल्य दरलाई पुनः यकिन गरी घटाएर प्रस्ताव आह्वान गर्नुको सट्टा परिमाण घटाएर पुनः सूचना आह्वान गरेको देखियो ।

| सि नं | नदी घाटको नाम | आई.ई. ई. र शुरु सुचनाको परिमाण | दोश्रो सुचनाको परिमाण | फरक परिमाण | मुल्यदर | फरक परिमाणको न्युनतम मुल्यांकन रकम कर बाहेक |
|---|---|---|---|---|---|---|
| १ | तुलसीतार घाट | ६६०० घन मिटर | ३५२० घन मिटर | ३०८० घन मिटर | ८२० | २५२५६०० |
| २ | रुद्रमहादेव घाट | ८४०० घन मिटर | ५४९८ घन मिटर | २९०२ घन मिटर | ८२० | २३७९६४० |
| ३ | गोस्तेलामाचौर घाट | २१०० घन मिटर | २०८३ घन मिटर | १७ घन मिटर | ८२० | १३९४० |
| ४ | गजरेघाट | १२००० घन मिटर | ११९३९ घन मिटर | ६१ घन मिटर | ८२० | ५००२० |
| ५ | ढावा घाट | ८६६३ घन मिटर | ५४५४ घन मिटर | ३२०९ घन मिटर | ८२० | २६३१३८० |
| | जम्मा | ३७७६३ घन मिटर | २८४९४ घन मिटर | ९२६९ घन मिटर | | ७६००५८० |

## ५६ आय विवरण

महानगरको आर्थिक ऐन २०८० मा दर्ता भएका करदाताले व्यवसायकर वुझाउनुपर्ने हुन्छ भनी उल्लेख भएको छ । व्यवसाय करको आधार पुँजीलाई लिईएको छ । पुँजीका आधारमा कर लिनु वैज्ञानिक देखिदैन । व्यवसाय कर भने त्यस वर्ष व्यवसायीले कति कारोवार गरेको हो वार्षिक कारोवारमा आधारित रहेर कर असुल गर्ने, जसलाई महानगरको एउटा कारोवार विवरण घोषणा फारण विकास गरेर सोलाई सिस्टममा भर्ने प्रणाली विकास गरेमा मात्र समग्र आम्दानीमा उल्लेख्य मात्रामा अभिवृद्धि हुने देखिन्छ । असल अभ्यासलाई कार्यान्वयनमा लैजानेतर्फ महानगरले जोड दिनुपर्ने देखिन्छ ।

## ५७ डिजिटल कर प्रणाली

पोखरा महानगरपालिकाले राजस्व सफ्टवेयर मार्फत राजस्व असुल गर्ने गरेतापनि करदाताको विवरणलाई उक्त सफ्टवेयरसंग जोड्न सकेको छैन । करदाता दर्ता देखि खारेजी र वक्यौता सम्मको अभिलेख उक्त सफ्टवेयरमा राखेको पाइएन । डिजिटाईजेशन कर प्रणालीमा करदाता दर्ता देखि नविकरण आय विवरण कर दाखिला आर्थिक वर्षवाईज देखिने गरि राखिने र कुनै करदाताले कर नतिरेमा स्वत वक्यौता देखिने गरी लगत खडा गर्नुपर्नेमा सोबमोजिम गर्नको लागि पहलसम्म पनि गरेको पाइएन । छरिएका करहरु जस्तैः घरवहाल कर, सम्पत्ति कर, व्यवसाय कर आदिलाई एउटै छातामा जोड्ने करप्रणालीको विकास गरी कर भुक्तानीलाई सरलीकृत गर्ने अनलाईन पेमेण्टमार्फत राजस्व तिर्न वुझाउन सक्ने प्रणाली अपनाई करदाताको लागत तथा सेवाप्रवाहमा छिटो छरितो हुनुपर्ने देखिन्छ ।

## ५८ घटी रकम असुल गर्ने गरी सम्झौता

पोखरा महानगरले आ.व.२०८०।०८१ को लागि गरेको परिमार्जित IEE प्रतिवेदन अनुसार चमेरो घाट दाया तर्फ २० हजार घनमिटर र मोरेखहरे घाटमा १४०७ घनमिटर समेत जम्मा २१४०७ घनमिटर नदिजन्य सामग्रीको उत्खन्न,संकलन र निकासी तथा विक्री गर्न सकिने र उक्त परिमाणको न्यूनतम मूल्याङ्कन महानगरको आर्थिक ऐन, २०८० अनुसार प्रति घनमिटर रु ८२०।– का दरले रु १७५५३७४०।- (कर बाहेक) हुने देखिन्छ ।मोरे खहरे रिभर माइनिङ उद्योग संचालन गर्न आवश्यक पर्ने सामग्री भनी पालिकाले उक्त । मोरे खहरे रिभर माइनिङ उद्योग प्रा.लि.संग ३५ वर्षको लागि महानगरले विना प्रतिस्पर्धा समझौता मिति २०८०।४।१० मा गरेको छ ।

उक्त समझौता अनुसार निज प्रा.लि. ले पहिलो अर्थात यो आ.व. २०८०।०८१ मा १ करोड महानगरलाई बुझाउने शर्त अनुरुप उक्त रकम मू.अ.कर समेत थप गरी प्रा.लिले महानगरलाई बुझाएको जनाइएको छ ।यसप्रकार पालिकाले आर्थिक ऐन, २०८० ले तोकेको दररेटले हुने रकम भन्दा घटी रकम प्राप्त गर्ने गरी निज प्रा.लि सँग समझौता गरेबाट यो वर्ष पालिकालाई रु ७५,५३,७४०।– मा मू.अ.कर समेतले हुने रकम रु ८५,३५,७२६।– कमी हुन गएको पाइयो । यस सम्बन्धमा यथार्थता यकिन गरिनुपर्दछ । सोको अतिरिक्त ३५ वर्षसम्मको आयमा पर्ने प्रभाव समेत छानविन गर्नुपर्दछ ।

(क) उक्त प्रणालीसँग भएको सम्झौताको दफा नं ५ मा आयोजनाको उपल्लो तटीय क्षेत्र सेती नदी र फुस्रेखोलाको दोभानसम्म यसका अतिरिक्त अन्य यस्तै प्रकारको आयोजनालाई अनुमति वा इजाजत पत्र नदिइने उल्लेख छ ।जबकी आयोजनाको क्षेत्र भन्नाले सम्झौताको दफा १ खण्ड (च) मा वडा नं २७ र ३३ को बीचमा पर्ने जि पि एस को अडिनेट Latitude २८० ०९’ ३३” देखि २८० ०९’०७’’ सम्म उत्तर र Longitude ८४० ०१’ ३९’’ देखि ८४० ०२’ ४४’’ पूर्वसम्मको क्षेत्रलाई जनाउने उल्लेख छ।यसप्रकार आयोजनाको कमाण्ड क्षेत्र भन्दा धेरै माथिसम्म अन्य यस्तै प्रकारका आयोजनालाई अनुमति वा इजाजतपत्र नदिइने उल्लेख गरेकोलाई यथार्थपरक भन्न मिल्ने देखिएन । यस सम्बन्धमा यथार्थता यकिन गरिनुपर्दछ ।

## ५९ रामघाट क्षेत्रको दहत्तर वहत्तर आम्दानी

महानगरको आर्थिक ऐन २०८० को दफा ७ मा प्राकृतिक स्रोत साधन ढुंगा गिट्टी वालुवा दहत्तर वहरत्तरमा अनुसुची १० वमोजिम कर असुल गरिने उल्लेख छ । महानगर बजारक्षेत्रको बिचमा रहेको र घाटहरुमध्ये सवैभन्दा ठूलो राजस्व आम्दानी हुन सक्ने क्षेत्र रहेको यस रामघाट क्षेत्र वडा नं ९ र ११ मा रहेको छ । आई ई ई प्रतिवेदन २०७९ को सिफारिस वमोजिम यस क्षेत्रवाट योवर्ष २०८०।८१ मा अधिकतम् ८२८०० घ मी ढुंगा गिट्टी वालुवा दहत्तर वहत्तर उत्खनन र संकलन गर्न सकिने उल्लेख छ । यो हिसाबले प्रस्तुत घाटबाट महानगरले तोकेको रोयल्टी दरबाट हिसाब गर्दा कर सहित रू.७,६७,२२,४८०।- आउछ । यो रिचार्ज हुने सामग्री हो । महानगरको अन्य घाट सबै जोड्दा पनि सोभन्दा यस क्षेत्रको राजस्व बढी हुने आई ई ई प्रतिवेदनले देखाएको छ । तर यस क्षेत्रबाट महानगरले विगत ३ वर्षदेखि ठेक्का र अमानत मार्फत राजस्व आम्दानी प्राप्त गरेको छैन । महानगरले उक्त क्षेत्रवाट गतवर्ष अमानतवाट रु.८२ लाख राजस्व असुल गरेको जनाइएकोमा योवर्ष २०८०।८१ मा कुनै आम्दानी प्राप्त गरेको देखिएन । यस क्षेत्रबाट वातावरणीय प्रभाव मूल्यांकनलाई समेत मध्यनजर गरेर ठेक्का व्यवस्थापन मार्फत करोडौ राजस्व नोक्सानी हुनबाट जोगाउन तथा खेर जाने स्रोत साधनको अत्तियुत्तम उपयोग गरी प्राप्त हुने राजस्व महानगरको समग्र विकासको कार्यमा लगाउन सकिने हुँदा पालिकाले थप ध्यान दिइ उचित पहल गर्नुपर्ने देखिन्छ ।

(क) त्यसैगरी पालिकाको कार्यपालिकाले २९ औ बैठकको निर्णय नं. १३ मा निम्न घाटहरुमा पटक पटक आय ठेक्का बन्दोबस्त गर्दा समेत बोलपत्र प्रस्ताव पेश हुन नआएकोले चालु आ.व. का लागि ठेक्का बन्दोबस्ती प्रकृया बन्द गर्ने भनि निर्णय गरेको छ । स्थानीयको विरोधका कारण काम गर्न नपाएको, केहीको वडाअध्यक्षहरुले नै ठेक्का गर्न नहुने भनी पत्राचार गरेको, केहीको पटक पटक ठेक्का सूचना गर्दा पनि ठेक्का नपरेको, केही घाटहरुमा स्थानीयको घरघरमा ट्याक्टर तथा ईक्युपमेण्ट रहेको भनी विरोध गर्ने प्रवृति बढ्दै गईरहेको कारण उचित व्यवस्थापन गर्न सुझाव दिएकोमा यो वर्ष पनि स्थितिमा सुधार र नियन्त्रण गरेको देखिन आएन । जसले गर्दा महानगरको ठूलो मात्रामा राजस्व रकम गुमेकोले विवाद निरूपण गरी ठेक्का लगाउनुपर्दछ ।

| सि नं | घाटको नाम | स्थान | उत्खनन् योग्य परिमाण | न्युनतम मुल्याकंन रकम कर बाहेक |
|---|---|---|---|---|
| १ | रामघाट | वडा नं ९, १० र ११ | ८२८०० घन मिटर | ६७८९६००० |
| २ | नारायणस्थान घाट | वडा नं ३ | - | - |
| ३ | लामगादी घाट | वडा नं ३३ | - | - |
| ४ | याम्दी घाट | वडा नं १ र २५ | - | - |
| ५ | सुइखेत खोला घाट | वडा नं २५ | - | - |
| ६ | पुरन्चौर नया घाट | वडा नं २५ | - | - |

६० **रोकाएको परिमाण नउठाएको**

पोखरा महानगरपालिकाको मिति २०८०।१०।२५ को २६ औ वैठक को निर्णय नं ५ मा मुग्लिङ पोखरा सडक सुधार आयोजनाबाट महानगरपालिकामा नदिजन्य सामग्रीको माग भई आएको सम्बन्धमा वडा नं ३२ स्थित गढी घाटबाट २१४०० घ.मि. नदिजन्य सामग्रीको महानगरको आर्थिक ऐनले तोकिदिएको दरमा एकमुष्ट रकम र मू.अ.कर समेत जम्मा गर्न लगाई नदिजन्य सामग्रीको आयोजनामा उपयोग गर्न दिने भनि निर्णय गरिएकोमा आयोजनाको उक्त सडक खण्डका निर्माण व्यवसायी MIS Anhul kalyvan Highway and Bridge co.ltd. बाट उक्त सामग्री लागि तोकिएको रकम प्रतिघनफिट रु ८२०।– ले हुने रु १,७५,४८,०००।- (कर बाहेक) दाखला गरेको छैन ।निज आयोजनाले गत आ.व. २०७९।८० मा समेत च.नं ११७ मिति २०७९।९।२२ बाट यो वर्ष सरह उक्त गढी घाटको नदिजन्य सामग्रीको माग गरी कार्यपालिकाले निजलाई उपलब्ध गराउने भनी विगत वर्षहरुमा सरह स्वीकृति दिएको देखिएमा उठाउन नआएको जवाफ कार्यलयको रहेको छ ।यसप्रकार आयोजनाले हरेक वर्ष उक्त नदिजन्य पदार्थ महानगर संग माग गर्ने र महानगरले समेत सोही वमोजिम स्वीकृति दिएको अवस्थामा प्रत्येक वर्ष नउठाउने गरेबाट अन्य वर्ष सरह यो आ.व. २०८०।०८१ मा समेत पालिकालाई नोक्सानी हुन गएको देखियो । उक्त आयोजनाले प्रयोग गरेको नदीजन्य सामग्रीका सम्बन्धमा थप छानबिन गरी छुटेको राजस्व असुल गर्नुपर्दछ ।

६१ **घटी जमानत जफत**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २१ र नियमावली २०६४ को नियम ५३ मा वोलपत्र साथ राख्नु पर्ने वोलपत्र जमानत र सोको जफत सम्बन्धमा उल्लेख रहेको छ ।पशुपति घुमाउने घाट प्याकेज नं १३ ठेक्का नं १३-०८०।०८१ आय ठेक्काका ठेकेदार खनाल कन्सट्रक्सनलाई उक्त घाट नदिजन्य निर्माण सामग्री उत्खन्न,संकलन र निकासी तथा विक्रीको लागि रु १,८८,८०,३५०।– ठेक्का प्रस्ताव स्वीकृत भई समझौता गर्न आहवान गरेकोमा निजले मिति २०८०।६।२४ मा चाडपर्व लगायतको अवधिको लागि कवोल अंकमा छुट माग गरेको तर कार्यालयले च.नं. २९७७ मिति २०८०।६।२५ मा परिमाण र दरको आधारमा ठेक्का स्वीकृत भएको तर चाडपर्व लगायत समयको आधारमा छुट दिन मिल्ने प्रावधान नरहेकोबाट छुट दिन नसक्ने जवाफ दिए पश्चात निजले २०८०।६।२६ मा ठेक्का समझौता गर्न असमर्थ रहेको पत्र कार्यालयमा पेश गरेको देखियो ।तत्पश्चात कार्यालयले निजको वोलपत्र जमानत रु ११ लाख जफत गर्नुपर्नेमा सो नगरी रु.९,४४,०१८।– रकम मात्र निजको बैङ्क जमानतबाट जफत गरी दोश्रो बढी अंक कबोल गर्ने ठेकेदार श्रीमान निर्माण सेवा प्रा.लि. संग रु १,४४,१०,४८५।३५ (कर बाहेक) को सम्झौता गरिएको छ । उक्त ऐन र नियमावलीमा वोलपत्रको आंशिक जमानत रकम जफत गर्न सकिने कानुनी प्रावधान रहेको नदेखिदा रु.११ लाखको बैङ्क जमानतमा घटी जफत गरेको रकम रु १,५५,९८२।– रकम निज ठेकेदार खनाल कन्सट्रक्सनसंग असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५५,९८२ |

६२ **राजस्व प्रक्षेपण,असुली तथा प्रगति**

महानगरले सालवसाली रुपमा जारी गर्ने आर्थिक ऐन तथा राजस्व परामर्श समितिले सिफारिस गर्ने वार्षिक आन्तरिक आम्दानीको प्रक्षेपण यथार्थपरक हुनुपर्दछ ।

(क) महानगरको विगत ४ वर्षको आन्तरिक आयको प्रक्षेपण र यथार्थ असुली देहायबमोजिम रहेको छः

| आर्थिक वर्ष | प्रक्षेपित आय | यथार्थ आय | प्राप्ति प्रतिशत |
|---|---|---|---|
| २०७७।७८ | २५०४७१२००० | २१७०८६८८०५ | ८६.६७ |
| २०७८।७९ | २२११४७३३०० | २११७०३४३९३ | ९५.७३ |
| २०७९।८० | ३३८४१८१००० | १९६३५६८१८२ | ५८.०२ |
| २०८०।८१ | ३२३१२२१४४६ | १७४२५३३६१९ | ५३.९३ |

उक्त प्रक्षेपित आय र यथार्थ आय हरेक वर्ष घट्दै गएको र प्रक्षेपित आयको तुलनामा यथार्थ आयमा फरक बढ्दै गएको देखिएको हुँदा महानगरले आम्दानीको सम्भावनाका प्रयाप्त क्षेत्रहरू पहिल्याइ आन्तरिक आयलाई थप सवल र प्रभावकारी तुल्याउनुको साथै प्रक्षेपित आयलाई समेत यथार्थको नजिक तुल्याउनुपर्ने देखिन्छ ।

(ख) महानगरले यस वर्ष देहायबमोजिम आम्दानीका शीर्षकगत जम्मा रु १ अर्व ७४ करोड २५ लाख ३४ हजार असुली गरेको छ । जुन योवर्षको राजस्व प्रक्षेपणको तुलनामा ५३.९३ प्रतिशत रही ४६.०७ प्रतिशत न्युन अर्थात रु.१ अर्व रु ४८ करोड ८७ लाख ८८ हजार न्युन असुली भएको छ । लक्ष्य भन्दा कम असुली हुनुको कारण पहिचान गरि सुधारको उपाय अपनाउनुपर्दछ । महानगरले योवर्ष गरेको राजस्व प्रक्षेपण, प्राप्ति र सोको प्रगति देहायअनुसार रहेको छः

| सि नं | राजस्व उपशीर्षक | गतवर्ष प्राप्ती रु. | अनुमानित प्रक्षेपण | प्राप्त रकम रु. | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ११३१३ - सम्पती कर | ९ ८७०५४८५.२४ | २१४१६६००० | १२७४१३२९६ | ५९.४९ |
| २ | ११३१४ - भुमिकर/मालपोत | १३३९५७८७३ | १८६६२८२७९ | २१७५७०८०० | ११६.५८ |
| ३ | ११३१७ - वहाल कर | १९३६४८६९८ | १९४४७४००० | २०२२४९७९५ | १०४.०० |
| ४ | ११३१८ - वहाल विटौरी कर | १२३८०० | ५००००० | १६४५० | ३.२९ |
| ५ | ११६९१ - अन्य कर | ३२९७८१२३ | ९०६६०९००० | ३७०३९००० | ४.०९ |
| ६ | १४१५१सरकारी सम्पत्तीको वहालबाट आय | ३२५००० | १७००००००० | ७२५५०० | ४.२७ |
| ७ | १४१९१ - पर्यटन शुल्क | १९७३९०० | ६०००००० | ११००००० | १८.३३ |
| ८ | १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | ३०६९१९२ | ३९५६५०० | ४१३६२०० | १०४.५४ |
| ९ | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | १५३ ४०६९४.०० | ३०००००००० | ११९४३६५५ | ३९.८१ |
| १० | १४२२१ - न्यायिक दस्तूर | ६०९९३५ | ६००००० | ६०८५३९ | १०१.४२ |
| ११ | १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | ९४८४०० | ९९००४०० | २७६६१०० | २७.९४ |
| १२ | १४२२४ - परीक्षा शुल्क | ६९४७०० | ६८४२०० | ५७३०० | ८.३७ |
| १३ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ७००१०० | ६७५८०० | २४८४३१०७ | ३६७६.१० |
| १४ | १४२४२ - नक्सापास दस्तुर | १३३२४४२६४ | ३३९७३५००० | १२२१४६१२७ | ३५.९५ |
| १५ | १४२४३ - सिफारिश दस्तुर | ५१२४६७३७ | ६२५७८००० | ५५३५६६६१ | ८८.४६ |
| १६ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ४१८५०१५ | ४००००००० | ६५११३०० | १६२.७८ |
| १७ | १४२४५ - नाता प्रमाणित दस्तुर | ६३२७९०० | ६०६९०६६ | ६४८५४०० | १०६.८६ |
| १८ | १४२४९ - अन्य दस्तुर | २८१२८१९६ | ५०५८०००० | २७३९२१४३ | ५४.१६ |
| १९ | १४३११ - न्यायिक दण्ड , जरिवाना र जफत | ५००० | ५००००० | १५०० | ०.३० |
| २० | १४३१२ प्रशासनिक दण्ड , जरिवाना र जफत | ५३६४९२४ | ६४३३००० | ७७७३८७२ | १२०.८४ |
| २१ | १४३१३ - धरौटी सदरस्याहा | २४४५०४८३ | ४७२५००० | ३५५०५३० | ७५.१४ |
| २२ | १४५२१ - प्रदुषण नियन्त्रण शुल्क | ६७२ | ५०००० | २७०४४९ | ५४०.९० |
| २३ | १४५२९ - अन्य राजस्व | ३९४४१०८७ | ११८२१४७५५ | ४३०८४३५८ | ३६.४५ |
| २४ | १४६११ - व्यवसाय कर | ८१४६९५३५ | ९४७४९००० | १०६६५४९०९ | ११२.५७ |
| २५ | १५१११ - बेरूजू | ० | १९९१३००० | ८२७३२७१ | ४१.५५ |
| २६ | १४१५७बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरबाट आय | ९५१४११५८ | १८०००००००० | ४८६३९५२२ | २७.०२ |
| २७ | ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ६०९००९ | ९४१५८३३ | २१३०७३५ | २२.६३ |
| २८ | ११४७९ अन्य मनोरञ्जन कर | ७७८३१७० | ५६८३६२६ | ६८३३१५५ | १२०.२३ |
| २९ | ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ६४७९२१७६७ | ७४१४२९७०५ | ६६६९५९९४७ | ८९.९६ |
| ३० | ११४४२ स्वास्थ्य सेवा कर शिशुवा अस्पताल समेत | ० | १६०५१२८२ | ० | ०.०० |
| | | | | | |

| | जम्मा | १४९४३४८६३७ | ३२३१३२१४४६ | १७४२५३३६१९ | ५३.९३ |
|---|---|---|---|---|---|

६३ **राजस्व सफ्टवेयर तथा सुत्र(SUTRA) बीच फरक**

महानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा (२ देखि १६) सम्ममा उल्लेख भएवमोजिम यस महानगरपालिकाको क्षेत्रभित्र कुनैपनि आर्थिक कारोवार गरेमा सम्वन्धित दफा तथा अनुसुची वमोजिम दर्ता भई तोकिए बमोजिमको कर दाखिला गर्नुपर्ने व्यवस्था छ । महानगरले राजस्व असुली र आम्दानी बाध्दा बिगत बर्षहरु देखि Softtech नामक सफ्टवेयर प्रयोगमा रहेको छ । नेपाल सरकारले लागु गरेको सुत्र सफ्टवेयर र राजस्वको सफ्टवेयर अनुसार राजस्व आम्दानी र दाखिला रकम भिडान हुनुपर्दछ । साथै राजस्व आम्दानी र दाखिलामा सुत्र पुर्णरुपमा लागु गर्नुपर्दछ । महानगरको सुत्रानुसारको (SUTRA) आय तथा राजस्व सफ्टवेयर वीचको राजस्व भिडान हुनुपर्दछ ।तर योवर्ष राजस्वको सफ्टवेयरले देखाएको आम्दानी र सुत्रले देखाएको आम्दानी भन्दा राजस्वको सफ्टवेयरले देखाएको आम्दानी विभिन्न २१ वटा शीर्षकमा रु.११,०३,९५,४०७।९० घटी आम्दानी देखाएको छ । यसप्रकार फरक देखिएको आम्दानीको हिसाव मिलान बिबरण तयार गर्नुपर्दछ ।

६४ **उत्खनन सामग्री**

पोखरा महानगरपालिकाको २९ औ कार्यपालिकाको बैठक निर्णय नं १३ मा महानगरबाट पटक पटक आय ठेक्का बन्दोबस्त तथा लिलाम बिक्रीको प्रक्रिया द्वारा नदिजन्य सामग्री बिक्रीको लागि प्रयास गर्दा समेत बिक्री हुन नसकेकोले तपसिल बमोजिम घाटहरुमा मजदुरहरुबाट घाट गद्दी भएको परिमाणको नदिजन्य निर्माण सामग्री महानगरको आर्थिक ऐन २०८० मा निर्धारित दरमा अमानतबाट बिक्री गर्ने प्रकिया अगाडि बढाउने भनी वडा कार्यालयहरु र नगर प्रहरीहरुलाई देहायाबमोजिमको निर्माण सामग्री विक्रीको लागि खटाएको छ । यसरी खटाएको व्यक्तिहरुबाट अमानतमा पालिकाको दर रेट प्रतिघनमिटर रु ८२०।– मा मू.अ.कर र १.५ प्रतिशत अग्रिम आयकर समेतले हुने रकममा देहायबमोजिम बिक्री गरी राजश्व आम्दानी गरेको छ । यसप्रकार विक्री पश्चात पालिकाका ५ जना कर्मचारी संलग्न समितिले उक्त क्षेत्रहरुमा अनुगमन गरी दिएको प्रतिवेदन अनुसार अमानतबाट विक्री गर्न संकलित परिमाण मध्येबाट विक्री पश्चात बाँकी रहेको परिमाणको नापजाँच गर्दा देहायवमोजिमको परिमाण नपुग भएको प्रतिवेदन दिएको छ । उक्त नपुग परिमाण ९५७९.९४ घनमिटरको सम्बन्धमा यथार्थ छानबिन गरिनुपर्दछ ।

| क्र. स. | घाटको नाम र वडा नं | खटाएको व्यक्ति | विक्री गर्न तोकिएको परिमाण | विक्री परिमाण घनमिटर | बाँकी परिमाण घनमिटर | नपुग परिमाण | नपुग परिमाणको न्युनतम मूल्याङ्कन रकम कर बाहेक | कर सहित |
|---|---|---|---|---|---|---|---|---|
| १ | ढावाघाट वडाँ नं १९ | न. प्र . ज . सुवास गायक | ५४५३.२३ | ६८५.८१ | ४२९.३९ | ४३३८.०२ | ३५५७१७६ | ४०७२९६७ |
| २ | तुलसी तारा घाट वडाँ नं २५ | न. प्र . ज . सरोज पुन र अभिशेष गायक | ३५१९.२५ | १९७६.०० | १९२.०० | १३५१.२५ | ११०८०२५ | १२६८६८९ |
| ३ | रुद्र महादेव घाट वडाँ नं २५ | न. प्र . ज . | ५४९७.८३ | ९२७.०० | १०५८.६० | ३५१२.२३ | २८८००२९ | ३२९७६३३ |
| | | कल्याण गिरी र मनराज ९६रानामगर | | | | | | |
| ४ | गजरेघाट वडाँ नं २५ | न. प्र . ज . गुल्सन चौधरी | ११९३८.४४ | ९६८६.५० | १८७३.५० | ३७८.४४ | ३१०३२१ | ३५५३१८ |
| | जम्मा | | २६४०८.७५ | १३२७५.३१ | ३५५३.४९ | ९५७९.९४ | ७८५५५५१ | ८९९४६०६ |

६५ **करदाताको दर्ता अवस्था**

महानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा(२ देखि १६)सम्ममा उल्लेख भए वमोजिम यस महानगरपालिकाको क्षेत्रभित्र कुनैपनि आर्थिक कारोवार गरेमा सम्वन्धित दफा तथा अनुसुची वमोजिम दर्ता भई कर दाखिला गर्नुपर्ने व्यवस्था छ । यस महानगरको क्षेत्रभित्र आर्थिक वर्ष २०८०।८१ सम्म विभिन्न शीर्षकमा निम्नानुसार करदाता करको दायरामा आएको बिबरण महानगरबाट प्राप्त भएको छ ।

| क्रस | विवरण | गत वर्ष २०७६।७७ को संख्या | गत वर्ष २०७७।७८ को संख्या | आर्थिक वर्ष २०७८।७९ को संख्या | गत वर्ष २०७९।८० को संख्या | योवर्ष २०८०।८१ को संख्या | योवर्ष थपिएको संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | दर्ता भएका जम्मा करदाता | २८७२३० | ३१७४४६ | ३३६९९७ | ३५६८७५ | ३७१३०४ | १४४२९ |
| २ | घर भइ दर्ता भएका करदाता | ९८४०३ | १००४० | ७३७२ | ५६६३ | ५३१९ | -३४४ |
| ३ | जग्गा भइ दर्ता भएका करदाता | २३६५१३ | २४७४६ | १८६७९ | १५४४२ | १५१०५ | -३३७ |
| ४ | व्यवसाय भइ दर्ता भएका करदाता | ३६७८४ | ६९७९ | ४७९५ | ३९५० | ३३८० | -५७० |
| ५ | कर तिर्ने जम्मा करदाता | | | | ११५५२९ | ११३१५२ | -२३७७ |
| ६ | सम्पत्तिकर तिर्ने करदाता | | १४३९९३ | १३४९३७ | १३४६६८ | ५५५९२ | -७९०७६ |
| ७ | मालपोत तथा भूमिकर तिर्ने करदाता | | | | ८१२५७ | ८३२४४ | १९८७ |
| ८ | व्यवसायकर तिर्ने करदाता | | | १५११०३ | १५१३१ | १४९७५ | -१५६ |
| ९ | कर तिर्न बाँकी जम्मा करदाता | | | | २४६४५० | २५८१९८ | ११७४८ |
| १० | घर भएका जम्मा करदाता | | | | १२२०५५ | १२५५८० | ३५२५ |
| ११ | जग्गा मात्र भएका जम्मा करदाता | | | | २१९९०४ | ३०२१४८ | ८२२४४ |
| १२ | व्यवसाय भएका जम्मा करदाता | | | | ५५७५६ | ५७९०३ | २१४७ |

क) योवर्ष महानगरमा १४४२९ करदाता थप भएका छन् । जसमध्ये घर भइ दर्ता भएका करदाता ३४४, जग्गा भइ दर्ता भएका करदाता ३३७ र व्यवसाय भइ दर्ता भएका करदाता ५७० समेत १२५१ करदाता गतवर्ष भन्दा घटी हुन गएको र जम्मा कर नतिर्ने करदाता गतवर्ष भन्दा ११७४८ ले बढ्न गइ उक्त संख्या २५८१९८ पुग्न गएको देखिन्छ । जसवमोजिम ६९.५४ प्रतिशत करदाताले करदाखिला नगरेको महानगरको IPT system वाट देखिन्छ । कूल दर्ता मध्ये कर नतिर्ने ती करदाताको कुल राजस्व बक्यौता रकम सिस्टमबाट रियल टाईम वक्यौता रकम देखिदैन । करदाताको कर वक्यौता प्रणालीलाई रियलटाईम देखिने गरी पद्धति बनाएर बक्यौता असुलीमा तिव्रता ल्याउनुपर्दछ ।

ख) महानगरक्षेत्र भित्र कूल व्यवसाय गर्ने करदाता कति छन् भन्ने सम्बन्धमा महानगर समेत ३ तहका निकायहरुसँग एकीकृत तथ्यांक रहेको देखिदैन । स्थानीय सरकार गठन भई सकेपछि महानगरको वडा कार्यालय समेतले व्यवसाय दर्ता गर्ने र घरेलु तथा साना उद्योग कार्यालयमा अनिवार्य रुपमा दर्ता गर्ने प्रावधान नहुँदा कति व्यवसाय दर्ता भएका छन् भन्ने एकिन गर्न सकिएन । तर महानगरभित्र दर्ता भएका र दर्ता हुनुपर्ने संख्याबीच ठुलो खाडल रहेको छ । महानगरमा सञ्चालित दर्ता नभएका करदातालाई वजार अनुगमन तिव्र पारि करको दायरामा ल्याउनुपर्दछ ।

ग) महानगरमा दर्ता भएका करदाता मध्ये पनि कूल ६९.५४ प्रतिशत करदाताले कर दाखिला गरेको देखिदैन । यस सम्वन्धमा महानगरले प्रत्येक वर्ष आर्थिक ऐन वाटै छुट सहुलियत जरिवाना मिनाहा दिने प्रावधान राखेको छ । यद्यपि करदातालाई यस सम्वन्धी

सुचना प्रवाहको कमीले छुट सहुलियत लिने र समयमै कर दाखिला गर्ने तथा कर सहभागिता प्रणालीको विकास भएको छैन । यस सम्वन्धमा महानगरले कर सचेतीकरण घरदैलौ कर सप्ताह जस्ता प्रवर्दनात्मक कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

**(घ) आर्थिक ऐनमा पटक पटक संशोधन:** महानगरको आर्थिक ऐन २०८० को दफा ५ उपदफा (२) व्यवसाय कर सम्वन्धमा आर्थिक वर्ष २०७७।७८ भन्दा अघिदेखि नै व्यवसाय दर्ता तथा नविकरण नगरी कर बुझाउन बाकी रहेका करदातालाइ २०७७।७८ देखि कर असुल गरी नियमित गरिने छ तर चालु आर्थिकवर्ष समाप्त भए पश्चात यस्तो छुट सुबिधा दिइने छैन भन्ने उल्लेख रहेको छ । तर आर्थिक ऐन २०८१ को दफा ५ उपदफा (२) व्यवसाय कर सम्वन्धमा पोखरा महानगर क्षेत्र भित्र बिगत लामो समय देखि दर्ता भइ वा नभइ पेशा व्यवसाय संचालन भएका तर करको दायरामा नआएका व्यवसायीलाइ करको दायरामा ल्याउनको लागि आर्थिक वर्ष २०८०।८१ बाट कर लिइ पेशा व्यवसायको दर्ता प्रमाणपत्र जारी वा नविकरण गरिने छ भनि उल्लेख रहेको छ । यसप्रकार आर्थिक ऐन २०८० ले गरेको प्रावधान विपरीत हुनेगरी लगत्तै अर्को वर्षको आर्थिक ऐनमा प्रावधान संशोधन गरेबाट नियमित करको दायरामा आएका करदाताहरु निरुत्साहित हुने देखिन्छ भने पालिकामा यस्ता पेशा व्यवसाय गरी बसेका तर करको नियमित दायरामा नआएका करदाताहरुलाई करको दायरामा ल्याउन पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

## ६६ विज्ञापन शुल्क

६६.१ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा (१) खण्ड घ (१) मा संघीय तथा प्रदेश कानुनको अधिनमा रही अन्य करहरुको साथै विज्ञापन कर सम्बन्धि नीति,कानुन र मापदण्ड स्थानीय तह बाट कार्यान्वियन र नियमन गर्नुपर्ने प्रावधान रहेको छ ।उक्त कानुनी व्यवस्था अनुसार महानगरले हालसम्म पनि स्थानीय विज्ञापन ऐन तथा कानुनको तर्जुमा गरेको देखिएन ।यसप्रकार पोखरा महानगरपालिकाबाट स्थानीय विज्ञापन ऐन तथा कानुनको तर्जुमा गरी महानगरपालिको ठुलो होर्डिङ बोर्ड तथा वाह्य विज्ञापनलाई व्यवस्थित गरी पर्यटकीय राजधानी लाई सौन्दर्यकरणका साथै आन्तरिक आय प्रवद्धनमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

६६.२ महानगरको राजस्व शाखा र सो शाखाको प्रयोगमा रहेको सफ्टटेक सफ्टवेयरका अनुसार कुल विज्ञापन कर रू.२१,३०,७३५।– आम्दानी भएको छ । तर सुत्रको सफ्टवेयरअनुसार बैङ्क मौज्दात रू.२२,५४,५८५।– आम्दानी दाखिला भएको व्यहोरा बैङ्क मौज्दातबाट देखिन्छ । यसरी फरक परेको रू.१,२३,८५०।- सम्बन्धमा यथार्थता यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

## ६७ भवन निर्माणको लागि डाँडा कटान

६७.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **३४०,९१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६७.२ उक्त प्रा.लि.को अध्ययन गरेको IEE/EIA प्रतिवेदनमा कटान हुने माटोको परिमाण खुल्दैन ।यस महानगर पालिकाले आफ्नो कार्यालयको कर्मचारी ३ प्राविधिकहरु मार्फत अनुगमन गरेको प्रतिवेदनको मूख्य विवरण खण्डको वुदा नं ४ मा प्रा.लि.का परामर्शदाता प्राविधिकको भनाई आधारमा भनि १४२९१.५७ घनमिटर माटो पुरुवाको रुपमा प्रयोग भएको भनी उल्लेख छ ।उक्त कानुन अनुसार माटो कटानको पूर्व स्वीकृति लिएर तोकिएको शुल्क।रोयल्टी कर समेतले हुने रकम भुक्तानी गरेर मात्र कटान शुरु गर्नुपर्नेमा कटान पश्चात मात्र पालिकाले आफ्नो कर्मचारी खटाई अनुगमन गर्ने शिलशिलामा प्रा.लि.का परामर्शदाता प्राविधिकले भनेको मौखिक भनाईलाई आधार मानी उक्त पुरुवा माटोको परिमाण रोयल्टी तथा कर तिर्न बाट घटाउन मिल्ने देखिदैन ।त्यसैगरी उक्त अनुगमन प्रतिवेदनको सीमाहरु खण्डमा २०७८ वैशाख देखि जमिन कटान नभएको क्षेत्रमा हाल आएर नापजाँच र स्थलगत निरिक्षणबाट माटोको वास्तविक अवस्था आकलन गर्न नसकिने, नापजाँचको लागि दक्ष जनशक्ति र आधुनिक उपकरण नरहेको, वातावरणीय अध्ययनमा समेत माटो व्यवस्थापनको विवरण प्राप्त नभएको उल्लेख गरिएको छ ।यस अवस्थामा उक्त पुरुवा भनिएको माटोको रोयल्टी र कर रकम

छुट गर्न मिल्ने नदेखिदा उक्त परिमाणको लाग्ने रोयल्टी शुल्क रु १७,१४,९८८।४० र मू.अ.कर रु २,२२,९४८।५० समेतले हुने रकम रु १९,३७,९३६।९० थप छानविन गरेर यथार्थता यकिन गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,३७,९३६.९ |

६८ **निर्णयमा ढिलाई**

पुष्पलाल (मध्य पहाडी ) राजमार्ग योजना कार्यालय,कुश्मा पर्वतको च.नं १८१ मिति २०८०।९।८ को पत्रबाट विजयपुर खोलाको IEE प्रतिवेदन अनुसार उत्खन्न योग्य परिमाण ९ हजार घनमिटर नदीजन्य सामग्री मध्ये ५ हजार घनमिटर ग्राभेल उक्त सडकको भैसे –याम्दी पुल खण्डमा निर्माण कार्यको लागि निर्माण व्यवसायी स्वच्छन्द-एपेक्स जे.भी. लाई निर्माण सामग्रीको अभाव भएको कारण जनाई नियमानुसार उपलब्ध गराईदिन अनुरोध गरेको छ ।उक्त निर्माण सामग्री उपलब्ध गराउने सम्बन्धमा सुझाव दिन भनि कार्यपालिकाको मिति २०८०।९।२९ को निर्णय नं १९ बाट वडा नं १३, १४, २६ र २८ का वडाअध्यक्षहरु र ई.नेत्र तिमिल्सिना समेत ५ जनाको समिति गठन गरेकोमा उक्त समितिले प्रतिवेदन दिएको देखिएन । विक्री योग्य ९००० घनमिटर निर्माण सामग्री मौज्दात रहेको र आयोजनाले निर्माण कार्यको लागि निर्माण सामग्रीको अभाव भएको जनाई सो मध्ये ५ हजार घनमिटर माग गरेकोमा कार्यपालिकाले स्वीकृत कार्यविधि तथा मापदण्ड भित्र रही आयोजनालाई उपलब्ध गराउने निर्णय गर्नुपर्नेमा स्वंय ४ जना सोही क्षेत्रको वडाअध्यक्ष र एक इन्जिनियरको समिति गठन गर्नु र उक्त समितिले समयमा निर्णय नगर्नु औचित्यपूर्ण देखिएन ।

६९ **ढिला राजश्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही वा त्यसको भोलिपल्ट, बैंक र कार्यालयबीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकिदिएकोमा सोही वमोजिम गर्नुपर्ने व्यवस्था छ ।साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालयले १० दिनसम्म ढिला गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना समेत गरी दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिला गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ ।पालिकाको विभिन्न वडाबाट संकलन गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला नगरी अर्को महिना पश्चात मात्र दाखिला भएको देखिन्छ ।संकलन भएको राजश्व ढिला दाखिला भएकोमा जरिवाना असुल गर्नुपर्ने रू.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१४५,७१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२१९,१२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१४२,१२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१३४,१०३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१९३,२५३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **५४२,५८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **३४६,७९०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१६,६१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **४५,७३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **६१,९९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **६०,२२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **९५५,४५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१७,२४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **३३९,८६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **७,३८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ६९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८८,८०७ |

७० **सफ्टवेयर खरिद**

महानगरपालिकाले देहायबमोजिमका गो भौ र मिति बाट विभिन्न सफ्टवेयर खरिद तथा बार्षिक सपोर्ट वापतको विभिन्न आपूर्तीकर्तालाई भुक्तानी गरि खर्च गरेकोमा खरिद भएको सफ्टवेयरको प्रयोग गर्नुपर्दछ।

| गो भौ मिति | सफ्टवेयर | आपूर्तिकर्ता | भुक्तानीरकम |
|---|---|---|---|
| २४१२०८०।७।१ | Road Asset Management System(RAMS) | अष्ट्राल कम्प्यूटर्स नेपाल प्रा लि | ९९२१४० |
| ४७७२०८०।१०।२५ | सफ्टवयर सुरक्षार्थ फायरवाल खरिद | राम लक्ष्मण इनोभेसन्स प्रा लि | २०९९६५ |
| ९५४२०८१।३।१७ | एकीकृत कर संकलन प्रणाली सफ्टवयर बार्षिक सपोर्ट | इनफोसिस प्रा लि | १५०००० |
| १०४६२०८१।३।२४ | बेरुजु व्यवस्थापन सुचना प्रणाली | कर्खा टेक प्रा ली | ४८८४७६ |
| **जम्मा** | | | **१८४०५८१** |

७१ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपदफा (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ ।जसमा निम्नानुसार देखियो ।

क) २०१।२०८०।६।२५ बाट पुस्तक सामाग्री तथा छपाई खर्च भनि कन्चन प्रिन्टर्सलाई रु.६०५७३७। भुक्तानी गरेकोमा रु ५९८९५७। को विल मात्र रहेको देखियो । यसरी विल भर्पाइ भन्दा बढी हुनेगरि गरिएको भुक्तानी सम्बन्धित बिक्रेताबाट असुल गर्नुपर्ने रु ६७८०।

ख) ४७।२०८०।१२।२३ बाट वाङगेसाल बस्ती संरक्षण उपभोक्ता समिति लाइ रकम भुक्तानी गर्ने क्रमामा कुल कार्यको मुल्याङकन रकम रु ४७३६६४। मध्ये भुक्तानि गर्दा कन्टिन्जेन्सी बाहेकको रकममा आवश्यक कट्टा गर्नुपर्ने रकम कट्टा गरि भुक्तानी दिनुपर्नेमा त्यसो नगरि सम्पुर्ण रकम भुक्तानि भएकाले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु १३७४४।

ग) ४२ २०८०।१२।८ बाट सेती नदी तटबन्धन उपभोक्ता समिति तल्लो छप्ल्याङ्ग द्धारा गरिएको तटबन्धन कार्यमा मुल्याङकन रकम रु ६१०८१५। मध्ये कन्टिन्जेन्सी र लागत सहभागिताको रकम कट्टा गरि भुक्तानी गर्नुपर्नेमा सो नगरी भुक्तानी गर्ने क्रममा कट्टा गर्नुपर्ने रकम समेत भुक्तानी भएकाले बढी हुन गएको भुक्तानी रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु ४९६४४।

घ) १०२५।२०८१।३।२३ बाट सर्वोच्च अदालतमा बहस पैरवी गर्न जादा मिति २०८०।३।५ देखि २०८०।३।९ सम्मको भ्रमण आदेश रहेकोमा ५ र ६ गतेको हवाइ जहाज टिकट पेश भएकाले कुल भुक्तानी भएको रु १६१००। मा रु ४४००। हवाइ भाडा असम्वन्धित दिनको पेश भएकाले सो बापत गरिएको भुक्तानी सम्बन्धित सुकदेव गौतमबाट असुल गर्नुपर्ने रु ४४००।

ङ) गौ भौ नं ७२ मिति २०८०।५।१९बाट केन्द्रिय पार्षदसभाको लागि तमू ह्युल छोज धीँ गुरुङ राष्ट्रिय परिषद लाई सहयोग रकम उपलब्ध गराउने क्रममा निवेदनमा २५००००। माग भएको तथा खर्च रकम समेत रु.२५००००। भएको भनि विल भर्पाई पेश भएकोमा भुक्तानी २६५००० भएकाले खर्च रकम भन्दा बढी भएको भुक्तानी असुल गर्नुपर्ने रु १५०००।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८९,५६८ |

७२ **कानुनी बहस पैरवी**

कानुनी बहस पैरवी: सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका कर्मचारीवाट नहुने कामको लागि गरिने अध्ययन तथा परामर्श सेवामा मात्र बाह्य परामर्श सेवा लिइ रकम खर्च गर्न सकिने व्यवस्था उल्लेख छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । महानगरले कानूनको दरवन्दी भइ सोही अनुसार २ जना कानून अधिकृत समेत पदपुर्ति भइ रहेकोमा पुनः कानूनी परामर्शदाता नियुक्त गरी पटक पटक निजहरुलाइ रकम भुक्तानी भएको छ। २/२ जना कानूनका अधिकृतको पदपुर्ति रहेकोमा समेत उनिहरुवाट काम हुन सक्ने नसक्ने केही उल्लेख नगरी यसरी रकम भुक्तानी गर्नु कानुन सम्मत भएको देखिदैन । तल उल्लेखित विभिन्न गो भौ नं र मितिबाट भएका भुक्तानीले कार्यालयलाई थप आर्थिक व्ययभार पर्न गएकाले अनियमित भएको रु

• गो भौ/मिति १०३८।२०८१।३।२४ बाट अदालतमा गर्नुपर्ने मुद्दामामिला सम्बन्धी पारिश्रमिक दिनेगरि २०८० श्रावण देखि २०८१ असारसम्मका लागि नियुक्त गरेको दैनिक बहस पैरवी बापत रु २४५० का दरले सुकदेव गौतमलाई ७४ वटा मुद्दा मामिलामा बहस पैरवी गरेको भनि ३६५ दिनको रु २४५०। का दरले हुने रु ८९४२५०। र स्टेशनरी रु २८९००। गरि कुल ९२३१५० भुक्तानी गरिएको छ ।

• गो भौ मिति ९२६ २०८१।३।१३ बाट उच्च अदालत र जिल्ला अदालतमा परेका मुद्दामा न्यायिक तथा कानूनी बहस पैरवी गरेवापत ४६५ दिनको रु ३००। का दरले रु १४३१२०। सोमनाथ लम्साललाइ भुक्तानी गरिएको छ ।

• गो भौ नं/ मिति २९३।२०८०।७।२३ बाट कानूनी वहस पैरवी बापत महानगर विपक्षी भएका मुद्धामा तारिख लगायतका सर्वोच्च अदालतमा काम गरेवापत दैनिक रु१०००। समेत रु १०८४००। नारद खवासलाइ भुक्तानी गरिएको छ ।

| | |
|---|---|
| अनियमित भएको | ११,७४,६७० |

७३ **अतिरिक्त कार्यमा बढी भुक्तानी**

गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ को दफा ४ मा कार्यालय समय अघिपछि अतिरिक्त समय काम गर्नु पर्ने भएमा आधार र कारण सहितको विवरण खुलाई लेखा उत्तरदायी अधिकृतको पूर्व स्वीकृति लिनु पर्ने र यस्तो खर्च लेख्दा कार्यालय समय बाहेक कम्तीमा २ घण्टा काम गरेको प्रतिवेदन सहित महाशाखा प्रमुख/सम्बन्धित कार्यालय प्रमुखले प्रमाणित गरी सार्वजनिक बिदाको दिन प्रतिदिन रु. ६००।- र कार्यालय खुल्ने दिन प्रतिदिन रु. ३००।- को दरले खाजा/खाना वापत उपलब्ध गराउन सक्ने व्यवस्था छ ।निम्न लिखित अतिरिक्त समय कार्य गरेको भत्ता वितरण गर्दा सार्वजनिक विदाको दिन हो वा कार्यालय खुल्ने दिन हो प्रष्ट हुनेगरि उल्लेख नगरि अतिरिक्त

कार्य गरेको खाजा बापत प्रतिदिन रु ७००। का दरले खर्च भुक्तानी गरेको छ । यसरी बढी हुनेगरी गरिएको भुक्तानी रकम असुल गर्नुपर्ने रु

| क्र सं | नाम | अतिरिक्तकार्य गरेको दिन | दिएकोदर | हुनुपर्नेदर | भुक्तानीरकम कर कट्टी पछी | हुनुपर्नेभुक्तानी | बढीभुक्तानि |
|---|---|---|---|---|---|---|---|
| १ | सरोज पुन | ३९ | ७०० | ३०० | २३२०५ | ९९४५ | १३२६० |
| २ | अभिषेकगायक | ३९ | ७०० | ३०० | २३२०५ | ९९४५ | १३२६० |
| ३ | मनराज रानामगर | ३९ | ७०० | ३०० | २३२०५ | ९९४५ | १३२६० |
| ४ | गूल्सनचौधरी | ३९ | ७०० | ३०० | २३२०५ | ९९४५ | १३२६० |
| ५ | कल्यानगिरि | ३९ | ७०० | ३०० | २३२०५ | ९९४५ | १३२६० |
| ६ | संजय खत्री | ३९ | ७०० | ३०० | २३२०५ | ९९४५ | १३२६० |
| ७ | सिमान्तथारु | ३९ | ७०० | ३०० | २३२०५ | ९९४५ | १३२६० |
| ८ | सुवास गायक | २० | ७०० | ३०० | ११९०० | ५१०० | ६८०० |
| जम्मा | | | | | | | ९९६२० |

**(विस्तृत विवरण बेरूजु दफा ७३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | ९९,६२० |
|---|---|

७४ **कानून निर्माण**

गो भौ नं १८५ मिति २०८०।६।१९ पालिकाको विद्यमान कानूनहरु अध्यावधिक र नयाँ आवश्यक कानुन निर्माणका लागि प्राविधिक तथा परामर्श सेवा लिनुपर्ने भएकाले विभिन्न १० कानुनहरु निर्माण गर्न परामर्श शुल्क रु ४९१५५०। गभर्नेन्स डेभलोपमेन्ट एण्ड रिसर्च कन्सल्टेन्सी प्रा लि लाई भुक्तानी गरिएको छ ।महानगरपालिका कानूनहरु अध्यावधिक तथा निर्माण कार्यको कार्य क्षेत्रगत सर्त २०७९ को ८ नं बुदाँमा कानुन निर्माणको लागि स्थानीय कानून विज्ञ कम्तिमा कानुनमा स्नातक गरेको हुनुपर्ने सर्त रहेको छ । तर कानून निर्माणमा सम्मिलित टिम लिडर सदस्य तथा विज्ञ समेत तिन जना नै कानूनको विद्यार्थि नरहेको देखिन्छ ।यसरि सार्वजनिक क्षेत्रमा नै ठुलो प्रभाव पार्ने कानुनी दस्तावेज बनाउने कार्यमा कार्यक्षेत्रगत सर्तमा समेत उल्लेख भएको सर्त बमोजिम योग्यता नपुगेका व्यक्तिहरुबाट गराएको कार्यलाई नियमसंमत भएको नदेखिदा अनियमित भएको रु

| अनियमित भएको | ४,९१,५५० |
|---|---|

७५ **प्रमाण पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयबाट यस आर्थिक वर्ष देहायबमोजिको भौचरबाट भुक्तानी भएकोमा खर्चको पुष्ट्याई हुने आवश्यक काजगात पेश नभएकाले खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| भौचरनं। मिति | खर्चकोविवरण | पेशगर्नुपर्ने विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३८ २०८०। १०।२५ | १३ नं वडा स्थित कमलपोखरी टोल विकास संस्था अन्तर्तगका टोलमा सिसिटिभी जडान कार्य का लागि १२ सिसि क्यामेरा सहितको सामाग्रि हरु हस्तान्तरणगरेकोमा सो जडान गरेको प्राविधिक प्रमाण र पुष्ठ्याइ पेश नभएको | खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने | ३५०००० |
| २०१ २०८०। ६।२५ | पुस्तक सामाग्री तथा छपाई खर्च बापत कन्चन प्रिन्टर्स लाई ५९८९५७ भुक्तानी गरेकोमा छ तर प्राप्तसामाग्रिको जिन्सी दाखिला गरेको देखिदैन | खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने | ५९८९५७ |
| ४९४ २०८०। १०।२६ | सुचना प्रकासन बापत पेशागत महासंघ नेपाललाइ भुक्तानी गरेकोमा सुचनाप्रशारण र प्रकाशनको प्रमाण पेश नभएको | खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने | १००००० |
| ४२ २०८०। ५।१० | नगर प्रहरीका लागि तालिममा आवश्यक समाग्रिहरु गण्डकी प्रदेश प्रहरीतालिम केन्द्र द्धारा खरिद गरिएको र सोहि अनुसारको विलको रकम विभिन्न आपुर्तिकर्तालाइ भुक्तानी गरिएको तर ति सामाग्रिहरुको गण्डकी प्रदेश प्रहरी तालिमकेन्द्र द्धारा जिन्सी दाखिला नगरिएको | खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने | ४९९७९९ |
| जम्मा | | | १५४८७५६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,४८,७५६ |

७६ **विद्युत महसुल भुक्तानीमा जरिवाना**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने र उपदफा (३) मा कुनै कार्यको भुक्तानी गर्नुपर्दा रीतपुर्वकको कागजात प्राप्त भएको मितिले १५ दिन भित्र भुक्तानी आदेश दिने अधिकारीले भुक्तानी दिनुपर्ने उल्लेख रहेको छ । पालिकाले विभिन्न महिनाको बिद्युत महसुल भुक्तानी गर्दा नेपाल बिधुत प्रधिकरणलाई समयमा महसुल नतिरेकोले निम्नानुसारको गो भौ र मिति बाट जम्मा रु ७१९८३ जरिवाना तिरेकोले कार्यालयलाई बढी दायित्व श्रृजना भएको देखिन्छ यसरी गरिएको भुक्तानी अनियमित भएको रु

| **गो भौमिति** | **जरिवाना भुक्तानि रकम** |
|---|---|
| २७७ २०८०।७।२१ | १५३६५ |
| ४२७ २०८०।९।२९ | ३२५७ |
| ४६३ २०८०।१०।२२ | २१७७० |
| ३५० २०८०।९।१ | ६९०२ |
| ५७४ २०८०।११।२९ | ८९३६ |
| ११ २०८०।५।५ | १५७५३ |
| **जम्मा** | **७१९८३** |

| | |
|---|---|
| अनियमित भएको | ७१,९८३ |

७७ **संघीय संस्थालाइ सहयोग**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वियन गर्ने कर्तव्य सम्वन्धित लेखा

उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ ।कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम तोकिएको कार्यमा मात्र बजेट खर्च गर्नुपर्ने र संघिय तथा प्रादेशिक निकायहरुको खर्च सोही निकायको लागि स्वीकृत बजेट तथा कार्यक्रम भित्र रहेर सम्वन्धित निकायहरुले खर्च गर्नुपर्ने प्रावधानहरु रहेका छन् । कार्यालयले देहाय बमोजिम अन्य निकायहरुको खर्च समेत यस कार्यालयबाट गरेको देखिदा स्थानिय संचित कोषमा थपभार पर्न गएकोले नियमसम्मत भन्न मिल्ने नदेखिएको रु

| **गो भौमिति** | **कामको विवरण** | **कार्यालय** | **भुक्तनी रकम** |
|---|---|---|---|
| १०३५२०८१।३।२४ | कार्यालययसञ्चालन | मालपोतकार्यालय कास्की | १५०००० |
| ५५१२०८०।११।२१ | इन्धनफर्निचर विविध | मालपोतकार्यालय कास्की | ६००००० |
| ५३४२०८०।११।१४ | इन्धनफर्निचर विविध | नापिकार्यालय कास्की | ४००००० |
| ४५९२०८०।१०।१९ | कार्यालययसञ्चालन | नापिकार्यालय कास्की | ४००००० |
| ४५९२०८०।१०।१९ | कार्यालययसञ्चालन | मालपोतकार्यालय कास्की | ६००००० |
| ३३२०८०।१०।२२ | फर्निचरखरिद | जिल्लाप्रशासन कार्यालय कास्की | ६३०८६२ |
| ४७२०८०।१२।२८ | ल्याप्टप रप्रोजेक्टर | जिल्लाप्रशासन कार्यालय कास्की | २५७०७५ |
| **जम्मा** | | | **३०३७९३७** |

| | |
|---|---|
| अनियमित भएको | ३०,३७,९३७ |

७८ **सवारीसाधन नविकरण महसुल भुक्तानीमा जरिवाना**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने र उपदफा (३) मा कुनै कार्यको भुक्तानी गर्नुपर्दा रीतपुर्वकको कागजात प्राप्त भएको मितिले १५ दिन भित्र भुक्तानी आदेश दिने अधिकारीले भुक्तानी दिनुपर्ने उल्लेख रहेको छ । पालिकाले विभिन्न सवारी साधनको बार्षिक कर तिर्दा यातायात व्यवस्था कार्यालयलाई समयमा कर नतिरेकोले निम्नानुसारको गो भौ र मिति बाट जम्मा रु ३३०३५ जरिवाना बक्यौदा तिरेकोले कार्यालयलाई बढी दायित्व श्रृजना भएकोले अनियमित भएको रु

| गो भौ मिति | सवारीसाधन नं | सवारीप्रयोग कर्ताको नाम | जरिवानारकम |
|---|---|---|---|
| ९४७२०८१।३।१७ | ग १ ब २१०३ | निरिक्षणशाखा | २००० |
| ९४७२०८१।३।१७ | ग १ ब २१६२ | सन्तोषशर्मा तिमिल्सिना | २००० |
| ९४७२०८१।३।१७ | ग १ ब २१६३ | सूजन शर्मा | २००० |
| ९४७२०८१।३।१७ | ग १ ब ३०३ | राम रतनशाहा | ५७०० |
| ९४७२०८१।३।१७ | ग १ ब२१६६ | रेशम वि सि | २००० |
| ९४७२०८१।३।१७ | ग १ ब ११८५ | अनिलकार्की | ३२५ |
| ९४७२०८१।३।१७ | ग १ ब १५०७ | वडाकार्यालय २२ | ५०० |
| ९४७२०८१।३।१७ | ग १ ब२१७० | जगन्नाथकोइराला | २००० |
| ९४७२०८१।३।१७ | ग १ ब २१३२ | दिपकपोख्रेल | १३०० |
| ९४७२०८१।३।१७ | ग १ ब २१७४ | रमेशसुवेदी | २००० |
| ९४७२०८१।३।१७ | ग १ ब ८७९ | अशोकद्धारे | १३५० |
| ९४७२०८१।३।१७ | बा १ झ७०१६ | | ४४०० |
| २१९२०८०।६।१७ | ग १ ब २०८० | नेत्रतिमल्सिना | २९०० |
| १३०२०८०।६।५ | बा १ ब१८६४ | अल्काप्रजापती | १२०० |
| १३०२०८०।६।५ | ग १ ब १८६० | कृपारञ्जित | ३३६० |
| **जम्मा** | | | **३३०३५** |

| | |
|---|---|
| अनियमित भएको | ३३,०३५ |

७९ **उपभोक्ता समितिद्धारा खरिद**

सार्वजनिक खरिद नियमावलिको नियम ९७ मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गर्न सकिने व्यवस्था रहेको छ साथै सो नियमावलीमा उपभोक्ता समितिले सामाग्री खरिद गर्न पाउने कुनै व्यवस्था गरेको देखिदैन । कानूनी व्यवस्था अनुसार निर्माण कार्यमात्र उपभोक्ता समिति द्धारा गराउनुपर्ने व्यवस्था हुँदा हुँदै तपसिल बमोजिमको मालसामानमा खरिद समेत उपभोक्ता समिति मार्फत गरिएको नियमसंगत नभएको रु

| गो भौ मिति | विवरण | उपभोकासमिति | भुक्तानीरकम |
|---|---|---|---|
| ६१२०८०।४।३१ | कुमाल जातीभेषभुषा पोषाक खरिद | कुमालजनजाती भेषभुषा खरिद उ स | ५०००० |
| ४०५२०८०।१०।२४ | टेन्ट खरिद | पिपलटारीमहिला समूह | १००००० |
| ४०४२०८०।१०।२४ | ब्लाङकेटखरिद | जेष्ठनागरिक समिति २ | ५०००० |
| १०८२२०८१।३।२४ | कुमाल कपडाखरिद | मिलिजुलिकुमाल गुठी उ स | १५०००० |
| ७९२०८०।५।३ | पन्चेबाजा खरिद | पञ्चेवाजा खरिद कार्यक्रम उस(दार्हे गौडा नौमति बाजा समूह) | ९९४४० |
| ४०९२०८०।१०।२५ | तिज गितप्रतियोगिता कार्यक्रम | तिज गितप्रतियोगिता उ स | १००००० |
| **जम्मा** | | | **५४९४४०** |

| | |
|---|---|
| अनियमित भएको | ५,४९,४४० |

८० **जनसहभागिता शुन्य भएका योजना**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १क मा एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ तथा सोहि नियमको ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । त्यस्तै गण्डकी प्रदेश सरकारको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा उपभोक्ताको लागत सहभागितामा सञ्चालन हुने आयोजनाको कार्यान्वयन उपभोक्ता समितिबाट गर्न प्राथमिकता दिनुपर्ने, दफा ६ मा उपभोक्ता समितिको लागत सहभागिता कम्तीमा १० प्रतिशत हुनुपर्ने व्यवस्था छ । महानगरपालिकाले आफ्नो सार्वजनिक खरिद नियमावली, २०७७ को पहिलो संशोधन(मिति २०७७ माघ २४) बाट उपभोक्ता समितिबाट सञ्चालित योजनाहरूमा जनसहभागिता शुन्य बनाउन सकिनेगरि कार्यपालिकाले मनासिव कारण सहितको प्रस्तावबाट निर्णय गर्न सक्ने व्यवस्था गरेको देखिन्छ । सोही व्यवस्थालाई आधार मानि कार्यपालिकाबाट विद्यालय भवन र कम्पाउण्ड वाल, जेष्ठ नागरिक भवन, पार्क, विपद व्यवस्थापन, मठ मन्दिर,क्रिया पुत्री भवन, सार्वजनिक शौचालय, चौतारी, पोखरी निर्माणमा जनसहभागिता नलाग्ने निर्णय गरी उक्त कार्यहरूमा जनसहभागिता जुटाएको देखिदैन । यसरी संघीय तथा प्रादेशिक खरिद ऐन तथा नियमावलिमा जनसहभागिता शुन्य हुने वा जनसहभागितानै नहुने व्यवस्था नरहेको अवस्थामा समेत जनसहभागिता नहुने कार्यमा उपभोक्ता समितिद्धारा कार्य गराउन सकिने देखिदैन । उपभोक्ता समितिबाट गरिने कार्यहरूमा उपभोक्ताहरूको समेत जनसहभागिताको अंश रहने गरी कार्य गराउनुपर्दछ । उपभोक्ता समितिबाट कार्य गराउँदा उपभोक्ताबाट हुने जनसहभागिताको अंश समेत भुक्तानी हुँदा पालिकालाई थप व्ययभार पर्न गएको रु

| गो भौ मिति | उपभोक्तासमितिको नाम | मुल्याङ्कनरकम | भुक्तानिरकम | न्यूनतम१० प्रतिशत सहभागिता हुनुपर्ने |
|---|---|---|---|---|
| २३२०८०।९।२७ | सुइखेत सेरा मोटरेवल पुल निर्माण तथा उ स | ४८३८२८ | ४८०७२० | ४८०७२ |
| २२२०८०।९।२६ | शिव सपकोटा घर पहिरो संरक्षण निर्माण समिति | १९४७७३ | १९४१६० | १९४१६ |
| ४१२०८०।११।२२ | घार्मी बेशिचोक पहिरो नियन्त्रण उ स | १९४१५३ | १९४१५३ | १९४१५ |
| ४९२०८१।१।१४ | भञ्ज्याङ्ग कुसुण्डे जलेश्वर मार्ग उ स | २४९८३३ | २४९८३३ | २४९८३ |
| ४६२०८०।१२।२२ | कुलो निर्माण उ स रिठ्ठेपानी २६ | २९१५५१ | २९१५५१ | २९१५५ |
| ७०२०८१।२।३१ | ठूली पोखरी ल्याब निर्माण उ स | १४९१८२ | १४९१८२ | १४९१८ |
| ६८२०८१।२।३१ | ओखले रञ्जित कृषि सडक पहिरो नियन्त्रण | १४९५१५ | १४९५१५ | १४९५२ |
| ६७२०८१।२।३१ | विजयपुर कालिका बेगनास सडकको ओख्ले खण्ड संरक्षण समिति | ३६९७५० | ३६९७५० | ३६९७५ |
| ५९२०८१।२।२० | सिक्लेस ताङतिङ जाने बाटो संरक्षण समिति | ४७७९६५ | ४७७९६५ | ४७७९७ |
| ५७२०८१।२।२० | नारायणी आ वि भवन संरक्षण उ स | २९३९१५ | २९३९१५ | २९३९२ |
| ५५२०८१।२।१३ | पाण्डेथोक बाँसखोला सडक संरक्षण उ स | ५३३०३३ | ५३३०३३ | ५३३०३ |
| ८४२०८१।३।१२ | गडुँवा खोला बाढी नियन्त्रण | ४८७०८७ | ४८७०८७ | ४८७०९ |
| ७६२०८१।३।६ | लटे गौडा सिचाई कुलो मर्मत योजना उ स | १९३६२१ | १९३६२१ | १९३६२ |
| ७५२०८१।३।५ | सगुन परियार सेवा समाज | ३८८८७२ | ३८८८७२ | ३८८८७ |
| ९३२०८१।३।२६ | हिमलाल आचार्यको घर माथिको पहिरो नियन्त्रण समिति | २१०५९१ | २१०५९१ | २१०५९ |
| ९०२०८१।३।२१ | तल्लोकोट छपालीथर सडक मर्मत उ स | १९५१९१ | १९५१९१ | १९५१९ |
| ८९२०८१।३।२० | वडा कार्यालय नजिक हर्पन खोला माटो संरक्षण उ स | १३२९३३ | १२९२७७ | १२९२८ |
| ८७२०८१।३।१७ | खापा योजना पुननिर्माण समिति | १०६५२३ | १०६५२३ | १०६५२ |
| **जम्मा** | | | **५०९४९३९** | **५०९४९४** |

| | |
|---|---|
| अनियमित भएको | ५,०९,४९४ |

८१ **खर्च प्राथमिकता**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा केही भौचरहरू परीक्षण गर्दा पालिकाले देहाय बमोजिम दीर्घकालीन रूपमा रोजगारी सिर्जना नहुने वितरणमुखी कार्यमा रकम खर्च गरेको देखिन्छ। यसबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। यस्ता केही खर्च देहायअनुसार छन्-

| गोभौ नं मिति | विवरण | भुक्तानीपाउने | रकम |
|---|---|---|---|
| ७२२०८०।५। १९ | महाशिवरात्री विश्व संगित महोत्सव का लागि(मेला महोत्सवकार्यक्रमा) | नमस्ते साँस्कृतिक संगित प्रशिक्षण केन्द्र | १५०००० |
| ७२२०८०।५। १९ | नारी दिवश आर्थिक सहायता | महिला सीप विकास संस्था | ३००००० |
| ७२२०८०।५। १९ | हेम्जा आलु महोत्सव आर्थिक सहयोग | विष्णुपादुका क्लब | १०००००० |
| ७२२०८०।५। १९ | काहुँ धरहरा महोत्सव सहयोग | जनकल्याण क्लब | १५०००० |
| ७२२०८०।५। १९ | नेपाल राष्ट्रिय मगर संघ अधिवेशन | नेपाल राष्ट्रिय मगर संघ | ८५००० |
| ७२२०८०।५। १९ | कार्यक्रम सहयोग | नेपाल आदिवासी जनजाति पत्रकार महासंघ(फनिज) | १००००० |
| ७२२०८०।५। १९ | कार्यक्रम सहयोग | दलित जिल्ला समन्वय सीप विकास केन्द्र व्यवस्थापन समिति | १००००० |
| ७२२०८०।५। १९ | आर्थिक सहयोग | पोखरेली युवा साँस्कृतिक परिवार | २००००० |
| ७२२०८०।५। १९ | टोहोटे पर्व आर्थिक सहयोग | तमु घिं नेपाल | २००००० |
| ७२२०८०।५। १९ | NFBF Mr.Pokhara 2079 कार्यक्रममा सहयोग | कास्की बडिबिल्डिङ एण्ड फिटनेस एसोशिएसन | १८०००० |
| ७२२०८०।५। १९ | केन्द्रिय पार्षदसभाको लागि सहयोग | तमू ह्युल छोज धीँ गुरुङ राष्ट्रिय परिषद | २६५००० |
| ७२२०८०।५। १९ | आलम्पियन पुनर्मिलन तथा जेष्ठ ओलम्पियन कार्यक्रम सहयोग | नेपाल ओलम्पियन्स एसोसियसन | २००००० |
| ७२२०८०।५। १९ | रोपाँई महोत्सव सहयोग | पोखरा पर्यटन परिषद | २००००० |
| ७५२०८०।५। २२ | कार्यक्रम सहयोग | प्रेस सेन्टर नेपाल | १००००० |
| ७५२०८०।५। २२ | चलचित्र पत्रकारिता कार्यशाला सहयोग | चलचित्र पत्रकार संघ नेपाल कास्की | १००००० |
| ७५२०८०।५। २२ | एमेचर फुटबल प्रतियोगिता सहयोग | मालेपाटन टोल विकास संस्था | १००००० |
| ७५२०८०।५। २२ | कार्यक्रम सहयोग | जेष्ठ नागरिक चौतारी | ५०००० |
| ७५२०८०।५। २२ | भाडाँकुडाँ खरिद सहयोग | समाबेसी टोल विकास संस्था | ५०००० |
| | | | |

| | | | |
|---|---|---|---|
| ७५२०८०।५।२२ | कार्यक्रम सहयोग | पर्यटन व्यवसायी महिला संघ | २५०००० |
| ७५२०८०।५।२२ | कार्यक्रम सहयोग | पोखरा लेडी जेसिस | ७५००० |
| ७५२०८०।५।२२ | कार्यक्रम सहयोग | दलित महिला संघ | १००००० |
| ७५२०८०।५।२२ | कार्यक्रम सहयोग | सिर्जना र असार साहित्य समूह | ३०००० |
| ७५२०८०।५।२२ | कार्यक्रम सहयोग | लोकतान्त्रिक तमु संघ | २००००० |
| ४९२०८०।१२।२८ | फर्निचर वितरण | सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपाल पोखरा महानगरसमिति | २९८००० |
| जम्मा | | | ४४८३००० |

८२ **तालिम सञ्चालन**

**(५०५ २०८०।११।९)** तालिम गोष्ठी कार्यशाला तथा अध्ययन भ्रमण खर्च सम्बन्धी निर्देशिका २०७४ को परिच्छेद २ तालिम, गोष्ठि, कार्यशाला, सेमिनार तथा अध्ययन भ्रमण सम्बन्धी खर्च व्यवस्था को ४ नं मा गोष्ठि, सेमिनार, सम्मेलन तथा कार्यशाला सम्बन्धी व्यवस्था रहेको छ । सो व्यवस्थाको (क) मा गोष्ठि, सेमिनार, सम्मेलन तथा कार्यशलामा सहजकर्ताले अनिवार्य रुपमा कार्यपत्र पेश गर्नु पर्ने छ। कार्यपत्र पेश नगरेको अवस्थामा कार्यपत्र वापतको पारिश्रमिक भुक्तानी गरिने छैन। (ख) मा गोष्ठि, सेमीनार, सम्मेलन तथा कार्यशालाको पारिश्रमिक वाहिरी प्रस्तुत कर्ताको हकमा कार्यपत्र वापत रु.२,०००। र प्रवचन वा प्रस्तुती वापत १,४०० र सहायकस्तरको लागि कार्यपत्र वापत रु.१७५०। र प्रवचन वा प्रस्तुती वापत रु.१,०००। दिन मिल्ने व्यवस्था रहेको छ । साथै सोहि निर्देशिकामा संयोजक तथा प्रतिवेदन कर्ताले क्रमश रु ४०० र रु १००० का दरले पाउने व्यवस्था रहेको छ । पालिकाले जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि ३ चरणमा क्षमता विकास तालिम सञ्चालन गरि टुगेदर कन्सल्टिङ प्रा लि लाई १८५३६५२ भुक्तानी गरेकोमा धेरै जसो कार्यहरुमा बढी दर राखि भुक्तानी साथै कार्यपत्रको प्रमाण पेश नगरि भुक्तानी गरेको देखिन्छ । वढी दर राखि तथा कार्यपत्र विनानै कार्यपत्रको समेत रकम भुक्तानी गरेको रकम सम्बन्धित बाट असुल गर्नुपर्ने रु

| विवरण | कुल सेशन | भत्ता दरकार्यपत्र सहित | कुल भुक्तानी | भुक्तानीहुनुपर्ने | बढी भुक्तानी करकट्टी पछी |
|---|---|---|---|---|---|
| टोलि प्रमुखप्रशिक्षण भत्ता | १८ | ३४०० | ६१२०० | २५२०० | २६८२० |
| टोलि सदस्यप्रशिक्षण भत्ता | १८ | ३४०० | ६१२०० | १८००० | ३४०२० |
| संयोजक भत्ता | ६ | १००० | ६००० | २४०० | २७०० |
| प्रतिवेदनभत्ता | ३ | ५००० | १५००० | ३००० | ९७५० |
| जम्मा | | | | | ७३२९० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७३,२९० |

८३ **दोहोरो सुविधा**

गण्डकी प्रदेश सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ४ कोउपदफा ३ मा कुनै वडा अध्यक्षले यातायात सुविधा वापत कुनै सवारी साधन वा इन्धन सुविधा पाएको भए यातायात सुविधा वापतको रकम नपाउने व्यवस्था रहेको छ ।यस महानगरका निम्नानुसार वडा अध्यक्षहरुले सवारी साधन सुविधा पाइरहेकोमा पुन यातायात सुविधा वापत भनि थप रकम बुझेको देखिन्छ ।यसरी नियम विपरीत दोहोरो पर्नेगरि लिएको यातायात सुविधा रकम सम्वन्धितहरुबाट असुल गर्नुपर्ने रु.

| क्रसं | नामथर | पद | मासिक यातायात सुविधा | बार्षिक यातायात सुविधा |
|---|---|---|---|---|
| १ | रुद्रनाथबराल | वडाअध्यक्ष ८ | १५०० | १८००० |
| २ | दिपेन्द्रमर्सानी | वडाअध्यक्ष ९ | १५०० | १८००० |
| ३ | राजेशगुरुङ | वडाअध्यक्ष १० | १५०० | १८००० |
| ४ | बोध बहादुरकार्की | वडाअध्यक्ष १४ | १५०० | १३५०० |
| ५ | राधिकाकुमारी शाही | वडाअध्यक्ष १७ | १५०० | १८००० |
| ६ | शिव प्रसादतिमिल्सिना | वडाअध्यक्ष १८ | १५०० | १८००० |
| ७ | गंगाबहादुर खत्री | वडाअध्यक्ष २० | १५०० | ६००० |
| ८ | दिपकप्रसाद सूवेदी | वडाअध्यक्ष २१ | १५०० | ६००० |
| ९ | रामकाजिगुरुङ | वडाअध्यक्ष २३ | १५०० | १८००० |
| १० | भरत बहादुरअधिकारी | वडाअध्यक्ष २४ | १५०० | १८००० |
| ११ | अक्कलबहादुर कार्की | वडाअध्यक्ष ३२ | १५०० | १८००० |
| १२ | रामचन्द्रअधिकारी | वडाअध्यक्ष ३३ | १५०० | १८००० |
| जम्मा | | | | **१८७५००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८७,५०० |

८४ **बैठक भत्ता**

प्रदेश खर्चको मापदण्ड २०७९ परिच्छेद २ को ३ मा बैठक भत्ताको मापदण्ड सम्बन्धि व्यवस्था रहेको छ । सो बुदाको (ग) मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गरिने छैन भन्ने स्पष्ट व्यवस्था रहेको छ ।तर पालिकाको करार कर्मचारी पदपुर्ती र खरिद तथा मुल्याङकन समितिलगाएतको बैठक सञ्चालन गर्दा कुनै पनि पदाधिकारिहरु कार्यालय भन्दा बाहिरको नभएता पनि एउटै कार्यालयका कर्मचारी र पदाधिकारी सामिल बैठकको भत्ता वितरण गरेको देखिन्छ ।यसरी मापदण्डले व्यवस्था गरेअनुसार एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा निम्नानुसारको गो भौ नं र मितिमा भत्ता प्रदान गरेको रकमलाइ नियमित भएको मान्न सकिदैन त्यसैले सो बैठक भत्ता बापतको रकम नियमित गर्नुपर्ने रु

| गो भौ मिति | विवरण | सहभागिसंख्या | भुक्तानीरकम |
|---|---|---|---|
| १०१८२०८१।३।२२ | आय ठेक्का मुल्याङ्कनबैठक | १० | २७३००० |
| ९५०२०८१।३।१७ | बेरुजु फर्छ्यौट कार्यको बैठक | ११ | २४७००० |
| ४०९२०८०।९।१९ | लिजाको स्वमुल्याङ्कन समिति बैठक | १० | ९१३०० |
| २८७२०८०।७।२२ | आय ठेक्का मुल्याङ्कन समिति बैठक | १२ | १२५००० |
| २८७२०८०।७।२२ | जिन्सी निरिक्षण वैठक | ६ | १२५००० |
| २६७२०८०।७।२१ | का स मू मुल्याङ्कन समिति | १६ | १३६००० |
| २२७२०८०।६।३० | खरिद समिति बैठक | १५ | १७७००० |
| २१८२०८०।६।२७ | आय ठेक्का मुल्याङ्कन बैठक | १४ | १४६००० |
| ८५२०८०।५।२६ | सिलबन्दी दरभाउ पत्रहरुको परीक्षण बैठक | १४ | ४४१००० |
| २२७२०८०।६।३० | खरिद समिति बैठक | १५ | १७७००० |
| जम्मा | | | १९३८३०० |

| | |
|---|---|
| अनियमित भएको | १९,३८,३०० |

## ८५ एक्साभेटर संचालन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) र (१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ ।पोखरा महानगरपालिका वडा नं ३२ लामे आहाल स्थित अस्थाई ल्याण्ड फिल्ड साइटमा देहाय बमोजम एक्साभेटर चलाएको जनाई एक्साभेटर भाडा प्रतिघण्टा रु २८००। र २८०१। (मू.अ.कर बाहेक) का दरले भाडा रकम र वेलकम ट्रेडर्सलाई जम्मा ११४३२.४१लिटर डिजलको समेत जम्मा रु. ५३,१८,०००। देहाय बमोजिम भुक्तानी भएको छ ।

| क्र.स. | गो.भौ.नं।मिति | निर्माण व्यवसायी | संचालन घण्टा | खपत डिजल लि. | भुक्तानी रु. |
|---|---|---|---|---|---|
| १ | १८।०८०।७।१ | लुम्वे बिल्डर्स एण्ड इक्विपमेन्ट प्रा.लि. | २५० | ३४०० | १३७२००० |
| २ | ६।०८०।५।१९ | प्रकट प्रकृति निर्माण एण्ड सप्लायर्स कम्पनी प्रा.लि. | १२५ | २४०० | ७४९००० |
| ३ | ८३।०८०।११।३० | हाजेल बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | २७३ | ५६३२.४१ | ३१९७००० |
| ४ | ८३।०८०।११।३० | रुद्र कन्सट्रक्सन | २३४.२० | | |
| | | जम्मा | ८८२.२० | ११४३२.४१ | ५३१८००० |

उपरोक्त कारोबारको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

८५.१ खरिद टुक्राएको :सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ उपदफा (१) मा खरिद गर्दा अपनाउनु पर्ने विधिहरु उल्लेख छ । उपदफा (२) मा प्रतिस्पर्दा सिमित हुने गरी टुक्रा परी खरिद गर्न नहुने उल्लेख छ । कार्यालयले उपरोक्त वमोजिमको खरिद कार्य गर्दा एक्साभेटर भाडा प्रत्येकमा सोझै ३ वटा दररेट लिई प्रतिघण्टा रु.२८००। र २८०१। (मू.अ.कर बाहेक) का दरले सम्झौता गरी कार्य गराएको छ भने एक्साभेटरले खपत गरेको डिजल वेलकम ट्रेडर्स नामक विक्रेताको विजक संलग्न गरेको आधारमा खर्च लेखेको छ । यसरी ईन्धन खपतको खर्च लेख्दा लुम्ले बिल्डर्स एण्ड इक्विपमेन्ट प्रा.लि. मार्फत गरेको काममा प्रतिघण्टा १३.६ लि.का दरले २५० घण्टाको

३४०० लि.खपत भएको देखियो । प्रकट प्रकृति निर्माण एण्ड सप्लायर्स कम्पनी प्रा.लि. मार्फत गरेको काममा प्रतिघण्टा १९.२ लि.का दरले १२५ घण्टाको २४०० लि. खपत भएको छ ।त्यसैगरी हाजेल विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. र रुद्र मधु कन्सट्रक्सन मार्फत गरेको काममा प्रतिघण्टा २२.१९ लि. का दरले ५२४ घण्टाको ११६३२.४१ लि. खपत भएको छ ।यसरी ईन्धन खपतको खर्च लेख्दा कुनै तोकिएको नर्म्सको पालना भएको पाइएन ।यसप्रकार खरिदको एउटै प्याकेज बनाई वोलपत्रको माध्यमबाट स्वच्छ प्रतिस्पर्दा गराई कानुन वमोजिम उक्त कार्य नगराई टुक्राएर सोझै दररेट लिएर कार्य गराएको र इन्धन खपतमा समेत मेसिनको क्षमता र कार्य परिमाणको आधारमा तोकिएको नर्म्स समेत प्रयोग नगरी कार्य गराई खर्च लेखेबाट कार्यालयलाई थप दायित्व श्रृजना भएको छैन भन्ने अवस्था नदेखिदा यस सम्बन्धमा सम्बन्धित पक्षबाट यथार्थता यकिन गरिनुपर्ने देखिन्छ ।

८५.२ महानगरले ठेक्का नं १३६-०७९।०८० का आपुर्तिकर्ता N.S. Earth Movers Pvt. Ltd (६०४३३०८५७) बाट बोलपत्रको विधि मार्फत एक थान Excavator मेसिन रु १ करोड १२ लाख मुल्यमा मिति २०८०।३।२८ मा खरिद गरी दाखिला गरेको र गो.भौ. नं ३। २०८०।५।४ बाट उक्त रकम भुक्तानी गरेको छ । उक्त ल्याण्ड फिल्ड साइटमा खाल्टो खन्ने र पुर्ने प्रयोजनको लागि भनि उक्त मेसिन खरिद पश्चात समेत कार्यालयले सो कामको लागि सोझै दरभाउपत्रबाट हाजेल विल्डर्स एण्ड सप्लायर्स प्रा.लि.बाट असोज २१ देखि मंसिरसम्म २७३ घण्टा र रुद्र कन्सट्रक्सनबाट पौष १ देखि माघ मसान्तसम्म २३४.२० घण्टा मेसिन भाडामा लिएको जनाई भाडा रकम र इन्धन वापत भनि गो.भौ. नं ८३।२०८०।११।३० बाट रु ३१,९७,०००।– भुक्तानी दिई खर्च लेखेको छ । यसप्रकार खर्च लेखेको रकम पालिकाले उपरोक्त वमोजिम सोही प्रयोजनको लागि खरिद गरेको मेसिन संचालन खर्च र इन्धन खपत खर्चसँग दोहोरो पर्न गएको सम्बन्धमा यथार्थता यकिन गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३१,९७,००० |

८६ **वीमा शुल्क भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको जुनसुकै कारणबाट हुने सवै हानीनोक्सानी व्यहोर्ने लगायतका शर्तहरू पुरा गर्ने गरी निर्माण व्यवसायीले निर्माण कार्यको बीमा गर्नुपर्ने प्रवधान उल्लेख रहेका छन् । महानगरले यो वर्ष गरेका देहायका निर्माण कार्यहरूमा निर्माण व्यवसायीले उक्त उल्लेखित शर्तहरू पुरा नहुने गरी निर्माण कार्यहरूको वीमा गरेको जनाई विल विजक बमोजिम वीमा शुल्क भुक्तानी गरेको देखियो ।यसप्रकार कानुन बमोजिम तोकिएका शर्तहरू पुरा नहुने गरी गरेको वीमा शुल्क रकम भुक्तानी गर्न मिल्ने नदेखिदा सम्बन्धित निर्माण व्यवसायीबाट निम्नानुसार असुल हुनुपर्दछ ।

(क.) बाराही मन्दिर देखि विन्दवासिनि सम्मको फुटपाथ निर्माण गर्ने कार्य ठेक्का नं ५७ – ०८०।०८१ का निर्माण व्यवसायी मोर्डन कन्सट्रक्सनसंग रु ३३७१७०३।– को ठेक्का सम्झौता मिति २०८०।११।२४ मा गपरी कार्यसम्पन्न गर्ने अवधि २०८१ असार १५ सम्म तोकी कार्य गराइएको शहरी,पर्यटन तथा वातावरण महाशाखाको गो.भौ. नं १३७ मिति २०८१।३।२० बाट प्रथम तथा अन्तिम बिलको भुक्तानी रु ३०, ८९,२९९ भएको मध्ये वीमा शुल्क वापत रु २० हजारमा मू.अ.कर समेत थप गरी भुक्तानी गरेको देखिन्छ । निर्माण व्यवसायीले उक्त कार्यको वीमा गरेको प्रमाण पेश गर्दा भने प्रभु इन्सुरेन्स क.लि. बाट २०२४ june २५ देखि २९ सम्म ४ दिनको लागि मात्र वीमा गरेको प्रमाण पेश भएको देखिएकोले उक्त कानुन विपरीत घटी मान्य अवधि रहेको वीमा प्रमाण वापत भएको रकम निर्माण व्यवसायीलबाट असुल हुनुपर्ने रु २२६००।–

(ख). हिमालयन स्कुल देखि ३२ नं वडा कार्यालयसम्म सडक Resealing गर्ने कार्य ठेक्का नं SQ ५१-०८०।०८१ का निर्माण व्यवसायी ओम कालिका कन्सट्रक्सन प्रा.लि. संग रु १३६३९५९।२४ को ठेक्का सम्झौता मिति २०८०।१२।०५ मा गरी कार्यसम्पन्न गर्ने अवधि २०८१।१।३० सम्म तोकी कार्य गराइएको शहरी,पर्यटन तथा वातावरण महाशाखाको गो.भौ. नं १४४ मिति २०८१।३।२० बाट रु १३,४२,०१५ भुक्तानी भएको मध्ये वीमा शुल्क वापत रु ११५४७।४० भुक्तानी गरेको छ । तर निर्माण व्यवसायीले उक्त वीमा गरेको मात्र प्रमाण पेश गर्दा भने IGI Prudential Insurance बाट 2024.05.10 देखि 2024.5.12 सम्म २ दिन मात्रको वीमा गरेको

प्रमाण पेश भएको देखिएकोले उक्त कानुनका शर्त विपरित घटी मान्य अवधि रहेको वीमा प्रमाण वापत भएको भुक्तानी रकम निज निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु ११,५४८।–

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,१४८ |

८७ **भेरिएसन आदेश**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ र नियमावली २०६४ को नियम ११८ मा भेरिएसन आदेश जारी गर्ने सम्वन्धी प्रावधानहरु रहेको छ ।सडक डिभाइडरहरुको निर्माण र गार्डेनिङको कार्य गर्न ठेक्का नं ०४-०७९।०८० का निर्माण व्यवसायीले ए.वी. कन्सट्रक्सन प्रा.लि. संग रु१,१३,८९,९३९।- को सम्झौता मिति २०७९।८।२१ मा गरी कार्यसम्पन्न गर्ने अवधि २०८०।४।३१ सम्म पुर्याइएकोमा निजले उक्त अवधिमा जम्मा रु ९,७,०८,६१३।– को कार्य अर्थात ८६.११ प्रतिशत कार्य गरी सोही कार्यलाइ कार्य स्वीकार प्रतिवेदन र अन्तिम बिल तयार गरी भुक्तानी भएको मध्ये यो आ व २०८०।८१ मा शहरी,पर्यटन तथा वातावरण महाशाखाको गो.भौ. नं ८ र ९ बाट रु ४२,४८,८१९।– भुक्तानी भएको छ । यसप्रकार १३.८९ प्रतिशत घटी कार्य सम्पन्न गरेकोमा गर्नुपर्नाको उचित र पर्याप्त कारण सहित उक्त कानुन अनुसार भेरिएसन आदेश स्वीकृत गर्नेपर्नेमा सो गरेको देखिन आएन।

८८ **जनरल आइटमबाट भएको भुक्तानी**

कार्यालयले निर्माण कार्यमा कामको परिमाण छुट्याउन नसकिने तर मुल कार्य गर्दा गराउदा उक्त कार्य नगरी निर्माण कार्य अगाडी बढाउन नमिल्ने जस्तो भैपरी आउने सोधभर्ना योग्य खर्चको लागि लागत अनुमान र सम्झौतामा समावेश गरी General Items का कार्यहरु गराउनु पर्दछ । तालचोक बेगनास सडक स्तरोन्नती गर्ने कार्य ठेक्का नं. 167805-CW-RFB का निर्माण व्यवसायी स्वच्छन्द-सपना- वोल्ड वाइड जे भी संग भएको ठेक्का सम्झौतामा General Items अन्तरगत देहायका आइटम लागत अनुमान र सम्झौतामा समावेश गरेर निर्माण व्यावसायीलाई तेश्रो ठेक्का बिलको रकम गौ भौ नं २४ मिति २०८०।१२।१९ बाट रु. ६,८१,७५,११८। भुक्तानी दिदा उक्त General Items को रकम समेत भुक्तानी दिएको छ ।यसरी General Items को रकमबाट निम्न आइटममा कार्य गराउदा प्रयोजन खुलाइ के कति परिमाणमा कहिले खर्च गर्नुपर्ने हो सोको पुष्टयाई सहित कार्यालयबाट स्वीकृति लिई खर्च लेख्नु पर्नेमा सो वमोजिम खर्च लेखेको देखिएन ।साथै काम भएको प्राविधिक पुष्टयाई समेत पेश भएको पाइएन । तसर्थ उक्त General Items का निम्न आइटममा भएको खर्च निर्माण व्यावसायीलाई भुक्तानी दिन मिल्ने पर्याप्त आधार र पुष्टयाई वेगर भुक्तानी भएको देखिएकोले सो बमोजिमको प्रमाण पेश हुनुपर्ने रु.

| आइटम नं | कामको बिबरण | भुक्तानी रु. | प्रमाण कागजात र पुष्ट्याइ |
|---|---|---|---|
| २.१ | Insurance premium | २२५०००० | रीतपुर्वक वीमा गरेको प्रमाण कागजात र पुष्ट्याइ पेश नभएको । |
| २.२ | Temprorary diversion, road/bridge cross drainaige etc. | १६०००० | कार्यालयको पुर्व स्वीकृति र काम भएको प्रमाण पेश नभएको । |
| २.३ | Labour camp, drinking water and Toilets etc | १०००००० | कार्यालयको पुर्व स्वीकृति र काम भएको प्रमाण पेश नभएको । |
| २.४ | Lab test | २८०२००० | प्रयोगशाला परीक्षणको प्रमाण कागजात र पुष्ट्याइ पेश नभएको । |
| ५ | Environmental and Social Mitigations | | |
| ५.२.१ | Temple Relocation cost paid | २००००० | कार्यालयको पुर्व स्वीकृति र काम भएको प्रमाण पेश नभएको । |
| | जम्मा | ६४१२००० | |
| | मु अ कर समेत जम्मा | ७२४५५६० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७२,४५,५६० |

८९ **वैदेशिक भ्रमण**

स्थानीय तहका पदाधिकारीहरूको विदेश भ्रमण सम्बन्धी निर्देशिका २०७५ को दफा ६ मा स्थानीय तहका कुनै पनि पदाधिकारीले वैदेशिक भ्रमण गर्दा अर्थ मन्त्रालय वा परराष्ट्र मन्त्रालय वा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सहमति लिई भ्रमण गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय तहका कर्मचारीहरूको वैदेशिक भ्रमणका लागि स्थानीय तहका कर्मचारीको विदेश भ्रमण सम्बन्धी निर्देशिका २०७५ ले समेत सोही बमोजिम व्यवस्था गरेको छ । पालिकाले निम्नानुसार यस पालिकाका पदाधिकारी तथा कर्मचारी तथा पालिका अन्तर्गत गठित समिति तथा प्रतिष्ठानका पदाधिकारीहरूको विदेश भ्रमणको लागि रु.३०,७६,९२४।९६ खर्च लेखेको छ । यसरी भ्रमण गर्दा निर्देशिकामा उल्लिखित कुनै पनि संघीय निकायबाट अनुमति लिएको देखिएन । संघीय सरकारको पूर्व स्वीकृति नलिई वैदेशिक भ्रमण गरी राज्यकोषबाट खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| भौ.नं | कार्यक्रम/उद्देश्य | आयोजकदेश/ संस्थाको नाम | भ्रमण गर्ने पदाधिकारी/ कर्मचारीक संख्या | भ्रमण अवधि | खर्च विवरण | खर्च रकम | जम्मा खर्च रकम |
|---|---|---|---|---|---|---|---|
| २,१२ | 14th Asia pacific cities summit 2023 (APCS) and mayors forum-"shaping cities for our future" | office of the lord mayor mayor brisbane Australia | वडाध्यक्ष ३ तथा कर्मचारी १ | २०८०।६।२४ देखि २६ | आयोजकलाईदर्ता शुल्क तथा भिसा शुल्क | ६६६१०८.९६ | १७३२४२४.९६ |
| | | | | | हवाई टिकट | १०६६३१६ | |
| ११,२० | trans himalayan forum for international cooperation | चिनको भगिनी सहर लिन्जी | महानगर प्रमुख, वडाध्यक्ष २, पोखरा प्रज्ञा प्रतिष्ठानका पदाधिकारी तथा कलाकार समेत गरी जम्मा १५ जना | अक्टोबर ४ देखि ६, २०२३ | भिसा शुल्क तथा कलाकार खर्च समेत | | ५७७००० |
| १७१ | Friendship cross country race | चिनकोमितेरी सहर कुमनिङ | ४जना वडाध्यक्ष तथा ६ जना खेलाडी समेत | | हवाईटिकट | | ५८१००० |
| २८६ | Silk road dialogue meeting | इस्तानबुल महानगर टर्की इस्तानबुल | वडाध्यक्ष १ समेत जना २ | २०८१।३।१२ देखि ३।१९ | हवाई टिकट | | १८६५०० |
| जम्मा | | | | | | | ३०७६९२४.९६ |

| | |
|---|---|
| अनियमित भएको | ३०,७६,९२४.९६ |

९० **गाडी भाडा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ । महानगरपालिकाको शहरी विकास, पर्यटन तथा वातावरण महाशाखाको तर्फका निम्न गो.भौ.हरुबाट तालचोक वेगनास सडकको सुपरीवेक्षण गर्न गाडी भाडामा लिएको जनाई स्पार्क टुर्स प्रा.लि. को विल संलग्न गरी रु ४,९३,५७५।– खर्च लेखेको छ । उक्त सडक योजना महानगरको कार्यालय देखि केही कि.मि.को दुरीमा मात्र रहेको, उक्त सडक निर्माणको अनुगमन र सुपरीवेक्षणको जिम्मा परामर्शदाता PEA-BN-SOIL TEST JV नियुक्त भई कार्य गरी रहेको र महानगर पालिकाका प्राविधिक कर्मचारीहरु स्वयंलाई समेत अनुगमन र सुपरीवेक्षणमा महानगर भित्र फिल्डमा खटिदाको अवस्थामा प्राय: सबैलाई २ पांग्रे वा ४ पांग्रे सवारी साधन उपलब्ध गराई नियमित रुपमा इन्धन र मर्मत खर्च लेखिरहेको अवस्थामा यसप्रकार लेखेको खर्च नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ४,९३,५७५ |

९१ **अन्य सरकारी कार्यालयलाईसहायता/अनुदान:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता र प्रभावकारिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । पालिकाले देहायबमोजिम अन्य सरकारी कार्यालयको खर्चमा सहायता रकम उपलब्ध गराएको छ । अन्य सरकारी कार्यालयको लागि सोही कार्यालयबाट नियमानुसार बजेट व्यवस्था हुने भएकोले पालिकाले गर्ने यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढ्ने देखिदा यस्तो खर्च नियमसम्मत नदेखिएको रु.

| भौ.नं. र मिति | कार्यालय | प्रयोजन | रकम (रु.) |
|---|---|---|---|
| २६८।३।२३ | जिल्ला प्रहरी कार्यालय कास्की | कम्प्युटर, फोटोकपी मेशिन, टेलिभिजन समेत खरिद | १०००००० |
| १०९।१।३० | जिल्ला प्रशासन कार्यालय | गाडी मर्मत | ८३१८५ |
| ३।३।१९ | कोष तथा लेखा नियन्त्रक कार्यालय कास्की | मिटिङ्ग टेबल निर्माण | २९९८६२ |
| जम्मा | | | १३८३०४७ |

| अनियमित भएको | १३,८३,०४७ |
|---|---|

९२ **डिपिआर लगायत अध्ययन कार्य**

कार्यालयले यो बर्ष स्वीकृत कार्यक्रम अनुसार शहरी बिकास, पर्यटन तथा वातावरण महाशाखा तर्फ ८ र पूर्वाधार बिकास महाशाखा तर्फ ६ समेत १४ डिपिआर लगायतको अध्ययन कार्य गराई निम्नानुसार रु.८८५७९६२। खर्च लेखेको छ ।

| गो.भौ.नं। मिति | कामको विवरण | संस्थाको नाम | लागत अनुमान | सम्झौता | भुक्तानी |
|---|---|---|---|---|---|
| **शहरी बिकास, पर्यटन तथा वातावरण महाशाखा तर्फ** | | | | | |
| १५६। ०८१।३। २४ | ड्यामसाइड-पुम्दीकोट भेडिखर्क-पञ्चासे सडकको डिपिआर अध्ययन वडा नं २२ | भुमि इन्जिनियरिङ्ग कन्सोटीयम | १८५१२२२ | १८१९०७४ | १८१९००० |
| १६०। ०८१।३। २४ | Costomization and integration of sms module(E -BPS) | इन्नोभेटिभ सोलुसन प्रा.लि. | ४७७५१५ | ४७६२९५ | ४७६२९५ |
| २८९। ०८१।३। २४ | वित्त महाशाखा अभिलेख डिजिटाइजेसन गर्ने (FRMIS) | Code fusion Technnologies pvt.ltd | ४९६००० | ४९५००० | ४९५००० |
| १२६। ०८१।३। ४ | नक्सा अभिलेखिकरण प्रमाण पत्र जारी गर्ने प्रणाली जडान गर्ने | टेक्नोलोजि सेल्स प्रा.लि. | ९२०९५ | ९२०९५ | ९२०९५ |
| ६९। ०८०। १०।२२ | सहकारी सम्बन्धी कार्यविधि तयारी | सहकार्य कन्सल्ट प्रा.लि. | - | ४८८१६० | ४८८१६० |
| १५१। ०८१।३। २४ | Migration of digitize system | राम लक्ष्मन इनोभेसन प्रा.लि. | - | ९३७९० | ९३७९० |
| १५२। ०८१।३। २४ | वडा नं २३ स्थित पञ्चासे सिद्धबाबा मन्दिर र मन्दिर परिषरमा पार्क निर्माणको डि पि आर अध्ययन | भिजिनरी डिजाइन प्रा.लि. | ४८५३३५ | ४८१९४५ | ४८१९४५ |
| १६२। ०८१।३। २४ | महानगर भित्र रोड पार्किङ भेरिएसन सिस्टम जडान | भाङकटेश इन्जिनियरिङ्ग एसोसिएट्स प्रा.लि. | २८७७४० | २८७७४० | २८७७४० |
| | जम्मा | | ३६८९९०७ | ४२३४०९९ | ४२३४०२५ |
| **पूर्वाधार बिकास महाशाखा तर्फ** | | | | | |
| ६१०। ०८१।३। २४ | पोखरा वडा नं ४ र ५ स्थित फिर्के खोलामा हइड्रोलोजिकल पुलको डिपिआर अध्ययन | इम्पल्स कन्सल्ट्याण्ट प्रा ली | ६८२२७३ | ६७९१३० | ६७९१३० |
| ६०४। ०८१।३। २३ | दुधेखोला ओखले लिफ्टिङ्ग खानेपानी आयोजना वडा नं २८ को डिपिआर अध्ययन | इन्नोभेटिभ एण्ड इनरजेटिक इन्जिनियर्स कन्सल्टिङ्ग सर्भिसेज प्रा ली | १८२६५२ | १७८५०० | १७८५०० |
| ५३०। ०८१।३। ९ | वडा नं १ र २० को वडा कार्यालय भवन निर्माणको डिपिआर अध्ययन | फाइन डिजाइन एशोशिएट्स प्रा ली | १८५७७३८ | १८१५००६ | १८१५००६ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४३०। ०८१।१। १४ | पोखरा वडा नं ८ र ५ स्थित फिर्के खोलामा हइड्रोलोजिकल पुलको डिपिआर अध्ययन | पोखरा सोइल टेस्टिङ्ग एण्ड इन्जिनियरिङ्ग प्रा ली | ६८२२७३ | ६७८००० | ६७८००० |
| ५७८। ०८१।३। २१ | वडा नं ३३ को वडा कार्यालय भवन निर्माणको डिपिआर अध्ययन | स्पाइरल इन्जिनियरिङ्ग एण्ड इजुकेशनल कन्सल्टेन्सी प्रा ली | ११९२५४३ | ९९९७६७ | ९९९७६७ |
| २०८०। ०९।०५ | भरतपोखरी किस्ती निर्मल पोखरी लिफ्टिङ्ग खानेपानी आयोजना वडा नं २,३ र २१ को डिपिआर अध्ययन | प्रिक्जा कन्सल्टेन्सी | २८००६६ | २७३४६० | २७३४६० |
| | जम्मा | | ४८७७५४५ | ४६२३८६३ | ४६२३८६३ |
| | कुल जम्मा | | ८५६७४५२ | ८८५७९६२ | ८८५७९६२ |

उपरोक्त खरिदको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

**(क)** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराहरु उल्लेख गरिएको छ । कार्यालयले उपरोक्त वमोजिमको अध्ययन कार्य गर्दा र गराउँदा ८ मध्ये ६ को लागत अनुमान तयार गरी स्वीकृत गरेको छ। यसरी लागत अनुमान तयार गर्दा सम्बन्धित कामको लागि वास्तविक रुपमा चाहिने कामको परिमाण र दर विश्लेषण गरेर गर्नुपर्नेमा सो नगरी स्वीकृत बजेटको आधारमा परिमाण कायम गरी लागत अनुमान तयार गरिएको छ । उक्त अध्ययनको लागि चाहिने वास्तविक दक्ष र सपोर्ट जनशक्तिको आवश्यक्ता भन्दा पनि बजेटको आधारमा लागत अनुमान तयार गरी स्वीकृत गरेको देखियो ।

**(ख)** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३, मा खरिद कारवाहीको तयारी, आवश्यकता विश्लेषण, नियम ७ र ८ मा खरिदको गुरुयोजना, खरिद योजना,खरिदको प्याकेज र खरिदका विधि आदि सम्बन्धमा उल्लेख छ । कार्यालयले उपरोक्त अनुसार ८ वटा अध्ययनको कार्य गराउदा आवश्यकताको विश्लेषण गरेको देखिएन। बजेट र कार्याक्रममा समावेश गरी स्वीकृत गरेको आधारमा मात्र अध्ययनको कार्य गरेको देखिदा उक्त लगानीको दीगो उपयोगको सुनिश्चितता हुने देखिएन ।

**(ग) न्यून प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ मा खरिदका विधिहरुको उल्लेख छ । कार्यालयले उपरोक्त वमोजिम डिपिआर लगायतको अध्ययन कार्य गराउदा रु ५ लाखसम्मका लागत अनुमान भएका कार्यमा प्रत्येकमा ३ वटा दरले पत्र मार्फत सोझै र खुला रुपमा दरभाउ पत्र लिएर र सोभन्दा बढी लागत अनुमान भएका कार्यमा पत्रमार्फत आर्थिक र प्राविधिक प्रस्ताव लिएर प्रस्ताव छनौट गरेको छ । यसरी गरेको खरिद कार्यमा प्रतिस्पर्धा भएको छैन ।

**(घ) अभिलेखिकरण र संचालन :**कार्यालयले विगतमा र हाल कार्यालयमा बिकास र जडान गरेका सफ्टवेयरहरु र विगत र हाल अध्ययन गरेका विभिन्न डिपिआर लगायतका अध्ययन प्रतिवेदनहरुको व्यवस्थित अभिलेखिकरण गरेको देखिएन ।

## ९३ विज्ञको नियुक्ति

सार्वजनिक खरिद ऐन,२०६३ को दफा २९ उपदफा (१) मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र परामर्श सेवा खरिद गर्न सकिने प्रावधान रहेको छ ।महानगरले फोहोर व्यवस्थापन र वातावरणको क्षेत्रमा दक्षता र विज्ञता हासिल गरेको प्रमाण वेगर नै ऐनको उक्त दफा अनुसार कार्यालयको उपलब्ध जनशक्तिबाट सम्पादन गर्न सकिने काममा समेत कार्यपालिकाको २०८०।१।३ को निर्णयाबाट गणेश प्रसाद पौडेल नामक व्यक्तिलाई सोझै नियुक्त गरी पोखरा महानगरपालिकाको फोहोरमैला व्यवस्थापनसंग सम्बन्धित प्राविधिक प्रस्ताव सम्बन्धि कागजात अध्ययन गरी मूल्याङ्कनका आधार तयार गर्न भनि परामर्शदातामा नियुक्त गरी शहरी विकास, पर्यटन तथा वातावरण महाशाखाको गो.भौ.नं ५७ मिति २०८१।३।२४ बाट निजलाई रु.१,६२,८००। भुक्तानी गरिएको छ ।त्यसैगरी स्यानिटरी ल्याण्डफिल्ड तथा फोहोर मैला प्रशोधन केन्द्र निर्माण गर्ने प्रयोजनको लागि विकासकर्ता सूचिकरण गर्ने, आशयपत्रको मूल्याङ्कन गर्ने र मूल्याङ्कनमा प्राविधिक सहयोग गरेको भनि कार्यपालिका सचिवालय तर्फको गो.भौ.नं ९३४ मिति २०८१।३।१३ बाट निज गणेश प्रसाद पौडेललाई रु ८१,०००।– समेत जम्मा रु २,४३,८००। भुक्तानी गरेको छ ।ल्याण्डफिल्डको क्षेत्र तथा फोहोरमैला व्यवस्थापन र वातावरणको क्षेत्रमा विज्ञता हासिल गरेको स्पष्ट आधार र प्रमाण वेगर नै उक्त प्राविधिक प्रस्ताव र आशयपत्रको मूल्याङ्कन गर्न र आधार तय गर्न भनि कार्यलयकै कर्मचारीबाट नियमित गरिने कार्यमा समेत सोझै

परामर्शदाताको रुपमा नियुक्त गरेको जनाई भुक्तानी दिएकोले महानगरलाई थप व्ययभार पर्न गइ उक्त कार्य कानुन विपरीत हुने देखिन्छ । यसरी नियुक्त गरी काम गराएको सम्बन्धमा निजले फोहोरमैला व्यवस्थापन र वातावरणको क्षेत्रमा विज्ञता हासिल गरेको प्रमाण हुनुपर्दछ अन्यथा उक्त रकम असुल हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४३,८०० |

## ९४ पर्यटकीय राजधानी घोषणा कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता र प्रभावकारिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने कार्यक्रमका लागि रकमान्तरबाट रु.८० लाखको अनुमानित बाँडफाँट भई मिति २०८०।१२।७ मा पर्यटन राजधानी घोषणा शिर्षकबाट रु.६८४३०८४ को खर्च स्वीकृत भएको देखिन्छ । जस अनुसार उक्त कार्यक्रममा भएका खर्चको विवरण देहाय बमोजिम छ ।

| क्र.सं. | क्रियाकलाप | खर्च रकम (रु.) |
|---|---|---|
| १ | विविध साँस्कृतिक र्‍याली झाँकी प्रदर्शन खर्च | १५२५००० |
| २ | सभा,गोष्ठी,सेमिनार, भेटघाट, अन्तरक्रिया, प्रचारप्रसारमा भएको खाजा, खाना एवं बसोबास खर्च | ११६१७४९.२१ |
| ३ | मूल समारोह प्रसारण एवं प्रचार प्रसार विज्ञापन खर्च | १४०००० |
| ४ | स्टेज, मञ्च सजावट, लोगो डिजाइन, ब्यानर तथा गेट डिजाइन तथा फिटिङ्ग कार्य | ९८३५४९ |
| ५ | लेड स्क्रिन, टेक्निसियन, रेड कार्पेट लगायत फोटोग्राफी तथा भिडियोग्राफी कार्य | १६३८५० |
| ६ | साउण्ड सिस्टम तथा फोटोबुथ | ३९८४७२ |
| ७ | स्तम्भ तथा पार्क निर्माण | ९७०४६३.६९ |
| ८ | अन्य भैपरी विविध खर्च | १५००००० |

कार्यक्रममा भएको खर्च हेर्दा र्‍याली झाँकी प्रदर्शन गर्ने विभिन्न १८६ वटा आमा समूह समेतलाई रु. ५०००।- का दरले जम्मा रु.९,३०,०००।- यातायात खर्च समेतको रकम, खाना खाजा तथा होटल बास खर्च, पार्क निर्माण, कार्यक्रम स्थलको व्यवस्थापन तथा सजावट लगायतमा उपरोक्त अनुसार खर्च गरेको छ । कार्यक्रम व्यवस्थापनका लागि गरिने यस प्रकारको खर्चमा मितव्यिता कायम गरी पर्यटन पूर्वाधारको विकासमा लगानी अभिवृद्धि गर्नुपर्दछ।

## ९५ मेला महोत्सव, सहायता तथा वितरणमुखी खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६कोदफा२४ (२) मासरकारीरकमखर्चगर्दासाधनस्रोतकोउच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ ।पालिकाले बजेट अवण्डामा राखी प्रस्तावका आधारमा विभिन्न संघ, संस्था, समूह,व्यक्तिहरूलाई कार्यक्रम,महोत्सव,चाडपर्व, खेलकुद लगायत सञ्चालनका लागि सहायता रकम उपलब्ध गराएको छ । यस प्रकारको वितरणमुखी खर्चबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। उदाहरण-

**(विस्तृत विवरण बेरूजु दफा ९५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ९६ महसुलमा जरिवाना

गण्डकी प्रदेश खर्च मापदण्ड, २०७९ को दफा १६(३) मा पानी, बिजुली र टेलिफोन मितव्ययी ढंगले प्रयोग नगरी विनियोजित बजेटभन्दा बढी खर्च भई बक्यौता रहेमा वा समयमा महसुल नतिरी जरिवाना तिर्नु परेमा कार्यालय प्रमुख तथा लेखा प्रमुख नै जिम्मेवार

हुने व्यवस्था छ । पालिकाले नेपाल विद्युत प्राधिकरण पोखरा वितरण केन्द्रलाई विद्युत महसुल बापत भौ.नं. ३२,मिति २०८०।८।११ बाट भुक्तानी गर्दा रु.१९१२४५ जरिवाना लागेको देखिन्छ । पानी, बिजुली टेलिफोनको महसुल तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमानुसार छुट सुविधा लिने व्यवस्था मिलाउनुपर्दछ । कार्यालयले तिर्नुपर्ने महसुल समयमै नतिर्दा जरिवाना बापत थप व्ययभार परेकोले नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,९१,२४५ |

९७ **शहरी उत्थानशील तथा जीविकोपार्जन सुधार आयोजना कार्यक्रम अनुदान**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस महानगरपालिकाले शहरी उत्थानशील तथा जीविकोपार्जन सुधार आयोजना कार्यक्रम अनुदान अन्तर्गत जिल्ला प्रशासन कार्यालय कास्कीलाई भौ.नं. ८०, मिति २०८०।१२।२५ बाट रु. १४०००००० अनुदान रकम निकासा दिएकोमा सो अनुदान रकम खर्चको बिल भरपाई समेत पेस भएको नदेखिदा बिल भरपाई बिना खर्च लेखेकोले सोको प्रमाण पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,००,००० |

९८ **जनसहभागिताको रकम फिर्ता**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम (१क) मा एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ तथा सोहि नियमको उपनिय (४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेछ भन्ने व्यवस्था छ । त्यस्तै गण्डकी प्रदेश सरकारको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा उपभोक्ताको लागत सहभागितामा सञ्चालन हुने आयोजनाको कार्यान्वयन उपभोक्ता समितिबाट गर्न प्राथमिकता दिनुपर्ने, दफा ६ मा उपभोक्ता समितिको लागत सहभागिता कम्तीमा १० प्रतिशत हुनुपर्ने व्यवस्था छ । महानगरपालिकाले आफ्नो सार्वजनिक खरिद नियमावली, २०७७ को पहिलो संशोधन (मिति २०७७ माघ २४) बाट उपभोक्ता समितिबाट सञ्चालित योजनाहरूमा जनसहभागिता शुन्य बनाउन सकिने गरि कार्यपालिकाले मनासिव कारण सहितको प्रस्तावबाट निर्णय गर्न सक्ने व्यवस्था गरेको देखिन्छ । सोही प्रावधानलाई आधार मानी कार्यपालिकाबाट विद्यालय भवन र कम्पाउण्ड वाल, जेष्ठ नागरिक भवन, पार्क, विपद व्यवस्थापन, मठ मन्दिर,क्रिया पुत्री भवन, सार्वजनिक शौचालय, चौतारी, पोखरी निर्माणमा जनसहभागिता नलाग्ने निर्णय गरी उक्त कार्यहरूमा जनसहभागिता जुटाएको देखिदैन । महानगरको शहरी, पर्यटन तथा वातावरण महाशाखाले पुरानो धारा वस्ती संरक्षण समिति पोखरा ४ गैरीपाटन उपभोक्ता समितिको अध्यक्ष पवित्रा न्यौपाने रहेको समितिले गत वर्ष गरेको कार्यको जनसहभागिता वापतको रकम रु २,०७,०००।- गो.भौ. नं ३२ मिति २०८०।८।१७ बाट उपभोक्ता समितिलाई फिर्ता गरेको छ ।कार्यपालिकाले मिति २०८०।६।३० को बैठकको निर्णय नं ९ बाट गत आ.व. मा कार्यान्वयन भई भुक्तानी फर फारक भइसकेको योजना मध्ये उक्त उपभोक्ता समितिलाई निजले गरेको जनसहभागिता वापतको रकम छुट स्वरुप फिर्ता दिने गरी निर्णय गरेवमोजिम उक्त रकम फिर्ता गरेको जनाइएको छ । सम्झौता विपरीत फिर्ता गरेको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०७,००० |

९९ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **६९७,७०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१०० **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ ।यस महानगरले हाइकिङ्ग रोड निर्माण उपभोक्ता समितिमार्फत गराएको कार्यमा सम्झौता अनुसार लागत अनुमान रु.६७४३५०।१२ तथा जनसहभागिता रु.६९५८०।६२ रही १० प्रतिशत जनसहभागिताको सम्झौता रहेकोमा जम्मा मूल्याङ्कन भएको कार्य रु.६०४५५५ बराबरको सम्पूर्ण रकम उपभोक्ता समितिलाई भुक्तानी भएको देखिदा सम्झौता अनुसार मूल्याङ्कन भएको रकमको १० प्रतिशत जनसहभागिताको अंश समेत बढी भुक्तानी भएको रकम उक्त उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,४५५.५ |

१०१ **उपभोक्ता समितिको कार्यमा जनसहभागिता**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १क मा एक करोड रुपैयाँ सम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने, नियम ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । त्यस्तै गण्डकी प्रदेश सरकारको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा उपभोक्ताको लागत सहभागितामा सञ्चालन हुने आयोजनाको कार्यान्वयन उपभोक्ता समितिबाट गर्न प्राथमिकता दिनुपर्ने, दफा ६ मा उपभोक्ता समितिको लागत सहभागिता कम्तीमा १० प्रतिशत हुनुपर्ने व्यवस्था छ । महानगरपालिकाले आफ्नो सार्वजनिक खरिद नियमावली, २०७७ को पहिलो संशोधन (मिति २०७७।१०।२४) बाट उपभोक्ता समितिबाट सञ्चालित योजनाहरूमा जनसहभागितामा छुट दिने सकिने गरी कार्यपालिकाले मनासिव कारण सहितको प्रस्तावबाट निर्णय गर्न सक्ने व्यवस्था गरेको देखिन्छ । सोही व्यवस्थालाई आधार मानी कार्यपालिकाबाट विद्यालय भवन र कम्पाउण्ड वाल, जेष्ठ नागरिक भवन, पार्क, विपद व्यवस्थापन, मठ मन्दिर,क्रिया पुत्री भवन, सार्वजनिक शौचालय, चौतारी, पोखरी निर्माणमा जनसहभागिता नलाग्ने निर्णय गरी उक्त कार्यहरूमा जनसहभागिता जुटाएको देखिदैन । यसरी संघीय तथा प्रादेशिक कानुनमा उपभोक्ता समितिबाट गरिने कार्यहरूमा जनसहभागिता नलाग्ने व्यवस्था नभएको अवस्थामा जनसहभागिता नलाग्ने गरी उपभोक्ता समितिद्धारा कार्य गराउन सकिने देखिदैन । उपभोक्ता समितिबाट गरिने कार्यहरूमा उपभोक्ताहरूको समेत जनसहभागिताको अंश रहने गरी कार्य गराउनुपर्दछ । उपभोक्ता समितिबाट कार्य गराउँदा उपभोक्ताबाट हुने जनसहभागिताको अंश समेत भुक्तानी हुँदा पालिकालाई थप व्ययभार पर्न गएको रु.

| उपभोक्ता समिति | मूल्याङ्कन एवं भुक्तानीरकम (रु.) | जनसहभागिता प्रतिशत | न्युनतम १० प्रतिशत जनसहभागिता रकम (रु.) |
|---|---|---|---|
| पोखरा बसपार्क रेलिङतथा ढलान कार्य उ स | ३७३०२०५ | ० | ३७३०२१ |
| लामेआहाल फोहर मैलाव्यवस्थापन भित्री बाटो ग्राभेल निर्माण समिति | ३९८४१२ | ० | ३९८४१ |
| लामेआहाल फोहरमैलाव्यवस्थापन माटो व्यवस्थापन उ स | ५६३५१६९ | ० | ५६३५१७ |
| जम्मा | | | ९७६३७९ |

| | |
|---|---|
| अनियमित भएको | ९,७६,३७९ |

१०२ **न्युन बिजकीकरण**

सार्वजनिक खरिद नियमावली२०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको कार्यहरूमा निम्नानुसार निर्माण सामग्रीहरूकोजिल्ला दररेट अनुसार दर विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा निर्माण सामग्रीको खरिदको बिल पेस गरेकोले निम्नानुसार बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिमार्फत असूल गर्नुपर्ने रु.

| भौ.नं. रमिति | उपभोक्ता समिति | सामग्री | परिमाण (बोरा/ गोटा) | भुक्तानी दर (रु.) | खरिद दर(रु.) | फरक |
|---|---|---|---|---|---|---|
| १३१।३। १४ | राष्ट्रिय विभुति तथासहित पार्क व्यवस्थापन समिति | सिमेन्ट opc | ६३५ | ७८८.१८ | ६४९.७५ | ८७९०३.०५ |
| १४।६। २६ | पोखरा बसपार्क रेलिङतथा ढलान कार्य उ स | सिमेन्ट opc | १७८ | ७८८.१८ | ६४९.७५ | २४६४०.५४ |
| ब उ शि नं८०४३९२०१५०२ | | | | | | |
| ८।३।२४ | जनप्रकाश मा वि | इँटा | १८००० | १८.०० | ८.०२ | १७९५८६.०० |
| | | इँटा | ६५०० | १८.०० | १५.८२ | १४१७०.०० |
| ब उ श नं ८०४०३९२०१५०१ | | | | | | |
| १८।११। १६ | सिलिङबोट देखि लामाढुङ्गा मो बा स्तरोनन्ती उ स | सिमेन्ट Opc | ८५० | ७८८.१८ | ६३५.०६ | १३०१५२ |
| ३०।१। १२ | काहुँखोला हुँदै कुलोको मुहान लामोडहर सडक स्तरोन्नति उ स | सिमेन्ट Opc | ३७५ | ७८८.१८ | ६३९.५८ | ५५७२५ |
| ५०।३। २३ | भरतपोखरी निर्मलपोखरी खानेपानी टंकी पहुँच मार्ग निर्माण समिति | सिमेन्ट Opc | ३९४ | ७८८.१८ | ६४० | ५८३८२.९२ |
| ५२।३। २३ | अर्मलाकोट बलाम साइनडाँडा थाकखोला हुँदै मादी गा पा सडक निर्माण उ स | सिमेन्ट Opc | २०० | ७८८.१८ | ६५० | २७६३६ |
| जम्मा | | | | | | ५७८१९५.५१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,७८,१९५.५१ |

१०३ **दोस्रो बढी वालासंग खरिद सम्झौता**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा २५ र नियमावली, २०६४ को नियम ६१, ६२, ६४ र ६५ मा वोलपत्र प्रस्तावहरुको मूल्याङ्कन सम्बन्धमा उल्लेख रहेको छ । त्यस्तै ऐनको दफा ६७ उपदफा (१) खण्ड (ख) मा नेपाल सरकार र दातृ पक्ष वीच भएको सम्झौता बमोजिम सो पक्षको खरिद निर्देशिका अनुरुप हुने उल्लेख छ।दोविल्ला पुडीटार झिंगटे जन जागृति मा वि सम्मको सडक स्तरोन्नति गर्ने कार्य विश्व वैंकको आर्थिक सहयोगमा गर्ने क्रममा रु.९५,०५,९९,८१९। (मू.अ.कर र प्रोभिजनल सम बाहेक) को लागत अनुमान स्वीकृत गरी ठेक्का नं ३९५२८-CW – RFB बाट आह्ववान गरेको ठेक्कामा प्राविधिक मूल्याङ्कनमा पास भएका १० प्रस्तावहरुलाई पुन: आर्थिक पक्षको भार ८० र प्राविधिक रेटिङको भार २० प्रतिशत कायम गरी मुल्याङ्कन गरिएको छ ।यसरी प्राविधिक पक्षको पून रेटिङ गरी मूल्याङ्कन गर्दा प्रथम घटी अंक रू.६७,३०,१६,०४४।– रहेको स्वच्छन्द निर्माण सेवाको सट्टा दोश्रो घटी अंक रु.६७,८०,३४,७८५। रहेको आशिष निर्माण सेवाले बढी अंक प्राप्त गरी निजसंग मिति २० जुन २०२४ मा रु.७७,६८,९२,८३७।-(मू.अ.कर र प्रोभिजनल सम समेत) मा सम्झौता गरेबाट प्रथम घटी कवोलकर्ता भन्दा रु.५६,७१,१७७। बढीसंग सम्झौता गरी कार्यालयलाइ थप दायित्व श्रृजना भएको छ । नियमित सडक स्तरोन्नति र कालोपत्रे गर्ने कार्यको लागि नमूनाको रुपमा नया विधि प्रयोग गरेबाट प्राविधिक प्रस्तावमा उत्तिर्ण भइसकेको प्रस्तावलाई पुन प्राविधिक रेटिङ गरेको जनाई सोको लागि २० अङ्क भार छुट्याई बोलपत्र मूल्याङ्कन गरेबाट पर्न गएको थप दायित्वको सम्बन्धमा सम्बन्धितको ध्यान जानुपर्ने देखिन्छ ।

१०४ **पेश्की जोखिम**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा मोविलाइजेशन पेश्की र सो को बैंक जमानत आदि सम्वन्धमा विभिन्न प्रावधानहरु रहेका छन् ।शेरापोखरी पार्क र फिर्के खोला नियन्त्रण कार्य वडा नं २ ठेक्क नं १५४ – ०७९/ ८० का निर्माण व्यवसायी

आफन्त कन्सट्रक्सन एण्ड विल्डर्सलाई 2024 June 12 सम्म मान्य अवधि रहेको पेश्की जमानतको आधारमा शहरी,पर्यटन तथा वातावरण महाशाखाको गो.भौ. नं ११ र ३१ बाट जम्मा रु १५ लाख मोबिलाइजेशन पेश्की उपलब्ध गराइएकोमा यो आ.व. २०८०।०८१ मा गो.भौ. नं ११७ र १५७ बाट जम्मा रु १० लाख फर्छौट भई रु ५ लाख बाँकी रहेको देखियो । तर उक्त पेश्को जमानतको मान्य अवधि ठेक्काको मान्य अवधि म्याद थप गर्दा समेतम थप गराएको देखिएन र उक्त बाँकी पेश्की रकम जोखिममा परेको देखिदा यथाशिघ्र नियमानुसार असुल फर्स्यौट हुनुपर्दछ ।

१०५ **खरिद प्रतिस्पर्धा**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा २४ खण्ड (ङ) र दफा २६ उपदफा (६) मा मिलेमतो गरी दाखिला भएका वोलपत्रहरु रद्द गरी कारवाही नगरिने उल्लेख छ ।विश्व वैकको लगानीमा नेपाल शहरी शासकीय पूर्वाधार आयोजना (NUGIP) अन्तर्गत पोखरा महानगरपालिका र शहरी विकास तथा भवन निर्माण विभाग बीच सम्झौता भए पश्चात संचालनमा आएको तालचोक–वेगनास सडक आयोजना अन्तर्गत Design and Supervision consultant को रुपमा परामर्शदाता PEA-BN- Soil Test JV संग रु.६,८०,६९,०५७।५० को सम्झौता मिति २०७९।१२।२६ मा भई कार्य शुरु भएकोमा यो वर्ष दोस्रो देखि पाचौं रनिङ विलसम्म रु.२,५६,७०,५६५। समेत आ.व. २०८०।०८१ सम्म जम्मा रु.२,९३,११,४५४।६५ भुक्तानी भएको देखिन्छ । उक्त परामर्शदाता छनैट गर्दा shortlist भएका ८ संस्था संग RFP माग गरिएकोमा ४ वटा संस्थाले प्रस्ताव पेश गरेका छन्।उक्त ४ प्रस्ताव मध्ये एक प्रस्ताव फेल भई ३ प्रस्ताव पास भएकोमा आर्थिक प्रस्तावको मुल्याङ्कन गर्दा कार्यपालिकाको मिति २०७९।१०।१७ को १४ औ बैठकको निर्णय नं १ मा खरिद प्रकियाको प्राविधिक मूल्याङ्कनमा त्रुटी देखिएकोले उक्त प्रकिया रद्द गरी नयाँ परामर्शदाता खरिद प्रकिया अगाडी बढाउन आयोजना समन्वय कार्यालय PCO मार्फत विश्व वैकलाई पत्राचार गर्ने निर्णय भएको छ भने वोलपत्र मूल्याङ्कन समितिले २०७९।७।२ मा आर्थिक प्रस्तावमा कबोलकर्ताले गरेको अंक कार्यालयको लागत अनुमान भन्दा बढी पाइएकोले आवश्यक राय सहितको निर्देशन आयोजना समन्वय कार्यालयमा माग गर्न पालिकालाई सिफारिस गरेको छ ।पालिकाको मिति २०७९।११।१७ मा बसेको विशेष साधारण सभाको निर्णय नं १ मा विश्व वैक र शहरी विकास तथा भवन निर्माण विभागबाट पुन: खरिद प्रकिया प्रारम्भ गर्न नमिल्ने र ढिलाई भए आयोजनाको भविश्य अनिश्चित हुन सक्ने भन्ने आशयपत्र प्राप्त भएकोले कार्यापालिकाको जे जस्तो निर्णय भएको भए पनि खरिद प्रक्रियाको सामान्य त्रुटीबाट ढिलाई हुन गएकोले खरिद प्रकियाका बाँकी काम अगाडी बढाउन भनी गरेको निर्णय वमोजिम लागत अनुमान रु.५,९५,७५,६००। (कन्टेन्जेन्सी र मू अ कर बाहेक) को तुलनामा बढी अंक प्राप्त गर्ने ३ वटा परामर्शदातासंग मात्र नेगोसिएसन गरी स्वीकृत लागत अनुमान अंक भन्दा घटी अंक रु.४९,६९,३७५०। मा कन्टेन्जेन्सी रु.१,१९,१५,१२०। र मू.अ.कर थप समेतले हुने जम्मा रु.६,८०,६९,०५७।५० मा नेगोसिएसन गरी सम्झौता गरिएको छ ।उक्त खरिद प्रकियाका सम्बन्धमा थप यकिन एवं अतिरिक्त कन्टिन्जेन्सीको रकम भुक्तानी विषयमा छानविन गर्नुपर्दछ ।

१०६ **ढुंगा, गिट्टी, बालुवालगायतको शुल्क असुली**

पोखरा महानगर पालिका आर्थिक ऐन, २०८० को दफा ७ अनुसूची १० ले नदीजन्यवा खानीजन्य पदार्थको उत्खनन्, संकलन, प्रयोग, बिक्री तथा निकासीमा प्रतिघनमिटर ढुंगा, गिट्टी र बालुवा रु.८२०।, ग्राभेल रु. ३५०। र माटो रु.२४०।का दरले शुल्क असुल गर्नुपर्ने व्यवस्था गरेको छ ।यस कार्यालय अन्तरगत निम्नानुसारका योजनाहरुमा निर्माण व्यवसायी वा उपभोक्ता समिति मार्फत निर्माणका कार्यहरु गर्दा योजनाहरु संचालन गरेको ठाउमा प्रयोग भएका खानीजन्य वा नदीजन्य पदार्थहरु ढुंगा, गिट्टी, बालुवा आदि प्रयोग गर्दा पोखरा महानगर पालिकाले निर्धारण गरेको दररेट बमोजिम राजश्व सम्वन्धित स्थानिय तहमा बुझाउनु पर्ने प्रावधान रहेता पनि देहायका निर्माण कार्यमा भुक्तानी लिदा नियमानुसार उक्त निर्माण सामग्रीहरु प्रयोग गरेको देखिन्छ । यसप्रकार प्रयोग भएका निर्माण सामग्रीहरु निर्माण व्यवसायीवा उपभोक्ता समितिले सम्वन्धित पालिका वा जहाबाट ल्याई प्रयोग गरेको हो त्यहा खरिद गरेका प्रमाण र पोखरा महानगर पालिकाले आर्थिक ऐन मार्फत तोकेको उक्त शुल्क तिरेको प्रमाण पेश भएको नदेखिएकोले उक्त योजनाहरुमा प्रयोग भएका निम्नानुसार निर्माण सामग्रीहरुमा लाग्ने रोयल्टी र सोमा लाग्ने मूल्य अभिवृद्धि कर समेतले हुने रकम देहाय बमोजिम असुल गरी सम्वन्धित सरकारको राजश्व खाताहरुमा दाखिला गर्नुपर्ने देखिएको रु.

| भौनं र मिति | उपभोक्तासमिति | सामग्री | परिमाण (घ मि) | रकम (रु.) |
|---|---|---|---|---|
| ३९।९।१ | फूलबारीमणिपाल काहु धरहरा सिढी बाटो निर्माण समिति | ढुङ्गा | ३५ | ३२४३१ |
| ८७।१२।८ | पोखराबसपार्क रेलिङ तथा ढलान कार्य उ स | ढुङ्गा | ११७ | १०८४१२ |
| २०।२०८०।७।२ | लामे आहाल फोहोरमैला व्यवस्थापन भित्री बाटो ग्राभेल निर्माण उस | ग्राभेल | ३२३ | १२७८४५ |
| ३२।४२।०८०।९।२३ | विपद न्यूनिकरण तथा फोहोरमैला व्यवस्थापन निर्माण कार्य वडा नं | ढुंगा | ५४० | ५००८०९ |
| ४२।०८०।९।२३ | विपद न्यूनिकरण तथा फोहोरमैला व्यवस्थापन निर्माण कार्य वडा नं ३२ | गिट्टी लगायत | १५ | १३५१९ |
| | पोखरा बसपार्क रेटिङ्ग तथा ढलान कार्य | ढुंगा | ११३ | १०४५११ |
| | | जम्मा | ११४३ | ८८७५२८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,८७,५२७ |

## १०७ प्रमाण र पुष्टयाई

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) र (१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । शहरी,पर्यटन तथा वातावरण महाशाखा तर्फ देहाय वमोजिम गो.भौ. नं र मितिबाट निम्नानुसार भुक्तानी भएको छ ।तर उक्त भुक्तानीलाई पुष्टयाई गर्ने प्रमाण कागजात पेश हुन आएको नदेखिएकोले पेश हुनपर्ने रु

| गो.भौ. नं। मिति | प्रयोजन | भुक्तानी प्राप्त गर्ने | भुक्तानी रु | कैफियत |
|---|---|---|---|---|
| २१।०८०।७।२ | विरुवा १५०० गोटा खरिद | बसन्त नर्सरी प्रा.लि. | १०२०००० | रोपण गरेको प्राविधिक प्रतिवेदन र अनुगमन प्रतिवेदन पेश नभएको । |
| ६६।०८०।९।२९ | विरुवा ११०५ गोटा खरिद | बसन्त नर्सरी प्रा.लि. | ७८५००० | |
| | जम्मा | | १८,०५,००० | |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **४५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,०५,००० |

## १०८ बढी भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था रहेको छ । पोखरा महानगरपालिका र नेपाल सरकार शहरी विकास तथा पूर्वाधार आयोजना अन्तर्गत ठेक्का नं NP-DUDBC-215991-cs-QCBS का डिजाइन तथा सुपरभिजन परामर्शदाता PEA- BN – Soil Test लाई यो वर्ष शहरी विकास, पर्यटन तथा वातावरण महाशाखाको गो.भौ.नं ६,१३,३६ र ४६ दोश्रो देखि पाचौं सम्मका रनिङ विलबाट जम्मा रु २,५६,७०,५६५। भुक्तानी भएको छ ।यसरी भुक्तानी भएको रकम मध्ये non compitative amount physical contengencies बाट junior engineer २ जना प्रति व्यक्ति प्रति महिना रु ९० हजार दरले पारिश्रमिक रु १२,७६,२००। (मू.अ.कर बाहेक) समेत चौथो र पाचौं रनिङ बिलबाट भुक्तानी भएको छ ।सम्झौताको Appendix c मा key expert ६ जना र प्रोफेसनल तथा non Key Expert ८ जना समेत १४ जना जनशक्तिको लागि

रु-३२४७५०००। र सोधभर्ना योग्य खर्च Appendix-D मा रु १,७२,१८,७५०।रहेको मध्ये unallocated expert, surveyer, investigation, stackholder, consultant तथा office secretary लगायतको जनशक्तिहरुको व्यवस्था हुदा हुदै समेत सम्झौताको उक्त appendix D को फुटनोटमा जुनियर इन्जिनियरिङ्ग, ल्याव टेक्निसियन र सपोर्ट स्टाफहरु non competitive item physical contingency बाट व्यहोर्ने भन्ने प्रावधान राखिएको छ । सो प्रावधान उपरोक्त माथिका competitive item संग दोहोरो पर्ने देखिन्छ । त्यसैगरी physical contiengency non competitive item बाट खर्च लेखेको छ । यसप्रकार जुनियर इन्जिनियर भनी २ जनाको पारिश्रमिक रकम भुक्तानी दिन मिल्ने नदेखिएको हुदा मू.अ.कर सहित हुने रकम निज परामर्शदाताबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,४२,१०६ |

१०९ **मूल्य वृद्धि भुक्तानी**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५५ उपदफा (२) मा खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाईको कारणबाट सम्झौता वमोजिमको काम सो सम्झौतामा उल्लेखित अवधि भित्र सम्पन्न नभई बढी समय लागेकोमा मूल्य समायोजन गर्न नसकिने उल्लेख छ । तालचोक वेगनास सडक स्तरोन्नति गर्ने कार्यका निर्माण व्यवसायी स्वच्छन्द-सपना –वर्ल्ड वाइड जे.भि.संग मिति २०२२ जुलाई ४ मा रु ७५,४८,६७,८७४।– को सम्झौता भएकोमा परामर्शदाताले निजलाई १० अप्रिल २०२३ मा कार्यदेश दिई २०२५ अप्रिल ९ सम्म कार्यसम्पन्न गर्ने गरी सम्झौतामा तोकिएको छ । निजलाई यो आ.व. २०८०।८१ सम्ममा प्रथम देखि तेश्रो रनिङ विलको भुक्तानी रु १५,४७,२६,८२८।– दिएकोमा कामको प्रगति करिब १७.४६ प्रतिशत भएको देखिन्छ।साथै निजले सम्झौता गर्दा पेश गरेको कार्यतालिका वमोजिम कार्यसम्पन्न नगरी ढिला हुने गरी गरेको देखियो।निजलाई उक्त भुक्तानी हुदा रु.२,२८,९७,५०७।– ( मू.अ.कर समेत ) मूल्य समायोजन वापत रकम थप गरेर भुक्तानी गरिएको छ ।यसप्रकार निजले कार्यतालिका बमोजिम कार्य नगरी ढिला हुनेगरी गरेकोमा काबुबाहिरको परिस्थिति समेत श्रृजना भएको पाइदैन। तसर्थ निजलाई यसप्रकार मूल्यवृद्धिको रकम मूल्य समायोजन गरी भुक्तानी दिन मिल्ने व्यहोरा सार्वजनिक खरिद ऐन, नियमावली र दुइपक्षीय सम्झौता बमोजिम मिल्ने देखिदैन ।

११० **काम नगरी प्रथम रनिङ बिलको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ । नियमावली, २०७७ को नियम ३९ उपनियम (५) र (१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । सिसुवा –सिसाघाट सडक अन्तर्गत सिशुवा खुदीखोला खण्डको सडक स्तरोन्नति गर्ने कार्य ठेक्का ३९६३०६ -CW – RFB का निर्माण व्यवसायी आशिष निर्माण सेवा प्रा.लि. संग मिति 2024 April 14 मा रु.३४,११,२०,२९५। को ठेक्का सम्झौता भएकोमा निजलाई वीमा शुल्क रु २२,५०,०००।, ल्याब स्थापना रु १५ लाख र प्रोजेक्ट साइन बोर्ड रु २० हजारमा मू.अ.कर समेत थप गरी हुने रु ४२,६०,१००। को प्रथम रनिङ्ग बिल बनाई सोको रकम भुक्तानी गो.भौ.नं ४२ र ४८ मिति २०८१ असार ६ र २३ बाट दिएको छ।Core आइटमको निर्माण कार्यहरु गर्न सहयोग पुग्ने सोधभर्ना योग्य खर्च मात्र प्रोभिजनल समका आइटम मा समावेश गरिने हुदा प्रोभिजनल समका आइटम मात्र समावेश गरी रनिङ बिल तयार गर्न र स्वीकृत गर्न मिल्ने देखिदैन।त्यसैगरी उक्त ३ आइटम मध्ये वीमा प्रिमियम भुक्तानी गरेको रु ४,७३,१८९।– रकमको मात्र IGI Prudential Insurance co. को मात्र खर्च भएको विल भरपाई पेश भएको देखियो । अन्यको पेश समेत भएको देखिएन । यसप्रकार प्रोभिजनल समको रकम मात्रको विल पेश गरेको कार्यलाई कानुन सम्मत भन्न मिल्ने देखिदैन। यसप्रकार भुक्तानीको रीतपुर्वक वील भरपाई लगायतका प्रमाण पेश हुनुपर्ने अन्यथा निजबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३७,८६,९११ |

१११ **कार्यसम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(१) मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा उपनियम (२) बमोजिम सोको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै

सोही नियमको नियम १२५ मा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । महानगरले देहायबमोजिम मर्मत/जडान कार्य गर्दा सोको कार्य सम्पन्न प्रतिवेदन पेस भएको नदेखिदा कार्यसम्पन्न प्रतिवेदन पेस गर्नुपर्दछ ।

| भौ.नं. र मिति | आपुर्तिकर्ता | कार्य विवरण | रकम (रु.) |
|---|---|---|---|
| ४४।९।१७ | एल के कन्सट्रक्सन मार्ट प्रा लि | सडक महोत्सवका लागि लेकसाइडका सडक लाइटहरू मर्मत/जडान (३९६ थान बत्ती तथा ८०० मिटर वायर) | ७३४००० |
| ६६।११।३० | एण्डी इन्टरप्राइजेज | सडक बत्ती मर्मत/जडान | २७५८७० |
| २४९।३।१९ | एल के इलेक्ट्रो सप्लायर्स | वडा नं ६ का सडक तथा पोखरा सभागृहमा विद्युतीय कार्य मर्मत | ५७०००० |
| जम्मा | | | १५७९८७० |

## ११२ ढुंगा, गिट्टी, बालुवा लगायतको रोयल्टी शुल्क असुली

पोखरा महानगर पालिकाआर्थिक ऐन, २०८० को दफा ७ अनुसूची १० ले नदीजन्य वा खानीजन्य पदार्थको उत्खनन्, संकलन, प्रयोग, बिक्री तथा निकासीमा प्रतिघनमिटर ढुंगा, गिट्टी र बालुवा रु.८२०।, ग्राभेल रु. ३५०। र माटो रु.२४०।का दरले शुल्क असुल गर्नुपर्ने व्यवस्था गरेको छ ।यस कार्यालय अन्तर्गत निम्नानुसारका योजनाहरुमा निर्माण व्यवसायी मार्फत निर्माणका कार्यहरु गर्दा योजनाहरु सञ्चालन गरेको ठाउँमा प्रयोग भएका खानीजन्य वा नदीजन्य पदार्थहरु ढुंगा, गिट्टी, बालुवा आदि प्रयोग गर्दा पोखरा महानगर पालिकाले निर्धारण गरेको दररेट बमोजिम राजश्व सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्ने प्रावधान रहेता पनि देहायका निर्माण कार्यमा निर्माण व्यवसायीहरुले कार्यालयबाट ठेक्का विलको भुक्तानी लिँदा नियमानुसार उक्त निर्माण सामग्रीहरु प्रयोग गरेकोमा रोयल्टी तिरी निर्माण सामग्री प्रयोग गरेको सम्बन्धमा छानबिन गरी राजस्व छुट हुन नदिने प्रवन्ध गर्नुपर्दछ ।

| सि.नं. | कामको विवरण | निर्माण व्यवसायी | ठेक्का नं | खपत सामग्री | आइटम नं | खपत परिमाण | छुट रकम |
|---|---|---|---|---|---|---|---|
| १ | शेरा पोखरी पार्क र फिर्के खोला नियन्त्रण कार्य,पोखरा २ (१५७।०८१।३।२४) | आफन्त कन्सट्रक्सन एण्ड विल्डर्स | १५४-०७९।८० | ढुंगा | c.४,c.६ | ९०.४४ | ८३८०२ |
| २ | शेरा पोखरी पार्क र फिर्के खोला नियन्त्रण कार्य,पोखरा २ (१५७।०८१।३।२४) | आफन्त कन्सट्रक्सन एण्ड विल्डर्स | १५४-०७९।८० | गिट्टी लगायत | c.८,c.९ | ९६.०१ | ८८९६३ |
| ३ | रोड डिभाइडर निर्माण र गार्डेनिङ्ग कार्य | ए.वी. कन्सट्रक्सन | ०४-०७९।८० | ढुंगा | ८ र १३ | १०३२.३९ | ९५६६१३ |
| ४ | रोड डिभाइडर निर्माण र गार्डेनिङ्ग कार्य | ए.वी. कन्सट्रक्सन | ०४-०७९।८० | माटो | १५ | २३५ | ६३७३२ |
| ५ | शिशुवा खुदीखुदी खोला सडक स्तोन्नती कार्य | आशिष निर्माण सेवा | 396306-CW-RFB | ढूंगा | ६३ र ६४ | ५३०.४४ | ४९१५०६ |
| ६ | तालचोक बेगनास सडक स्तरोन्नतीको कार्य | स्वच्छन्द- सपना- वोल्डवाइड जे भी | 167805-CW-RFB | ढूंगा | 4.1.5, 4.2.6 र 4.5.1 | ४१६९.८५ | ३८६३७८३ |
| | | | | | | जम्मा | ५५४८३९८ |

## ११३ ल्याण्ड फिल्ड साइटमा माटो पुर्ने कार्य

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ उपदफा (१) मा खरिद गर्दा अपनाउनु पर्ने विधिहरु उल्लेख छ । उपदफा (२) मा प्रतिस्पर्दा सिमित हुने गरी टुक्रा परी खरिद गर्न नहुने उल्लेख छ । नियमावली २०६४ को नियम ९७,गण्डकी प्रदेश सरकारको उपभोक्ता समिति

गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ र ६ तथा पोखरा महानगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन र व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ को दफा ३ उपदफा (२), उपदफा (१) खण्ड (ञ) र (ट) लगायतका कानुनमाउपभोक्ताको लागत सहभागितामा सञ्चालन हुने आयोजनाको कार्यान्वयन उपभोक्ता समितिबाट गर्न प्राथमिकता दिनुपर्ने, उपभोक्ता समितिको लागत सहभागिता कम्तीमा १० प्रतिशत हुनुपर्ने, रु एक करोड रुपैयासम्मका कार्यहरु मात्र उपभोक्ता समितिबाट गराउन पाइने, उपभोक्ता समितिबाट काम गराउदा डोजर, लोडर, ट्रिपर, एक्साभेटर लगायतका मेसिनहरु प्रयोग गर्न नहुने, जनसहभागिता वा लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सुचीमा राखी कारवाही गर्नुपर्ने आदि प्रावधान रहेका छन्। महानगरको वडा नं ३२ लामे आहाल स्थित अस्थाई ल्याण्ड फिल्ड साइटमा फोहोर व्यवस्थापन गर्ने कार्यको लागि देहाय वमोजिम ३७२४६.५२ घनमिटर साधारण माटो पुर्ने कार्य गरी निर्माण व्यवसायीलाई रु ५९,६०,३०१।– र उपभोक्ता समितिलाई रु १,५८,९९,६१०।– समेत जम्मा रु २,१८,५९,९११।– भुक्तानी दिई खर्च लेखेको छ ।

**क. निर्माण व्यवसायीलाई भएको भुक्तानी**

| गो.भौ.नं।मिति | ठेक्का नं | निर्माण व्यावसायी | माटो परिमाण घनमिटर | भुक्तानी रकम रु |
|---|---|---|---|---|
| १४३।०८१।३।२१ | १०३-०८०।०८१ | शान्ति दर्शन निर्माण सेवा | ३८५६.५२ | १८,३९,०२०।- |
| ८८।०८०।१२।१२ | ०१-०८०।०८१ | शान्ति दर्शन निर्माण सेवा | ४०१६ | २८,३७,५९७।- |
| १०१।०८१।१।१४ | ०१-०८०।०८१ | शान्ति दर्शन निर्माण सेवा | २८०० | १४,२०,०००।- |
| ११०।०८१।१।३० | ०१-०८०।०८१ | शान्ति दर्शन निर्माण सेवा | १२१९ | ६,६३,६८४।- |
| | | जम्मा | ११८९१.५२ | ५९,६०,३०१।- |

**ख. उपभोक्ता समितिलाई भएको भुक्तानी**

| गो.भौ.नं।मिति | समितिको अध्यक्ष | उपभोक्ता समितिको नाम | खपत परिमाण घनमिटर | भुक्तानी रकम रु |
|---|---|---|---|---|
| १७।०८०।७।१ | दिलिप गुरुङ | लामे आहाल फोहोरमैला माटो व्यवस्थापन उपभोक्ता समिति | ८९०५ | ५४,७०,६३४।- |
| ७८।०८०।११।२ | अर्जुन पन्थी | लामे आहाल फोहोरमैला माटो व्यवस्थापन उपभोक्ता समिति | ९३४५ | ५६,३५,१६९।- |
| ४८।०८०।९।२६ | दिलिप गुरुङ | लामे आहाल फोहोरमैला माटो व्यवस्थापन उपभोक्ता समिति | २११९ | १२,७७,०००।- |
| पूर्वधार विकास महशाखा तर्फ | | | | |
| ४००।०८०।१२।१६ | अर्जुन पन्थी | लामे आहाल फोहोरमैला माटो व्यवस्थापन उपभोक्ता समिति | ४९८६ | ३५,१६,८०७।- |
| | | जम्मा | २५३५५ | १,५८,९९,६१०।- |
| | | कुल जम्मा | ३७,२४६.५२ | २,१८,५९,९११ |

उपभोक्ता कारोबारको परीक्षणबाट देखिएको व्यहोरा निम्नानुसार रहेको छन्।

११३.१ **रोयल्टी र कर असुली :**

**(क)**पोखरा महानगर पालिकाआर्थिक ऐन, २०८० को दफा ७ अनुसूची १० ले नदीजन्यवा खानीजन्य पदार्थको उत्खनन्, संकलन, प्रयोग, बिक्री तथा निकासीमा प्रतिघनमिटर माटो रु.२४०।का दरले शुल्क असुल गर्नुपर्ने व्यवस्था गरेको छ ।यस महानगर पालिकाले उक्त ल्याण्डफिल्ड साइटमा निर्माण व्यवसायी मार्फत देहाय वमोजिम परिमाणमा माटो संकलन ढुवानी र पुर्नुपर्ने कार्य गरेको छ । यसरी माटो संकलन ढुवानी र पुर्नुपर्ने कार्य गर्दा उक्त ऐन वमोजिम सम्बन्धित पालिकामा उक्त माटोको लाग्ने रोयल्टी रकम र सोमा लाग्ने मूल्यवृद्धिकर वापतको रकम भुक्तानी गरी राजश्व तिरेको प्रमाण पेश भएको नदेखिएकोले देहाय वमोजिम उक्त रकम असुल गर्न छानविन गर्नुपर्दछ ।

| गो.भौ.नं।मिति | निर्माण व्यवसायी | खपत परिमाण घनमिटर | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|
| १४३।०८१।३।२१ | शान्ति दर्शन निर्माण सेवा | ३८५६.५२ | १०४५८८८ |
| ८८।०८०।१२।१२ | | | |
| १०१।०८१।१।१४ | | ८०३५ | २१७९०९२ |
| ११०।०८१।१।३० | | | |
| | जम्मा | ११८९१.५२ | ३२२४९८०.२२ |

(ख) पोखरा महानगर पालिकाआर्थिक ऐन, २०८० को दफा ७ अनुसूची १० ले नदीजन्यवा खानीजन्य पदार्थको उत्खनन्, संकलन, प्रयोग, बिक्री तथा निकासीमा प्रतिघनमिटर माटो रु.२४०।का दरले शुल्क असुल गर्नुपर्ने व्यवस्था गरेको छ ।यस महानगर पालिकाले उक्त ल्याण्डफिल्ड साइटमा उपभोक्ता समिति मार्फत देहाय वमोजिम परिमाणमा माटो संकलन ढुवानी र पुर्नुपर्ने कार्य गरेको छ । यसरी माटो संकलन ढुवानी र पुर्नुपर्ने कार्य गर्दा उक्त ऐन वमोजिम सम्बन्धित पालिकामा उक्त माटोको लाग्ने रोयल्टी रकम र सोमा लाग्ने मूल्यवृद्धिकर वापतको रकम भुक्तानी गरी राजश्व तिरेको प्रमाण पेश भएको नदेखिएकोले देहाय वमोजिम उक्त रकम असुल गरी सम्वन्धित राजश्व खाताहरुमा दाखिला गर्नुपर्ने रु

| गो.भौ.नं।मिति | उपभोक्ता समिति | खपत परिमाण घनमिटर | असुल गर्नुपर्ने रकम रु |
|---|---|---|---|
| १७।०८०।७।१ | लामे आहाल फोहोरमैला माटो व्यवस्थापन उपभोक्ता समिति | ८९०५ | २४१५०३६ |
| ७८।०८०।११।२ | | ९३४५ | २५३४३६४ |
| ४८।०८०।९।२६ | | २११९ | ५७४६७३ |
| ४००।०८०।१२।१६ | | ४९८६ | १३५२२०३ |
| | जम्मा | २५,३५५ | ६,८७६,२७६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६८,७६,२७६ |

११३.२ **उपभोक्ता समितिलाई मू.अ.कर भुक्तानी :**सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ उपनियम (४) उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवा वापत काम दिदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले उक्त ल्याण्डफिल्ड साइटमा उपभोक्ता समिति मार्फत माटो संकलन, ढुवानी र पुर्नुपर्ने कार्य गरे वापत उक्त कानुन अनुसारलागत अनुमान तर्जुमा, सम्झौता र भुक्तानी दिदा मुल्य अभिवृद्धि कर रकम समावेश नगरी वा मुल्यअभिवृद्धि कर वापतको रकम कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो नगरी १३ प्रतिशत मू.अ.कर रकम समेत थप गरेर भुक्तानी दिएको देखियो । यसप्रकार उपभोक्ता समिति मार्फत गराइएको कार्यमा कानुन विपरित मु.अ.कर रकम थप गरेर भुक्तानी दिएको रकम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु

| गो.भौ.नं।मिति | उपभोक्ता समिति | समितिको अध्यक्ष | भुक्तानी रकम | मू.अ.कर रकम |
|---|---|---|---|---|
| १७।०८०।७।१ | लामे आहाल फोहोरमैला माटो व्यवस्थापन उपभोक्ता समिति | दिलिप गुरुङ | ५४,७०,६३४।- | ६२९३६५।- |
| ७८।०८०।११।१२ | | अर्जुन पन्थी | ५६,३५,१६९।- | ६४८२९२।- |
| ४८।०८०।९।२६ | | दिलिप गुरुङ | १२,७७,०००।- | १४६९१२।- |
| ४००।०८०।१२।१६ पुर्वाधार बिकास महाशाखा | | अर्जुन पन्थी | ३५,१६,८०७।- | ४०४५८९।- |
| | जम्मा | | १,५८,९९,६१०।- | १८२९१६०।- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,२९,१६० |

११३.३ **ठेक्का रद्द गरी महंगोमा उपभोक्ता समितिबाट कार्य :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ उपदफा (१) मा खरिद गर्दा अपनाउनु पर्ने विधिहरु उल्लेख छ । उपदफा (२) मा प्रतिस्पर्दा सिमित हुने गरी टुक्रा परी खरिद गर्न नहुने उल्लेख छ ।पालिकाले उक्त ल्याण्डफिल्ड साइटमा माटो व्यवस्थापन गरी पुर्ने कार्यको लागि ठेक्का नं ०१- ०८०।०८१ बाट आर्थिक वर्षको शुरुमा ठेक्का व्यवस्थापनको कार्य गरी प्रकिया अगाडी बढाएकोमा कार्यपालिकाको मिति २०८०।८।१९ को २४ औ बैठक निर्णय नं २८ बाट उक्त ठेक्का प्रक्रिया रद्द गरी उपभोक्ता समितिबाट देहाय बमोजिम प्रति घनमिटर रु ५३३।६४ मा मू.अ.कर थप गरी हुन आउने रकमको उपभोक्ता समितिबाट सोझै कार्य गराइएको छ । तत्पश्चात कार्यपालिकाको मिति २०८०।९।२९ को २५ औ बैठक संख्या निर्णय नं २७ बाट उक्त रद्द गरिएको ठेक्काको निर्माण व्यवसायी शान्ति दर्शन निर्माण सेवासंग निजले कबुल गरेको दर रेट प्रतिघनमिटर रु ४४९।– मा मू.अ.कर थप गरी हुन आउने रकमले निर्माण व्यवसायीसंग समझौता गर्ने गरी निर्णय भए वमोजिम ८०३५ घनमिटर माटो पुर्ने कार्य भएको छ । यसप्रकार सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ तथागण्डकी प्रदेश सरकारको उपभोक्ता समिति गठन¸ परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि¸ २०७५ र पोखरा महानगरपालिकाको उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ का प्रावधानहरु विपरीत ठेक्का व्यवस्थापन प्रक्रिया रद्द गरी उपभोक्ता समिति मार्फत देहायबमोजिम २०३६९ घनमिटर माटो प्रतिघनमिटर रु ८४।६४ (मू.अ.कर बाहेक) थप लागत पर्ने गरी कार्य गराएबाट रु १७,२४,०३३।– मा मू.अ.कर थप समेतले हुने रकम रु १९,४८,१५६।– कार्यालयलाई थप व्ययभार पर्न गएको छ । उक्त रकम असुल गर्नुपर्ने रू.

| गो.भौ.नं।मिति | उपभोक्ता समिति | समितिको अध्यक्ष | प्रति घ मिलागत (मू.अ.कर बाहेक) | परिमाण घनमिटर | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १७।०८०।७।१ | लामे आहाल फोहोरमैला माटो व्यवस्थापन उपभोक्ता समिति | दिलिप गुरुङ | रु ५३३।६४ | ८९०५ | ५४७०६३४ |
| ७८०८०।११।२ | | अर्जुन पन्थी | रु ५३३।६४ | ९३४५ | ५६३५१६९ |
| ४८।०८०।९।२६ | | दिलिप गुरुङ | रु ५३३।६४ | २११९ | १२,७७,००० |
| | जम्मा | | | २०३६९ | १२३८२८०३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,४८,१५६ |

११३.४ **उपभोक्ता समितिबाट सीमा भन्दा बढी कार्य :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७, गण्डकी प्रदेश सरकारको उपभोक्ता समिति गठन¸ परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि¸ २०७५ र पोखरा महानगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन र व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ लगायतका कानुनमा उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने आयोजनाको निर्माण, सञ्चालन, मर्मत सम्भार कार्य गर्नको लागि गठन हुने उपभोक्ता समितिले पूर्ण रुपमा उल्लेखित नियमावली तथा कार्यविधिको

पालना गर्नुपर्ने र कुल लागत रू.१ करोड सम्म भएको तथा स्थानीय सीप, स्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्यसम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिको लागत सहभागिता कम्तीमा १० प्रतिशत हुनुपर्ने, समितिबाट काम गराउदा डोजर, लोडर, ट्रिपर, एक्साभेटर लगायतका मेसिनहरु प्रयोग गर्न नहुने, जनसहभागिता वा लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सुचीमा राखी कारवाही गर्नुपर्ने आदि जस्ता प्रावधान रहेका छन् । महानगरले उक्त कानुनी प्रावधान विपरीत यो वर्ष देहाय वमोजिम रु १,२३,८२,८०३।को कार्य उपभोक्ता समिति मार्फत गराई भुक्तानी गरेको छ । उपभोक्ता समितिलाइ कार्य गराउदा just in time construction, अटोवेज यातायात प्रा.लि., एस.एन. इन्जिनियरिङ्ग सर्भिस प्रा.लि. आदि संस्था मार्फत मेसिन प्रयोग गरेर कार्य गराई निजहरुलाई भुक्तानी दिएको छ । यसप्रकार उपभोक्ता समिति मार्फत गराइएको काममा जनसहभागिता वा लागत सहभागिताको अंश समेत शून्य रहेको, ट्रिपर, एक्साभेटर लगायतका मेसिनहरु मार्फत कार्य गराइएको र पटक पटक गरी रू.१ करोडको सीमाभन्दा बढी हुने गरी एउटै उपभोक्ता समितिले पदाधिकारी रहेको व्यक्ति मध्येबाट सम्झौता पिच्छे दुई फरक व्यक्ति समितिको अध्यक्ष समेत बनाइ कार्य गराएको पाइयो । यसप्रकार एउटै स्थानको एउटै कामको प्रयोजनको लागि गठन गरेको एउटै उपेभोक्ता समिति मार्फत देहाय वमोजिम कार्य गराई भुक्तानी गरेको कार्यलाई यथार्थतामा आधारित भएर गरेको कार्य भन्न मिल्ने नदेखिनुको साथै उपरोक्त कानुनसम्मत भएको भन्न समेत मिल्ने नदेखिएकोले यस सम्बन्धमा यथार्थता यकिन हुनुपर्ने देखिन्छ ।

| गो.भौ.नं।मिति | उपभोक्ता समिति | समितिको अध्यक्ष | भुक्तानी रकम |
|---|---|---|---|
| १७।०८०।७।१ | लामे आहाल फोहोरमैला माटो व्यवस्थापन उपभोक्ता समिति | दिलिप गुरुङ | ५४७०६३४ |
| ७८।०८०।११।१२ | | अर्जुन पन्थी | १२७७००० |
| ४८।०८०।९।२६ | | दिलिप गुरुङ | ५६३५१६९ |
| | जम्मा | | १२३८२८०३ |

११३.५ **गत वर्षको भुक्तानी :**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३९उपनियम (१५) मा चालु वर्षको भुक्तानी दिन बाँकी दायित्वको सम्बन्धमा उल्लेख रहेको छ । महानगरले लामे आहाल फोहोरमैला माटो व्यवस्थापन उपभोक्ता समितिलाई गतवर्ष वैशाख २४ देखि आषाढ २५ सम्म उक्त ल्याण्ड फिल्ड साइटमा माटो संकलन, ढुवानी र पुर्ने कार्य गरेको रकम भुक्तानी दिन बाँकी रहेको जनाई पूर्वाधार विकास महाशाखाको गो.भौ.नं ४०० मिति २०८०।१२।१६ बाट रु ३५,१६,८०७।–भुक्तानी दिएको छ ।उक्त भुक्तानी बाँकी दायित्व रकम नियमानुसार प्रमाणित भएको देखिएन ।कार्यपालिकाको मिति २०८० फाल्गुन ३० गते बसेको २७ औ वैठकको निर्णय नं ३ ले उक्त ल्याण्ड फिल्ड साइटमा नगर प्रमुखको मौखिक निर्देशनमा माटो ढुवानी कार्य गरिएको र असार मसान्त भित्रै कार्यसम्पन्न गरिए तापनि समयमा बिल भरपाई पेश हुन नआएको हुदा प्राविधिकबाट पेश भएको कार्यसम्पन्न प्रतिवेदन समेतको आधारमा भुक्तानी दिने भनी गरेको निर्णय वमोजिम भुक्तानी भएको छ ।उक्त उपभोक्ता समितिले यो आ.व. २०८०।०८१ मा उक्त भुक्तानी बाँकी दायित्त्व भुक्तानीको लागि दावि गर्नु भन्दा पहिले फरक फरक समयमा ३ पटकसम्म सम्झौता गरी माटो संकलन, ढुवानी र पुर्ने कार्य गरेको जनाई उपरोक्त अनुसार शहरी बिकास, पर्यटन तथा वातावरण महाशाखाको ३ वटा गो.भौ. नं बाट रु १,२३,८२,८०३।– भुक्तानी प्राप्त गरि सकेपश्चात मात्र उक्त भुक्तानी बाँकी दायित्व भुक्तानी प्राप्त गर्नका लागि दाबी गरेको देखिन्छ । अर्को तर्फ ठेक्का नं १०३ -०८०।०८१ बाट निर्माण व्यवसायी शान्ति दर्शन निर्माण सेवासंग सोही स्थानमा १२४०० घनमिटर माटो संकलन, ढुवानी र पुर्ने कार्य मिति २०८१।२।२० देखि २०८१।९।२९ सम्म गर्नका लागि रु ५९,९५,२१४।– रकमको ठेक्का सम्झौता भई कार्य शुरु भएको अवस्थामा यो आ.व. २०८०।०८१ मा ३८५६.५२ घनमिटर माटो पुर्ने कार्य गरेको जनाई प्रथम रनिङ बिलको रकम रु १८,३९,०२०।- शहरी बिकास,पर्यटन तथा वातावरण महाशाखाको गो.भौ. १४३।०८०।३।२१ बाट भुक्तानी गरेको छ । यसप्रकार एउटै समयमा एउटै स्थानमा निर्माण व्यवसायीले माटो संकलन,ढुवानी र पुर्ने कार्य गरिरहेको अवस्थामा पुन: उपभोक्ता समितिले नगर प्रमुखको मौखिक निर्देशनमा माटो संकलन,ढुवानी र पुर्ने कार्य गरेको भनी भुक्तानी गरेको रकम दोहोरो र यथार्थतामा आधारित भए नभएको सम्वन्धमा यकिन हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,१६,८०७ |

११३.६ **खरिद टुक्राएको :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ उपदफा (१) मा खरिद गर्दा अपनाउनु पर्ने विधिहरु उल्लेख छ । उपदफा (२) मा प्रतिस्पर्दा सिमित हुने गरी टुक्रा परी खरिद गर्न नहुने उल्लेख छ । ऐनको दफा ६ र नियमावलीको नियम ८ मा वार्षिक खरिद योजना र खरिदको संभावित प्याकेजको सम्बन्धमा उल्लेख छ ।महानगरले वडा नं ३२ लामे आहाल स्थित अस्थाई ल्याण्ड फिल्ड साइटमा माटो संकलन, ढुवानी र पुर्ने कार्य गर्नको लागि एकमुष्ट प्याकेज बनाई वोलपत्र विधि मार्फत स्वच्छ प्रतिस्पर्धाबाट निर्माण व्यवसायी छनौट गरेर कार्य गराउनुको सट्टा देहाय वमोजिम टुक्रा बनाई निर्माण व्यवसायीबाट २ वटा ठेक्का र एउटै उपभोक्ता समितिसंग ३ वटा समझौता गरी कार्य गराइएको छ ।यसबाट कानुन अनुरुप काम भएको भन्न मिल्ने नदेखिदा सम्बन्धित पक्षको ध्यान जानुपर्ने देखिन्छ ।

| क्र.स. | निर्माण व्यवसायी। उपभोक्ता समिति | सम्झौता परिमाण घनमिटर | सम्झौता रकम | सम्झौता मिति | प्रतिघनमिटर लागत(मू.अ.कर बाहेक) | खरिद विधि | भुक्तानी रकम रु |
|---|---|---|---|---|---|---|---|
| १ | शान्ति दर्शन निर्माण सेवा | १२४०० | ५९९५२१४।- | २०८१।२।३० | रु ४२२ | वोलपत्र | १८३९०२०।- |
| २ | शान्ति दर्शन निर्माण सेवा | ८१०० | ४१६४६९७।- | २०८०।१०।२५ | रु ४४९ | वोलपत्र | ४१२१२८१।- |
| ३ | लामे आहाल फोहोरमैला माटो व्यवस्थापन उपभोक्ता समिति | ९८१७ | ५९१७७८०।- | २०८०।४।२३ | रु ५३३।६४ | सोझै | ५४७०६३४।- |
| ४ | लामे आहाल फोहोरमैला माटो व्यवस्थापन उपभोक्ता समिति | ९४५० | ५६९८४८६।- | | रु ५३३।६४ | सोझै | ५६३५१६९।- |
| ५ | लामे आहाल फोहोरमैला माटो व्यवस्थापन उपभोक्ता समिति | ९८०८ | | | रु ५३३।६४ | सोझै | १२७७०००।- |
| | जम्मा | | | | | | १८३४३१०४।- |

११४ **अधुरो ठेक्का**

निर्माण व्यवसायीले सम्झौतामा तोकिए अनुसार सोही अवधिमा काम सम्पन्न गर्नुपर्दछ । यदि नसकिने मनासिव माफिकको अवस्था श्रृजना भएमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० र १२०क अनुसार म्यादथप गराउनु पर्दछ ।काँहुखोला सडक वडा नं ११ निर्माण कार्य ठेक्का नं ६६-०७९।८० का निर्माण व्यवसायी जी.सि.कन्सट्रक्सन एण्ड विल्डर्स प्रा.लि. संग रु ५४,६८,४९३।– को ठेक्का सम्झौता मिति २०७९।११।२६ मा भई प्रथम पटक म्यादथप भएको समेत कार्यसम्पन्न गर्ने अवधि २०८०।९।२० सम्म रहेकोमा निजले उक्त अवधिमा रु ४४,४५,५३९।– को कार्य गरी भौ.नं ७१ र ३०८ बाट भुक्तानी लगेको छ ।तत्पश्चात निजले थप काम गरेको र म्यादथप भएको समेत देखिन नआएकोले उक्त ठेक्का सम्झौता अधुरो हुन गएको हुँदा यथाशिघ्र सम्पन्न गर्नु गराउनु पर्दछ ।

११५ **वीमा शुल्क भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको जुनसुकै कारणबाट हुने सवै हानीनोक्सानी व्यहोर्ने लगायतका शर्तहरू पुरा गर्ने गरी निर्माण व्यवसायीले निर्माण कार्यको बीमा गर्नुपर्ने प्रावधान उल्लेख रहेका छन् । महानगरले यो वर्ष गरेका देहायका निर्माण कार्यहरूमा निर्माण व्यवसायीले उक्त उल्लेखित शर्तहरू पुरा नहुने गरी निर्माण कार्यहरूको वीमा गरेको जनाई विल विजक बमोजिम वीमा शुल्क भुक्तानी गरेको देखियो ।यसप्रकार कानुन बमोजिम तोकिएका शर्तहरू पुरा नहुने गरी गरेको वीमा शुल्क रकम भुक्तानी गर्न मिल्ने नदेखिदा सम्बन्धित निर्माण व्यवसायीबाट निम्नानुसार असुल हुनुपर्दछ ।

११५.१

क. महानगरको वडा नं १० स्थित धोवी गौडा मेन सडकमा ड्रेन र फुटपाथ निर्माण कार्य ठेक्का नं ५७-०७९।८० का निर्माण व्यवसायी स्काई कन्सट्रक्सन एण्ड विल्डर्स संग रु ७७,३३,९३०।– को ठेक्का समझौता मिति २०७९।१०।२६ मा भई कार्यसम्पन्न गर्ने अवधि २०८०।३।१५ सम्म तोकिएकोमा प्रथम पटक म्याद थप गरी २०८०।४।३२ सम्म पुर्याइएको छ ।तर निजले IGI Prudential Insurance co. ltd बाट मिति 2023.08.01 देखि 2023.8.17 सम्म १६ दिनको मात्र वीमा गरेको प्रमाण पेश भएको आधारमा निजलाई प्रोभिजनल समबाट रु २,७०,२३०।–भुक्तानी गरेको छ ।उक्त कानुनका शर्तहरु पुरा नभई घटी मान्य अवधिको आधारमा वीमा शुल्क वापतको रकम भुक्तानी दिन मिल्ने नदेखिएकोले उक्त रकम निज निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७०,२३० |

११५.२ख. महानगरको वडा नं ३१ स्थित विरौटा चोक ठाडो खोरिया देखि पि.यु. सम्मको बाटो निर्माण कार्य ठेक्का नं १३०-०७९।८० का निर्माण व्यवसायी भार्गव एण्ड कम्पनी प्रा.लि. संग रु ७४,६९,२८३।– को ठेक्का समझौता मिति २०८०।२।५ मा भएकोमा प्रथम पटकको म्याद थप समेत कार्यसम्पन्न गर्ने अवधि २०८०।६।३१८ सम्म तोकिएको छ ।तर निजले वीमा गरेको प्रमाण United Ajod Insurance co. ltd को 2023.06.30 देखि 2023.6.30 सम्म १ दिनको लागि वीमा गरेको प्रमाण पेश भएको आधारमा गो.भौ. नं २४ मिति २०८०।४।११ बाट प्रथम रनिङ बिलको भुक्तानी रु २७, ८७,८७७।- हुदा वीमा शुल्क वापत प्रोभिजनल समबाट रु ५०,०००।– समेत भुक्तानी गरेको छ ।यसप्रकार कानुन वमोजिम शर्तहरु पुरा नभई घटी मान्य अवधि रहेको वीमा शुल्क वापतको रकम भुक्तानी दिन मिल्ने नदेखिएकोले उक्त रकम निज निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००० |

११५.३ग. महानगरको वडा नं १ स्थित मेहोरिया टोल संगम पार्कमा ड्रेन र फुटपाथ निर्माण कार्य ठेक्का नं १३-०७९।८० का निर्माण व्यवसायी ब्रदर्श कन्सट्रक्सन प्रा.लि.संग रु ४०,६१,३१२।– को ठेक्का समझौता मिति २०७९।९।७ मा भई प्रथम पटक म्याद थप समेत कार्यसम्पन्न गर्ने अवधि २०८०।२।२९ सम्म पुर्याइएकोमा निजले United Ajod Insurance co. ltd बाट मिति 2023.06.04 देखि 2023.6.13 सम्म ९ दिनको मात्र मान्य अवधि रहेको वीमा प्रमाण पेश भएको आधारमा निजलाई प्रोभिजनल समबाट रु २१,४२७।– मू.अ.कर समेत भुक्तानी गरेको छ ।यसप्रकार कानुन वमोजिमका शर्तहरु पुरा नभई घटी मान्य अवधिको आधारमा वीमा शुल्क वापतको रकम भुक्तानी दिन मिल्ने नदेखिएकोले उक्त रकम निज निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,४२७ |

११५.४घ. महानगरको वडा नं ३१ स्थित मेहोरिया स्याङ खुदी सडक स्तरोन्नति कार्य ठेक्का नं ७२-०८०।८१ का निर्माण व्यवसायी समृद्धि। रुपा कन्सट्रक्सन प्रा.लि.संग रु २६३००२३।– को ठेक्का समझौता मिति २०८०।१२।२५ मा भई कार्यसम्पन्न गर्ने अवधि २०८१।३। १४ सम्म तोकिएको छ ।गो.भौ.नं ५४३ मिति २०८१।३।१३ बाट प्रथम तथा अन्तिम विलको भुक्तानी र २६,०८,२८३।- भएको मध्ये सिद्धार्थ प्रिमियम इन्सुरेन्स लि. मिति 2024.06.25 देखि 2024.6.29 सम्म ४ दिनको लागि वीमा गरेको प्रमाण संलग्न गरी प्रोभिजनल समबाट वीमा शुल्क वापत रु १५३५७।– समेत भुक्तानी भएको छ ।यसप्रकार उक्त कानुन अनुसारका शर्तहरु पुरा नभई घटी मान्य अवधिको आधारमा वीमा शुल्क वापतको रकम भुक्तानी दिन मिल्ने नदेखिएकोले उक्त रकम निज निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,३५७ |

११५.५ङ. महानगरको वडा नं ३२ स्थित लामेआहाल पिपल चौतारा सडक स्तरोन्नति कार्य ठेक्का नं ४७-०८०।८१ का निर्माण व्यवसायी टीबीआर कन्सट्रक्सनसंग रु ४६६०६५०।– को ठेक्का समझौता मिति २०८०।११।२२ मा भई कार्यसम्पन्न गर्ने अवधि २०८१।२। १४ सम्म तोकिएको छ ।गो.भौ.नं ४८३ मिति २०८१।२।१७ बाट प्रथम तथा अन्तिम विलको भुक्तानी र ४६०७४५७।- भएको मध्ये सालिको इन्सुरेन्स कं लि. मिति 2024.05.14 देखि 2024.5.27 सम्म १३ दिनको लागि वीमा गरेको प्रमाण संलग्न गरी प्रोभिजनल

समबाट वीमा शुल्क वापत रु २५००६। समेत भुक्तानी भएको छ ।यसप्रकार उक्त कानुन अनुसारका शर्तहरु पुरा नभई घटी मान्य अवधिको आधारमा वीमा शुल्क वापतको रकम भुक्तानी दिन मिल्ने नदेखिएकोले उक्त रकम निज निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,००६ |

११५.६ च. महानगरको वडा नं ३२ स्थित शित्तलनगर मादलेखाद ओडारे सडक स्तरोन्नति कार्य ठेक्का नं १४-०८०।८१ का निर्माण व्यवसायी ओम कालिका कन्सट्रक्सन प्रा ली संग रु ३९०८८४७।– को ठेक्का समझौता मिति २०८०।१०।१२ मा भई कार्यसम्पन्न गर्ने अवधि २०८१।१।१४ सम्म तोकिएको छ ।गो.भौ.नं ४८० मिति २०८१।२।१७ बाट प्रथम तथा अन्तिम विलको भुक्तानी र ३८४४९१८।- भएको मध्ये आइजिआइ प्रुडेन्सियल इन्सुरेन्स कं लि. मिति 2024.04.21 देखि 2024.4.26 सम्म ५ दिनको लागि वीमा गरेको प्रमाण संलग्न गरी प्रोभिजनल समबाट वीमा शुल्क वापत रु २२४००। समेत भुक्तानी भएको छ ।यसप्रकार उक्त कानुन अनुसारका शर्तहरु पुरा नभई घटी मान्य अवधिको आधारमा वीमा शुल्क वापतको रकम भुक्तानी दिन मिल्ने नदेखिएकोले उक्त रकम निज निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,४०० |

११६ **अधुरो ठेक्का :**

निर्माण व्यवसायीले सम्झौता तोकिए अनुसार कार्य सम्पन्न गर्नुपर्दछ ।नया शहरमा रोड डिभाडर र गार्डेनिङको कार्य गर्ने ठेक्का नं ४ – ०७९।८० का निर्माण व्यवसायी ए.वि. कन्सट्रक्सन संग रु १,१३,८९,९८९।–को ठेक्का सम्झौता मिति २०७९।८।८ मा भई कार्य सम्पन्न गर्ने अवधि २०८०।१।३१ सम्म तोकिएको छ ।कार्यालयले च.नं ५९७८ मिति २०७९।१२।१, च.नं ८०१५ मिति २०८०।१।१५ र मिति २०८०।१।३१ मा समेत पटक पटक कार्य नगरेको,अन्त्य न्यून प्रगति गरेको भनी चेतावनी पत्रहरु दिएको छ ।निजलाई गो.भौ.नं ८।२०८०।४।११ बाट यो वर्ष तेश्रो रनिङ बिलको भुक्तानी रु ३८,७०,०१९।– भएको समेत निजले रु ९६,४७,१००।– को कार्य गरिएको छ ।निजको मिति २०८०।१।३१ पश्चात म्याद थप भएको र थप काम भएको देखिएन ।यसप्रकार अधुरो रहेको निर्माण यथाशिघ्र सम्पन्न गर्नु गराउनु पर्दछ ।

११७ **सुविस्ताको आधारमा ठेक्काको अन्त्य**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९ उपदफा (७) र (८) मा खरिद सम्झौता वमोजिम काम शुरु नगरेमा,काम शुरु गरी बीचैमा छाडेमा वा सम्झौता वमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुन सुकै बखत अन्त्य गर्न सक्ने र सो काम वापत राखिएको पुरै जमानत जफत गरी सम्झौता वमोजिम बाँकी रहेको रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम निजबाट सरकारी बाँकी सरह असुल उपर गरिने उल्लेख छ ।मासवार पोखरी देखि नुवारथोक सडक स्तरोन्नति गर्ने कार्य ठेक्का नं ३६-०७९।८० का निर्माण व्यवसायी आरभ कन्सट्रक्सनसंग रु ३५,९१,३०६।– को ठेक्का सम्झौता २०७९।१०।२२ मा गरी २०८०।१।३० सम्म सम्पन्न गर्ने म्याद तोकिएकोमा प्रमुख प्रशासकिय अधिकृत बाट मिति २०८०।४।११ मा २०८०।५।३० सम्म नेपाल सरकार वाधा अडकाउ फुकाउ आदेश मिति २०८०।३।२१ वमोजिम प्रथम पटक म्याद थप गरिएको छ ।निजलाई गो.भौ.नं २८८।०८०।७।१ बाट प्रथम रनिङ विलको रकम रु २४,१०,९०२।– भुक्तानी भएको छ ।उक्त वाधा अडकाउ फुकाउ आदेश अनुसार म्याद थप गर्दा निजले नियमानुसार म्याद थपको कारण,पुष्टयाई र संशोधित कार्यतालिका सहित कार्यालयमा म्याद थप मागको निवेदन समेत दर्ता गरेको देखिएन ।यसप्रकार निजले ६८.०३ प्रतिशत मात्र कार्य गरेको अवस्थामा उपरोक्त कानुन अनुसार ठेक्का अन्त्य गरी निजको कार्य सम्पादन जमानत जफत गर्नुपर्नेमा सो नगरी सुविस्ताको आधारमा भनि ठेक्का अन्त्यको निर्णय प्रमुख प्रशासकिय अधिकृत बाट मिति २०८०।७।१ को निर्णयबाट अन्त्य गरिएको छ ।यसप्रकार गरेको ठेक्का अन्त्यको कार्यलाई कानुनसम्मत भएको भन्न मिल्ने देखिएन ।

११८ **भेरिएसन आदेश**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२,५६९,४४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(विस्तृत विवरण बेरूजु दफा ११८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

| अनियमित भएको | ० |
|---|---|

११९ **म्यादथप**

नेपाल सरकारले मिति २०८०।३।२१ को राजपत्रमा प्रकाशित सूचना अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ख वमोजिम वाधा अड्काउ फुकाउ आदेशमा विभिन्न कारणले म्याद सकिई म्याद थप नभई अड्किएर रहेको ठेक्का सम्झौताको उक्त सूचना प्रकाशन भएको २१ दिन भित्र पुष्टयाई र संशोधित कार्यतालिका सहित निवेदन दिएमा म्यादथप गर्न सकिने प्रावधान रहेको छ ।वडा नं १८ र २४ स्थित काश्कीकोट वन पाले गुण्टेचौर पंडेली सडक स्तरोन्नति गर्ने कार्य ठेक्का नं १०४- ०७८।७९ का निर्माण व्यवसायी सिम्रन कन्सट्रक्सनलाई उक्त वाधा अड्काउ फुकाउ आदेशानुसार विना निवेदन र कारण मिति २०८०।११।१६ मा मिति २०८०।३।१९ देखि २०८०।१२।३० सम्म प्रथम पटक म्यादथपको निर्णय गरेको छ ।उक्त आदेश जारी भएको २१ दिन भित्र कारण, पुष्टयाई र संशोधित कार्यातालिका सहित निवेदन प्राप्त गरेर मात्र तत्काल म्यादथपको निर्णय गर्नुपर्नेमा उक्त आदेश जारी भएको करिब ८ महिना पछि विना निवेदन, कारण, पुष्टयाई र संशोधित कार्यातालिका बेगर म्याद थप गरेको निर्णयलाई कानुनसम्मत देखिएन ।

१२० **प्रोभिजनल सम**

ठेक्का सम्झौताको मुख्य कार्य आइटमलाई कार्य गर्न सहयोग पुग्ने सोधभर्ना योग्य स-साना खर्च गर्ने गरी गैर प्रतिस्पर्धी आइटमको रुपमा प्रोभिजनल समका आइटमहरु BOQ मा समावेश गरी खर्च भएको वास्तविक विल भरपाई तथा पुष्टयाईको आधारमा खर्च लेख्ने प्रचलन रहेको छ ।महानगरको वडा नं ९ स्थित महेन्द्रपुलमा एक स्मार्ट शौचालय निर्माणको लागि रु ५५,०९,२५७।– को लागत अनुमान स्वीकृत गरेको मध्ये रु ११,२०,०००।– अर्थात २३.९३ रकम प्रोभिजनल सममा राखिएको छ ।शौचालय भित्र चाहिने मुख्य आइटमहरु जस्तै प्यान,सेन्सर लगायतका आइटमहरु BOQ को मूख्य आइटममा समावेश नगरी उक्त प्रोभिजनल सममा समावेश गरिनु र उक्त रकमबाट विना प्रतिस्पर्धा पटक पटक उक्त शौचालय भित्रका निर्माण सामाग्रीहरु खरिद गरी जडान गरिएको कार्यलाई सार्वजनिक खरिद ऐन वमोजिम प्रतिस्पर्धा नगर्ने उदेश्यबाट गरेको देखिदा कानुन सम्मत भएको भन्न मिल्ने देखिन्दैन ।यसबाट उक्त ठेक्कामा समग्र १७.०१ प्रतिशत घटेर ठेक्का सम्झौता भएको संग तुलना गरी हेर्दा उक्त प्रोभिजनल समबाट गरिएको खर्च रु १० लाखमा रु १,७०,१००।– कार्यालयलाई थप व्ययभार परेको देखिदा उक्त रकम सम्बन्धित निर्माण व्यवासायीबाट असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | १,७०,१०० |
|---|---|

१२१ **हर्जना असुली**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५६ र नियमावली,२०६४ को नियम १२० र १२०क मा ठेक्का सम्झौताको म्यादथप र नियम १२१ मा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्ने सम्बन्धमा प्रावधानहरु रहेका छन् । रिठ्ठेपानी सक्नेरी वडा नं २६ र २७ नहर साइडको सडक स्तरोन्नति गर्ने कार्य ठेक्का सम्झौता २०८०।२।२१ मा भई कार्य सम्पन्न गर्ने अवधि २०८०।३।१५ सम्म तोकिएकोमा प्रथम पटक म्यादथप गरी सम्पन्न गर्ने अवधि २०८०।४।३२ सम्म पुर्याइएको छ ।तर निजले उक्त कार्य २०८०।५।३१ मा सम्पन्न गरी कार्यालयमा पेश गरेको आधारमा निजलाई भौ.नं ३२२ मिति २०८०।९।५ बाट प्रथम तथा अन्तिम विलको भुक्तानी रु २८,०४,९११।– गरेको छ ।यसप्रकार निजले ढिला काम सम्पन्न गरेको ३१ दिनको उक्त नियमानुसार लाग्ने पूर्वनिर्धारित क्षतिपुर्ति रु ४७,१४१।– निजबाट असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ४७,१४१ |
|---|---|

१२२ **उपभोक्ता समितिको कार्यमा जनसहभागिता**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १क मा एक करोड रुपैयाँ सम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने, नियम ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । त्यस्तै गण्डकी प्रदेश सरकारको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा उपभोक्ताको लागत सहभागितामा सञ्चालन हुने आयोजनाको कार्यान्वयन उपभोक्ता समितिबाट गर्न प्राथमिकता

दिनुपर्ने, दफा ६ मा उपभोक्ता समितिको लागत सहभागिता कम्तीमा १० प्रतिशत हुनुपर्ने व्यवस्था छ । उपभोक्ता समितिबाट कार्य गराउँदा उपभोक्ताबाट हुने जनसहभागिताको अंश समेत भुक्तानी हुँदा पालिकालाई थप व्ययभार पर्न गएको रु.

**(विस्तृत विवरण बेरूजु दफा १२२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | ६५,३६,५५७ |

## १२३ ढुंगा, गिट्टी, बालुवालगायतको शुल्क असुली

पोखरा महानगर पालिकाआर्थिक ऐन, २०८० को दफा ७ अनुसूची १० ले नदीजन्य वा खानीजन्य पदार्थको उत्खनन्, संकलन, प्रयोग, बिक्री तथा निकासीमा प्रतिघनमिटर ढुंगा, गिट्टी र बालुवा रु.८२०।, ग्राभेल रु. ३५०। र माटो रु.२४०।का दरले शुल्क असुल गर्नुपर्ने व्यवस्था गरेको छ ।यस कार्यालय अन्तर्गत निम्नानुसारका योजनाहरुमा निर्माण व्यवसायी मार्फत निर्माणका कार्यहरु गर्दा योजनाहरु सञ्चालन गरेको ठाउँमा प्रयोग भएका खानीजन्य वा नदीजन्य पदार्थहरु ढुंगा, गिट्टी, बालुवा आदि प्रयोग गर्दा पोखरा महानगर पालिकाले निर्धारण गरेको दररेट बमोजिम राजश्व सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्ने प्रावधान रहेता पनि देहायका निर्माण कार्यमा निर्माण व्यवसायीहरुले कार्यालयबाट ठेक्का विलको भुक्तानी लिँदा नियमानुसार उक्त निर्माण सामग्रीहरु प्रयोग गरेकोमा रोयल्टी तिरी निर्माण सामग्री प्रयोग गरेको सम्बन्धमा छानबिन गरी राजस्व छुट हुन नदिने प्रवन्ध गर्नुपर्दछ ।

| भौनं र मिति | ठेक्कानं | कामकोविवरण | निर्माणव्यवसायी | आइटमनं | सामग्री | परिमाण (रु.) | रोयल्टी र मू.अ. कर |
|---|---|---|---|---|---|---|---|
| ४।४।११ | 104/078-79 | upgrading of kaskikot banpale guntechaur pandeli krishi road pokhara 18, 24 | सिम्रन कन्सट्रक्सन | D.10 | ढुङ्गा | २९९.६० | २७७६०९.३६ |
| ३३।३।२२ | 54।080-81 | लामाचौर पुरन्चौर सडक | स्पीड इन्द्रायणी जे भी | D.15 | ढुङ्गा | ४९.०० | ४५४०३.४० |
| | | | | E.19 | ढुङ्गा | ९३.०० | ८६१७३.८० |
| ६१७।३।२४ | 80।080-81 | हिमाली मार्ग नहरपत्यानी चोक सडक | आषिका कन्सट्रक्सन एण्ड बिल्डर्स | २ | ढुङ्गा | ७५.०० | ६९४९५.०० |
| | | | | ४ | ढुङ्गा | १५८.०० | १४६४०२.८० |
| ५।३।१९ | 71।080-81 | धर्सेनी बक्रेक कृषि सडक योजना | आषिका कन्सट्रक्सन एण्ड बिल्डर्स | ३ | ढुङ्गा | ८३.०० | ७६९०७.८० |
| | | | | ३ | ढुङ्गा | १७०.०० | १५७५२२.०० |
| | | | | ३ | ढुङ्गा | १०२.०० | ९४५१३.२० |
| ८।३।२३ | 25।080-81 | तिनकुने म्युजियम महतगौडा सडक | युग बिल्डर्स एण्ड सप्लायर्स | D.14 | ढुङ्गा | ४५.०० | ४१६९७.०० |
| | | | | D.15 | ढुङ्गा | २८.०० | २५९४४.८० |
| | | | | | जम्मा | ११०२.६० | १०२१६६९.१६ |

## १२४ न्युन बिजकीकरण

सार्वजनिक खरिद नियमावली२०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । महानगर अन्तर्गत उपभोक्ता समिति मार्फत गराएको कार्यहरूमा निम्नानुसार जिल्ला दररेट अनुसार निर्माण सामग्रीहरूको दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा निर्माण सामग्री खरिदको बिल पेस गरेकोले निम्नानुसार सामग्रीमा बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.

| भौनं र मिति | उपभोक्तासमिति | सामग्री | परिमाण | इकाई | भुक्तानीदर (रु.) | खरिददर (रु.) | बढी (रु.) |
|---|---|---|---|---|---|---|---|
| १६।४।११ | अर्चलेस्वास्थ्य चौकी जाने अधुरो मो बा ढलान यो उ स | ओपिसिसिमेन्ट | ५००.०० | बोरा | ७८८.१८ | ७००.६० | ४३७८७.५० |
| | | ढुङ्गा | १२५.०० | घ.मि. | २६१०.०० | २०३४.०० | ७२०००.०० |
| १७।४।११ | लामे आहालसतिघाट जाने बाटो ढलान योजना उ स वडा नं ३२ | ओपिसिसिमेन्ट | १०२०.०० | बोरा | ७८८.१८ | ६९४.९५ | ९५०८९.५० |
| ५७।४।१२ | आर्वा विजयपुर खामघले डिकी गाउँ स्तरोन्नति सडक उ स | ओपिसिसिमेन्ट | ७५०.०० | बोरा | ७८८.१८ | ६९९.९९ | ६६१३८.९० |
| | | पिपिसिसिमेन्ट | ७३०.०० | बोरा | ६८६.४८ | ६००.०० | ६३१२९.६० |
| २८।४।११ | ह्याप्पी स्ट्रिट उपभोक्ता समिति | ओपिसिसिमेन्ट | २९५.०० | बोरा | ७८८.१८ | ६६५.०१ | ३६३३५.१५ |
| ३२।४।११ | वात्सायन मार्ग राधाकृष्ण टोलको मन्दिर देखि तल बाटो दाँयाबाँयादोहोरा नाला निर्माण उ स | ओपिसिसिमेन्ट | ३५०.०० | बोरा | ७८८.१८ | ६९९.९९ | ३०८६४.८२ |
| ३९।४।११ | ऐतिहासिक चौतारा संरक्षण वडा नं १४ उ स | पिपिसिसिमेन्ट | ८१५.०० | बोरा | ६८६.४८ | ५८९.८६ | ७८७४१.२३ |
| ४२।४।११ | बेलघारी मार्ग बाटो निर्माण उ स | ओपिसिसिमेन्ट | २४५.०० | बोरा | ७८८.१८ | ७१५.०० | १७९२८.८१ |
| ५१।४।११ | सितलपथ बाटो निर्माण उ स | ओपिसिसिमेन्ट | ४३८.०० | बोरा | ७८८.१८ | ६७९.९९ | ४७३८५.५६ |
| ५२।४।११ | राती खहरे खोला नियन्त्रण तटबन्धन उ स | ओपिसिसिमेन्ट | ४५०.०० | बोरा | ७८८.१८ | ६७८.०० | ४९५७८.७५ |
| ५३।४।११ | वडा कार्यालय देखि जाइका खा पा ट्याङ्की सम्म नाला तथा सडकस्तरोन्नति | पिपिसिसिमेन्ट | ११५०.०० | बोरा | ६८६.४८ | ६१०.२० | ८७७१६.२५ |
| ५४।४।११ | फलेटे ठूलास्वारा पदमार्ग निर्माण उ स | पिपिसिसिमेन्ट | ३६७.०० | बोरा | ६८६.४८ | ५९८.९० | ३२१४०.०३ |
| ५६।४।१२ | स्वारा बिसौनी सिढी बाटो उ स | ओपिसिसिमेन्ट | १४०.०० | बोरा | ७८८.१८ | ७००.६० | १२२६०.५० |
| ५८।४।१२ | राम्चेचौर जलधारे जैशीथर देउपुजा मो बा निर्माण उ स | ओपिसिसिमेन्ट | ९००.०० | बोरा | ७८८.१८ | ७००.६० | ७८८१७.५० |
| ५९।४।१२ | एन सिसि बैंक भित्री बाटो तथा ढल निकास निर्माण उ स | ओपिसिसिमेन्ट | १३६.०० | बोरा | ७८८.१८ | ६९४.९५ | १२६७८.६० |
| ६५।४।१२ | नहर नजिक बाटो स्तरोन्नति योजना | ओपिसिसिमेन्ट | ५००.०० | बोरा | ७८८.१८ | ६४९.७५ | ६९२१२.५० |
| ६६।४।१२ | झौरीखेत कुलो तथा बाटो निर्माण उ स | ओपिसिसिमेन्ट | १८०.०० | बोरा | ७८८.१८ | ५९८.९० | ३४०६९.५० |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६८।४। १२ | सिद्ध बराह म्नदिर पर्यटन पुर्वाधार निर्माण समिति | ओपिसिसिमेन्ट | ३००.०० | बोरा | ७८८.१८ | ६९९.९९ | २६४५५.५६ |
| ७२।४। १२ | काहुँकोट देउराली मन्दिर तथा धरहरा संरक्षण समिति | ओपिसिसिमेन्ट | २६२.०० | बोरा | ७८८.१८ | ६९९.९९ | २३१०४.५२ |
| ८३।४। १२ | जिब्रेढुङ्गा सार्वजनिक शौचालय निर्माण उ स | ओपिसिसिमेन्ट | २००.०० | बोरा | ७८८.१८ | ७११.९० | १५२५५.०० |
| ८४।४। १२ | तामाङ बौट सेवा समिति | पिपिसिसिमेन्ट | ३७०.०० | बोरा | ६८६.४८ | ६१९.२४ | २४८७६.९५ |
| | | इँटा | २२६००.०० | गोटा | १८.०० | ९.२१ | १९८६६५.३० |
| ८८।४। १२ | अकला मन्दिर परिसरबाट सेती नदीसम्म सिढी निर्माण उ स | ओपिसिसिमेन्ट | २००.०० | बोरा | ७८८.१८ | ६७९.९९ | २१६३७.२४ |
| | | पिपिसिसिमेन्ट | ३००.०० | बोरा | ७८८.१८ | ५८०.०० | ६२४५३.९७ |
| ९६।४। १४ | डुँडाको मुखदेखि सोतो चोकसम्म सडक सत्तरोन्नति योजना उ स | ओपिसिसिमेन्ट | १११५.०० | बोरा | ७८८.१८ | ७००.०० | ९८३१३.९० |
| १००। ४।१४ | मुक्तिनाथ सन्तसेवा श्रम | ओपिसिसिमेन्ट | ४८०.०० | बोरा | ७८८.१८ | ७००.६० | ४२०३६.०० |
| | | पिपिसिसिमेन्ट | ३००.०० | बोरा | ६८६.४८ | ५९८.९० | २६२७२.५० |
| | | इँटा | ५४०००.०० | गोटा | १८.०० | ७.९१ | ५४४८६०.०० |
| १०३। ४।१४ | गैरीगाउँ खत्रीथर सुमिकोबोट सडक निर्माण समिति | ओपिसिसिमेन्ट | २००.०० | बोरा | ७८८.१८ | ६७८.०० | २२०३५.०० |
| १०७। ४।१४ | महेन्द्र मा वि | पिपिसिसिमेन्ट | ३९५.०० | बोरा | ६८६.४८ | ५८०.०० | ४२०५९.५६ |
| १०८। ४।१४ | शिवालय टोल सितलमार्ग स्तरोन्नति | ओपिसिसिमेन्ट | ७७०.०० | बोरा | ७८८.१८ | ६४९.७५ | १०६५८७.२५ |
| १०९। ४।१४ | पुम्दी ग्रामिण खानेपानी योजना (पाम्दुर खाल्टा निर्माण समिति) | ओपिसिसिमेन्ट | १४०.०० | बोरा | ७८८.१८ | ७००.०० | १२३४४.३५ |
| ११३। ४।१४ | नहरचोक वयरपार्क वडा नं ३० जोड्ने मो बा ग्राभल | ओपिसिसिमेन्ट | २००.०० | बोरा | ७८८.१८ | ६४९.७५ | २७६८५.०० |
| ११४। ४।१४ | गौशाला सहित गोरक्ष योग सेन्टर पूर्वाधार निर्माण समिति | पिपिसिसिमेन्ट | ३०५.०० | बोरा | ६८६.४८ | ६३९.५८ | १४३०२.९८ |
| ११५। ४।१४ | घम्डाको चौर आरुबोट सडक निर्माण उ स | पिपिसिसिमेन्ट | १२६०.०० | बोरा | ६८६.४८ | ४५०.०० | २९७९५८.६३ |
| ११७। ४।१४ | नयाँबजार देखि माछापुच्छ्रे बैंक ट्राफिक कार्यालय हुँदै सहाराटोद्य जाने नाला सहित सडक पक्की गर्ने नि उ स | ओपिसिसिमेन्ट | १४०७.०० | बोरा | ७८८.१८ | ७००.०० | १२४०६०.६८ |
| १२२। | सराङकोट पर्यटन पुर्वाधार निर्माण समिति | पिपिसिसिमेन्ट | ३६४.०० | बोरा | ६८६.४८ | ५५०.०० | ४९६७५.१२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४।१४ | | | | | | | |
| १२९।<br>४।१४ | बाटुलेचौर मैदानचोक निर्माण एवं सौन्दर्यकरण | पिपिसिसिमेन्ट | ५८२.०० | बोरा | ६८६.४८ | ५९३.२५ | ५४२५६.९५ |
| १३०।<br>४।१४ | बिरुवा उखारी तिनपाथे बाटो निर्माण समिति | ओपिसिसिमेन्ट | ७२०.०० | बोरा | ७८८.१८ | ६९९.९९ | ६३४९३.३४ |
| | | ढुङ्गा | २३१.०० | घ.मि. | २६१०.०० | २२००.०० | ९४७१०.६९ |
| १३१।<br>४।१४ | सिङ्गापुरे टोलको पुल देखि एकान्तकुना देब्रे साइड नहरबाटो | ढुङ्गा | ५४.०० | घ.मि. | २६१०.०० | ६७८.०० | १०४३२८.०० |
| १३६।<br>४।१४ | श्री भैरव मन्दिर स्तरोन्नति उ स | इँटा | ६७३७.०० | गोटा | १८.०० | ७.९१ | ६७९७६.३३ |
| १३७।<br>४।१४ | पोखरा ३ र मा पर्ने गुठीबारी टोलको सडक तथा ढ नि उ स | ओपिसिसिमेन्ट | ७३०.०० | बोरा | ७८८.१८ | ७२९.९८ | ४२४८२.३५ |
| १३८।<br>४।१४ | श्री राधाकृष्ण मन्दिर शान्ति आश्रम | ओपिसिसिमेन्ट | २५०.०० | बोरा | ७८८.१८ | ६८९.३० | २४७१८.७५ |
| १४०।<br>४।१४ | पँधेरा खाल्टै बिमराबोट मार्सिखेत घाँटिछिना सडक उ स | ओपिसिसिमेन्ट | २००.०० | बोरा | ७८८.१८ | ६६१.९० | २५२५५.५० |
| १४१।<br>४।१४ | संगम चोक नहर विजयपुर सम्म रेलिङ स्ल्याव कल्भर्ट निर्माण योजना | ओपिसिसिमेन्ट | १२६०.०० | बोरा | ७८८.१८ | ५५०.०० | ३०००९४.३३ |
| १४२।<br>४।१४ | गलेश्वर गोरु खर्क बाटो निर्माण समिति | ओपिसिसिमेन्ट | १४१०.०० | बोरा | ७८८.१८ | ६४९.७५ | १९५१७९.२५ |
| १४४।<br>४।१४ | डडालीथर चापाघाट कृषि सडक उ स | ओपिसिसिमेन्ट | ३३०.०० | बोरा | ७८८.१८ | ७३९.०२ | १६२२१.१५ |
| १४८।<br>४।१४ | किमबेसी सडक स्तरोन्नति क्रमागत | ओपिसिसिमेन्ट | २४७०.०० | बोरा | ७८८.१८ | ६८९.३० | २४४२२१.२५ |
| १५१।<br>४।१४ | ठुलढुङ्गा मार्ग नाला र बाटो निर्माण | ओपिसिसिमेन्ट | ३४०.०० | बोरा | ७८८.१८ | ६४९.७५ | ४७०६४.५० |
| १५२।<br>४।१४ | पार्क सहितको खुल्ला ब्यायमशाला जेष्ठ नागरिक दिवा विश्राम स्थल | ओपिसिसिमेन्ट | ३९०.०० | बोरा | ७८८.१८ | ७६८.४० | ७७१२.२५ |
| १५८।<br>४।१४ | गिद्धडाँडा पर्यटकीय पूर्वाधार निर्माण उ स | ओपिसिसिमेन्ट | ५२८.०० | बोरा | ७८८.१८ | ६२४.८९ | ८६२१४.४८ |
| १६१।<br>४।१४ | हर्पन बडहरे मोटरबाटो निर्माण | ओपिसिसिमेन्ट | ९४०.०० | बोरा | ७८८.१८ | ६९९.४७ | ८३३८२.७० |
| १६२।<br>४।१४ | बेगनास सेरोफेरो फुट ट्र्याक | ओपिसिसिमेन्ट | १००.०० | बोरा | ७८८.१८ | ६७८.०० | ११०१७.५० |
| १६३।<br>४।१४ | विष्णु पादुका खेल मैदान स्मार्ट शौचालय | ओपिसिसिमेन्ट | ३२५.०० | बोरा | ७८८.१८ | ७३९.०२ | १५९७५.३८ |
| १६६। | सिद्धार्थ टोल विकास संस्था | ओपिसिसिमेन्ट | १६८.०० | बोरा | ७८८.१८ | ७४९.९९ | ६४१४.६९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४।१४ | | | | | | | |
| १६९। ४।१४ | वडा भवनढोकामुख गुन्टेचौर रैकर चिलिमडाँडा हुँदै कार्की टहरासम्म जोड्ने सडक स्तरोन्नतीसमिति | ओपिसिसिमेन्ट | १०१०.०० | बोरा | ७८८.१८ | ७४९.९९ | ३८५६४.५३ |
| १७०। ४।१४ | दुर्गामन्दिर सत्रको ठाडो बाटो उपभोक्ता समिति | ओपिसिसिमेन्ट | २०७३.०० | बोरा | ७८८.१८ | ७११.९० | १५८११८.०८ |
| १७२। ४।१४ | साना किसानमार्ग नाला बाटो नि उ स | ओपिसिसिमेन्ट | ३०२.०० | बोरा | ७८८.१८ | ६४९.७५ | ४१८०४.३५ |
| १७४। ४।१४ | वडाकार्यालय अगाडी बाटोमा नाला तथा फुटपाथ निर्माण योजना | ओपिसिसिमेन्ट | ७००.०० | बोरा | ७८८.१८ | ७००.६० | ६१३०२.५० |
| १९२। ४।१४ | कृषिसडकबाट सामुदायीक भवन सम्म बाटो निर्माण उ.स | ओपिसिसिमेन्ट | ९०२.०० | बोरा | ७८८.१८ | ७३४.५० | ४८४१४.८५ |
| १९३। ४।१४ | थुम्कीविरुवा बाटो निर्माण(मुसलटारि) निर्माण उ.स. | ओपिसिसिमेन्ट | १०००.०० | बोरा | ७८८.१८ | ७००.६० | ८७५७५.०० |
| १९४। ४।१४ | घिमिरेकुलायन मन्दिर देखि काहुँ आ. वि. जाने बाटो र तिलाहार जा. बा.स्त. उ.स. | ओपिसिसिमेन्ट | २९३.०० | बोरा | ७८८.१८ | ७५१.४५ | १०७६०.४३ |
| २०५। ४।१४ | गुँदेतालबाट राम्चेचौर सम्म सडक स्तरउन्नती उ.स. | ओपिसिसिमेन्ट | ९००.०० | बोरा | ७८८.१८ | ६८३.६५ | ९४०७२.५० |
| २१२। ४।२९ | कोपिलढुंगाढल निर्माण उ स | ओपिसिसिमेन्ट | ७८०.०० | बोरा | ७८८.१८ | ७२९.९८ | ४५३९२.१० |
| २१४। ४।२९ | भित्रीडाँडाको नाक चंद्रकालिका बाटो निर्माण उ.स. | ओपिसिसिमेन्ट | १३८२.०० | बोरा | ७८८.१८ | ७००.६० | १२१०२८.६५ |
| २१६। ४।२९ | कार्कीकोतगरा बस्ती संरक्षण तथा खहरे खोला बांध निर्माण उ.स. | ओपिसिसिमेन्ट | १३००.०० | बोरा | ७८८.१८ | ७००.६० | ११३८४७.५० |
| २१८। ४।२९ | रातोपैरोनाला निर्माण उ.स. | ओपिसिसिमेन्ट | १०५०.०० | बोरा | ७८८.१८ | ६४९.७५ | १४५३४६.२५ |
| २२२। ४।३० | शिशुवाबाटभण्डारढिक आदर्श चोक जोड्ने मोटरबाटो निर्माण उ.स. | ओपिसिसिमेन्ट | २३३५.०० | बोरा | ७८८.१८ | ७००.६० | २०४४८७.६३ |
| २२३। ४।३१ | पृथ्वीराजमार्ग लामेआहाल नयाँबस्ती जाने बाटो ढलान योजना उ.स. | ओपिसिसिमेन्ट | २८७०.०० | बोरा | ७८८.१८ | ७१०.७७ | २२२१५२.३५ |
| २२४। ४।३१ | समिबोटवेलचौतारा हुँदै मेलवोट नाला निर्माण उ.स | ओपिसिसिमेन्ट | १००५.०० | बोरा | ७८८.१८ | ७३४.५० | ५३९४३.३८ |
| २२७। ४।३१ | शान्तिमैदान लिफ्टिङ खा पा योजना | ओपिसिसिमेन्ट | २००.०० | बोरा | ७८८.१८ | ७२९.९८ | ११६३९.०० |
| २२९। ४।३१ | राजाकोचौतारा तल्लो गगनगौंडा सडक मितेरी मार्ग ढलान तथा नाला निर्माण उ.स | ओपिसिसिमेन्ट | १०८५.०० | बोरा | ७८८.१८ | ७२५.४६ | ६८०४५.७८ |
| २९१। ७।१ | छिपछिपेगैरा ठुली पोखरी महेशको तगारो हुँदै मा दे घर जो स नि | ओपिसिसिमेन्ट | ६८५.०० | बोरा | ७८८.१८ | ७००.६० | ५९९८८.८८ |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३०६। ७।१९ | कुहुरेमरुवा मुल कृषि सडक स्तरोन्नति समिति | ओपिसिसिमेन्ट | ३५०.०० | बोरा | ७८८.१८ | ६५०.०० | ४८३६१.७४ |
| ३२७। ९।१३ | वडाकार्यालय भवन स्थानान्तरण व्यवस्थापन तथा नि उ स | ओपिसिसिमेन्ट | ७५.०० | बोरा | ७८८.१८ | ६९४.९५ | ६९९१.८८ |
| ३२५। ९।६ | सेवेनलेक मन्टेश्वरी देखि जयगुरुदेव जाने बिरौटा मार्ग निर्माण उ स | ओपिसि सिमेन्ट | ४६५ | बोरा | ७८८.१८ | ६६३.८६ | ५७८०८.८ |
| ५०१। २।२८ | मसिनाअपुरो बाटो ढलान निर्माण उ स | बोल्डर | २७२.४० | घ.मि. | २६१०.०० | १९५९.४२ | १७७२१७.९९ |
| | | ओपिसिसिमेन्ट | १४३०.०० | बोरा | ७८८.१८ | ६६६.७० | १७३७०९.२५ |
| ५०६। ३।२ | पैतेबोरिङ्ग बाटो निर्माण समिति | ओपिसिसिमेन्ट | ५२०.०० | बोरा | ७८८.१८ | ५४८.८७ | १२४४३६.०५ |
| ५११। ३।४ | गच्छामार्ग भित्र बाटो निर्माण उ स | ओपिसिसिमेन्ट | ५१०.०० | बोरा | ७८८.१८ | ७४५.८० | २१६११.२५ |
| ५१६। ३।५ | दुर्गा टोलपदम बहादुर सुवेदारको घर हुँदै नहर तर्फको बाटो ढलान | ओपिसिसिमेन्ट | ८५६.०० | बोरा | ७८८.१८ | ६७०.०१ | १०११४८.४७ |
| ५२३। ३।७ | पिपलतारामार्ग बाटो निर्माण उ स | ओपिसिसिमेन्ट | ३६५.०० | बोरा | ७८८.१८ | ६५०.०० | ५०४३४.३९ |
| ५३२। ३।११ | सिद्धार्थमार्ग राजमार्ग देखि पुल्चोक बाटो ढलान | ओपिसिसिमेन्ट | ४२०.०० | बोरा | ७८८.१८ | ६३०.०० | ६६४३४.५१ |
| ५५०। ३।१६ | सैनिकबस्ति न्यु स्ट्रिट (मिलन टोल) बाटो निर्माण | ओपिसिसिमेन्ट | १०००.०० | बोरा | ७८८.१८ | ७००.६० | ८७५७५.०० |
| ५७९। ३।२१ | २ नं चोकशाखा बाटो ढलान उ स | ओपिसिसिमेन्ट | ६७४.०० | बोरा | ७८८.१८ | ६५०.०० | ९३१३०.८९ |
| ६०९। ३।२४ | गंगातामाङको घर देखि भित्री बाटो ढकान योजना | ओपिसिसिमेन्ट | १०५०.०० | बोरा | ७८८.१८ | ६७०.०१ | १२४०७२.३१ |
| ३८।३। २४ | घाँटिछिनादमदमे कुदवडाँडा सिधाने प भ ढा सडक उ स | ओपिसिसिमेन्ट | १६८०.०० | बोरा | ७८८.१८ | ६५२.०१ | २२८७५७.२० |
| ५।३। २६ | स्मार्टशौचालय पार्क निर्माण उ स | ओपिसिसिमेन्ट | ४२०.०० | बोरा | ७८८.१८ | ६४९.९० | ५८०७६.८० |
| जम्मा | | | | | | | ७२०५४८३.८९ |
| | | | | | | असुल गर्नुपर्ने | ७२,०५,४८३.८९ |

१२५ **बढी भुक्तानी**

(गो.भौ.नं.१६-२०८०।४।११) सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ ।यस महानगरले अर्चले स्वास्थ्य चौकी जाने अधुरो मोटरबाटो ढलान योजना उपभोक्ता समितिमार्फत गराएको कार्यमा सम्झौता अनुसार लागत अनुमान रु.११७६९८९ तथा जनसहभागिता रु.१७७००० रही १५ प्रतिशत जनसहभागिताको रहेकोमा जम्मा मूल्याङ्कन भएको कार्य

रु.११३४१७३।४ मध्ये १५ प्रतिशत जनसहभागिता रकम कट्टा गरी रु.९६४०४७।३९ भुक्तानी दिनुपर्नेमा रु.९८५२५० भुक्तानी भएको देखिदा बढी भुक्तानी भएको सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,२०२.६१ |

१२६ **बढी भुक्तानी**

(गो.भौ.नं. ९९-२०८०।४।१४) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। थामाको पट्टी गरा पार्क निर्माण समितिको नापी किताब तथा प्राविधिक बिल अनुसार जम्मा रु.१२१६८० मूल्याङ्कन भएकोमा रु.१९४१६२ भुक्तानी भएको देखिदा करकट्टी रु.२४५३ बाहेक बढी भुक्तानी भएको रकम उक्त उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७०,०२९ |

१२७ **अन्य कार्यालयको खर्च**

(गो.भौ.नं. ६१-२०८०।४।१२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता र प्रभावकारिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । पालिकाले सशस्त्र प्रहरी बल नेपाल नं.२४ गणको छाना राखेबापतको खर्च रु.२७७५५९।५७ बाबा बिल्डर्स प्रा.लि. लाई भुक्तानी गरेको छ । अन्य कार्यालयको लागि सोही कार्यालयबाट नियमानुसार बजेट व्यवस्था हुने भएकोले पालिकाले गर्ने यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढ्ने देखिदा यस्तो खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,७७,५५९.५७ |

१२८ **फरक नर्म्सको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको स्विकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायबमोजिम उपभोक्ता समितिमार्फत कार्य गराउँदा बाटो निर्माण कार्यमा भवनको नर्म्स प्रयोग गरी लागत अनुमान तयार गरी सोही अनुसार बढी दर राखी उपभोक्ता समितिलाई बढी भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| गो.भौ.नं. | उपभोक्तासमिति | आइटमनं | कार्यविवरण | परिमाण | इकाई | भुक्तानी भएकोदर(रु.) | हुनुपर्नेदर(रु.) | बढीभुक्तानी (रु.) |
|---|---|---|---|---|---|---|---|---|
| ११७।४।१४ | नयाँबजार देखि माछापुच्छ्रे बैंक ट्राफिक कार्यालय हुँदै सहाराटोल जाने नाला सहित सडक पक्की गर्ने नि उ स | ६ | reinforcement bar for RCC works including, cutting binding, bending and placing as per drawing with 30 m lead | १६८८४.५८ | kg | १३३.४० | १२६.९८ | १०८३९९.०० |
| | | ८ | providing and laying of M20 precast cement concrete kerb 35 cm*20cm*30cm | १२१.०० | RM | १५४८.८६ | १३४८.८९ | २४१९६.३७ |
| १४५।४।१४ | सोतोचोक देखि तल्लो कँडेनी का चो भि सि पो ल मा वि हुँदै ग खो स ढनि उ स | ५ | RCC M20 | ८.२८ | cum | १५५०५.७५ | १०९३४.३० | ३७८५१.६१ |
| जम्मा | | | | | | | | १७०४४६.९८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७०,४४६.९८ |

१२९ **पिएस आइटममा मूल्य अभिवृद्धि कर**

(गो.भौ.नं. ४३४-२०८१।०१।१७) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । ठेक्का नं. 64।079-080 सुँईखेत खोला पुल निर्माणको IPC-1 मा PS आइटम नं. ४ Insurance रु.१५०००० राखिएकोमा उक्त PS आइटमको रकम समेत जोडी मूल्य अभिवृद्धि कर हिसाब गरी निर्माण व्यवसायी ओखलढुङ्गा।रामकृष्ण जे.भी. लाई भुक्तानी भएको देखिदा उक्त PS आइटमको मूल्य अभिवृद्धि कर बापत बढी भुक्तानी भएको उक्त निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,५०० |

१३० **Day works बाट भएको भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१०७,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

१३१ **सुविस्ताको आधारमा ठेक्काको अन्त्य**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९ उपदफा (७) र (८) मा खरिद सम्झौत वमोजिम काम शुरु नगरेमा,काम शुरु गरी विचैमा छाडेमा वा सम्झौता वमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र सो काम वापत राखिएको पुरै जमानत जफत गरी सम्झौता वमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम निजबाट सरकारी बाँकी सरह असुल उपर गरिने उल्लेख छ ।महानगरको वडा नं १ मोहोरिया टोल संगम पार्कमा ड्रेन र फुटपाथ निर्माण गर्न ठेक्का नं १३-०७९।८० का निर्माण व्यवसायी त्रिपाठी व्रदर्श कन्सट्रक्सनसंग रु ४०,६१,३१२।– को ठेक्का सम्झौता मिति २०७९।९।७ मा भई कार्यसम्पन्न गर्ने अवधि २०७९।१२।३० सम्म तोकिएकोमा निजको म्याद थप मागको निवेदन र पर्याप्त कारण वेगर नै प्रमुख प्रशासकिय अधिकृतबाट प्रथम पटक म्यादथप गरी २०८०।२।२९ सम्म पुर्याइएको छ । निजले उक्त अवधिमा रु ३३,४६,५४०।– को मात्र कार्य गरी तत्पश्चात कार्य नगरेकोमा प्रमुख प्रशासकिय अधिकृत बाट निजलाई हर्जना लगाई थप काम गराउनुको सट्टा अर्थात उक्त कानुन वमोजिम ठेक्का अन्त्य गरी निजको कार्यसम्पादन जमानत जफत गर्नुको सट्टा सुविस्ताको आधारमा ठेक्काको अन्त्यको निर्णय गरी गो.भौ.नं ६९ मिति २०८०।४।१२ बाट अन्तिम बिलको भुक्तानी गरिएको छ ।यसप्रकार ८६.६७ प्रतिशत काम मै ठेक्का अन्त्य गरिएकोमा भेरिएसन आदेश समेत जारी गरिएको छैन ।यसप्रकार निजलाई पूर्वनिर्धारित क्षतिपर्ति लगाउन, कार्य सम्पादन जमानत जफत गर्न र भेरिएसन आदेश जारी गर्नबाट छुटकारा दिने उद्धेश्यले गरिएको सुविस्ताको आधारमा गरिएको ठेक्काको अन्त्यलाई नियमित र कानुन सम्मत भएको भन्न मिल्ने नदेखिदा यसमा सम्बन्धितको ध्यान जानुपर्ने देखिन्छ ।

१३२ **अधुरो ठेक्का**

निर्माण व्यवसायीले सम्झौता तोकिएको काम तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ । वडा नं २३ घाटी छिना ड्याम साइड सिधाने पञ्चासे सडक स्तरोन्नति गर्ने कार्य ठेक्का नं ४४-०७८।७९ का निर्माण व्यवसायी देवी स्थान कँडेल जेभि संग रु ३,८८,४८,२९१।५० को ठेक्का सम्झौता २०७८।११।३० मा भई कार्यसम्पन्न गर्ने अवधि २०८०।३।१८ सम्म तोकिएकोमा दोस्रो पटक म्याद थप गरी २०८१।३।१४ सम्म पुर्याइएको छ ।निजले उक्त अवधि सम्म जम्मा रु २४९,४३,९७१।– अर्थात ६५.३९ प्रतिशत मात्र कार्य गरी भुक्तानी लगेकोमा यो वर्ष गो.भौ.नं ८, २३ र ३४ बाट रु १,२७,७६,९११।– भुक्तानी लगेको छ ।तत्पश्चात निजले थप काम गरेको र नियमानुसार म्याद थप गरेको देखिन नआएकोले सार्वजनिक खरिद ऐन अनुसार कारबाही गरी अधुरो कार्य यथाशिघ्र सम्पन्न गर्नु गराउनु पर्दछ ।

१३३ **घटी काममा ठेक्का अन्त्य**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९ उपदफा (७) र (८) मा खरिद सम्झौता वमोजिम काम शुरु नगरेमा,काम शुरु गरी विचैमा छाडेमा वा सम्झौता वमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र सो काम वापत राखिएको पुरै जमानत जफत गरी सम्झौता वमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम निजबाट सरकारी बाँकी सरह असुल उपर गरिने उल्लेख छ ।वडा नं ९ राधाकृष्ण मार्ग तिनकुने सडक स्तरोन्नति गर्ने कार्य ठेक्का नं ८४-०७८। ७९ का निर्माण व्यवसायी पन्नाचन कन्सट्रक्सनसंग रु १,२१,८९,८५९।–को ठेक्का सम्झौता मिति २०७८।१२।१३ मा भई कार्यसम्पन्न गर्ने अवधि २०७९।३।१८ सम्म तोकिएकोमा ३ पटक सम्म म्याद थप गरी २०८०।७।३० सम्म पुर्याइएको छ ।निजले उक्त अवधिमा रु ९७,६३,२२२।– को मात्र कार्य गरी भुक्तानी लगेकोमा यो आ.व.मा गो.भौ. नं २७४ र ६२१ बाट रु ५८९०३६५।– भुक्तानी गरी उक्त ठेक्काको अन्त्य गरिएको छ। यसतर्फ सम्बन्धितको ध्यान जानुपर्ने देखिन्छ ।

१३४ **प्रोभिजनल समको सट्टा जनरल आइटम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था रहेको छ ।ठेक्का सम्झौताको मुख्य कार्य आइटमलाई कार्य गर्न सहयोग पुग्ने सोधभर्ना योग्य स-साना खर्च गर्ने गरी गैर प्रतिस्पर्धी आइटम BOQ मा समावेश गरी खर्च भएको वास्तविक विल भरपाई तथा पुष्टयाईको आधारमा प्रोभिजनल समका आइटमहरुबाट खर्च लेखिन्छ । जस्तै वीमा शुल्क, प्रयोगशाला थप परीक्षण शुल्क आदि । कार्यालयले निर्माण कार्यमा कामको परिमाण छुट्याउन नसकिने तर मुल कार्य गर्दा गराउदा उक्त कार्य नगरी निर्माण कार्य अगाडी बढाउन नमिल्ने जस्ता सम्भावित प्रतिस्पर्धी आइटम जस्तो भैपरी आउने सोधभर्ना योग्य खर्चक ाआइटमलाइ जनरल आइटममा समावेश गरी खर्च लेख्ने प्रचलन रहेको छ । जस्तै डाइभर्सन सडक, क्षतिपुर्ति भरण, मुआव्जा आदि । महानगरको पुर्वाधार महाशाखाले देहाय बमोजिम ठेक्का सम्झौताको मुख्य कार्य आइटमलाई कार्य गर्न सहयोग पुग्ने सोधभर्ना योग्य स-साना खर्चहरु प्रोभिजनल समको सट्टा जनरल आइटममा राखी खर्च गर्दा स्वीकृत लागत अनुमान भन्दा बढी अंक निर्माण व्यबसायीले कवोल गरे अनुरुप बिओक्युमा राखी खर्च गरेको छ । जसबाट महानगरलाइ बढी लागत पर्न गइ थपव्ययभार श्रृजना हुन गएको छ ।

| सि.नं | कामको विवरण | निर्माण व्यवसायी | आइटम विवरण | इकाई | लागत अनुमान | BOQ दर रु | हाल सम्मको भुक्तानी | लागत अनुमान भन्दा बढी खर्च |
|---|---|---|---|---|---|---|---|---|
| १ | खुदी खोला पुल निर्माण दोश्रो | कर्ण सुर्योदय जे.भी. | वीमा शुल्क | l.s | २ लाख | ८ लाख | ८ लाख | ६ लाख |
| | | | प्रयोग शाला परीक्षण शुल्क | l.s | १०००० | ३ लाख | २७०००० | २६०००० |
| | | | Safty tools लगायत | l.s | ५०००० | १ लाख | ९०००० | ४०००० |
| | | | मू.अ.कर समेत जम्मा | l.s | २९३८०० | १३५६००० | १३१०८०० | १०१७००० |
| २ | खुदी खोला पुल निर्माण पहिलो | पि.एल. कन्सट्रक्सन | वीमा शुल्क मू.अ.कर समेत | l.s | १४१२५० | २४८६०० | खर्च हुन बाकी रहेको | खर्च हुन बाकी रहेको |
| ३ | हाडी खोला पुल वडा नं २३ निर्माण | भदौरे निर्माण सेवा प्रा.लि. | Safty measures लगायत | l.s | ५० हजार | १९३००० | १९३००० | १४३००० |
| | | | साइन बोर्ड | l.s | १६००० | २८९५० | २८९५० | १२९५० |
| | | | मू.अ.कर समेत जम्मा | l.s | ६६००० | २२१९५० | २२१९५० | १५५९५० |
| ४ | लामाचौर पुर न्चौर माछापुछ्रे सडक स्तरोन्नति वडा नं १९ | सिता।मनोज जे.भी. | वीमा शुल्क मू.अ.कर समेत | l.s | ११३००० | १५८२०० | १५८२०० | ४५२०० |
| | | | कुल जम्मा रु. | | ९४००५० | ३४०६७०० | ३०७२९०० | २२७४१०० |

१३५ **भेरिएसन आदेश**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ उपदफा (१) मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति समझौता कार्यान्वियनको क्रममा श्रृजना भएमा सो को स्पष्ट कारण खुलाई तोकिएवमोजिम भेरिएसन आदेश जारी गर्न सक्ने प्रावधान छ । यस महानगर पालिका स्थित निर्माण कार्य मा निर्माण व्यवसायीसंग ठेक्का सम्झौता भई कार्य शुरु गरेकोमा प्रमुख प्रशासकिय अधिकृतबाट निम्नानुसार प्रतिशतसम्म थप काम सहितको भेरिएसन आदेश जारी गरी संशोधित सम्झौता अंक कायम गरी भुक्तानी गरिएको छ । यसरी भेरिएसन आदेश जारी गर्दा थप काम गर्नुपरेकोले कामको परिमाण थप हुन गएको जनाइएको छ । यसरी परिमाण थप भएका भएका आइटमहरुलाई हेर्दा कतिपय आइटम शुरु लागत अनुमान भन्दा बढी दर भई समझौता गरेका आइटम समेत परिमाण थप भएको र यसरी थप भएका परिमाणको कार्य लागत अनुमान दरमा नबढ्ने गरी नेगोसिएसनबाट गराउनुपर्नेमा सो वमोजिम नगरी शुरु समझौता दर बाटै कार्य गराई भुक्तानी गरिएको छ । यसबाट कार्यालयलाई थप दायित्व श्रृजना भएको छैन भन्न मिल्ने देखिएन । यसका उदाहरणहरु निम्न छन् । यसमा सम्वन्धित पक्षको ध्यान गई यथार्थता यकिन गरिनुपर्दछ ।

**क. ठेक्का नं १२०-०७९।८०: कामको विवरण : डेभिस फल्स पावर हाउस महत गौडा सडक स्तरोन्नति**

| | | |
|---|---|---|
| निर्माण व्यवसायी : भान्जा/रुप जे.भी. | सम्झौता रकम : रु १९९५३३२४ | अवधि:२०८०।३।१७ देखि २०८१।३।१२ सम्म |
| गो.भौ.नं/मिति :२९०,३५१,३९५,४६८,६१५ | योवर्ष भुक्तानीरकम: २१७६५७०० | विल नं प्रथम देखि पाचौ तथा फाइल |
| हाल सम्मको काम रु. २१९८५४२७ | थप काम १०.६५% | प्र.प.अ. ले २०८१।१।३० मा स्वीकृत |

| आइटम नं | कामको विवरण | शुरु परमाण | संशोधित परिमाण | शुरु ल.ई.दर रु | शुरु BOQ दर रु | भुक्तानी दर रु |
|---|---|---|---|---|---|---|
| C - 10 | M-20 concrete को काम | 28.80 $m^3$ | 39.96 $m^3$ | 11834.71 | 12000 | 12000 |
| C – 11 | Road curve block | 580 $m^2$ | 720 $m^2$ | 210 | 400 | 400 |
| C – 23 | Open graded Remix | 185.43 $m^3$ | 202.02 $m^3$ | 14619.85 | 18000 | 18000 |
| C - 24 | Embankment etc | 7.5 $m^3$ | 195 $m^3$ | 161.88 | 200 | 200 |

**ख. ठेक्का नं ७६-०७९।८०: कामको विवरण : खुदी खोला पुल (पहिलो) निर्माण**

| | | |
|---|---|---|
| निर्माण व्यवसायी : पि.एल.कन्सट्रक्सन. | सम्झौता रकम : रु २५२५२४३३ | अवधि: २०८०।१।२० देखि २०८०।१२।३० सम्म |
| गो.भौ.नं /मिति : ३४०,४७८, र ६०५ | विल नं प्रथम देखि तेस्रो रनिङ विल | योवर्ष भुक्तानीरकम: रु २५३०२४३७।१३ |
| | थप काम ४.३०% को | प्र.प.अ. ले २०८०।१२।१६ मा स्वीकृत |

| आइटम नं | कामको विवरण | शुरु परमाण | संशोधित परिमाण | शुरु ल.ई.दर | शुरु BOQ दर | भुक्तानी दर रु |
|---|---|---|---|---|---|---|
| 11 | Reinforcced cement concrete | 12.83 $m^3$ | 15.35 $m^3$ | 12813.47 | 15900.50 | 15900 |
| C – 11a | Reinforcced cement concrete | - | 292.16$m^2$ | - | - | 14300 |

**ग. ठेक्का नं** ५८-०७९।८०: **कामको विवरण :** हाडीखोला पुल वडा नं २३ निर्माण

| | | |
|---|---|---|
| निर्माण व्यवसायी : भदौरे निर्माण सेवा प्रा.लि. | सम्झौता रकम : रु ३०४४११४५ | अवधि: २०८०।२।२ देखि २०८१।२।२ सम्म |
| गो.भौ.नं /मिति : ३४७,४२६ र ५१४ | योवर्ष भुक्तानीरकम: ३०११२३४० | |
| हाल सम्मको काम १०० % | घटेको काम ०.००४% | प्र.प.अ. बाट स्वीकृत |

| आइटम नं | कामको विवरण | शुरु परमाण | संशोधित परिमाण | शुरु ल.ई.दर | शुरु BOQ दर | भुक्तानी दर रु |
|---|---|---|---|---|---|---|
| B-12 | Reinforcced cement concrete | 12.27 $m^3$ | 321.72 $m^3$ | 14035.42 | 14475.0 | 14475.0 |

**घ. ठेक्का नं ३९-०७८।७९: कामको विवरण : वडा नं ३१ कार्यालय भवन निर्माण कार्य निर्माण**

| | | |
|---|---|---|
| निर्माण व्यवसायी : अमित एस.वि. जे.भी. | सम्झौता रकम : रु ५५३०८०३८ | अवधि: २०७८।११।१६ देखि २०८०।२।१३ सम्म |
| गो.भौ.नं /मिति : ३७५,५६८ | योवर्ष भुक्तानीरकम: १,५२,४६,१०७ | विल नं चौथो रनिङ्ग तथा पाचौ फाइनल विल |
| हाल सम्मको काम रु. २९२२३०६१ | घटेको काम १३.४०% | प्र.प.अ. ले २०८१।३।१९ मा स्वीकृत |

| आइटम नं | कामको विवरण | शुरु परमाण | संशोधित परिमाण | शुरु ल.ई.दररु | शुरु BOQ दर रु | भुक्तानी दर रु |
|---|---|---|---|---|---|---|
| B-15 | माटो काट्ने | 1007.71 $m^3$ | 1052.29 $m^3$ | 40.988 | 285 | 285 |

**ङ. ठेक्का नं ९८-०७७।७८: कामको विवरण : वडा नं ८ कार्यालय भवन निर्माण कार्य निर्माण**

| | | |
|---|---|---|
| निर्माण व्यवसायी : सिमरन।सिद्धार्थ।सरस्वति जे.भी. | सम्झौता रकम : रु ३४०९५०११ | अवधि: २०७८।८।२७ मा २०२३ मार्च ३० सम्म |
| गो.भौ.नं /मिति : ३८, ४१३ | योवर्ष भुक्तानीरकम: ८७२४९४२ | विल नं चौथो रनिङ्ग तथा पाचौ फाइनल विल |
| हाल सम्मको काम रु. २,७८,७१,०१६ | घटेको काम १४.७५% | प्र.प.अ. ले स्वीकृत |

| आइटम नं | कामको विवरण | शुरु परमाण | संशोधित परिमाण | शुरु ल.ई.दर | शुरु BOQ दर रु | भुक्तानी दर रु |
|---|---|---|---|---|---|---|
| B- 10 | Super Plasterizer | 288.54 $m^3$ | 293.86 $m^3$ | 250 | 550 | 550 |
| B – 29 | Plaster work | 13.60 rm | 36.65 rm | 174,58 | 400 | 400 |
| B– 50 | Rolling Shutter | 27.73 $m^2$ | 30.65 $m^2$ | 1335.15 | 2800 | 2800 |
| C - 16 | Cp Grating | 4 nos | 8 nos | 302.45 | 1000 | 1000 |
| C-26 | Insulation pipe | 25 rm | 56.10 rm | 230.57 | 350 | 350 |
| C-62 | Upvc Trap | 5 nos | 13 nos | 558.44 | 800 | 800 |

## १३६ BOQ मा राखी सवारी साधन खरिद

संघीय सार्वजनिक लेखा समितिको मिति २०६९ वैशाख १२ को निर्णयानुसार निर्माण कार्यको ठेक्का सम्झौताको BOQ मा सवारी साधनको खरिद र भाडा रकम राख्न नहुने उल्लेख छ ।त्यसैगरी निर्माण कार्यको लागि स्वीकृत बजेट तथा कार्यक्रमबाट सवारी साधन खरिद तथा भाडामा लिई खर्च गर्ने कार्य बजेटको उदेश्य र सिद्धान्त विपरित हुनुको साथै जनतालाई समेत सोको फरक सूचना प्रवाह भएको हुन जान्छ ।महानगरले वडा नं १७ को कार्यालय भवन निर्माण गर्ने कार्य ठेक्का ९२-०७९।८० का निर्माण व्यवसायी नेचुरल फर्निसिङ एण्ड कन्सट्रक्सन प्रा.लि.संग मिति २०८०।३।२८ मा भएको सम्झौताको BOQ मा राखि निर्माण व्यवसायी मार्फत २ वटा मोटरसाइकल खरिद गरी पालिकामा आम्दानी बाधेको आधारमा गो.भौ.नं ३५० मिति २०८०।१०।१९ बाट दोश्रो रनिङ्ग विलमा समावेश गरी निर्माण व्यवसायी मार्फत प्रोभिजनल सममा राखी रु ९,०५,०००।– भुक्तानी भएको छ ।यसरी प्रोभिजनल समको आइटम BOQ मा समावेश गरी विना प्रतिस्पर्दा निर्माण व्यवसायी मार्फत खरिद गरेको कार्य उक्त निर्णय, सिद्धान्त र उदेश्य विपरित हुनुको साथै सार्वजनिक खरिद ऐन र नियमावली समेत विपरीत हुने देखिन्छ ।

## १३७ पोखरा घर

महानगरले निर्माण गर्ने भवनहरु उक्त निर्माणाधिन भवनले चर्चेको जग्गा आफ्नो स्वामित्वमा ल्याए पश्चात मात्रै निर्माण गर्नुपर्दछ । महानगरले पोखरा घर नामक एक वहुउदेशीय भवन वडा नं ९ पृथ्वी चोकमा नगर विकास समितिको नाममा रहेको जग्गामा एक भुमिगत समेत ४ तलाको २२४ व.मि. क्षेत्रफलमा निर्माण गर्न निर्माण व्यवसायी कोजु इन्जिनियरिङ/आरुसी/ए.वी.एसी.जे.भी.संग मिति २०८०।१२।९ मा रु ६,१२,५६,९४५।–को ठेक्का सम्झौता भई कार्य शुरु गरिएको छ ।यो वर्ष गो.भौ.नं ४३२ मिति २०८१।१।७ बाट रु ५० लाख र ४३७ मिति २०८१।१।१८ बाट रु ५० लाख समेत जम्मा रु १ करोड मोविलाइजेसन पेश्की उपलब्ध गराइएको छ ।उक्त जग्गा पालिकाले आफ्नो नाममा ल्याएपछि मात्र उक्त भवन निर्माण कार्य गर्नुपर्ने देखिन्छ ।

## १३८ ढुंगा, गिट्टी, बालुवा लगायतको रोयल्टी शुल्क असुली

पोखरा महानगर पालिकाआर्थिक ऐन, २०८० को दफा ७ अनुसूची १० ले नदीजन्य वा खानीजन्य पदार्थको उत्खनन्, संकलन, प्रयोग, बिक्री तथा निकासीमा प्रतिघनमिटर ढुंगा, गिट्टी र बालुवा रु.८२०।, ग्राभेल रु. ३५०। र माटो रु.२४०।का दरले शुल्क असुल गर्नुपर्ने व्यवस्था गरेको छ ।यस कार्यालय अन्तर्गत निम्नानुसारका योजनाहरुमा निर्माण व्यवसायी मार्फत निर्माणका कार्यहरु गर्दा योजनाहरु सञ्चालन गरेको ठाउँमा प्रयोग भएका खानीजन्य वा नदीजन्य पदार्थहरु ढुंगा, गिट्टी, बालुवा आदि प्रयोग गर्दा पोखरा महानगर पालिकाले निर्धारण गरेको दररेट बमोजिम राजश्व सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्ने प्रावधान रहेता पनि देहायका निर्माण कार्यमा निर्माण व्यवसायीहरुले कार्यालयबाट ठेक्का विलको भुक्तानी लिँदा नियमानुसार उक्त निर्माण सामग्रीहरु प्रयोग गरेकोमा रोयल्टी तिरी निर्माण सामग्री प्रयोग गरेको सम्बन्धमा छानबिन गरी राजस्व छुट हुन नदिने प्रवन्ध गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा १३८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## १३९ न्यून प्रगति

निर्माण व्यवसायीले सम्झौतामा तोकिएको कार्य तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ ।वडा नं ५ कार्यालय भवन निर्माण कार्य ठेक्का नं २३-०७९।८० का निर्माण व्यवसायी अमित-एस वि जे.भि.संग रु ५,५८,२१,३८१।– ठेक्का सम्झौता मिति २०७९।१०।२५ मा भई कार्यसम्पन्न गर्ने अवधि २०८०।१०।२५ सम्म तोकिएकोमा प्रथम पटक म्यादथप गरी २०८१।७।२२ सम्म र तत्पश्चात दोश्रो पटक

म्यादथप गरी कार्यसम्पन्न गर्ने अवधि २०८२।१।२२ सम्म पुर्याएको छ ।निजले सम्झौताको शुरु अवधि २०८०।१०।२५ सम्म जम्मा ३०.६८ प्रतिशत र प्रथम पटक थप भएको अवधि २०८१ असारसम्ममा जम्मा ३६.९६ प्रतिशत मात्र कार्य गरी हालसम्म जम्मा भुक्तानी रु २,०४,३८,७०६।–भएको मध्ये यो वर्ष दोश्रो देखि छैठौ विल सम्म रु १,११,०३,२४४।–भएको छ। प्रथम र दोश्रो पटक म्याद थप गर्नुपर्नाका कारणहरुमा मूल्यवृद्धि, वर्षायाम, सम्झौतामा नै कम समय रहेको, क्रशर उद्योग बन्द आदि जस्ता उल्लेख गरेको भएतापनि सोको पुष्टयाई र आधार पेश भएको देखिन आएन ।कावुबाहिरको परिस्थिति भन्दा पनि निर्माण व्यवसायीको ढिलाईको कारण काममा ढिलाई हुन जाने र विभिन्न नियमित प्रकृतिका कारण देखाई म्यादथप गर्दै जाने प्रवृतिमा नियन्त्रण गरी तोकिएको समयमा कार्यसम्पन्न नगरे नियमानुसार पूर्वनिर्धारित क्षतिपुर्ति रकम असुल गर्नुपर्दछ ।

**१४० प्र.अ. लाई सञ्चालन व्यवस्थापन खर्च**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.२ मा सामुदायिक विद्यालयका प्राथमिक तहका प्रधानाध्यापकलाई मासिक रू.२००।-, निम्नमाध्यमिक तह रु.३००।– र माध्यमिक तहलाई रू.५००।– का दरले प्र.अ. भत्ता उपलब्ध गराउने व्यवस्था रहेको छ । महानगरपालिकाले सामुदायिक विद्यालयहरूको सञ्चालन तथा व्यवस्थापन अनुदान शीर्षकबाट माध्यमिक तह, निमावि र प्राथमिक तहका प्रधानाध्यापकलाई विद्यालयको सञ्चालन तथा व्यवस्थापन वापत क्रमशः रू.४५००।-, २७००।– र १८००।– का दरले आन्तरिक अनुदानबाट थप गरी रू. ६७,९६,९००।– भुक्तानी दिएको छ । पालिकाले यसप्रकारको अनुदान आन्तरिक स्रोतलाई समेत विचार नगरी रकम उपलव्ध गराएको नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ६७,९६,९०० |

**१४१ भौतिक निर्माण तथा बाल सवलीकरण अनुदान**

पालिकाले विभिन्न गोश्वारा भौचरबाट संघीय सशर्तबाट विद्यालय व्यवस्थापन अनुदान र प्रति विद्यालय लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि विद्यालय अनुदान दिएकोमा सोही प्रकृतिको कार्यको लागि महानगरपालिकाको निर्णयानुसार बाल विकास कक्षाको रङ्गरोगन, भित्ते लेखन, फर्निचर खरिद लगायत कार्यका लागि बालविकास सवलीकेन्द्र अनुदान शीर्षकबाट ५९ सामुदायिक विद्यालयलाई रू.३३,९४,७५६।– र विज्ञान प्रयोगशाला, फर्निचर, कम्पाउण्ड वाल, गेट ट्रष्ट निर्माण लगायतका कार्यका लागि विद्यालयको भौतिक संरचना स्तरउन्नति शीर्षकबाट ६१ विद्यालयलाई रू.९५,८९,०५९।– समेत रू.१,२९,८३,८१५।- संघीय समानीकरण चालु शीर्षकबाट निकासा दिई खर्च लेखेको छ। सोही प्रकृतिको कार्यको लागि संघीय सशर्त र वडाबाट समेत अनुदान निकासा गरेको अवस्थामा पालिकाको आन्तरिक स्रोतको विश्लेषण नगरी समानीकरण अनुदान शीर्षकबाट उपलव्ध गराउनु मिल्ने देखिदैन । यस्ता किसिमका खर्चलाई नियन्त्रण गरी एकद्वार प्रणालीबाट दोहोरो नपर्ने गरी खर्च गर्नुपर्दछ ।

**१४२ वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रतिफल अधिकतम नहुने र सो खर्च नगर्दा समेत कार्यसञ्चालनमा बाँधा नपर्ने योजना तथा कार्यक्रममा कार्यविधि बेगर वितरणमुखी खर्च गरेको देखिन्छ । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । सोही प्रकृतिको कार्य ३३ वटै वडाबाट पनि सञ्चालन भएको र यस्ता खर्चले पालिकालाई कार्यसञ्चालनमा समेत थप दायित्व सृजना गर्ने हुनाले वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।यस्ता किसिमका वितरणमुखी खर्चका केही उदाहरणहरू यस प्रकार छन्:

| भौ.नं. | कार्यक्रम | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ३१ | गजल प्रशिक्षण | हेम्जा साहित्यप्रतिष्ठान | ४०,००० |
| ३४ | तेस्रो गोल्डेनढाकाटोपी कल्चर डान्स प्रतियोगिता | मिरर किंगइन्टरटेनमेन्ट | ५०,००० |
| ३६ | कृष्णाअष्टमी खुल्लाभजन प्रतियोगिता | राधाकृष्ण समुह | २५,००० |
| ३८ | प्रज्ञा प्रतिष्ठानकोसहप्रायोजनमा सम्पन्न तिज प्रतियोगीता | प्रजापति पराजुली | २५,००० |
| ३९ | कार्यशाला गोष्ठीसञ्चालन | अभियान सास्कृतिकप्रतिष्ठान नेपाल | ३५,००० |
| ४० | श्रीकृष्णजन्माष्टमीमा श्रीकृष्णलिला प्रदशन कार्यक्रम | पोखरा भजन चुड्कासंरक्षण | २५,००० |
| ४१ | तिज गित प्रतियोगीता | नेपाल मिडीया हव प्रालि | ५०,००० |
| ४२ | गण्डकी प्रदेशस्तरियवक्तृत्वकला | साभ नेपाल | २५,००० |
| ५८ | कार्यक्रम | जनकवि केशरी धर्मराजसाविवित्र थापा प्रतिष्ठान | ५४,००० |
| ६२ | अन्तरविधालय स्तरियवक्तृत्वकला कार्यकम | वाङमय प्रतिष्ठान | ३०,००० |
| ६५ | गाइजात्रामा कार्यक्रम | ताया मचा नाँच समिति। | ५०,००० |
| ६६ | कृष्ण अष्टमी | नेवा खेल | २५,००० |
| ६७ | तेस्रो नेशनल आर्टप्रतियोगिता | नगेन न्युजपब्लिकेशनलाइ दिएको भुक्तानिको लेखा। - | २०,००० |
| ६८ | दिपावलिको अवसरमा साँस्कृतिक कार्यक्रम | भरतपोखरी विकास मञ्च | ४०,००० |
| ७० | लोक तथा दोहोरी गितप्रतियोगिता | दोहोरी गित प्रतिष्ठाननेपाल | २५,००० |
| ७१ | विद्यालय नाटक महोत्सव | पोखरा थिएटर | २००,००० |
| ९२ | गोर्खाली अन्तर समाजखुल्ला सामुहिक लोक नृत्य | गोर्खाली रेडीयो १०६मेगाहर्ज | २५,००० |
| ९३ | श्रीकृष्णजन्माष्टमीमा कृष्णभजन प्रतियोगिता | शुक्ता साहित्यप्रतिष्ठान | २५,००० |
| ९५ | देउसी भैलो महोत्सवकार्यक्रम संचालनमा | पोखरा टेलिभिजन एण्डमिडीया | ४०,००० |
| ९६ | inter collage band competition | पोखरा सांगितिक कलाकारसंघ | २५,००० |
| ९७ | दौतरी मुक्तक दोस्रोश्रृङ्खला २०८० कार्यक्रम | नेपाली लेखक संघ | ४०,००० |
| ११२ | साहित्यिक मञ्चप्रशारण | एपोस्टल मिडीया प्रालि | २५,००० |
| ११४ | दोस्रो सरांकोट तीजमेला | अन्नपुर्ण सामुदायिकविकास मञ्च | १५,००० |
| १२३ | योमरी महोत्सव | नेवा मिस पुच | २५,००० |
| १३२ | लघुकथा विमर्श तथाअन्तरक्रिया | लघुकथा प्रतिष्ठानपोखरा | २५,००० |
| १३४ | वालकृष्ण सम जन्मजयन्ति | इन्द्रेणी थिएटर पोखरा | ३०,००० |
| १३५ | धनिराम गोरु मञ्चनकार्यक्रम - | पद्ममा थिएटर पोखरा | २५,००० |
| १८४ | रतन पाण्डेमाकार्यक्रममा खर्च सहायता | रतन पाण्डे मा वि | १०,००० |
| | | जम्मा | १०२९००० |

१४३ **स्रोत कक्षा व्यवस्थापन**

१४३.१ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को २.७.१३.१० मा स्रोत कक्षा व्यवस्थापन अनुदान वापत प्रति कक्षा वार्षिक रू.२ लाख २५ हजार अनुदान दिने व्यवस्था छ । साथै उपशीर्षक ५.६ मा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयले प्राप्त रकम व्यवस्थापन गर्दा पुस्तिकाले तोकेको शीर्षकमा खर्च गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले निम्नानुसार विद्यालयहरूलाई स्रोत कक्षा व्यवस्थापनका लागि भौ.नं. ११।२०८०।११।६ र ३५।२०८१।३।४ बाट २५ जना बराबरको १ कक्षा मानी प्रति कक्षा रू.२,२५,०००।– ले हिसाब गरी विद्यालयलाई एकमुष्ठ रू.२०,२५,०००।- उपलब्ध गराएकोमा विद्यालयबाट कार्यक्रम पुस्तिका बमोजिमका खर्चका बिल भरपाई पेस गरेको पाइएन । अतः कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेअनुसारका खर्चका बिल भरपाई पेस गर्नुपर्दछ ।

| सि.नं. | विद्यालयको नाम | समूह | वार्षिक दर | निकासा |
|---|---|---|---|---|
| १ | सिर्जना बहिरा मा.वि. | ४ | २२५००० | ९००००० |
| २ | अमरसिंह नमूना मा.वि. | २ | २२५००० | ४५०००० |
| ३ | कुडहर आ.वि. | १ | २२५००० | २२५००० |
| ४ | सरस्वती टिका मा.वि. | २ | २२५००० | ४५०००० |
| | | | **जम्मा** | **२०२५०००** |

१४३.२ कार्यान्वयन पुस्तिकाको उपशीर्षक ५.७ मा स्रोत कक्षा सञ्चालनमा रहेका विशेष प्रकृतिका विद्यालय बाहेका आवासीय आवासीय छात्रवृत्ति छात्रावास सञ्चालनमा रहेका विद्यालयले २५ जना विद्यार्थी बराबरको १ समूह मान्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले सरस्वती टिका मा.वि. मा २५ जना आवासीय विद्यार्थी अध्ययनरत रहेकोमा स्रोत कक्षा संचालन वापतको अनुदान उपलब्ध गराउँदा स्रोत कक्षा २ मानी रू.४,५०,०००।– अनुदान दिएको छ । पुस्तिका विपरीत बढी स्रोत कक्षा मानी भुक्तानी भएको रू.२,२५,०००।- नियमसम्मत नभएको रू.

| | |
|---|---|
| अनियमित भएको | २,२५,००० |

## १४४ शिक्षक दरबन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस महानगरपालिका अन्तर्गत १९४ वटा विद्यालयमा २००९ जना शिक्षक दरबन्दी भएकोमा २००९ जना पदपूर्ति भएको र पदपूर्तिमध्ये १४७४ जना स्थायी र ५३५ जना अस्थायी/राहत शिक्षक रहेको देखिन्छ ।

| क्र.सं | विद्यालय | शिक्षक दरबन्दी | पदपूर्ति | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| | | | स्थायी | अस्थायी/राहत | |
| १ | १९४ विद्यालय | २००९ | १४७४ | ५३५ | ४५२७३ |

उपरोक्त शिक्षक दरबन्दी र पदपूर्ति एवम् विद्यार्थी सङ्ख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा २३ जना विद्यार्थी पढाउनुपर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिँदा महानगरपालिकाले शिक्षक दरबन्दी मिलानको कार्य यथाशिघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।

## १४५ बुक कर्नर

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२८,४००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१४६ **शिक्षक तथा विद्यार्थी अनुपात**

शिक्षा नियमावली, २०५९ अनुसार सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र उपत्यका तथा तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।०८१ मा शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ।

| क्र.सं. | विद्यालय वर्गीकरण | शिक्षक संख्या | विद्यार्थी संख्या | प्रति विद्यार्थी शिक्षक अनुपात |
|---|---|---|---|---|
| १ | पुर्व प्राथमिक विद्यालय | २०७ | ४८४३ | २३ |
| २ | प्रा.वि | १०१७ | १३७३२ | १४ |
| ३ | नि.मा.वि | ३२४ | ११६१५ | ३६ |
| ४ | मा.वि | ३४६ | ८१३३ | २४ |
| ५ | उ. मा वि | ११५ | ६९५० | ६० |
|  | जम्मा | २००९ | ४५२७३ | २३ |

उपर्युक्त विवरण अनुसार पोखरा महानगरको शिक्षक र विद्यार्थी अनुपात हेर्दा पूर्व प्राथमिक तहमा प्रति शिक्षक २३ जना विद्यार्थी रहेको, प्रावि तहमा १४ जना नि.मा.वि तहमा प्रति शिक्षक ३६ जना मावि तहमा २४ विद्यार्थी र उ.मा.वि तहमा ६० जना विद्यार्थी अनुपात देखिन्छ । प्रा.वि तहमा विद्यार्थी अनुपातको तुलनामा शिक्षक संख्या वढी रहेको देखिन्छ । समग्रमा विद्यार्थी शिक्षक अनुपात १:२३ रहेको छ अर्थात् यस महानगरपालिकामा १ जना शिक्षकले २३ जना विद्यार्थीहरुलाई पठन पाठन गराउनु पर्ने देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची १ को जिल्ला वर्गीकरणमा कास्की जिल्ला पहाडी जिल्लाको सूचीमा रहेको छ । शिक्षा नियमावली, २०५९ ले तोके अनुसार पहाडी भेगमा सामुदायिक विद्यालयमा १ जना शिक्षकले ४५ जना विद्यार्थीलाई पठन पाठन गराउनुपर्ने गरी शिक्षकको दरबन्दी कायम हुनुपर्नेमा यस महानगरपालिकामा १ जना शिक्षकले औषतमा २३ जना विद्यार्थीलाई मात्र पठन पाठन गराएको देखियो जुन शिक्षा नियमावलीले तोकेको अनुपात भन्दा ज्यादै कम रहेको छ । पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गर्नुपर्दछ ।

१४७ **नमुना विद्यालय अनुदान**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लगि कार्यसम्पादनमा आधारित अनुदान वापत प्रति विद्यालय रू.३० लाख देखि ६० लाखसम्म अनुदान दिने व्यवस्था छ । साथै उपक्रियाकलपा नं. ९.८ मा चालु आर्थिक वर्षमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबीच सम्झौता गरी शैक्षिक सत्र २०८० को शैक्षिक तथ्याङ्कमा विद्यालयमा १००० सम्म विद्यार्थी भए प्रति विद्यालय रु.३० लाख र १००१ देखि २५०० सम्म विद्यार्थी भए प्रति विद्यालय रू.४५ लाख र २५०० भन्दा बढी विद्यार्थी भए प्रति विद्यालय रू.६० लाख अनुदान उपलब्ध गराउने व्यवस्था छ । उक्त रकम विद्यालयले स्वीकृत गुरुयोजनाको परिधिभित्र रही खर्च गर्ने र पालिकाले सम्झौता अनुसार स्वीकृत क्रियाकलापमा खर्च भए नभएको अनुगमन गर्नुपर्ने व्यवस्था छ। महानगरपालिकाले ४ कोठे भवन र होटल व्यवस्थापन सङ्काय ल्याब व्यवस्थापन कार्यको लागि त्रिभुवन शान्ति माध्यमिक विद्यालयसँग

रू.६१,१२,६२१।४१ को लागत अनुमान तयार गरी मिति २०८१।३।२२ मा सम्पन्न गर्ने गरी सम्झौता गरेको पाइयो । पालिकाले भौचर नम्बर २५।२०८१।१।२३ बाट नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लगि कार्यसम्पादनमा आधारित अनुदान वापत श्री त्रिभुवन शान्ति माध्यमिक विद्यालयलाई रु.१८,००,०००।– र ४७।२०८१।३।२३ बाट रू.३७,००,०००।- समेत रू.५५,००,०००।- अनुदान दिएको छ। पालिकाबाट प्राप्त EMIS तथ्याङ्क विवरण अनुसार उक्त विद्यालयमा ११८९ विद्यार्थी अध्यनरत रहेको पाइयो । कार्यान्वियन पुस्तिका अनुसार उक्त विद्यालयलाई रू.४५,००,०००।– अनुदान निकासा गर्नुपर्नेमा रू.५५,००,०००।– निकासा दिएकोले बढी भुक्तानी भएको रू.१०,००,०००।– असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००,००० |

१४८ **निःशुल्क शिक्षा**

शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत कुल २५४ संस्थागत विद्यालय सञ्चालनमा रहेको विवरण प्राप्त भएको छ । पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्बन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

१४९ **न्यून विद्यार्थी संख्या भएका विद्यालय**

संघीय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ । साथै नियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरु उल्लेख गरेको छ। यस पालिका मातहतमा कुल १९४ सामुदायिक विद्यालय सञ्चालनमा रहेकोमा उक्त विद्यालयहरुलाई यस महानगरपालिकाबाट जम्मा रू.१,२५,९५,२४,९२६।- निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरण अनुसार विभिन्न ७१ विद्यालयमा उपरोक्त कानूनले तोकेभन्दा न्यून संख्यामा विद्यार्थी संख्या रहेको व्यहोरा देखिन आयो। तसर्थ न्यून विद्यार्थी संख्या रहेका विद्यालयहरुलाई उपरोक्त कानून बमोजिम एक आपसमा गाभी विद्यालय व्यवस्थापनलाई चुस्त, प्रभावकारी र मितव्ययी तुल्याउनेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

१५० **बढी निकासा**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१३५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१५१ **स्यानिटरी प्याड**

विद्यालयमा अध्यनरत छात्रालाई सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को १८ को उपदफा ६ बमोजिम विद्यालयले IEMIS मा भरेको विद्यार्थी संख्यालाई आधारमानी ६५ प्रतिशत रकम विद्यालयको खातामा निकासा दिने र निकासा पश्चात खरिद ऐन तथा नियमावली अनुसार खरिद प्रकृया पुरा गरी दाखिला ता वितरणका लागि विद्यालयलाई पत्राचार गर्ने निर्णय गरेको छ । उक्त निर्णयअनुसार IEMIS तथ्याङ्कको आधारमा १०८ विद्यालयका १३२९८ विद्यार्थीलाई १० महिनाको लागि प्रति महिना २ प्याकेटका दरले हिसाब गरी प्रति विद्यार्थी रू.६६०।- को दरले हिसाब गरी भौचर नम्बर २३।२०८१।१।१८ बाट रू.८४,८८,९६०।– निकासा दिएको छ । विद्यालयबाट खरिद गरिएका स्यानेटरी प्याड मध्ये विद्यार्थीलाई वितरण गरी बाँकी रहेको मौज्दातको विवरण प्राप्त हुन आएन । पालिका आफूले कानुनसम्मत खरिद नगरी विद्यालयहरुले स्वयंले खरिद गर्दा खरिद कार्य टुक्रा हुन गएको र प्रतिष्पर्धा समेत न्यून तथा शून्य रहने हुँदा उक्त खरिद कार्य मितव्ययी हुन सकेको पाइदैन । खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

१५२ **विद्यालयको बस खरिद**

महानगरपालिकाले निम्नानुसार विद्यालयले नै खरिद गरी पेस गरेको बिल भरपाईको आधारमा ५० प्रतिशत अनुदानमा गाडी खरिदवापत गो.भौ.नं. ४ मिति २०८०।९।२४ बाट रू.१,०४,८५,२८७।- भुक्तानी दिएको छ। यसप्रकार पालिका आफूले कानुनसम्मत खरिद नगरी विद्यालयहरु स्यवंले खरिद गर्दा खरिद कार्य टुक्रा हुन गएको र प्रतिष्पर्धा समेत न्यून हुँदा उक्त खरिद कार्य मितव्ययी हुन सकेको देखिएन । उक्त बस खरिद गरेको कर विजकको फोटोकपी (सक्कल यातायात कार्यालयमा रहने) पेश हुनुको सट्टा वीमा गरेको विजक, सिट लगायत बनाएको विजक, यातायातमा दर्ता गरेको शुल्क र Clearing र Forwarding Charge को विल विजक मात्र पेश भएकोले गाडी खरिद गरेको विजक पेश हुनुपर्ने रु.

| क्र. सं . | विद्यालयको नाम | बिक्रेताको नाम | विवरण | रकम |
|---|---|---|---|---|
| १ | शान्त मा. वि . | ग्लोबल अटोल्याण्ड प्रा. लि . | ४०+ १ ( ३ x २ ) सिटे बस | १५०९००० |
| २ | ब्रम्हरुपा मा. वि . | सिप्रदी ट्रेडिङ्ग प्रा. लि . | ४० सिटे बस | १४९१००० |
| | | | जम्मा | ३०००००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१,५०९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१,४६४,२८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१,४७५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१,४९१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१,५४६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,००,००० |

१५३ **दिवा खाजा**

पालिकाले विद्यार्थीहरुको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपश्चात मात्र त्रैमासिक रुपमा निकासा गर्नुपर्नेमा विद्यालयले उपलब्ध गराएको हाजिरी विवरणको आधारमा १९४ वटा सामुदायिक विद्यालयको खातामा (पालिकाको थप रू.१० समेत) रु.६,९९,२०,९३७।- निकासा गरेको छ। विद्यालयलाई दिएको निकासाबाट तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन। पालिकाले अनुगमन निरीक्षण गरी कार्यक्रम कार्यान्वियनको प्रगति तथा तोकिएबमोजिमको मार्गदर्शन अनुसार खाजाको मापदण्ड, गुणस्तर लगायतका समग्र कार्यको बिल भरपाई संलग्न गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

१५४ **दिवा खाजा थप**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा १ देखि कक्षा ५ सम्ममा अध्यनरत विद्यार्थीहरुको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने व्यवस्था छ। पालिकाले प्रारम्भिक बालविकास कक्षा १ देखि कक्षा ५ सम्म अध्यनरत विद्यार्थीहरुको लागि

महानगरपालिकाको बजेटमा व्यवस्था गरी प्रति विद्यार्थी रू.१०।– का दरले रू.२,१४,१९,३२२।– थप दिवा खाजा अनुदान निकासा गरेको छ । पालिकाले यसप्रकारको अनुदान सहयोग आन्तरिक स्रोतलाई थप मजबुत बनाएर मात्र उपलब्ध गराउनुपर्दछ।

१५५ **शहिद परिवार आर्थिक सहायता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम खर्च लेख्दा मितव्ययी तवरले गर्नुपर्दछ । महानगर शिक्षा शाखावाट शहिद परिवारका सन्ततिलाई छात्रवृत्ति कार्यक्रम अन्तर्गत दोश्रो जनआन्दोलनका पहिलो शहिद भिमसेन दाहालका छोरा विस्तृत दाहालले चिकित्सा शास्त्र अध्ययन गर्न ईक्छा भएको तर छात्रवृत्तिमा नाम छनौट भएपनि शुल्क तिरेर अध्ययन गर्न आर्थिक अवस्था नाजुक रहेकोले शुल्क तिरेर अध्ययन गर्न मणिपाल शिक्षण अस्पतालमा अध्ययन गर्न ५ वर्षमा रू.१० लाखको दरले रू.४५,९५,७२०।- शुल्क तिरिदिने गरी सहमति भई यस वर्ष रू.१० लाख खर्च लेखेको छ । आर्थिक सहायता सम्बन्धी कार्यविधि तर्जुमा नगरी ५ वर्षमा ४६ लाख शुल्क दायित्व लिँदा महानगरपालिकालाई थप आर्थिक व्ययभार परेको देखिन्छ । यस्तो खर्च लेख्ने मापदण्ड बनाई खर्च गरिनुपर्दछ ।

१५६ **खेलकुदमा भुक्तानी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । महानगर शिक्षा शाखाबाट खेलकुद विकासतर्फ यस वर्ष विभिन्न क्लव तथा समूहहरुलाई खेलकुदको कार्यक्रम आयोजनाका लागि पटके रुपमा निम्नानुसार रू.७९,३४,५१०।- भुक्तानी दिएको छ । सोही प्रकृतिको कार्य ३३ वटै वडाबाट पनि सञ्चालन भएको, कार्यक्रममा दोहोरोपना देखिएको र यस्ता खर्चले पालिकालाई कार्यसञ्चालनमा समेत थप दायित्व सृजना गर्ने हुनाले समान प्रकृतिका कार्यक्रम एकद्वार प्रणालीबाट खर्च गर्नेतर्फ ध्यानदिनुपर्दछ ।

| क्र.सं. | कार्यक्रम | खर्च |
|---|---|---|
| १ | मुयाथाइप्रतियोगिता | ५००००० |
| २ | स्थानिय स्काउट कार्यक्रम | ४००००० |
| ३ | संयोजनमा लेखनाथ हाफ म्याराथुन | ८००००० |
| ४ | पोखरा मार्सलआर्ट फेस्टीभल | १०००००० |
| ५ | नगरस्तरीयक्रिकेट प्रतियोगिता | २००००० |
| ६ | पोखरा रग्वीसेभेन्स (पोखरा रग्वी संघ मार्फत) | ७००००० |
| ७ | आहा रारा गोल्डकप प्रतियोगिता सहायता कार्यक्रम | ३००००० |
| ८ | कब्बडी पालिका स्तरिय भलिबल र राष्ट्रिय हक्की प्रतियोगिता | १७७८९० |
| ९ | विद्यालयस्तरीय ५ कि मि खुल्ला १० कि मि सडक दौड प्रतियोगिता | ३१८३५७ |
| १० | आइ टि एफ टेनिस खेल प्रतियोगिता | ४००००० |
| ११ | राष्ट्रिय साइकल दौड प्रतियोगिता | ५९६११८ |
| १२ | नगरपालिका स्तरीय स्कवासप्रतियोगिता | २००००० |
| १३ | महानगर क्लवस्तरीय कवड्डी प्रतियोगिता | १५०००० |
| १४ | पो म न पा चेस प्रतियोगिता | १५०००० |
| १५ | अपाङ्गता भएकाहरुको विभिन्न खेल क्रिकेट बहिरा फुटबलबास्केटबल बोसिया खेल | ५९०७५४ |
| १६ | खेलकुदसामाग्री खरिद तथा वाल क्लवहरुलाई वितरण | ३५१३९१ |
| १७ | वक्सिङ खेलकुद प्रतियोगिता | ४००००० |
| १८ | विद्यालयस्तरीय ह्याण्डबल प्रतियोगिता | २००००० |
| १९ | माछापुच्छ्रे क्योकुसिन कान कराते प्रतियोगितामासहायता कार्यक्रम | १५०००० |
| २० | मोहन भुगोल ब्याडमिन्टन मार्फत राष्टिय ब्याडमिन्टनप्रतियोगिता | ३५०००० |
| | जम्मा | ७९३४५१० |

१५७ **पूर्ण खोप घोषणा कार्यक्रम** (७८-२०८१-३-१३):

आर्थिक बर्ष २०८०।८१ मा स्थानीय तहहरुवाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु संचालन सम्वन्धी मार्गदर्शन, २०८० को बुँदा नं. २.३ वडामा घरधुरी सर्वेक्षण, वडा भेरिफिकेसन, अनुगमन तथा प्रमाणीकरणको लागि व्यवस्थापन कार्यक्रम अनुसार घरधुरी सर्वेक्षण तथा भेरिफिकेसनका लागि जनशक्ति परिचालन गर्दा प्रति व्यक्ति प्रति दिन यातायात वापत रू.७००।– र स्थानीय तहमा सञ्चालन हुने तालिम तथा अभिमुखिकरणहरुमा सहजकर्ताहरुको पारिश्रमिक प्रति दिन रु ७००।- उपलब्ध गराउनु पर्ने व्यवस्था छ । महानगरपालिकाले पूर्ण खोप घोषणा २०८०।८१ मा वडास्तरमा भेरिफिकेसन गरेवापत तेजाखर लम्सालको पेस्की फर्स्यौट गर्दा निम्नानुसार कर्मचारीहरुले घरधुरी सर्वेक्षण तथा सहजकर्तावापत रू.१५००।– र जनशक्तिपरिचालन वापत रू.१०००।- का दरले रू. ३१८७५।- भुक्तानी गरेको छ । मार्गदर्शन विपरीत बढी भुक्तानी भएको रू.१२२७५। असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| सि.नं. | नाम | दिन | दर | जम्मा | कर कट्टी पछिको भुक्तानी | हुनुपर्ने | बढी |
|---|---|---|---|---|---|---|---|
| १ | भिमा पौडेल | १ | १५०० | १५०० | १२७५ | ७०० | ५७५ |
| २ | सत्य राज साँखी | ३ | १५०० | ४५०० | ३८२५ | २१०० | १७२५ |
| ३ | धर्मराज चौलागाई | १ | १५०० | १५०० | १२७५ | ७०० | ५७५ |
| ४ | विनोद प्रसाद लामिछाने | १ | १५०० | १५०० | १२७५ | ७०० | ५७५ |
| ५ | मिरा बस्नेत | १ | १५०० | १५०० | १२७५ | ७०० | ५७५ |
| ६ | सुजन पौडेल | ३ | १५०० | ४५०० | ३८२५ | २१०० | १७२५ |
| ७ | विशाल पौडेल | १ | १५०० | १५०० | १२७५ | ७०० | ५७५ |
| ८ | रक्षा पोखरेल | १ | १५०० | १५०० | १२७५ | ७०० | ५७५ |
| ९ | सत्य राज साँखी | ३ | १५०० | ४५०० | ३८२५ | २१०० | १७२५ |
| १० | महेन्द्र गुरुङ्ग | २ | १५०० | ३००० | २५५० | १४०० | ११५० |
| ११ | दिपेन्द्न सुनार | २ | १५०० | ३००० | २५५० | १४०० | ११५० |
| १२ | अमृता सुवेदी | १ | १००० | १००० | ८५० | ७०० | १५० |
| १३ | चन्द्रकला कँडेल | १ | १००० | १००० | ८५० | ७०० | १५० |
| १४ | निर्मला राना | १ | १००० | १००० | ८५० | ७०० | १५० |
| १५ | कमला कटवाल | १ | १००० | १००० | ८५० | ७०० | १५० |
| १६ | संगिता शर्मा | १ | १००० | १००० | ८५० | ७०० | १५० |
| १७ | सावित्री लामिछाने | १ | १००० | १००० | ८५० | ७०० | १५० |
| १८ | गिता पौडेल | १ | १००० | १००० | ८५० | ७०० | १५० |
| १९ | रक्षा पोखरेल | १ | १००० | १००० | ८५० | ७०० | १५० |
| २० | अशोक लामिछाने | १ | १००० | १००० | ८५० | ७०० | १५० |
| | | | | जम्मा | ३१८७५ | १९६०० | १२२७५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१,१५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **५७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **५७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१०,५००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१,१५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१,१५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१,१५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **५७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१,१५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **५७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **५७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **३,०२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **५७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **५७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **३,४५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **३,०२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,२७५ |

१५८ **सहभागी यातायात भत्ता**

अर्थ मन्त्रालयबाट स्वीकृत भई जारी भएको कार्य संचालन निर्देशिका, २०७७ को बुंदा नं. ७.१.१५ र प्रदेश खर्चको मापदण्ड, २०७९ को बुँदा नं. ७(५) बमोजिम सार्वजनिक निकायले संचालन गर्ने कार्यक्रममा सहभागीहरुलाई २ दिनसम्म चल्ने कार्यक्रमको लागि एकमुष्ठ रु.२००। र २ दिन भन्दा बढी जतिसुकै दिन भएपनि एकमुष्ठ रु.५००।- यातायात खर्च दिने व्यवस्था छ । त्यस्तै पोखरा महानगरपालिकाको तालिम, गोष्ठी, कार्याशाला तथा अध्ययन भ्रमण सम्बन्धी निर्देशिका, २०७४ को बुँदा नं. ८ मा कुनै पनि कार्यक्रममा सहभागीहरूको यातायात भत्ता अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७३ अनुसार हुने र वडा नं. १ देखि १८ वडासम्म रू.२००।-, १९ देखि २९ सम्म (२० र २८ बाहेक) रू.३००।– र अन्य वडामा रू.४०० हुने उल्लेख छ । पालिकाले निम्नानुसार

तालिम, कार्यक्रम तथा गोष्ठी संचालन गर्दा निर्देशिका बमोजिम यातायात भुक्तानी गर्नुपर्नेमा प्रति दिन रू.६००, ८०० र १०००।- का दरले रु.५,८९,३००।- बढी भुक्तानी गरेकोले असुल हुनुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा १५८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | २,२९,१०० |
|---|---|

१५९ **बढी भुक्तानी** (४३-२०८१-३-२१):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने र उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ । हिमालय टाइम्समा Invitation Bid सम्बन्धी सूचना प्रकाशन गरेवापत सहर्ष सप्लायर्सलाई रू.६१,४४३।- भुक्तानी गर्नुपर्ने रू.६४,३९१।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रू.२९४८। असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | २,९४८ |
|---|---|

१६० **विद्युत महशुलमा जरिवाना**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने र उपदफा (३) मा कुनै कार्यको भुक्तानी गर्नुपर्दा रीतपुर्वकको कागजात प्राप्त भएको मितिले १५ दिन भित्र भुक्तानी आदेश दिने अधिकारीले भुक्तानी दिनुपर्ने उल्लेख रहेको छ । पालिका अन्तर्गतका विभिन्न स्वास्थ्य चौकी तथा स्वास्थ्य महाशाखाको विभिन्न महिनाको विद्युत महसुल भुक्तानी गर्न निम्न कर्मचारीहरूलाई पेश्की उपलब्ध गराएकोमा नेपाल विद्युत प्रधिकरणलाई समयमा महसुल नतिरेकोले जरिवाना तिरी कार्यालयलाई रू.३२,९३३।- बढी दायित्व सिर्जना भएको देखिन्छ । यसरी पालिकाला२ बढी दायित्व सिर्जना गरी गरिएको भुक्तानी नियमसम्मत नदेखिएको रू.

| भौ.नं.।मिति | पेश्की लिनेको नाम | वापत | बिल रकम | जरिवाना |
|---|---|---|---|---|
| १२७।२०८१।२।३१ | लोकराज आचार्य | विद्युत | ६०७५६ | १२४३३ |
| २११।२०८१।३।२४ | लोकराज आचार्य | विद्युत | ३९७२१ | ४६१६ |
| ३१।२०८०।८।७ | स्वास्थ्य महाशाखा | सवारी साधन नवीकरण | १५७०० | ६५२५ |
| ७०।२०८०।१०।९ | लोकराज आचार्य | विद्युत | ४६२३० | ९३५९ |
| | | जम्मा | १६२४०७ | ३२९३३ |

| अनियमित भएको | ३२,९३३ |
|---|---|

१६१ **यातायात भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१०,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१६२ **औषधि खरिद**

१६२.१ पालिकाले यो वर्ष एक बिक्रेताबाट इ बोलपत्रको बिधिबाट, ८ बिक्रेताबाट खुला दरभाउपत्रको माध्यमबाट र जनस्वास्थ्य सम्बन्धी औषधि खरिदमा जम्मा रु.१,४०,१९,३६०।- भुक्तानी गरेको विवरण प्राप्त भएको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन्:

- आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने व्यहोरा खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधि एंव सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
- औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको,

तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसार कै औषधि प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरुको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१६२.२ **(क) औषधि खरिद टुक्राएको:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा रु.२५ लाखसम्मको खरिद कार्य उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्रीमुल्यमा सोझै खरिद गर्न सकिने प्रावधान रहेको छ र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष जनस्वास्थ्य तर्फ औषधि तथा सर्जिकल सामान खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम एक बिक्रेताबाट इ बोलपत्रको बिधिबाट लागत अनुमान भन्दा ५३.२२ प्रतिशत घटी दरमा रु.३७,६८,८७२।५० र ८ बिक्रेताबाट खुला ३ दरभाउपत्रको माध्यमबाट लागत अनुमान भन्दा घटीदरमा रु.१,०२,५०,४४८।- रकमको जनस्वास्थ्य सम्बन्धी औषधि खरिद गरी रु. १,४०,१९,३६०।- भुक्तानी गरेको छ। पालिकाले इबोलपत्रको माध्यमबाट गरेको औषधि खरिदमा ५२.२२ प्रतिशतको घटी दरमा प्रस्ताव स्वीकृत भइ खरिद गरेको अवस्था देखिएकोमा सोझै दरभाउपत्रबाट गरेको खरिदमा शुन्य प्रतिशत घटी दरको प्रतिस्पर्धा भएबाट जनस्वास्थ्य तर्फ औषधि खरिदमा करिव रु.५४,५५,२८८।- रकम कार्यालयलाई थप व्ययभार पारेको देखियो । यसप्रकार टुक्रा गरेर खुला दरभाउपत्रबाट गरिएको खरिदमा बोलपत्रको तुलनामा थप दायित्व पारेको सम्बन्धमा सम्बन्धितको ध्यान जानुपर्ने देखिन्छ ।

| भौ.नं.।मिति | विवरण | आपूर्तिकर्ता | रकम | खरिद विधि |
|---|---|---|---|---|
| ५९, ७४।२०८१।३।६ | औषधि खरिद | चुचचुन फार्मेसी | ३७६८८७२ | इ विड |
| ५।२०८०।१२।८ | आयुर्वेद औषधि खरिद | भास्कर हर्वास्यूटिकल्स प्रा.लि. | ५००००० | कोटेसन |
| २४।२०८०।१२।८ | आयुर्वेद औषधि खरिद | भास्कर हर्वास्यूटिकल्स प्रा.लि. | १४८७९६८ | कोटेसन |
| ७०।२०८१।३।१४ | ल्याबजन्य सामग्री | टोटल मेडिको सोलुसन प्रा.लि. | २९०८७६ | कोटेसन |
| ७१।२०८१।३।१४ | ल्याबजन्य सामग्री | बेस्ट सर्जिकल एण्ड लेबोरेटरी कन्सर्न | ३०५३६६ | कोटेसन |
| ८९।२०८१।३।२२ | सर्जिकल सामग्री | क्लासिक ट्रेड कन्सर्न | ९९२१४ | सोझै |
| ९९।२०८१।३।२३ | अटोक्लेभ मेसिन सेट | क्लासिक ट्रेड कन्सर्न | ४७६९२५ | कोटेसन |
| १००।२०८०।१२।२९ | सर्जिकल सामग्री | आँधीखोला सर्जिकल सप्लायर्स | ४४६३५ | सोझै |
| ३।२०८१।२।२० | अटोक्लेभ मेसिन सेट | आँधीखोला सर्जिकल सप्लायर्स | ४०२४९ | सोझै |
| ४।२०८१।३।२३ | सर्जिकल सामग्री | आँधीखोला सर्जिकल सप्लायर्स | ४९९६८६ | कोटेसन |
| ५।२०८१।३।२४ | ल्याबजन्य सामग्री | टोटल मेडिको सोलुसन प्रा.लि. | ३८७८१ | सोझै |
| ६।२०८१।३।२४ | प्लेटलेट इन्क्युवेटर विथ एजिटेटर | अजम्बरी फर्मास्युटिकल्स | ८७१२३० | कोटेसन |
| ५।२०८०।६।३० | औषधि | चिराग फार्मेसी | ४०२३९५८ | कोटेसन |
| | | जम्मा | १४०१९३६० | |

१६२.३ (ख) औषधिको सदुपयोगः कार्यालयमा गतवर्ष खर्च नभइ योवर्ष मौज्दात सरि आएका, योवर्ष आफैले खरिद गरेका र संघिय तथा प्रदेश सरकारका सम्वन्धित बिभिन्न निकायबाट बिभिन्न समयमा हस्तान्तरण भइ आएका समेतका औषधि, सर्जिकल समान तथा उपकरणहरुको पालिका केन्द्रमा रहेका र मातहतका स्वास्थ्य संस्थामा रहेका औषधि तथा सर्जिकल सामानहरु र उपकरणको कायम मान्य अवधि समेत देखिनेगरअभिलेख अद्यावधिक गरेको देखिन आएन । कार्यालयबाट प्राप्त विवरण अनुसार निम्नानुसार विभिन्न परिमाणका औषधिहरु यो आ व २०८०।८१ को अन्त्यमा म्याद समाप्त भइ प्रयोगमा ल्याउन नसकिने अवस्थामा पुगेको देखियो । जसमध्ये धेरैको मूल्य समेत नखुलेको व्यहोरा प्राप्त विवरणबाट देखियो । म्याद सकिने गरी औषधि खरिद एवं प्राप्ति गर्ने र उपयोग विहिन बनाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र. सं. | व्याच नं. | औषधिको नाम | प्राप्तिको स्रोत | म्याद समाप्त मिति | इकाई | परिमाण | दर | रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | 23819 | IUD CuT 380 A Set # | प्रदेश | 4/30/2024 | Set | 250 | 0 | 0 |
| २ | 24-520 | IUD CuT 380 A Set # | प्रदेश | 9/4/2024 | Set | 531 | 0 | 0 |
| ३ | AE206 | IUD CuT 380 A Set # | प्रदेश | 3/31/2023 | Set | 179 | 0 | 0 |
| ४ | xcxx | Distilled Water 5ml | स्थानीय | 7/31/2023 | Ampoule | 43 | 11.3 | 485.9 |
| ५ | 97D03215 | Antigen Kit Covid-19 # | प्रदेश | 3/31/2023 | Piece | 400 | 438.44 | 175376 |
| ६ | UBE-45 | Chlorhexidine Gel 4% (Navi Malam) Tube # | प्रदेश | 5/31/2024 | Tube | 465 | 24.98 | 11615.7 |
| ७ | UBE-49 | Chlorhexidine Gel 4% (Navi Malam) Tube # | प्रदेश | 5/31/2024 | Tube | 1150 | 24.98 | 28727 |
| ८ | 106363 | Primaquine 7.5 mg Tablet # | प्रदेश | 12/31/2024 | Tablet | 3344 | 0.03 | 111.69 |
| ९ | THS-1167-1174 | Ferrous Sulphate 60 mg + Folic Acid Tab 0.4 mg Tablet # | प्रदेश | 5/31/2023 | Tablet | 123000 | 0.89 | 109470 |
| १० | 1932232 | Retinol (Vitamin A) 200 000 I.U. Capsule # | प्रदेश | 4/30/2024 | Capsule | 13600 | 2.58 | 35084.25 |
| ११ | VN 07 20 | Retinol (Vitamin A) 200 000 I.U. Capsule # | प्रदेश | 4/30/2023 | Capsule | 3400 | 3.44 | 11696 |
| १२ | A103330 | Rifampicin 150 mg Capsule | प्रदेश | 6/30/2023 | Capsule | 1000 | 3.49 | 3490 |
| १३ | CEI23066 | Adrenaline 1:1000 Injection # | स्थानीय | 12/31/2024 | Ampoule | 30 | 28 | 840 |
| १४ | LE12150 | Adrenaline 1:1000 Injection # | प्रदेश | 6/30/2024 | Ampoule | 133 | 11 | 1463 |
| १५ | MPM225378 | Ampicillin 500 mg Injection # | प्रदेश | 11/30/2024 | Vial | 70 | 17 | 1190 |
| १६ | 93C22-01 | Calcium Gluconate 10 ml Injection # | प्रदेश | 1/31/2024 | Ampoule | 750 | 20 | 15000 |
| १७ | LE22157 | Calcium Gluconate 10 ml Injection # | प्रदेश | 12/31/2024 | Ampoule | 320 | 33 | 10560 |
| १८ | 821011AS | Ceftriaxone 1 g Injection # | प्रदेश | 11/30/2023 | Vial | 365 | 30 | 10950 |
| १९ | SCIQ358 | Ceftriaxone 1 g Injection # | प्रदेश | 12/31/2024 | Vial | 250 | 35 | 8750 |
| २० | 18U0882_WHO | Dexamethasone 4 mg / ml Injection # | प्रदेश | 3/31/2023 | Vial | 55 | 0.29 | 15.95 |
| २१ | LE22128 | Frusemide 10 mg / ml 2 ml Injection # | प्रदेश | 11/30/2024 | Ampoule | 635 | 9 | 5715 |
| २२ | GM1261 | Gentamicin 80 mg/2ml Injection # | प्रदेश | 11/30/2023 | Vial | 190 | 15.4 | 2926 |
| २३ | HST012204 | Hydrocortisone Powder for 100 mg Injection with wfi # | प्रदेश | 12/31/2023 | Vial | 425 | 48 | 20400 |
| २४ | HYI306-- | Hyoscine butylbromide 20 mg / ml Injection # | प्रदेश | 2/28/2023 | Ampoule | 684 | 25 | 17100 |
| २५ | LE22088 | Hyoscine butylbromide 20 mg / ml Injection # | प्रदेश | 7/31/2024 | Ampoule | 73 | 14 | 1022 |
| २६ | LE22068 | Metoclopramide 5 mg / ml 2 ml Injection # | प्रदेश | 6/30/2024 | Ampoule | 15 | 10 | 150 |
| २७ | A0371011 | Tranexamic Acid 500 mg Injection | प्रदेश | 10/31/2023 | Ampoule | 70 | 45 | 3150 |
| | ALO1655 | Dextrose 10% Injection | | 11/30/2023 | Bottle | 63 | 39.3 | 2475.9 |

| 107 2081.3.17 | बाटुलेचौर दलित महिला समुह | मल विउ खरिद | अक्सिता पोल्ट्रि फर्म | २५००० |
| जम्मा | | | | ३२५००० |

| अनियमित भएको | ३,२५,००० |
|---|---|

१८०.५ **(घ)तेश्रो पक्षबाट कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १० अनुसार उपभोक्ता समितीसँग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । उपभोक्ता समितिसँग सम्झौता गरि गराइएका कार्यहरू उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको पाइयो । आफैले नगरी तेस्रो पक्षबाट गराएबाट नियम बमोजिम उपभोक्ता समितिलाई कालो सुचीमा राख्नुपर्नेमा सो बमोजिम गरेको देखिन आएन ।यसको उदाहरण निम्न छ ।

| गो.भौ. नं / मिति | कामको विवरण | समितिलाई भुक्तानी रु | काम गरेको तेश्रो पक्ष |
|---|---|---|---|
| ४६ २०८०।१२।८ | वडा भित्रका सडकका पहिरो पन्छाउने तथा भवन पुर्ने कार्य उ स | ८५१५४८ | रिच पोखरा कन्स्ट्रक्सन प्रा लि को मेसिन प्रयोग गरी पहिरो पन्छाउने तथा भुवान पुर्ने<br>कर्यि गरी सबै रकम उपभोक्ता समिति मार्फत भुक्तानी लिएको । |

१८०.६ **अनुत्पादक एवं वितरणमुखी खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा केही भौचरहरू परीक्षण गर्दा वडाले देहाय बमोजिम दीर्घकालीन रूपमा रोजगारी सिर्जना नहुने वितरणमुखी कार्यमा रकम खर्च गरेको देखिन्छ। यसबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। यस्ता केही खर्च देहायअनुसार छन्ः

| गोभौ नं मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १२ २०८०।७।१६ | तिज गित कार्यक्रम | हिमालय क्लब पोखरा १६ | २५००० |
| २९ २०८०।१०।४ | कृष्ण भजन प्रतियोगिता | शुक्ला साहित्य प्रतिष्ठान | २५००० |
| ४९ २०८०।१२।२१ | भलिवल खेल सहयोग | शान्ति उदय आमा समूह | २५००० |
| ४२ २०८०।११।१८ | वडा अध्यक्ष भलिवल कप | नमुना क्लब पोखरा १६ तुम्के | १५६००० |
| ४० २०८०।११।१६ | के पि वली कृकेट प्रतियोगिता | मदन भण्डारी स्पोर्टस एकेडेमि | २५००० |
| ९६ २०८१।३।१३ | राजपधेरा भेट्रान भलिवल प्रतियोगिता | राजपधेरा टोल विकास संस्था | २५००० |
| ८८ २०८१।३।६ | व्याडमिन्टन खेलकुद सहयोग | विशाल बस्नेत(मोहन भुगोल व्याडमिन्टन फाउन्डेसन) | ३०००० |
| ८१ २०८१।२।३२ | सास्कृतिक कार्यक्रम | विन्देश्वरी युवा क्लव | १०००० |
| जम्मा | | | ३२१००० |

१८०.७ **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । प्राप्त विवरण अनुसार यस वडाले देहाय बमोजिम विभिन्न प्रयोजनको लागि यो वर्ष बिभिन्न ९ जना व्यक्ति एवं संघ संस्थालाई वडा वडाध्यक्षको तोक आदेशबाट जम्मा रु.११६०००।- आर्थिक सहायता वितरण गरेको बिबरण प्राप्त भएको छ।यस्तो खर्चमा कानुनको पूर्ण पालना गर्दै मितव्ययिता कायम गर्नु पर्दछ।

| गो भौ मिति | विवरण | सहयोग पाउने | रकम |
|---|---|---|---|
| १५ २०८०।८।७ | आर्थिक सहयोग उपचार खर्च | भरत आचार्य | १०००० |
| १६ २०८०।८।१३ | आर्थिक सहयोग र राहात वितरण | कुसुम आचार्य | १०००० |
| | आर्थिक सहयोग र राहात वितरण | गोविन्द दमाई | १०००० |
| | आर्थिक सहयोग र राहात वितरण | तेज बहादुर सार्की | १०००० |
| | आर्थिक सहयोग र राहात वितरण | माधव खत्री | १०००० |
| | आर्थिक सहयोग र राहात वितरण | विल बहादुर वि क | १०००० |
| १८ २०८०।८।१४ | आर्थिक सहयोग राहात | सीता सुनार कामी | १०००० |
| २० २०८०।८।२१ | आर्थिक सहयोग उपचार खर्च | भरत आचार्य | ३६००० |
| २२ २०८०।८।२७ | आर्थिक सहयोग राहात | पुर्ण कुमारी दमै | १०००० |
| | | | ११६००० |

१८०.८ **कन्टिन्जेन्सी खर्चः** सार्वनिक खरिद नियमावली, २०६४ को नियम १० उपनियम (७) र अनुसुची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ज स्टाफ खर्च २ र सानातिना अन्य खर्च २ गरी ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्ने व्यवस्था छ। गण्डकी प्रदेश खर्च मापदण्ड २०७९ को दफा १४ मा कन्टिन्जेन्सी निर्धारण गर्दा आवश्यकता र मितिव्ययितालाई ध्यानमा राखी कन्टिन्जेन्सी छुट्याउन सकिने र आवश्यकता नपर्ने भएमा कन्टिन्जेन्सी रकम छुट्याउन नहुने उल्लेख छ । कन्टिन्जेन्सी रकम छुट्याउँदा प्रचलित खरिद कानुन बमोजिम वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्चमा समेत लागत अनुमान तयार गर्दा नै प्रष्ट खुलाई अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने, लागत अनुमानमा व्यवस्था भए बमोजिम कन्टिन्जेन्सी रकम भुक्तानी रकमको अनुपातमा पारदर्शी, मितव्ययी र औचित्यपूर्ण तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। पोखरा महानगर पालिका वडा नं १६ ले योवर्ष कन्टिन्जेन्सीबाट देहाय

बमोजिम रु ३१८३०० खर्च लेखेको छ । यस वडा कार्यालय भित्र यसको भुगोल, क्षेत्र र योजनाको प्रकृति अनुसार सवारी मर्मत तथा भाडा, इन्धन, सूचना प्रकाशन, ज्याला, दैनिक भ्रमण भत्ता, सुपरभिजन जस्ता कार्यमा कन्टिन्जेन्सीबाट खर्च गर्न मिल्ने देखिदैन । कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी कितावमा उल्लेख गर्नु पर्नेमा सो समेत गरेको छैन । लागत अनुमान तयार गर्दा वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्च समेत खुलाएको छैन । एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखाङ्कन गर्नुपर्नेमा देहाय बमोजिमको खर्च सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेबाट पालिकालाई थपव्ययभार पारेको देखिएको हुँदा जिम्मवेवार पदाधिकारी र व्यक्तिलाई कानुनबमोजिम जवाफदेही तुल्याउनुपर्ने देखिएको रु.

| क्र सं | खर्च शीर्षक | खर्च रकम |
|---|---|---|
| १ | खाजा/खाना समेत बिबिध खर्च | ३३१५ |
| २ | कार्यालय संचालन खर्च | २५०४६५ |
| ३ | मर्मत खर्च | ६४५२० |
| | जम्मा | ३१८३०० |

| | |
|---|---|
| अनियमित भएको | ३,१८,३०० |

१८१ **वडा नं. ८ तर्फ**

१८१.१ **उपभोक्ता समितिबाट गराएको कामः** वडा कार्यालयले यो वर्ष गरेको पूंजीगत खर्च मध्ये २२ वटा उपभोक्ता समितिहरुबाट रु.१६३३६६७४ को कार्य गराएकोमा रु. २६९३७८४। को कार्य लागत/ जनसहभागिताबाट गराइ बाकी रु. १२९९६३३५। वडा कार्यालयबाट भुक्तानी भएको विवरण प्राप्त भएको छ ।

| उपभोक्ता समिति संख्या | लागत अनुमान | सम्झौता रकम | जम्मा भएको काम | कार्यालयबाट भुक्तानी | लागत/जनसहभागिताबाट भएको |
|---|---|---|---|---|---|
| २२ | १४८७७८३६ | १६८७९२६८ | १६३३६६७४ | १२९९६३३५ | २६९३७८४ |

उक्त कारोबारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१८१.२ **(क) न्युन विजकिकरणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । वडा अन्तर्गत उपभोक्ता समिति मार्फत गराएको कार्यहरूमा निम्नानुसार जिल्ला दररेट अनुसार निर्माण सामग्रीहरूको दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा निर्माण सामग्री खरिदको बिल पेस गरेकोले निम्नानुसार बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| भौ नं र मिति | उपभोक्ता समिति | सामग्री | परिमाण(बोरा/ घमी) | भुक्तानी दर भ्याट सहित | खरिद दर भ्याट सहित | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ४ २०८०।९।२२ | छहारि मार्ग भीत्री बाटो ढलान उपभोक्ता समिति | ढुङ्गा | २२ | २६१० | १३५६ | २७५८८ |
| ६ २०८०।९।२९ | एर्पोट टोल मिलन पथ बाटो ढलान उ स | गिट्टी | २२ | २३४२ | १७९७ | ११९९७ |
| | | ढुङ्गा | ३० | २६१० | १३५६ | ३७६२० |
| १४ २०८०।१२।१ | सोपाल समाज घर ढुङ्गा विच्छाउने उ स | ओपिसी | २५ | ७८८ | ६५० | ३४६१ |
| | | पिपिसी | ५० | ६८६ | ५४८ | ६९२२ |
| १७ २०८०।१२। २६ | एन सि सि बैक भित्रि बाटो ढलान उ स | ढुङ्गा | १२० | २६१० | १७९९ | ९७३२५ |
| | | ओपिसी | १३२० | ७८८ | ६८० | १४२४५४ |
| | | गिट्टी | १८० | २३४२ | १५९९ | १३३७४९ |
| | | बालुवा | ७३ | २७४१ | ११५४ | ११५८७१ |
| २० २०८०।१२। २७ | कोमल मार्ग ढल मर्मत उ स | ढुङ्गा | १७ | २६१० | ११९८ | २४००७ |
| ३७ २०२०८१।२। ३१ | चालिसे मार्ग बाटो तथा ढल मर्मत उ स | पिपिसी | २७ | ६८६ | ६५० | ९९२ |
| | | ढुङ्गा | २० | २६१० | १८०० | १६१९८ |
| ३५ २०८१।२।२७ | मिलिजुली बाटो निर्माण उ स | ओपिसी | १२ | ७८८ | ६८० | १२९५ |
| | | इट्टा | १००० | १८ | १७ | १०५० |
| | | ढुङ्गा | २२ | २६१० | १६९५ | २०१३० |
| २७ २०८१।२।२७ | जनप्रिय शिवमन्दिर दक्षिणतर्फको बाटो निर्माण समिति | पिपिसी | १५ | ६८६ | ६०० | १२९७ |
| | | ढुङ्गा | २५ | २६१० | २००० | १५२४८ |
| | | | | | जम्मा | ६५७२०४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,५७,२०४ |

१८१.३ **(ख) बढी भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ ।गो भौ नं र मिति १३ २०८०। १२।६ पशुपती मन्दिर उपभोक्ता समिति द्धारा गरिएको कार्यमा मुल्याङकन रकम रु २१६७१६ को जनसहभागिताको अंश २० प्रतिशत कट्टा गरि रु १७३३७३ भुक्तानी दिनुपर्नेमा त्यसो नगरी रु १८०००० भुक्तानी भएकाले बढी भएको भुक्तानी असुल गर्नुपर्ने रु

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **३,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,६२७ |

१८१.४ **(ग) प्रमाण पेश गर्नुपर्नेः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१२५,१३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१८१.५ **सफ्टवेयर खरिदः** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । वडाले देहायबमोजिमका गो भौ र मिति बाट विभिन्न सफ्टवेयर खरिद तथा बार्षिक सपोर्ट वापतको विभिन्न आपुर्ती कार्तालाई भुक्तानी गरि खर्च गरेकोमा खरिद भएको सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

| **गो भौ मिति** | **सफ्टवयर** | **आपुर्तिकर्ता** | **भुक्तानी रकम** |
|---|---|---|---|
| २४१२०८०।७।१ | दर्ता चलानी र सिफारिस प्रणालि | स्पाइरल टेक्नोलोजिज प्रा लि | ३४८८३१ |

१८१.६ **अनुत्पादक एवं वितरणमुखी खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन¸ २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा केही भौचरहरू परीक्षण गर्दा वडाले देहाय बमोजिम दीर्घकालीन रूपमा रोजगारी सिर्जना नहुने वितरणमुखी कार्यमा रकम खर्च गरेको देखिन्छ। यसबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। यस्ता केही खर्च देहायअनुसार छन्-

| गोभौ नं मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| २४ २०८०।७।१९ | तिज दर खाने कार्यक्रम | सीता पहारी पौडेल | ६५९८० |
| ७० २०८०।१०।७ | जालपादेवि नवदुर्गा महोत्सब | जालपादेवि बहुउद्देशिय बिकास समिति | १०००० |
| ६७ २०८०।१०।७ | कृष्ण भजन प्रतियोगिता | शुक्ला साहित्य प्रतिष्ठान | ५००० |
| ६६ २०८०।१०।७ | भलिवल प्रतियोगिता | आशिर्वाद क्लब अफ नेपाल | ५००० |
| ५६ २०८०।९।२३ | व्याडमिन्टन सामाग्रि वितरण | युनिक व्याडमिन्टन क्लब | १९९५० |
| ९८ २०८०।११।२१ | ट्याक्सुट वितरण | मार्सल ट्रेडर्स | १००००० |
| ९५ २०८०।११।२० | आहारारा पोखरा गोल्डकप | सहारा क्लब | १९५५० |
| ९२ २०८०।११।२४ | तिज कार्यक्रम | पर्यटन व्यवसायी महिला संघ नेपाल | ७००० |
| ७३ २०८०।१०।१० | के पि ओलि कप टि २० क्रिकेट प्रतियोगिता | मदन भण्डारी स्पोर्टस् एकेडेमी | २०००० |
| १०२ २०८०।१२।६ | पोषाक र शैक्षिक सामाग्रि वितरण | जनप्रिय मा वि | २००००० |
| १०७ २०८०।१२।२६ | महायज्ञ सहयोग | पुष्करीणी परोपकार गोकुलधाम | ५५५५५ |
| 121 2081.1.2 | ह्इलचियर वितरण | सन्देश साइन्स हाउस | २८५०० |
| १५४ २०८१।२।६ | गाइजात्रा पर्व सहयोग | बगालेटोल सुन्दरमार्ग टोल विकास संस्था | ५३७०० |
| १४९ २०८१।२।१ | खेलकुद तथा थेरापी सामान वितरण | अटिजम केयर सोसाईटी गण्डकी | १४८३९८ |
| १४२ २०८१।१।१८ | खाद्यान्न वितरण | नौलो बिहानी पोखरा | २०००० |
| १७७ २०८१।२।२२ | पोषाक खरिद | विशेष सुबेदी | १०००० |
| २०७ २०८१।३।२ | लाखे नाच सामान खरिद | जाल्पादेवी नेवा ल्याम्ह पुच | ४९००० |
| २२२ २०८१।३।१० | लाखे नाच सहयोग | नेवा पुच | २५००० |
| जम्मा | | | ८४२६३३ |

१८१.७ **कन्टिन्जेन्सी खर्चः** सार्वननिक खरिद नियमावली, २०६४ को नियम १० उपनियम (७) र अनुसुची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ज स्टाफ खर्च २ र सानातिना अन्य खर्च २ गरी ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्ने व्यवस्था छ। गण्डकी प्रदेश खर्च मापदण्ड २०७९ को दफा १४ मा कन्टिन्जेन्सी निर्धारण गर्दा आवश्यकता र मितिव्ययितालाई ध्यानमा राखी कन्टिन्जेन्सी छुट्याउन सकिने र आवश्यकता नपर्ने भएमा कन्टिन्जेन्सी रकम छुट्याउन नहुने उल्लेख छ । कन्टिन्जेन्सी रकम छुट्याउँदा प्रचलित खरिद कानुन बमोजिम वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्चमा समेत लागत अनुमान तयार गर्दा नै प्रष्ट खुलाई अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने, लागत अनुमानमा व्यवस्था भए बमोजिम कन्टिन्जेन्सी रकम भुक्तानी रकमको अनुपातमा पारदर्शी, मितव्ययी र औचित्यपूर्ण तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। पोखरा महानगर पालिका वडा नं ८ ले योवर्ष कन्टिन्जेन्सीबाट देहाय बमोजिम रु ७७५६० खर्च लेखेको छ । यस वडा कार्यालय भित्र यसको भुगोल, क्षेत्र र योजनाको प्रकृति अनुसार सवारी मर्मत तथा भाडा, इन्धन, सूचना प्रकाशन, ज्याला, दैनिक भ्रमण भत्ता, सुपरभिजन जस्ता कार्यमा कन्टिन्जेन्सीबाट खर्च गर्न मिल्ने देखिदैन । कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी कितावमा उल्लेख गर्नु पर्नेमा सो समेत गरेको छैन । लागत अनुमान तयार गर्दा वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्च समेत खुलाएको छैन । एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखाङ्कन गर्नुपर्नेमा देहाय बमोजिमको खर्च सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेबाट

पालिकालाई थपव्ययभार पारेको देखिएको हुँदा जिम्मवेवार पदाधिकारी र व्यक्तिलाई कानुनबमोजिम जवाफदेही तुल्याउनुपर्ने देखिएको रु.

| क्र सं | खर्च शीर्षक | भुक्तानी रकम |
|---|---|---|
| १ | खाजा/खाना समेत बिबिध खर्च | १३८०० |
| २ | अनुगमन/दैनिक भ्रमण खर्च | ६०००० |
| ३ | कार्यालय संचालन खर्च | ३७६० |
| | जम्मा | ७७५६० |

| | |
|---|---|
| अनियमित भएको | ७७,५६० |

१८२ **वडा नं. ९ तर्फ**

१८२.१ **उपभोक्ता समितिबाट गराएको कामः** वडा कार्यालयले यो वर्ष गरेको पूंजीगत खर्च मध्ये ३३ वटा उपभोक्ता समितिहरुबाट रु. २९४२२८१० को कार्य गराएकोमा रु. २१२९१८३। को कार्य लागत/ जनसहभागिताबाट गराइ बाँकी रु. २४९९७८२०। वडा कार्यालयबाट भुक्तानी भएको बिवरण प्राप्त भएको छ ।

| उपभोक्ता समिति संख्या | लागत अनुमान | सम्झौता रकम | जम्मा भएको काम | कार्यालयबाट भुक्तानी | लागत/जनसहभागिताबाट भएको |
|---|---|---|---|---|---|
| ४४ | ३०९७८२०८ | ३०९७८२०८ | २९४२२८१० | २४९९७८२० | २१२९१८३ |

उक्त कारोबारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१८२.२ **(क) न्युन विजकिकरणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । वडा अन्तर्गत उपभोक्ता समिति मार्फत गराएको कार्यहरूमा निम्नानुसार जिल्ला दररेट अनुसार निर्माण सामग्रीहरूको दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा निर्माण सामग्री खरिदको बिल पेस गरेकोले निम्नानुसार बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.

| भौ नं र मिति | उपभोक्ता समिति | सामग्री | परिमाण(बोरा/घमी) | भुक्तानी दर भ्याट सहित | खरिद दर भ्याट सहित | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ७ २०८०।१०।१४ | सितापाइला जलारी समाज पोखरा ९ | ओपिसी | ६७ | ७८८ | ६५० | ९२७५ |
| | | ओपिसी | १५ | ७८८ | ७१४ | १११० |
| ९ २०८०।११।८ | शान्तिवन हुदै घाट जाने वाटो निर्माण उ स | पिपिसी | २० | ६८६ | ५७० | २३३९ |
| | | पिपिसी | ३०० | ६८६ | ५९९ | २६२७४ |
| ११ २०८०।११।८ | चण्डी माइ सेवा समिति | पिपिसी | १४० | ६८६ | ५४८ | १९३८० |
| | | ओपिसी | ३५ | ७८८ | ६२२ | ५८३४ |
| १५ २०८०।१२।६ | नागढुङ्गा व्यामशाला ट्रस्ट निर्माण उ स | ओपिसी | ५० | ७८८ | ६२९ | ७९३९ |
| | | इट्टा | १००० | १८ | ९ | ८९६० |
| | | गिट्टी | २० | २३४२ | ११९९ | २२८६१ |
| | | ढुङ्गा | १४ | २६१० | ७९९ | २५३५५ |
| | | ओपिसी | ८० | ७८८ | ६२५ | १३०६३ |
| २५ २०८१।२।१ | तमु धिँ नेपाल | पिपिसी | ११३ | ६८६ | ५२९ | १७८१३ |
| | | गिट्टी | २५ | २३४२ | २०३४ | ७७०० |
| | | ढुङ्गा | ३० | २६१० | २०३४ | १७२८० |
| २१ २०८१।२।१ | शान्तिघाट गेट देखि सेति नदी जाने नालि बाटो ढलान निर्माण उ स | पिपिसी | ९१ | ६८६ | ६०३ | ७५५८ |
| | | पिपिसी | ४२५ | ६८६ | ५५९ | ५४०३० |
| | | बालुवा | ३१६ | २७४१ | ९४९ | ५६६२०९ |
| | | ढुङ्गा | ११० | २६१० | ९०४ | १८७६६० |
| १७ २०८०।१२।१४ | कृष्ण टोल विकास संस्थाको भवन मर्मत संभार उ स | ओपिसी | ५० | ७८८ | ५५० | ११८९४ |
| | | बालुवा | ३३ | २७४१ | १८०० | ३१०५० |
| ३१ २०८१।२।१८ | कृष्ण मन्दिर निर्माण निरन्तर योजना उ स | पिपिसी | १३६ | ६८६ | ५२९ | २१४३९ |
| ५६ २०८१।३।२३ | संग्रालय पुर्विभाग बाट सिद्ध मार्ग हुदै नदि सम्म नाला तथा ढल निर्माण उ स | पिपिसी | १७० | ६८६ | ५५९ | २१६१२ |
| | | ओपिसी | ६३५ | ७८८ | ४४६ | २१७०६२ |
| | | पिपिसी | २२० | ६८६ | ५५४ | २९२१२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५५ २०८१।३।२३ | तुल्सीघाट देखि रामघाट सम्मको पदमार्ग तथा साइकल लेन निर्माण उ स | ओपिसी | ८९० | ७८८ | ६७२ | १०३०८९ |
| | | बालुवा | १७ | २७४१ | १८०० | १५९९५ |
| | | गिट्टी | ३६ | २३४२ | १०९९ | ४४७३० |
| | | गिट्टी | ४५ | २३४२ | १८०८ | २४०३० |
| | | ढुङ्गा | ६५ | २६१० | १६९५ | ५९४७५ |
| ५४ २०८१।३।२३ | नेपाल रेडक्रस सोसाइटी पोखरा ९ उपसाखा भवन मर्मत | ओपिसी | १४५ | ७८८ | ६७२ | १६७९५ |
| ५० २०८१।३।२१ | शान्तिबन गेट देखि चाईनापुल सम्मको नालि ढल निर्माण उ स | पिपिसी | १६० | ६८६ | ५५९ | २०३४१ |
| | | ओपिसी | ३०० | ७८८ | ६७० | ३५४२७ |
| | | ओपिसी | १२७ | ७८८ | ५२९ | ३२९३६ |
| | | ओपिसी | १३० | ७८८ | ६०० | २४४६० |
| | | पिपिसी | ७० | ६८६ | ५३० | १०९५६ |
| | | पिपिसी | १४५ | ६८६ | ६०० | १२५३५ |
| ४९ २०८१।३।२१ | क्षेत्री समाज नेपाल निर्माण समिति | बालुवा | ४० | २७४१ | १९२१ | ३२८०० |
| | | ओपिसी | २०० | ७८८ | ६२० | ३३५६२ |
| | | | | | जम्मा | १८०००४० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,००,०४० |

१८२.३ **(ख) जनसहभागिता शुन्य भएका योजनाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १क मा एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ तथा सोहि नियमको ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । त्यस्तै गण्डकी प्रदेश सरकारको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा उपभोक्ताको लागत सहभागितामा सञ्चालन हुने आयोजनाको कार्यान्वयन उपभोक्ता समितिबाट गर्न प्राथमिकता दिनुपर्ने, दफा ६ मा उपभोक्ता समितिको लागत सहभागिता कम्तीमा १० प्रतिशत हुनुपर्ने व्यवस्था छ । महानगरपालिकाले आफ्नो सार्वजनिक खरिद नियमावली, २०७७ को पहिलो संशोधन(मिति २०७७ माघ २४) बाट उपभोक्ता समितिबाट सञ्चालित योजनाहरूमा जनसहभागिता शुन्य बनाउन सकिनेगरि कार्यपालिकाले मनासिव कारण सहितको प्रस्तावबाट निर्णय गर्न सक्ने व्यवस्था गरेको देखिन्छ । सोही व्यवस्थालाई आधार मानि कार्यपालिकाबाट विद्यालय भवन र कम्पाउण्ड वाल, जेष्ठ नागरिक भवन, पार्क, विपद व्यवस्थापन, मठ मन्दिर,क्रिया पुत्री भवन, सार्वजनिक शौचालय, चौतारी, पोखरी निर्माणमा जनसहभागिता नलाग्ने निर्णय गरी उक्त कार्यहरूमा जनसहभागिता जुटाएको देखिदैन । यसरी संघीय तथा प्रादेशिक खरिद ऐन तथा नियमावलिमा जनसहभागिता शुन्य हुने वा जनसहभागितानै नहुने व्यवस्था नरहेको अवस्थामा समेत जनसहभागिता नहुने कार्यमा उपभोक्ता समितिद्धारा कार्य गराउन सकिने देखिदैन । उपभोक्ता समितिबाट गरिने कार्यहरूमा उपभोक्ताहरूको समेत जनसहभागिताको अंश रहने गरी कार्य गराउनुपर्दछ । उपभोक्ता समितिबाट कार्य गराउँदा उपभोक्ताबाट हुने जनसहभागिताको अंश समेत भुक्तानी हुँदा पालिकालाई थप व्ययभार पर्न गएको रु

| भौ नं र मिति | उपभोक्ता समिति | ला अ | मूल्याङ्कन एवं भुक्तानी | न्युनतम १० प्रतिशत जनसहभागिता रकम (रु.) |
|---|---|---|---|---|
| ९ २०८०।११।८ | शान्तिवन हुदै घाट जाने वाटो निर्माण उ स | १०००८६७ | ९९९८७८ | ९९९८८ |
| ११ २०८०।११।८ | चण्डी माइ सेवा समिति | १५०००००० | १४९९४९८ | १४९९५० |
| १३ २०८०।११।१६ | महेन्द्रपुल नाग मन्दिर जिर्णोद्धार उ स | ४१८४६४ | ४१८२७८ | ४१८२८ |
| २३ २०८१।२।१ | रमघाट सौन्दर्यकरण कार्य उ स | ४९९५५० | ४८४९९८ | ४८५०० |
| २१ २०८१।२।१ | शान्तिघाट गेट देखि सेति नदी जाने नालि बाटो ढलान निर्माण उ स | १५०००००० | १४९९३१२ | १४९९३१ |
| १६ २०८०।१२।६ | साहारा बाल आधारभुत विद्यालय | ७००००० | ६९८२३८ | ६९८२४ |
| २९ २०८१।२।१८ | नागढुङ्गा पार्क निर्माण उ स | २००००० | १९८८१२ | १९८८१ |
| ५५ २०८१।३।२३ | तुल्सीघाट देखि रामघाट सम्मको पदमार्ग तथा साइकल लेन निर्माण उ स | ३००००००० | २६९९६७० | २६९९६७ |
| ५४ २०८१।३।२३ | नेपाल रेडक्रस सोसाइटी पोखरा ९ उपसाखा भवन मर्मत | १०००००० | ९३५००० | ९३५०० |
| ५३ २०८१।३।२३ | साघुँमुख क्रियापुत्री भवन मर्मत संभार तथा पन नर्माण उ स | ५००००० | ४९६९१८ | ४९६९२ |
| ९० २०८१।३।२१ | रामघाट सौन्दर्यकरण कार्य उ स | ५००००० | ४९२४२१ | ४९२४२ |
| जम्मा | | | | १०४२३०२ |

| अनियमित भएको | १०,४२,३०२ |
|---|---|

१८२.४ **(ग) उपभोक्ता समितिद्धारा खरिद:** सार्वजनिक खरिद नियमावलिको नियम ९७ मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गर्न सकिने व्यवस्था रहेको छ साथै सो नियमावलीमा उपभोक्ता समितिले सामाग्री खरिद गर्न पाउने कुनै व्यवस्था गरेको देखिदैन । कानूनी व्यवस्था अनुसार निर्माण कार्यमात्र उपभोक्ता समिति द्धारा गराउनुपर्ने व्यवस्था हुँदा हुँदै तपसिल बमोजिमको मालसामानमा खरिद समेत उपभोक्ता समिति मार्फत गरिएको नियमसम्मत नभएको रु.

| गो भौ मिति | उपभोक्ता समिति | सामग्री | आपुर्तिकर्ता | भुक्तानी |
|---|---|---|---|---|
| १२ २०८०।११।८ | शान्तिटोल दर्शन टोल विकास संस्था | विधुतिय उपकरण | सम्पूर्ण मेसिनरी एण्ड टुल्स | ५१९२३ |
| २३ २०८१।२।१ | रमघाट सौन्दर्यकरण कार्य उ स | शिव लिङ्ग र मुर्ती खरिद | एच यू सप्लायर्स | ४८४९९८ |
| ३७ २०८१।३।१६ | उज्यालो वडा कार्यक्रम कार्यान्वयन समिति | सडक बत्ति | नविन इलेक्ट्रिक | ६९८४०० |
| ३४ २०८१।३।११ | नेपाली काँग्रेस कास्की | साउन्ड सिस्टम | वन स्टप इलेक्ट्रोनिक्स | १३५६१९ |
| ३३ २०८१।२।२५ | पोखरा बहुमुखि क्याम्पस | सि सि क्यामेरा | आइ टि कि प्रा लि | १४४५०० |
| २६ २०८१।२।१ | लि ल फङ घले समाज कास्की | स्टील टेवल | शिव शक्ती स्टील फर्निचर उद्योग | ५०००० |
| ४६ २०८१।३।२१ | टोल विकास संस्था वडा समन्वय समिति वडा नं ९ पोखरा | पार्श्वचित्र छपाई | प्रतिक अफसेट प्रेश | २००००० |
| ४४ २०८१।३।२१ | सितापाईला जलारी समाज पोखरा ९ | फर्निचर | एस आर एम ट्रेड एण्ड सप्लायर्स | ८९९७० |
| | सिद्धमार्ग भवन निर्माण निरन्तर योजना उ स | फर्निचर | एस आर एम ट्रेड एण्ड सप्लायर्स | ८९९७० |
| १४ २०८०।९।१७ | टोल विकास संस्था वडा समन्वय समिति वडा नं ९ पोखरा | बाद्य्यवादन सामाग्रि | अनुप ट्रेडर्स | २५००० |
| ८ २०८०।८।१९ | नवप्रभात माध्यामिक विद्यालय | साउन्ड सिस्टम | वन स्टप इलेक्ट्रोनिक्स | १३०००० |
| ६ २०८०।८।१८ | नयाँबजार साँस्कृतिक समिति | बाजा खरिद | | ५०००० |
| जम्मा | | | | २१५०३८० |

| अनियमित भएको | २१,५०,३८० |
|---|---|

१८२.५ **(घ)नगरेको कामको भुक्तानीः** ५० २०८१।३।२१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । शान्तिबन गेट देखि चाईनापुल सम्मको नालि ढल निर्माण उ स द्धारा गरिएको कार्यमा ल्याव टेष्ट वापतको रू.१००००।- भुक्तानी भएको देखिन्छ । सो त्याव टेष्टको विल भर्पाइ र ल्याव टेष्टको रिपोर्टको प्रमाण पेश भएको देखिदैन । यसरी विल भर्पाई प्रमाण प्राप्त नगरी बढी गरिएको भुक्तानी रकम सम्बन्धित बाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १०,००० |
|---|---|

१८२.६ **(ङ) नर्म्स फरकपारी भुक्तानीः** ५६ २०८१।३।२३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ ।

संग्राहलय पूर्विभागबाट सिद्ध मार्ग हुँदै नदी सम्म नाला तथा ढल निर्माण उ स दारा गरिएको कार्यमा निम्नानुसारको आइटममा दिनुपर्ने भन्दा बढी दरमा भुक्तानी दिइएकोले बढी हुन गएको भुक्तानी सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| आइटम | परीमाण(घमी) | भुक्तानी दर | हुनुपर्ने दर | फरक दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| RCC M20 | ८९ | १५२२२ | ११५८४ | ३६३८ | ३२३७८२ |

| असुल गर्नुपर्ने | ३,२३,७८२ |
|---|---|

१८२.७**बढी भुक्तानीः** २५ २०८१।२।१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । तमु धिँ नेपाल द्धारा गरिएको निर्माण कार्यको item 4 मा भएको brick bhatta brick in cs morter1:6 को ३.४ घनमिटर को नापि कितावमा मुल्याङकन भइ भुक्तानि भएकोमा सो कार्यमा लाग्ने इट्टा ५३० का दरले १८०२ पिस इट्टाको विल पेश हुनुपर्नेमा सो भएको देखिदैन । यसरी विल भर्पाई नभइ भुक्तानी भएकाले रेट एनलाइसिस मा राखिएको इट्टाको मुल्य १९.४४ प्रति गोटा को रु ३५०३० को भ्याट वापतको रकम भुक्तानी भएकोमा सम्बन्धित बाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ४,५५४ |
|---|---|

१८२.८**कन्टिन्जेन्सी खर्चः** सार्वननिक खरिद नियमावली, २०६४ को नियम १० उपनियम (७) र अनुसुची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ज स्टाफ खर्च २ र सानातिना अन्य खर्च २ गरी ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्ने व्यवस्था छ। गण्डकी प्रदेश खर्च मापदण्ड २०७९ को दफा १४ मा कन्टिन्जेन्सी निर्धारण गर्दा आवश्यकता र मितिव्ययितालाई ध्यानमा राखी कन्टिन्जेन्सी छुट्याउन सकिने र आवश्यकता नपर्ने भएमा कन्टिन्जेन्सी रकम छुट्याउन नहुने उल्लेख छ । कन्टिन्जेन्सी रकम छुट्याउँदा प्रचलित खरिद कानुन बमोजिम वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्चमा समेत लागत अनुमान तयार गर्दा नै प्रष्ट खुलाई अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने, लागत अनुमानमा व्यवस्था भए बमोजिम कन्टिन्जेन्सी रकम भुक्तानी रकमको अनुपातमा पारदर्शी, मितव्ययी र औचित्यपूर्ण तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। पोखरा महानगर पालिका वडा नं ९ ले योवर्ष कन्टिन्जेन्सीबाट देहाय बमोजिम रु ३९८७३९ खर्च लेखेको छ । यस वडा कार्यालय भित्र यसको भुगोल, क्षेत्र र योजनाको प्रकृति अनुसार सवारी मर्मत तथा भाडा, इन्धन, सूचना प्रकाशन, ज्याला, दैनिक भ्रमण भत्ता, सुपरभिजन जस्ता कार्यमा कन्टिन्जेन्सीबाट खर्च गर्न मिल्ने देखिदैन । कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी कितावमा उल्लेख गर्नु पर्नेमा सो समेत गरेको छैन । लागत अनुमान तयार गर्दा वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्च समेत खुलाएको छैन । एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखाङ्कन गर्नुपर्नेमा देहाय बमोजिमको खर्च सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेबाट पालिकालाई थपव्ययभार पारेको देखिएको हुँदा जिम्मवेवार पदाधिकारी र व्यक्तिलाई कानुनबमोजिम जवाफदेही तुल्याउनुपर्ने देखिएको रु.

| क्र सं | खर्च शीर्षक | रकम भुक्तानी |
|---|---|---|
| १ | वडा कार्यालयका किचन सामाग्री | ३५५०० |
| २ | ब्याट्री ब्याकप मर्मत तथा विविध खर्च | ६९००० |
| ३ | कार्यालय मसलन्द बिबिध खर्च | ७८००० |
| ४ | स्टेशनरी तथा कर्मचारी झोला बितरण कर्मचारी झोला बि. | १३१२३९ |
| ५ | वडाका कर्मचारीहरुलाई ईन्धन खर्च | ८५००० |
| | जम्मा | ३९८७३९ |

| | |
|---|---|
| अनियमित भएको | ३,९८,७३९ |

१८३ **वडा नं. १३ तर्फ**

१८३.१ **उपभोक्ता समितिबाट गराएको कामः** वडा कार्यालयले यो वर्ष गरेको पूंजीगत खर्च मध्ये ३८ वटा उपभोक्ता समितिहरुबाट रु. २९३३१६२३ को कार्य गराएकोमा रु. २९२६८३७। को कार्य लागत/ जनसहभागिताबाट गराइ बाकी रु.२६४०४७८६। वडा कार्यालयबाट भुक्तानी भएको विवरण प्राप्त भएको छ ।

| उपभोक्ता समिति संख्या | लागत अनुमान | सम्झौता रकम | जम्मा भएको काम | कार्यालयबाट भुक्तानी | लागत/जनसहभागिताबाट भएको |
|---|---|---|---|---|---|
| ३८ | ३०२६३३८१ | ३०२६३३८१ | २९३३१६२३ | २६४०४७८६ | २९२६८३७ |

उक्त कारोबारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१८३.२ **(क) न्युन विजकिकरणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । वडा अन्तर्गत उपभोक्ता समिति मार्फत गराएको कार्यहरूमा निम्नानुसार जिल्ला दररेट अनुसार निर्माण सामग्रीहरूको दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा निर्माण सामग्री खरिदको बिल पेस गरेकोले निम्नानुसार बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.

| भौ नं र मिति | उपभोक्ता समिति | सामग्री | परिमाण(बोरा/घमी) | भुक्तानी दर भ्याट सहित | खरिद दर भ्याट सहित | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| २ २०८०।७।२१ | जय गंगा मार्ग ओम शान्ति टोल विकास संस्था | ढुङ्गा | ५० | २६१० | ११०१ | ७५४६९ |
| | | ओपिसी | १३० | ७८८ | ७२१ | ८७४१ |
| | | गिट्टी | २७ | २३४२ | १६०० | २००३२ |
| | | बालुवा | ३० | २७४१ | २४८६ | ७६५० |
| ६ २०८०।९।६ | नव दुर्गा टोल विकास संस्था | बालुवा | ८५ | २७४१ | २२०० | ४५९७६ |
| | | गिट्टी | ११० | २३४२ | १५०१ | ९२५५० |
| | | ढुङ्गा | ९३ | २६१० | २०३४ | ५३५६८ |
| | | ओपिसी | २२५ | ७८८ | ६३८ | ३३६८९ |
| | | पिपिसी | १९० | ६८६ | ५७१ | २२००८ |
| ९ २०८०।१०।७ | गाइपानी सडक स्तरोन्नती उ स | ढुङ्गा | ९६ | २६१० | १४१७ | ११४५२६ |
| | | ओपिसी | ३६४ | ७८८ | ६६० | ४६६८७ |
| | | गिट्टी | ५९ | २३४२ | १८७६ | २७५०६ |
| ११ २०८०।१०।१४ | सिग्देल मार्ग सडक स्तरोन्नती निर्माण समिति | ओपिसी | २२५ | ७८८ | ६८९ | २२२४८ |
| | | ढुङ्गा | ५० | २६१० | १३७४ | ६१७९६ |
| २६ २०८०।११।१५ | कमल टोल विकास संस्था | ढुङ्गा | ५० | २६१० | १६९५ | ४५७५० |
| | | ओपिसी | २७० | ७८८ | ६२२ | ४५००४ |
| | | गिट्टी | ४८ | २३४२ | २०३४ | १४७८४ |
| २४ २०८०।११।१५ | कसेरि देखि अमलबोट हुदै मणीदिप जाने सडक निर्माण उ स | ओपिसी | ५९५ | ७८८ | ७०१ | ५२११० |
| | | ढुङ्गा | ११५ | २६१० | १५८२ | ११८२२० |
| | | गिट्टी | ८३ | २३४२ | ११९८ | ९४९६९ |
| १९ २०८०।११।१० | उपल्लो गाउँ जाने बाटो स्तरोन्नति निर्माण समिति | ओपिसी | १७० | ७८८ | ६५० | २३५३३ |
| | | ढुङ्गा | २० | २६१० | २०३४ | ११५२० |
| | | गिट्टी | ८७ | २३४२ | ११५० | १०३६७४ |
| १५ २०८०।१०।२१ | घट्टेपुल नमुना टोल विकास सुस्था | ओपिसी | ५५१ | ७८८ | ६६० | ७०६७१ |
| | | ढुङ्गा | १०३ | २६१० | १४८१ | ११६२४३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गिट्टी | ७८ | २३४२ | १७५२ | ४६०५९ |
| १७ २०८०। १०।२१ | श्री मोहरपानी आदर्श टोल विकास संस्था | ओपिसी | ३११ | ७८८ | ६६९ | ३७०७७ |
| | | बालुवा | १८ | २७४१ | १७५५ | १७७५० |
| | | गिट्टी | ३६ | २३४२ | १०८९ | ४५०९६ |
| ३६ २०८०। १२।२४ | अँधेरी डर मोहर पानी हुदै मणिदिप सडक स्तरोन्नती उ स | ढुङ्गा | १३७ | २६१० | २०३४ | ७८९१२ |
| | | बालुवा | ६० | २७४१ | १८५१ | ५३४०४ |
| | | ओपिसी | ८६५ | ७८८ | ६२९ | १३७३३६ |
| | | गिट्टी | ११४ | २३४२ | १३०१ | ११८७१६ |
| ३५ २०८०। १२।१४ | महाप्रभुधाम पर्यटकिय क्षेत्र पूर्वाधार निर्माण समिति | ढुङ्गा | २६५ | २६१० | २०३४ | १५२६४० |
| | | ओपिसी | १३४९ | ७८८ | ६५० | १८६७४२ |
| | | गिट्टी | १९१ | २३४२ | ११४९ | २२७८२३ |
| ५८ २०८१।२। २ | मियापाटन नाला निर्माण उ स | ओपिसी | ५२२ | ७८८ | ५५४ | १२२३९९ |
| | | ढुङ्गा | ७८ | २६१० | १७१४ | ६९८७२ |
| | | | | जम्मा | | २६२२७५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,२२,७५० |

१८३.३ **(ख) जनसहभागिता शुन्य भएका योजनाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १क मा एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ तथा सोहि नियमको ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । त्यस्तै गण्डकी प्रदेश सरकारको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा उपभोक्ताको लागत सहभागितामा सञ्चालन हुने आयोजनाको कार्यान्वयन उपभोक्ता समितिबाट गर्न प्राथमिकता दिनुपर्ने, दफा ६ मा उपभोक्ता समितिको लागत सहभागिता कम्तीमा १० प्रतिशत हुनुपर्ने व्यवस्था छ । महानगरपालिकाले आफ्नो सार्वजनिक खरिद नियमावली, २०७७ को पहिलो संशोधन(मिति २०७७ माघ २४) बाट उपभोक्ता समितिबाट सञ्चालित योजनाहरूमा जनसहभागिता शुन्य बनाउन सकिनेगरि कार्यपालिकाले मनासिव कारण सहितको प्रस्तावबाट निर्णय गर्न सक्ने व्यवस्था गरेको देखिन्छ । सोही व्यवस्थालाई आधार मानि कार्यपालिकाबाट विद्यालय भवन र कम्पाउण्ड वाल, जेष्ठ नागरिक भवन, पार्क, विपद व्यवस्थापन, मठ मन्दिर,क्रिया पुत्री भवन, सार्वजनिक शौचालय, चौतारी, पोखरी निर्माणमा जनसहभागिता नलाग्ने निर्णय गरी उक्त कार्यहरूमा जनसहभागिता जुटाएको देखिदैन । यसरी संघीय तथा प्रादेशिक खरिद ऐन तथा नियमावलिमा जनसहभागिता शुन्य हुने वा जनसहभागितानै नहुने व्यवस्था नरहेको अवस्थामा समेत जनसहभागिता नहुने कार्यमा उपभोक्ता समितिद्धारा कार्य गराउन सकिने देखिदैन । उपभोक्ता समितिबाट गरिने कार्यहरूमा उपभोक्ताहरूको समेत जनसहभागिताको अंश रहने गरी कार्य गराउनुपर्दछ । उपभोक्ता समितिबाट कार्य गराउँदा उपभोक्ताबाट हुने जनसहभागिताको अंश समेत भुक्तानी हुँदा पालिकालाई थप व्ययभार पर्न गएको रु.

| क्र सं | उपभोक्ता समिति | लागत अनुमान | मूल्याङ्कन एवं भुक्तानी | न्युनतम १० प्रतिशत जनसहभागिता रकम (रु.) |
|---|---|---|---|---|
| १ | कमल पोखरि पैदलमार्ग निर्माण | १०१२३१२ | १०००००० | १००००० |
| २ | कमल पोखरी संरक्षण | ८००८०६ | ७९४०४७ | ७९४०५ |
| ३ | इन्डयुरो अन्तराष्ट्रिय साइकल दौडमा निर्मित सार्वजनिक शौचालय | २५१०५९ | १६४१०५ | १६४११ |
| ४ | काहुँखोला वि पि मार्ग पार्क निर्माण | ५००५८३ | ४०५६९४ | ४०५६९ |
| ५ | सिद्धार्थ आधारभुत विद्यालय | २०१६२७ | २००००० | २०००० |
| | | | जम्मा | २५६३८५ |

| अनियमित भएको | २,५६,३८५ |
|---|---|

१८३.४ **(ग) फरक नर्म्स प्रयोग गरी भुक्तानीः** निम्नानुसार उल्लेखित उपभोक्ता समितिद्धारा गरिएको कार्यमा लगत इस्टिमेट र मुल्याङ्कनमा E/W Exacavation works मा मानिसद्धारा कार्य गरेको दर राखि सोहिअनुसारको भुक्तानी दिएको देखिन्छ । तर सो कार्य विल भर्पाइ र फोटो हेर्दा मेसिनद्धारा गरिएको देखिन्छ । त्यसैंले मेसिनले गरेको कार्यमा मानिसले गरेको कार्यको भुक्तानी दिन मिल्ने देखिदैन यसरी हुन गएको निम्नानुसारको बढी भुक्तानी रकम सम्बन्धितबाट असुल रु.

| गोभौ मिति | उपभोक्तासमिति | कार्य | कार्यसम्पन्न परिमाण | दिएकोदर | दिनुपर्नेदर | बढी दर | बढीभुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| ५ २०८०।९।२३ | छापाको चौतारा उपभोक्ता समिति | E/W Exacavation works | १४ घमि | ७०२ | ७९ | ६२३ | ८७२२ |
| ११ २०८०।१०।१४ | सिम्देल मार्ग सडक स्तरोन्नती निर्माण समिति | E/W Exacavation works | ३५ | ७०२ | ७९ | ६२३ | २१८०५ |
| | | | | | | जम्मा | ३०५२७ |

| असुल गर्नुपर्ने | ३०,५२७ |
|---|---|

१८३.५ **(घ) बढी भुक्तानीः** ६७ २०८१।२।२७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । कमल टोल खानेपानी विस्तार उपभोक्ता समितिले खानेपानी निर्माण कार्यमा कुल मुल्याङकन रकम रु ४५६९७३ मा उपभोक्ता समितिको सहभागिता हिस्सा १५ प्रतिशत कट्टा गरि भुक्तानी दिनुपर्नेमा त्यसो नगरि कम मात्र कट्टा गरि भुक्तानी गरेको छ । सो कार्यमा हुन गएको बढी भुक्तानी रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ७,४९० |
|---|---|

१८३.६ **पारिश्रमिक कर कट्टीः** आयकर ऐन, २०५८ को दफा ८८ मा परामर्शदातालाई रकम भुक्तानी गर्दा मू. अ. करमा दर्ता नभएको फर्मलाई १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यबस्था उल्लेख छ । कार्यालयले सीप विकास तथा जीविकोपार्जन कार्यक्रम अन्तर्गत तल उल्लेखित गो भौ नं र कार्यक्रमका पेस भएका स्रेस्ता परीक्षण गर्दा उक्त परामर्शदाताले मूल्य अभिवृद्धि कर विजक जारी नगरी प्यान बिल पेस गरेको पाइएकोले आयकर ऐन अनुसार १५ प्रतिशले हुने रकम कर कट्टी गर्नुपर्नेमा १.५ प्रतिशतले हुने अग्रिम कर मात्र कट्टी गरि भुक्तानी गरेकाले नपुग कट्टा गर्नुपर्ने रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| गो भौ मिति | कार्यक्रमको नाम | तालिम सञ्चालनकर्ता | विल रकम | कट्टा गरिएको कर | कट्टा गर्नुपर्ने कर | कट्टा गर्न बाकीँ |
|---|---|---|---|---|---|---|
| ७६।२०८१।३।१७ | १५ दिने व्यूटीसियन तालिम | श्रेना व्यूटीपार्लन एण्ड ट्रेनिङ्ग सेन्टर | १६०००० | २४०० | २४००० | २१६०० |
| ५१ २०८१।२।२३ | व्युटि पार्लर सम्बन्धि तालिम कार्यक्रम | तम्स्यो व्युटि ट्रेनिङ होम | २२०००० | ३३०० | ३३००० | २९७०० |
| | | | | | जम्मा | ५१३०० |

| असुल गर्नुपर्ने | ५१,३०० |
|---|---|

१८३.७ **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । प्राप्त विवरण अनुसार यस वडाले देहाय बमोजिम विभिन्न प्रयोजनको लागि यो वर्ष बिभिन्न २ जना व्यक्ति एवं संघ संस्थालाई वडा वडाध्यक्षको तोक आदेशबाट जम्मा रु.४५४००।- आर्थिक सहायता वितरण गरेको बिबरण प्राप्त भएको छ।यस्तो खर्चमा कानुनको पूर्ण पालना गर्दै मितव्ययिता कायम गर्नु पर्दछ।

| गो भौ मिति | विवरण | सहयोगपाउने | रकम |
|---|---|---|---|
| २०२०८०।९।२३ | शैक्षिकछात्रवृति आर्थिक सहयोग | कृतिकापरियार | २३९०० |
| | शैक्षिकछात्रवृति आर्थिक सहयोग | सक्रियबराल | २१५०० |
| | | जम्मा | ४५४०० |

१८३.८ **अनुत्पादक एवं वितरणमुखी खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा केही भौचरहरू परीक्षण गर्दा वडाले देहाय बमोजिम दीर्घकालीन रूपमा रोजगारी सिर्जना नहुने वितरणमुखी कार्यमा रकम खर्च गरेको देखिन्छ। यसबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। यस्ता केही खर्च देहायअनुसार छन्:

| गोभौ नं मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १७ २०८०।८।१२ | प्रथम आशिर्वाद भलिवल प्रतियोगिता प्रायोजन सहयोग | आशिर्वाद क्लव अफ नेपाल | २५००० |
| २७ २०८०।१०।२१ | आर्वा मणिदिपमा फुलपाति भित्राउने कार्यक्रम सहयोग | श्री नागेश्वर महादेव मन्दिर विकास समिति | २०००० |
| १८ २०८०।९।८ | दुर्गा पुजा कार्यक्रम सहयोग | श्री दुर्गामन्दिर व्यवस्थापन समिति | १०००० |
| ६० २०८१।१।३१ | दक्षिण कालिका मन्दिरमा कालिका पुजा सहयोग | दक्षिण कालिका मन्दिर व्यवस्थापन समिति | १५००० |
| ५४ २०८१।१।२८ | नव दुर्गा कप भलिवल सहयोग | नव दुर्गा युवा कल्ब | ३०००० |
| 42 २०८१।१।१० | आहारारा पोखरा गोल्ड कप सहयोग | साहारा क्लब पोखरा | २०००० |
| 42 २०८१।१।१० | खेलकुद कार्यक्रम सहयोग | नेपाल क्योकुशिन कान करातेँ संघ | १०००० |
| 42 २०८१।१।१० | खेलकुद कार्यक्रम सहयोग | नेपाली भाषा शिक्षक परिषद कास्की नेपाल | ३००० |
| 42 २०८१।१।१० | खेलकुद कार्यक्रम सहयोग | बहिरा फुटवल खेल क्लब पोखरा कार्की | ५००० |
| | | जम्मा | १३८००० |

१८३.९ **कन्टिन्जेन्सी खर्चः** सार्वननिक खरिद नियमावली, २०६४ को नियम १० उपनियम (७) र अनुसुची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ज स्टाफ खर्च २ र सानातिना अन्य खर्च २ गरी ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्ने व्यवस्था छ। गण्डकी प्रदेश खर्च मापदण्ड २०७९ को दफा १४ मा कन्टिन्जेन्सी निर्धारण गर्दा आवश्यकता र मितिव्ययितालाई ध्यानमा राखी कन्टिन्जेन्सी छुट्याउन सकिने र आवश्यकता नपर्ने भएमा कन्टिन्जेन्सी रकम छुट्याउन नहुने उल्लेख छ । कन्टिन्जेन्सी रकम छुट्याउँदा प्रचलित खरिद कानुन बमोजिम वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्चमा समेत लागत अनुमान तयार गर्दा नै प्रष्ट खुलाई अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने, लागत अनुमानमा व्यवस्था भए बमोजिम कन्टिन्जेन्सी रकम भुक्तानी रकमको अनुपातमा पारदर्शी, मितव्ययी र औचित्यपूर्ण तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। पोखरा महानगर पालिका वडा नं १३ ले योवर्ष कन्टिन्जेन्सीबाट देहाय बमोजिम रु ४७७८३० खर्च लेखेको छ । यस वडा कार्यालय भित्र यसको भुगोल, क्षेत्र र योजनाको प्रकृति अनुसार सवारी मर्मत तथा भाडा, इन्धन, सूचना प्रकाशन, ज्याला, दैनिक भ्रमण भत्ता, सुपरभिजन जस्ता कार्यमा कन्टिन्जेन्सीबाट खर्च गर्न मिल्ने देखिदैन । कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी कितावमा उल्लेख गर्नु पर्नेमा सो समेत गरेको छैन । लागत अनुमान तयार गर्दा वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्च समेत खुलाएको छैन । एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखाङ्कन गर्नुपर्नेमा देहाय बमोजिमको खर्च सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेबाट पालिकालाई थपव्ययभार पारेको देखिएको हुँदा जिम्मवेवार पदाधिकारी र व्यक्तिलाई कानुनबमोजिम जवाफदेही तुल्याउनुपर्ने देखिएको रु.

| क्रसं | खर्च शीर्षक | खर्च रकम |
|---|---|---|
| १ | ल्यापटप खरिद | ७५००० |
| २ | पर्यटन राजधानी घोषणामा प्रयोग सवारी भाडा | १३२०० |
| ३ | मसलन्द | ९९२५९ |
| ४ | विविध खर्च | ४५०२१ |
| ५ | सवारि मर्मत | २०३५१ |
| ६ | सडक बत्ति | २००००० |
| ७ | पालोपहरा | १०२२४ |
| ८ | साँस्कृतिक कार्यक्रम तथा भलिवल खेलकुद कार्यक्रम | १४७७५ |
| | जम्मा | ४७७८३० |

| | |
|---|---|
| अनियमित भएको | ४,७७,८३० |

१८४ **वडा नं. २३ तर्फ**

१८४.१ **उपभोक्ता समितिबाट गराएको कामः** वडा कार्यालयले यो वर्ष गरेको पूंजीगत खर्च मध्ये ६३ वटा उपभोक्ता समितिहरुबाट रु. ३७२२४००० को कार्य गराएकोमा रु. ४२१७०००। को कार्य लागत/ जनसहभागिताबाट गराइ बाँकी रु.३३००७०००। वडा कार्यालयबाट भुक्तानी भएको विवरण प्राप्त भएको छ ।

| उपभोक्ता समिति संख्या | लागत अनुमान | सम्झौता रकम | जम्मा भएको काम | कार्यालयबाट भुक्तानी | लागत/जनसहभागिताबाट भएको |
|---|---|---|---|---|---|
| ६३ | ३५९९२००० | ३५९९२००० | ३७२२४००० | ३३००७००० | ४२१७००० |

उक्त कारोबारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१८४.२ **(क) न्युन विजकिकरणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । वडा अन्तर्गत उपभोक्ता समिति मार्फत गराएको कार्यहरूमा निम्नानुसार जिल्ला दररेट अनुसार निर्माण सामग्रीहरूको दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा निर्माण सामग्री खरिदको बिल पेस गरेकोले निम्नानुसार बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.

| भौ नं र मिति | उपभोक्ता समिति | सामग्री | परिमाण(बोरा/घमि/बमि) | भुक्तानी दर भ्याट सहित | खरिद दर भ्याट सहित | फरक |
|---|---|---|---|---|---|---|
| ३ २०८०।१०।१७ | खहरेखोला पुलमुनि बस्ती संरक्षण माझथुम उ स | ओपिसी | ४६६ | ७८८ | ६६० | ५९७६९ |
| | | गिट्टी | ८० | २३४२ | २१०० | १९३९७ |
| ९ २०८०।११।३० | घाँटीछिना पखत खोरपाखा सडक उ स | ग्राभेल | १६० | १३९३ | ७९९ | ९५०५४ |
| १० २०८०।१२।५ | बुढि निर्वाने कात्रे सडक | ओपिसी | २३० | ७८८ | ६६१ | २९२४० |
| | | बालुवा | ५५ | २७४१ | १८०० | ५१७५० |
| | | गिट्टी | ७५ | २३४२ | १०९९ | ९३१८८ |
| | | ढुङ्गा | ७० | २६१० | १००० | ११२६९७ |
| १४ २०८०।१२।१५ | घाँटीछिना दमदमे कुदिवडाडा सिधाने पन्चासे भन्ज्याङ सडक उ स | ओपिसी | १७० | ७८८ | ६८० | १८३४६ |
| | | ढुङ्गा | १०५ | २६१० | २३४६ | २७७३३ |
| १५ २०८१।१।२ | मैदान पोखरी जुरेथुम आरुबोट विरिम सडक | ढुङ्गा | ७० | २६१० | १२४३ | ९५६९० |
| | | ढुङ्गा | ३३ | २६१० | १८०२ | २६६५२ |
| | | ओपिसी | ५५ | ७८८ | ७३८ | २७६६ |
| २६ २०८१।१।२६ | घाँटीछिना सिम्पानी मार्सिखेत बिमराबोट पधेराँखाल्टँ सडक उ स | ओपिसी | ३५० | ७८८ | ६५० | ४८४५१ |
| | | बालुवा | ५० | २७४१ | १८०० | ४७०४६ |
| | | गिट्टी | ५५ | २३४२ | १०९९ | ६८३३८ |
| | | ढुङ्गा | ५० | २६१० | ९९९ | ८०५५४ |
| २० २०८१।१।९ | सिधाने जोखिममा परेका बस्ति संरक्षण तथा तटबन्धन निर्माण | ढुङ्गा | ४५ | २६१० | १५४९ | ४७७३५ |
| ३७ २०८१।२।२३ | वाम्दी ओखलढुङ्गा घडेरी औसेलुचौर खोरपाखा चनौटे सडक उ स | ओपिसी | १३६५ | ७८८ | ६५० | १८८९५७ |
| | | ढुङ्गा | ६०० | २६१० | १५०० | ६६६२९४ |
| | | गिट्टी | ४५५ | २३४२ | ५१४ | ८३१६७२ |
| ४१ २०८१।२।२७ | पधैँरा खाल्टा विमराबोट मार्सिखेत घाँटिछिना सडक | जाली | ८७९ | ३२५ | २५२ | ६४१७६ |
| | | बालुवा | ११ | २७४१ | २०३४ | ७७७७ |
| | | गिट्टी | २० | २३४२ | १३५६ | १९७२० |
| | | ढुङ्गा | १७० | २६१० | २२६० | ५९५०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४३ २०८१।२।३१ | सिम्टाबोट बराङ मकवानपुर सिधाने पन्चासे | ओपिसी | २२० | ७८८ | ६५० | ३०४५५ |
| | | ढुङ्गा | ५५ | २६१० | १४०० | ६६५४६ |
| | | बालुवा | १५ | २७४१ | १८०० | १४११४ |
| ४५ २०८१।२।३१ | मार्गी बगर झाँक्रीथान हुदै च्यनडाँडा सडक स्तरोन्नती | ओपिसी | १२५ | ७८८ | ६५० | १७३०४ |
| | | ढुङ्गा | १२५ | २६१० | १४०० | १५१२४१ |
| | | बालुवा | ७२ | २७४१ | १८०० | ६७७४६ |
| | | गिट्टी | ११४ | २३४२ | ११०१ | १४१५१७ |
| ६० २०८१।३।१४ | हाइअल्टिच्युड पन्चासे भञ्ज्याङ खेल मैदान निर्माण उ स | ओपिसी | ३३५ | ७८८ | ६३५ | ५१२९५ |
| | | बालुवा | १३९ | २७४१ | १८०० | १३०७८६ |
| | | गिट्टी | ९१ | २३४२ | ११०१ | ११२९६६ |
| ५९ २०८१।३।१४ | नौलो पाथ्रे डाँडागाउ सडक उ स | ओपिसी | ६० | ७८८ | ६२० | १००६९ |
| | | गिट्टी | १४ | २३४२ | ११०१ | १७३७९ |
| | | ढुङ्गा | ११८ | २६१० | १४०० | १४२७७२ |
| ५७ २०८१।३।१२ | डुडेफाँट भालटारी बडहरे हरेलाको टाउको गोरेटो बाटो निर्माण उ स | ढुङ्गा | ३३ | २६१० | १४०० | ३९९२८ |
| ८० २०८१।३।२० | मुलपानी तामागि राम्चे भदौरे सडक निर्माण | ओपिसी | १३०० | ७८८ | ६७६ | १४६१७२ |
| | | बालुवा | २०० | २७४१ | १८५७ | १७६८८२ |
| | | गिट्टी | ३३३ | २३४२ | ११५७ | ३९४५६५ |
| | | ढुङ्गा | २५० | २६१० | १४५४ | २८८९२३ |
| १०० २०८१।३।२४ | घाटिछिना बराङ सडक स्तरोन्नती | ढुङ्गा | १०८ | २६१० | १४०० | १३०६७२ |
| ८२ २०८१।३।२० | सिद्ध बराह धाम हनुमान मन्दिर निर्माण समिति | बालुवा | ११७ | २७४१ | १८०० | ११००८६ |
| | | गिट्टी | ९१ | २३४२ | ११०१ | ११२९६६ |
| | | ढुङ्गा | १२५ | २६१० | २००० | ७६२३८ |
| | | इट्टा | ७७५० | १८ | १२ | ४३१६८ |
| | | ओपिसी | ३८५ | ७८८ | ६७६ | ४३२८९ |
| | | पिपिसी | २९६ | ६८६ | ५७५ | ३२९४८ |
| | | | | जम्मा | | ५३१२५२६ |

| असुल गर्नुपर्ने | ५३,१२,५२९ |
|---|---|

१८४.३ **(ख) उपभोक्ता समितिद्धारा खरिदः** सार्वजनिक खरिद नियमावलिको नियम ९७ मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गर्न सकिने व्यवस्था रहेको छ साथै सो नियमावलीमा उपभोक्ता समितिले सामाग्री खरिद गर्न पाउने कुनै व्यवस्था गरेको देखिदैन । कानूनी व्यवस्था अनुसार निर्माण कार्यमात्र उपभोक्ता समिति द्धारा गराउनुपर्ने व्यवस्था हुँदा हुँदै तपसिल बमोजिमको मालसामानमा खरिद समेत उपभोक्ता समिति मार्फत गरिएको नियमसम्मत नभएको रु.

| गो भौ मिति | विवरण | सामग्री | आपुर्तिकर्ता | भुक्तानी |
|---|---|---|---|---|
| १३७२०८१।२।२ | जनजातिसमुदायको धर्म संस्कृतिको जगेर्ना उत्थान सशक्तिकरण र प्रवद्धनात्मक कार्यक्रमसमिति | बाजासामाग्री | सुस्मितामादल तथा बाजा केन्द्र | १००००० |

| अनियमित भएको | १,००,००० |
|---|---|

१८४.४ **(ग) बढी भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ ।मुलपानी तामागी राम्चे भदौरे सडक निर्माण उपभोक्ता समिति द्धारा गरिएको सडक निर्माणको कार्यमा मुलयाङकन रकम रु ४३९४०१३ मा उपभोक्ता समितिको १० प्रतिशत सहभागिता रकम कट्टा गरी रु ३९५४६११ भुक्तानी दिनुपर्नेमा त्यसो नगरी रु ३९७५५७५ भुक्तानी भएकाले बढी भएको भुक्तानी सम्बन्धित उपभोक्ता समितिवाट असुल गर्नुपर्ने रु

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१८,४७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | २०,९६४ |
|---|---|

१८४.५ **वडा कार्यायलय करार कर्मचारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कार्यालयले सरसफाई सम्बन्धी कार्यको लागि एक कर्मचारी करार नियुक्ति गरी वर्षभरीमा रु.१८००००।- भुक्तानी गरेको छ । आन्तरिक स्रोतको विश्लेषण र दिगो व्यवस्थापन बेगर नै वडा कार्यालयले करारमा नियुक्ति गरी भुक्तानी गरेको कार्यलाई यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन । यसरी पालिकालाई थप व्ययभार पर्ने गरी वडा कार्यालयले करार कर्मचारी राखी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | १,८०,००० |
|---|---|

१८४.६ **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । प्राप्त विवरण अनुसार यस वडाले देहाय बमोजिम विभिन्न प्रयोजनको लागि यो वर्ष बिभिन्न १० जना व्यक्ति एवं संघ संस्थालाई वडा वडाध्यक्षको तोक आदेशबाट जम्मा रु.८२७८०।- आर्थिक सहायता वितरण गरेको बिबरण प्राप्त भएको छ।यस्तो खर्चमा कानुनको पूर्ण पालना गर्दै मितव्ययिता कायम गर्नु पर्दछ।

| गो भौ मिति | विवरण | सहयोग पाउने | रकम |
|---|---|---|---|
| १० २०८०।५।१७ | ज्ञान बहादुर परियारलाई खोजि कार्यगर्न सहयोग भारत जानकालाति | गिता परियार | १०००० |
| १२ २०८०।५।२७ | पहिरो पन्छाउने काम | तुलसि प्रसाद पराजुली | १२७८० |
| ३१ २०८०।७।१२ | क्यान्सर पिडितलाइ सहयोग | कृष्ण प्रसाद पराजुली | १०००० |
| ३६ २०८०।७।१९ | क्यान्सर पिडितलाइ सहयोग | दिवक वि क | ५००० |
| ७८ २०८०।१०।३ | विपत आर्थिक सहायता | केदार कामी | १०००० |
| १०८ २०८०।१२।५ | आर्थिक सहयोग | पूर्ण कला परियार | १०००० |
| ९५ २०८०।११।१३ | आर्थिक सहयोग | लोक बहादुर कामी | ५००० |
| ९६ २०८०।११।१३ | आर्थिक सहयोग | सुनमाया सुनार | १०००० |
| १६१ २०८१।३।५ | आर्थिक सहयोग | आश बहादुर नेपाली | ५००० |
| १३३ २०८१।१।२६ | आर्थिक सहयोग | शालिकराम अर्यालल | ५००० |
| जम्मा | | | ८२७८० |

१८४.७ **अनुत्पादक एवं वितरणमुखी खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा केही भौचरहरू परीक्षण गर्दा वडाले देहाय बमोजिम दीर्घकालीन रूपमा रोजगारी सिर्जना नहुने वितरणमुखी कार्यमा रकम खर्च गरेको देखिन्छ। यसबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। यस्ता केही खर्च देहायअनुसार छन्:

| गोभौ नं मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| २२२०८०।६।१८ | तिज महोत्सव | निलगगन विकास समाज | २०००० |
| २४२०८०।६।२४ | समबेदना प्रकट गर्न वडाका विभिन्न स्थानमा जादा प्रयोग गरेको गाडीभाडा | डिल बहादुर कामी | १४००० |
| २६२०८०।६।२५ | तिज गित कार्यक्रम | शेर बहादुर कुँबर | ६३४१० |
| ३२२०८०।७।१२ | तिज गित कार्यक्रम | स्टार नेपाल मिडिया हब प्रा लि | १०००० |
| ६६२०८०।९।८ | बालाचतुर्दशि मेला खर्च भुक्तानी | पन्चासे आदर्श क्लब | ५०००० |
| ५५२०८०।८।२७ | बालाचतुर्दशि मेला खर्च भुक्तानी | विष्णु कुमारी घले | २०००० |
| ४८२०८०।८।२१ | बालाचतुर्दशि मेला खर्च भुक्तानी | पन्चासे क्षेत्र विकास समिति | ३०००० |
| ११८२०८०।१२।८ | वडा अध्यक्ष कप फुटवल | भोलानाथ पराजुली | ५५०० |
| ११७२०८०।१२।८ | पर्यटन राजधानी धोषणा कार्यक्रममा प्रयोग गरेको साधन भाडा | अनिल विक | ५००० |
| | | राम प्रसाद पराजुली | ११००० |
| १११२०८०।१२।७ | देवधाटमा पितृहरुलाइ पिण्डदान गर्न लगाएको अवलोकन भ्रमण | सिद्ध बराह ज्येष्ठ नागरिक मिलन केन्द्र | ५०००० |
| १०५२०८०।१२।५ | मल विउ वितरण | वडा स्तरीय कृषि सञ्जाल | ५०००० |
| १०१२०८०।११।३० | फुल कन्ट्यकक्ट कराते प्रतियोगिता | नेपाल स्ट्रोङ्गेष्ट क्योकुसिन कराते संघ | ५००० |
| १००२०८०।११।२० | चौथो चापाकोट देउराली सामुदायिक होमस्टे साँस्कृतिक महोत्सव | चौथो चापाकोट देउराली सामुदायिक होमस्टे साँस्कृतिक महोत्सव | ३१०००० |
| ९९२०८०।११।२० | मेला महत्सवमा जादा प्रयोग गरेको यातायात खर्च | रविन्द्र बहादुर गुरुङ | ३०००० |
| १४४२०८१।२।६ | विरामि लाइ अस्पताल पुर्याउन | रविन्द्र बहादुर गुरुङ | १७००० |
| १२३२०८१।१।२ | वडा स्तरिय भलिवल प्रतियोगिता तथा सास्कृतिक कार्यक्रम सहयोग | पन्चासे परिवर्तनशिल आमा समूह | ३९००० |
| | | चापाकोट नौमति बाजा समूह | ८८५० |
| १८३२०८१।३।२४ | पन्चासे पर्यावरण महोत्सव | शेर बहादुर कुँबर | १५००० |
| जम्मा | | | ७५३७६० |

१८४.८ **संघीय संस्थालाई सहयोगः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी

अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य सम्वन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ ।कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम तोकिएको कार्यमा मात्र बजेट खर्च गर्नुपर्ने र संघिय तथा प्रादेशिक निकायहरुको खर्च सोही निकायको लागि स्वीकृत बजेट तथा कार्यक्रम भित्र रहेर सम्वन्धित निकायहरुले खर्च गर्नुपर्ने प्रावधानहरु रहेका छन् । कार्यालयले देहाय बमोजिम अन्य निकायहरुको खर्च समेत यस कार्यालयबाट गरेको देखिदा स्थानिय संचित कोषमा थपभार पर्न गएकोले नियमसम्मत भन्न मिल्ने नदेखिएको रु.

| गो भौ मिति | विवरण | भुक्तानी प्राप्त गर्ने | भुक्तानी रकम |
|---|---|---|---|
| १८ २०८०।६।७ | अस्थाइ प्रहरी चौकी बाम्दी लाइ इन्धन बापतको रकम भुक्तानी | कमल प्रशाद श्रेष्ठ | ९००० |
| ३९ २०८०।८।७ | अस्थाइ प्रहरी चौकी बाम्दी लाइ इन्धन बापतको रकम भुक्तानी | नारायण बहादुर गाहा मगर | ६००० |
| ७६ २०८०।९।२५ | अस्थाइ प्रहरी चौकी बाम्दी लाइ इन्धन बापतको रकम भुक्तानी | नारायण बहादुर गाहा मगर | ३००० |
| | | जम्मा | १८००० |

| अनियमित भएको | १८,००० |
|---|---|

१८४.९ लागत अनुमान विनानै कार्य गराएकोः सार्बजनिक खरिद ऐन २०६३ को परिच्छेद २ दफा ५ मा सार्बजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गरि स्वीकृत गर्नुपर्ने व्यवस्था गरेको छ ।निम्नलिखितका निर्माणका कार्यमा लागत अनुमान निर्माण तथा स्वीकृत नगरी भुक्तानी गरिएकाले अनियमित भएको रु.

| भौ.नं.।मिति | शीर्षक | विवरण | निर्माण व्यवसायी | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १६२।२०८१।३।६ | प्रकोप तथा विपद व्यवस्थापन | विविध बाटोघाटो सरसफाई | हरी ओम गिता निर्माण प्रा लि | ३७२५७६ | लागत अनुमान तथा प्राविधिक मूल्याङ्कन नभएको |
| १७१।२०८१।३।१७ | | ग्रामीण सडक बाटो सरसफाई | | १५०५८४ | |
| | | | जम्मा | ५२३१६० | |

| अनियमित भएको | ५,२३,१६० |
|---|---|

१८४.१ **कन्टिन्जेन्सी खर्चः** सार्वननिक खरिद नियमावली, २०६४ को नियम १० उपनियम (७) र अनुसुची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ज स्टाफ खर्च २ र सानातिना अन्य खर्च २ गरी ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्ने व्यवस्था छ। गण्डकी प्रदेश खर्च मापदण्ड २०७९ को दफा १४ मा कन्टिन्जेन्सी निर्धारण गर्दा आवश्यकता र मितिव्ययितालाई ध्यानमा राखी कन्टिन्जेन्सी छुट्याउन सकिने र आवश्यकता नपर्ने भएमा कन्टिन्जेन्सी रकम छुट्याउन नहुने उल्लेख छ । कन्टिन्जेन्सी रकम छुट्याउँदा प्रचलित खरिद कानुन बमोजिम वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्चमा समेत लागत अनुमान तयार गर्दा नै प्रष्ट खुलाई अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने, लागत अनुमानमा व्यवस्था भए बमोजिम कन्टिन्जेन्सी रकम भुक्तानी रकमको अनुपातमा पारदर्शी, मितव्ययी र औचित्यपूर्ण तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। पोखरा महानगर पालिका वडा नं २३ ले योवर्ष कन्टिन्जेन्सीबाट देहाय बमोजिम रु ५५९५६९ खर्च लेखेको छ । यस वडा कार्यालय भित्र यसको भुगोल, क्षेत्र र योजनाको प्रकृति अनुसार सवारी मर्मत तथा भाडा, इन्धन, सूचना प्रकाशन, ज्याला, दैनिक भ्रमण भत्ता, सुपरभिजन जस्ता कार्यमा कन्टिन्जेन्सीबाट खर्च गर्न मिल्ने देखिदैन । कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी कितावमा उल्लेख गर्नु पर्नेमा सो समेत गरेको छैन । लागत अनुमान तयार गर्दा वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्च समेत खुलाएको छैन । एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखाङ्कन गर्नुपर्नेमा देहाय बमोजिमको खर्च सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेबाट

पालिकालाई थपव्ययभार पारेको देखिएको हुँदा जिम्मवेवार पदाधिकारी र व्यक्तिलाई कानुनबमोजिम जवाफदेही तुल्याउनुपर्ने देखिएको रु.

| क्र.सं | खर्च शीर्षक | भुक्तानी प्राप्तकर्ता | रकम |
|---|---|---|---|
| १ | मेशिनरि मर्मत सम्भार | इंक हाउस | ६००० |
| २ | मेशिनरि मर्मत सम्भार | सन्देशआइटी सोलुशन | १९९०० |
| ३ | मेशिनरि मर्मत सम्भार | सतिस पौडेल | ५००० |
| ४ | वडामा राखिएको ज्यालादारिको तलब भुक्तानी | सकुन्तला वि. क. | १७८०५ |
| ५ | अतिथि सत्कार | पन्चासे रिसोर्ट प्रा.लि. | २२००० |
| ६ | फिल्ड अनुगमन यातायात विविध | फिल्ड अनुगमन यातायात विविध सम्बन्धित विजक/फर्महरुलाइ | ६०००० |
| ७ | वडामा आकस्मिक आइलागेको विपद्वाट क्षति भइ त्तत्काल मर्मतसम्भार गरेबापत | रविना एण्ड रेजिना इम्पेक्स | ९८३८९ |
| ८ | अतिथि सत्कार | भरतराज भण्डारी (पूर्व वडा सदस्यको तमु खाजा घरलाइ) | ३६६४० |
| ९ | मर्मत सम्भार विविध | विविधलाइ | ४०६८० |
| १० | मेशिनरि औजार तथा फर्निचर | पाण्डेकतथा प्रशिक्षण तथा मर्मत सेन्टर | ७८००० |
| ११ | वडाको बोरिङ सन्चालनार्थ | एल.के.इलेक्ट्रो सप्लायर्स | १८७०५ |
| १२ | मेशिनरि औजार तथा फर्निचर् फिक्चर्स | एम के एम टेर्ड सप्लायर्स | ७३४५० |
| १३ | वडामा भएका विविध कार्यक्रम गोष्ठि तालिम भेला अन्तर्क्रियामा चिया पानी लगायत अतिथि सत्कार | सापकोटा खाजा घर | ६५००० |
| १४ | मेशिनरि औजार तथा फर्निचर फिक्चर्स | पर्वत इलेक्ट्रिक वर्कसप | १८००० |
| जम्मा | | | ५५९५६९ |

| | |
|---|---|
| अनियमित भएको | ५,५९,५६९ |

१८५ **वडा नं. ५ तर्फ**

१८५.१ **उपभोक्ता समितिबाट गराएको कामः** वडा कार्यालयले यो वर्ष गरेको पूंजीगत खर्च मध्ये १६ वटा उपभोक्ता समितिहरुबाट रु.१०३३१६१८ को कार्य गराएकोमा रु. १६१५२४७। को कार्य लागत/जनसहभागिताबाट गराइ बाँकी रु.८५२१५८२। वडा कार्यालयबाट भुक्तानी भएको बिवरण प्राप्त भएको छ ।

| उपभोक्ता समिति संख्या | | लागत अनुमान | सम्झौता रकम | जम्मा भएको काम | कार्यालयबाट भुक्तानी | लागत/जनसहभागिताबाट भएको |
|---|---|---|---|---|---|---|
| १६ | | १०६५४७९४ | १०६५४७९४ | १०३३१६१८ | ८५२१५८२ | १६१५२४७ |

उक्त कारोबारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१८५.२ **(क) न्युन विजकिकरणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । वडा अन्तर्गत उपभोक्ता समिति मार्फत गराएको कार्यहरूमा निम्नानुसार जिल्ला दररेट अनुसार निर्माण सामग्रीहरूको दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर उपभोक्ता

समितिबाट जिल्ला दररेट भन्दा कम दरमा निर्माण सामग्री खरिदको बिल पेस गरेकोले निम्नानुसार बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.

| भौ नं र मिति | उपभोक्ता समिति | सामग्री | परिमाण(बोरा/घमी) | भुक्तानी दर भ्याट सहित | खरिद दर भ्याट सहित | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १४ २०८०।१०।२२ | विशाल मार्ग सेती नहर ढलान तथा स्ल्याव निर्माण समिति | ढुङ्गा | १५ | २६१० | १७९९ | १२१६६ |
| | | ओपिसी | १९५ | ७८८ | ६६७ | २३६८९ |
| | | गिट्टी | ३० | २३४२ | १३९९ | २८२९२ |
| १५ २०८०।१०।२५ | राजमार्ग पश्चिम रेडियो नेपाल सम्म जाने बाटो | गिट्टी | ८५ | २३४२ | १६९५ | ५४९९५ |
| | | बालुवा | ४७ | २७४१ | २०९१ | ३०५७४ |
| | | पिपिसी | ७५ | ६८६ | ५४८ | १०३८२ |
| १९ २०८०।११।२१ | बिस्कुट फ्याक्ट्री पछाडी बाटो निर्माण उ स | ओपिसी | ४०० | ७८८ | ६५१ | ५४९२० |
| | | ढुङ्गा | ६० | २६१० | २००० | ३६५९४ |
| | | गिट्टी | ५० | २३४२ | २१०१ | १२०६७ |
| ४० २०८१।१।१७ | धर्मस्थली मार्गबाट एकलधारा मार्ग जोड्ने बाटो निर्माण उ स | ओपिसी | ५०० | ७८८ | ६६१ | ६३५६५ |
| | | ढुङ्गा | ८० | २६१० | १००० | १२८७९६ |
| | | गिट्टी | ३० | २३४२ | १३०० | ३१२७५ |
| २७ २०८०।१२।२३ | पोखरा ५ भित्रका सडक तथा अन्य निर्माण मर्मत सम्भार उ स | ढुङ्गा | ५१ | २६१० | २००० | ३११०५ |
| | | गिट्टी | १८ | २३४२ | २१०१ | ४३४४ |
| २५ २०८०।१२।१९ | जागृति मार्ग मश्चिम बाटो ढलान उ स | ढुङ्गा | ४५ | २६१० | ५०७ | ९४६१८ |
| | | ओपिसी | २०९ | ७८८ | ६६६ | २५६२५ |
| | | गिट्टी | ३५ | २३४२ | २००० | ११९६७ |
| ४७ २०८१।२।१४ | ठूलीपोखरी संरक्षण उ स | ढुङ्गा | ३५ | २६१० | १६६७ | ३३०१४ |
| | | ओपिसी | २६१ | ७८८ | ५७६ | ५५३०१ |
| | | बालुवा | १७ | २७४१ | २०९१ | ११०५९ |
| | | | | | जम्मा | ७५४३४५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,५४,३४८ |

१८५.३

**(ख) जनसहभागिता शून्य भएका योजनाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १क मा एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ तथा सोहि नियमको ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिबाट कार्य गराउँदा उपभोक्ताबाट हुने जनसहभागिताको अंश समेत भुक्तानी हुँदा पालिकालाई थप व्ययभार पर्न गएको रु.

| भौ नं र मिति | उपभोक्तासमिति | लाअ | मूल्याङ्कनएवं भुक्तानी | न्युनतम१० प्रतिशत जनसहभागिता रकम (रु.) |
|---|---|---|---|---|
| ३ २०८०।८।१९ | धर्मस्थली आ वि | ७१३१३६ | ७१३०६६ | ७१३०७ |
| ६ २०८०।९।२० | स्वागत टोल विकास संस्था | १७३३३ | १७३३३ | १७३३ |
| २२ २०८०।१२।२४ | मनकामना चौतारी मन्दिर परिसरको चौतारी मर्मत | १२५५९२ | १२५१६३ | १२५१६ |
| जम्मा | | | | ८५५५६ |

| | |
|---|---|
| अनियमित भएको | ८५,५५६ |

१८५.४ **सिपमुलक तालिमः** (११५ २०८१।३।१०) गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । वडाले १२ दिने मखमल बुटिक जुत्ता तथा चप्पल सिलाइ बुनाई सीप विकास तालिम संचालन गरी रु ९६२९०।– पौरखी महिला विकास सञ्जाललाई भुक्तानी गरेकोमा के कति सामान वा वस्तुहरु उत्पादन भए र सो बिक्री भए वा भएन यकिन गर्न सकिएन। सो यकिन गरी ती वस्तु तथा सामानहरु बिक्री गरी राजस्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

१८५.५ **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । प्राप्त विवरण अनुसार यस वडाले देहाय बमोजिम विभिन्न प्रयोजनको लागि यो वर्ष बिभिन्न ५ जना व्यक्ति एवं संघ संस्थालाई वडा वडाध्यक्षको तोक आदेशबाट जम्मा रु.३५६१०।- आर्थिक सहायता वितरण गरेको बिबरण प्राप्त भएको छ।यस्तो खर्चमा कानुनको पूर्ण पालना गर्दै मितव्ययिता कायम गर्नु पर्दछ।

| गो भौ मिति | विवरण | सहयोग पाउने | रकम |
|---|---|---|---|
| ५२।२०८०।११।२१ | आर्थिक सहायता राहात | सबिना वि क | ४११० |
| ७८२०८१।१।६ | आर्थिक सहायता राहात | अर्जुनबराल | १०००० |
| ७९।२०८१।१।६ | आर्थिक सहायता राहात | विमराज लम्डाली | १०००० |
| १०५।२०८१।२।२१ | आर्थिक सहायता | विवेक सुवेदी | ८००० |
| १००।२०८१।१।३० | आर्थिक सहायता राहात | सिम्रनसुनार | ३५०० |
| १०६८ | आर्थिक सहायता | विभिन्न व्यक्ति | ३७९००० |
| ५८० | आर्थिक सहायता | विभिन्न ३७ जना | २००००० |
| ९१२ | | विभिन्न ७ | २८००० |
| | | जम्मा | ६४२६१० |

१८५.६ **अनुत्पादक एवं वितरणमुखी खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा केही भौचरहरू परीक्षण गर्दा वडाले देहाय बमोजिम दीर्घकालीन रूपमा रोजगारी सिर्जना नहुने वितरणमुखी कार्यमा रकम खर्च गरेको देखिन्छ। यसबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। यस्ता केही खर्च देहायअनुसार छन्:

| गोभौ नं मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १३।२०८०।७।२१ | लाखेनाच कार्यक्रम सहयोग | ताया मचा नाच समिति | १५००० |
| १९ २०८०।८।१४ | मालेपाटन नवौ खुल्ला तीजगित तथा महिला खेलकुद प्रतियोगिता सहयोग | सूर्यचन्द्र विकास समाज | १००००० |
| २४ २०८०।८।१५ | माटेश्वरी बाल प्रतिभा कार्यक्रम सहयोग | मन्टेश्वरी एसोशियसन कास्की | १०००० |
| | ट्रेल रेस प्रतियोगिता सहयोग | पोखरा ट्रेल रेस सिरिज | १०००० |
| ३९ २०८०।९।२६ | केपी वलि कृकेट कप खेलकुद | मदन भण्डारी स्पोर्टस एकेडेमि | ५०००० |
| २०८०।९।२२ | व्याडमिन्टन सामाग्री वितरण | गण्डकी स्पोट्स सप्लायर्स | ३१००० |
| ६२ २०८०।१२।६ | न्यानो कपडा वितरण २ विद्यालयलाई | साहारा इन्टरनेशनल ट्रेडिङ | ७०६२५ |
| ५८ २०८०।११।२३ | भाडाँकुडा वितरण | कल्याणी आमा समूह | २४९९० |
| ५४ २०८०।११।२१ | सोनोदा ग्रुप प्रतियोगिता सहयोग | नेपाल स्ट्रोङ्गगेष्ट क्याकुशिन कराँते संघ | ५००० |
| ५३ २०८०।११।२१ | धर्मस्थली आ वि स्वर्ण महोत्सव कार्यक्रम सहयोग | धर्मस्थली आ वि | १००००० |
| ५१ २०८०।११।१४ | जेष्ठ नागरिक केन्द्रलाई विभिन्न सामान वितरण | विभिन्न ३ केन्द्रहरु | ५०००० |
| ५० २०८०।११।१४ | तिज गित कार्यक्रम सहयोग | पर्यटन व्यवसायी महिला संघ नेपाल | ८००० |
| ४८ २०८०।१०।२५ | मालेपाटन न्यानो साँझ २०८० सहयोग | मालेपाटन युवा क्लब | १०००० |
| | ७ ए साइड फुटवल सहयोग | सारेगम इन्टरटेन्टमेन्ट | २७००० |
| ८२ २०८१।१।१७ | मालेपाटन न्यानो साँझ २०८० सहयोग | सारेगम इन्टरटेन्टमेन्ट | १२५०० |
| ८१ २०८१।१।१७ | अपाङग तथा जेष्ठ नागरिकलाइ स्वास्थ्य सामाग्रि वितरण | अपाङ्गता वडा सञ्जाल | ४२८२८ |
| ८० २०८१।१।१७ | महिला समुहलाई भाडा कुडँ वितरण कार्यक्रम | गहन महिला समुह | २५००० |
| ७३ २०८०।१२।२० | साविक वडा स्तरिय भलिबल प्रतियोगिता मा सहयोग | राष्ट्रिय युवा संघ नेपाल रुपा गाँउपालिका कमिटी | १०००० |
| १११ २०८१।२।२८ | विविध साँस्कृति कार्यक्रम सहयोग | विन्ध्येश्वरी युवा क्लब | ९६०० |
| १०७ २०८१।२।२१ | जेष्ठ नागरिक मन्च लाइ विभिन्न सामाग्रि वितरण | जेष्ठ नागरिक मिलन केन्द्र | ४९५०० |
| १०५ २०८१।२।२१ | भजन सामग्रि वितरण | धारापानी भजन समूह | २०००० |
| ९८ २०८१।१।३० | विभिन्न सामाग्रि वितरण | मानव सेवा आश्रम | ९९७४९ |
| ९६ २०८१।१।३० | सुर्यतारा खेल महोत्सव | सूर्य तारा क्लब | ३०००० |

| | | | |
|---|---|---|---|
| | टाइगर कप भलिवल सहयोग | टाइगर ग्रुप अफ पोखरा नेपाल | १०००० |
| १२२ २०८१।३।१८ | विभिन्न सामाग्रि वितरण | श्री गतिशिल महिला आमा समूह | ५०००० |
| जम्मा | | | ८७०७९२ |

१८५.७ **संघीय संस्थालाइ सहयोगः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य सम्वन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ ।कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम तोकिएको कार्यमा मात्र बजेट खर्च गर्नुपर्ने र संघिय तथा प्रादेशिक निकायहरुको खर्च सोही निकायको लागि स्वीकृत बजेट तथा कार्यक्रम भित्र रहेर सम्वन्धित निकायहरुले खर्च गर्नुपर्ने प्रावधानहरु रहेका छन् । कार्यालयले देहाय बमोजिम अन्य निकायहरुको खर्च समेत यस कार्यालयबाट गरेको देखिदा स्थानिय संचित कोषमा थपभार पर्न गएकोले नियमसम्मत भन्न मिल्ने नदेखिएको रु.

| गो भौ मिति | विवरण | निर्माणव्यवसायी | भुक्तानीरकम |
|---|---|---|---|
| ३९।०८१।१।६ | कालिकागणमा विपद सामाग्री भण्डार घर निर्माण | पर्वतमालाकन्स्ट्रक्सन प्रा लि | ४८२०७५ |

| | |
|---|---|
| अनियमित भएको | ४,८२,०७५ |

१८५.८ **कन्टिन्जेन्सी खर्चः** सार्वननिक खरिद नियमावली, २०६४ को नियम १० उपनियम (७) र अनुसुची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ज स्टाफ खर्च २ र सानातिना अन्य खर्च २ गरी ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्ने व्यवस्था छ। गण्डकी प्रदेश खर्च मापदण्ड २०७९ को दफा १४ मा कन्टिन्जेन्सी निर्धारण गर्दा आवश्यकता र मितिव्ययितालाई ध्यानमा राखी कन्टिन्जेन्सी छुट्याउन सकिने र आवश्यकता नपर्ने भएमा कन्टिन्जेन्सी रकम छुट्याउन नहुने उल्लेख छ । कन्टिन्जेन्सी रकम छुट्याउँदा प्रचलित खरिद कानुन बमोजिम वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्चमा समेत लागत अनुमान तयार गर्दा नै प्रष्ट खुलाई अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने, लागत अनुमानमा व्यवस्था भए बमोजिम कन्टिन्जेन्सी रकम भुक्तानी रकमको अनुपातमा पारदर्शी, मितव्ययी र औचित्यपूर्ण तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। पोखरा महानगर पालिका वडा नं ५ ले योवर्ष कन्टिन्जेन्सीबाट देहाय बमोजिम रु ११४२९५ खर्च लेखेको छ । यस वडा कार्यालय भित्र यसको भुगोल, क्षेत्र र योजनाको प्रकृति अनुसार सवारी मर्मत तथा भाडा, इन्धन, सूचना प्रकाशन, ज्याला, दैनिक भ्रमण भत्ता, सुपरभिजन जस्ता कार्यमा कन्टिन्जेन्सीबाट खर्च गर्न मिल्ने देखिदैन । कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी कितावमा उल्लेख गर्नु पर्नेमा सो समेत गरेको छैन । लागत अनुमान तयार गर्दा वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्च समेत खुलाएको छैन । एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखाङ्कन गर्नुपर्नेमा देहाय बमोजिमको खर्च सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेबाट पालिकालाई थपव्ययभार पारेको देखिएको हुँदा जिम्मेवार पदाधिकारी र व्यक्तिलाई कानुनबमोजिम जवाफदेही तुल्याउनुपर्ने देखिएको रु.

| क्रसं | खर्च शीर्षक | भुक्तानी रकम |
|---|---|---|
| १ | खाजा/खाना समेत बिबिध खर्च | ९०००० |
| २ | मर्मत खर्च | २४२९५ |
| | जम्मा | ११४२९५ |

| | |
|---|---|
| अनियमित भएको | १,१४,२९५ |

१८६ **वडा नं. २ तर्फ**

१८६.१ **उपभोक्ता समितिबाट गराएको कामः** कार्यालयले यो वर्ष गरेको पुँजीगत खर्च मध्ये देहाय बमोजम २२ वटा उपभोक्ता समितिहरूबाट रु. १७२०४९०७ को कार्य गराएकोमा रु. २२६६४९१.५२ को कार्य लागत/ जनसहभागिताबाट गराई बाँकी रु. १४९३८४१५ पालिकाबाट भुक्तानी भएको बिवरण प्राप्त भएको छ ।

| उपभोक्ता समिति संख्या | लागत अनुमान | सम्झौता रकम | जम्मा भएको काम | कार्यालयबाट भुक्तानी | लागत।जनसहभागिताबाट भएको |
|---|---|---|---|---|---|
| २३ | १७६७३४७९।६७ | १७६७३४७९।६७ | १५४४६९६३।०८ | १५२९४५३६ | २१७७८४७।६१ |

उक्त कारोबारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

१८६.२ **(क) न्युन बिजकीकरणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । वडा अन्तर्गत उपभोक्ता समिति मार्फत गराएको कार्यहरूमा निम्नानुसार जिल्ला दररेट अनुसार निर्माण सामग्रीहरूको दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा निर्माण सामग्री खरिदको बिल पेस गरेकोले निम्नानुसार बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.

| भौ नं र मिति | उपभोक्ता समिति | सामग्री | परिमाण | भुक्तानी दर (रु.) | खरिद दर (रु.) | बढी भुक्तानी (रु.) |
|---|---|---|---|---|---|---|
| ७।१०।१८ | बरपाटन स्कुल पछाडि बाटो तथा नाला स्तरोन्नति उ स | सिमेन्ट | २३० | ७८८ | ५८२ | ४७४३२ |
| | | ढुङ्गा | २४ | २६१० | १८७५ | १७६४० |
| | | गिट्टी | ४० | २३४२ | १८७५ | १८६८० |
| १२।११।२ | बरपाटन मार्ग लिचीको बोट देखि पार्वती पराजलीको घरसम्म बाटव तथा ढल निर्माण उ स | पिपिसि सिमेन्ट | १८० | ६८६ | ५२० | ३०००२ |
| | | ढुङ्गा | २० | २६१० | १६९५ | १८३०० |
| १६।११।२९ | अर्चलबोट मार्गदेखि शम्भु घर्तीको घरसम्मको स्ल्याप तथा बाटो निर्माण समिति | गिट्टी | ३२ | २३४२ | १८७५ | १४९५५ |
| | | पिपिसि सिमेन्ट | ६० | ६८६ | ५२० | १०००१ |
| २१।१२।१६ | हिमाली उकालो बाटो उपभोक्ता समिति | ओपिसि सिमेन्ट | २१ | ७८८ | ५६५ | ४६८७ |
| २३।१२।१६ | जयमुल मार्ग कृष्ण तिमिल्सिनाको घर अगाडीको नाला स्तरोन्ती उ स | ओपिसि सिमेन्ट | १२० | ७८८ | ५४० | २९७६४ |
| २८।१२।१९ | विन्ध्यवासिनी मा वि स्तरोन्नती समिति | इँटा | ४९५० | १७ | ८ | ४३७८३ |
| | | पिपिसि सिमेन्ट | १२० | ६८६ | ६१५ | ८६११ |
| ३६।१।२१ | जयमुल मार्ग नाला निर्माण तथा सडक स्तरोन्नति | ओपिसि सिमेन्ट | ७८१ | ७८८ | ६२० | १३१०५६ |
| ५९।३।१० | विन्ध्यवासिनी मा वि स्तरोन्नती समिति | इँटा | ९५० | १७ | ८ | ८४०३ |
| ९०।३।२४ | कोपिला खाद्य उद्योगबाट विन्ध्यवासिनी पार्क निस्कने ट्र्याक तथा नाला उ स | ओपिसि सिमेन्ट | ११९८ | ७८८ | ६६७ | १४५५२७ |
| | | ढुङ्गा | ९० | २६१० | २२६० | ३१५०० |
| | | | | | जम्मा | ५६०३४१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,६०,३४१ |

१८६.३ (ख) उपभोक्ता समितिको कार्यमा जनसहभागिताः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १क मा एक करोड रुपैयाँ सम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने, नियम ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ ।उपभोक्ता समितिबाट गरिने कार्यहरूमा उपभोक्ताहरूको समेत जनसहभागिताको अंश रहने गरी कार्य गराउनुपर्दछ । उपभोक्ता समितिबाट कार्य गराउँदा उपभोक्ताबाट हुने जनसहभागिताको अंश समेत भुक्तानी हुँदा पालिकालाई थप व्ययभार पर्न गएको रु.

| भौनं र मिति | उपभोक्तासमिति | मूल्याङ्कनतथा भुक्तानी | न्युनतम१० प्रतिशत जनसहभागिता |
|---|---|---|---|
| २१।१२।१६ | हिमालीउकालो बाटो उपभोक्ता समिति | ६३७३३ | ६३७३ |
| ७१।३।२१ | श्रीबेसीमार्ग (क) टोल सुधार समिति | ८७५६२.१५ | ८७५६ |
| जम्मा | | | १५१३० |

| अनियमित भएको | १५,१३० |
|---|---|

१८६.४ **(ग) उपभोक्ता समितिमार्फत सामग्री खरिदः (३२-२०८१।१।२)** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गर्न सकिने व्यवस्था रहेको छ । सोही नियमावलीमा उपभोक्ताहरूलाई श्रममूलक कार्यमा लगाउनुपर्ने उल्लेख छ । सो कानुनी व्यवस्था हेर्दा उपभोक्ता समितिमार्फत सामग्री खरिद गर्न सकिने प्रावधान रहेको देखिदैन । पालिका अन्तर्गत वडा नं २ मा फर्निचर समेत खरिदका लागि सुवेदी समाज मिरुवामा सामग्री खरिद उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिलाई रु.१५०००० भुक्तानी भएको छ । सामग्री खरिद कार्यका लागि मात्र उपभोक्ता समिति गठन गरी सामग्री खरिद बापतको रकम उपभोक्ता समितिलाई भुक्तान गरेको नियमसम्मत नदिखएको रु.

| अनियमित भएको | १,५०,००० |
|---|---|

१८६.५ **वितरणमुखी खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । यस वडाले विभिन्न समूह, क्लव, संघ संस्था समेतलाई कार्यक्रम, खेलकुद, मेला, महोत्सव समेतका लागि आर्थिक सहायता तथा सामग्री वितरण गरेको छ । यस प्रकारको वितरणमुखी खर्चबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। उदाहरणः

| भौ नं र मिति | भुक्तानी पाउने | प्रयोजन | रकम(रु.) |
|---|---|---|---|
| ३५।११।२२ | भैरवटोल मोहरिया टोल विकास संस्था | फर्निचर खरिद सहायता | ९८३१० |
| ३६।११।२२ | अन्नपूर्ण सामुदायिक विकास मञ्च | तिज प्रतियोगिता कार्यक्रम सहायता | १५०००० |
| ३९।११।२९ | विन्ध्यवासिनी बसपार्क युथ क्लव | फुटबल प्रतियोगिता | ५०००० |
| ४०।१२।१ | रानीपौवा ताया मचा नाँच समिति | गाइजात्रा कार्यक्रम | ५०००० |
| ४३।१२।१६ | गोर्खा संचार सहकारी संस्था लि | कलाकार सम्मान | १०००० |
| ५१।१२।३० | नेवा मिसा पुच: कास्की | इही यज्ञ बेल बिवाह कार्यक्रम सहायता | २५००० |
| ५५।१।२४ | साहारा क्लव पोखरा | फुटबल प्रतियोगिता | २५००० |
| १९।१२।१३ | मिरुवा तमु समाज | फर्निचर खरिद | १००००० |
| ५४।२।१४ | नेपाल पुन मगर समाज | फर्निचर खरिद | १००००० |
| १०।११।२० | ब्रह्मकुमारी इश्वरीय विश्व विद्यालय | इन्भरटर र ब्याट्री खरिद | ५०००० |
| ६३।२।४ | श्री शुक्ला साहित्य प्रतिष्ठान | भजन प्रतियोगिता | ५००० |
| ७४।२।१८ | विन्ध्येश्वरी युवा क्लव | भलिबल प्रतियोगिता | १०००० |
| ९४।३।१७ | सल्यानी समिति कास्की | तिज कार्यक्रम | १०००० |
| ९५।३।१७ | बाघजात्रा आयोजक समिति | बाघजात्रा कार्यक्रम | ५०००० |
| ९७।३।१७ | भैरवटोल मोहरिया टोल विकास संस्था | तायमचा नृत्य | ३०००० |
| १००।३।२० | भीमसेन टोल सुधार समिति | ताया मचा नाच | ३०००० |
| १०१।३।२० | पोखरेली युवा साँस्कृतिक परिवार | टिकटमा मुक्तक | १०००० |
| जम्मा | | | १०२३३१० |

१८६.६ **अन्य कार्यालयको खर्चः** (गो.भौ.नं. २४-२०८०।१२।१६) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता र प्रभावकारिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । यस वडाले वडा प्रहरी कार्यालय बगरको लागि सिसि क्यामेरा जडान बापत वनस्टप टेक्नोलोजी प्रा.लि. लाई रु.४९९१०० भुक्तानी गरेको छ । अन्य कार्यालयको लागि सोही कार्यालयबाट नियमानुसार बजेट व्यवस्था हुने भएकोले पालिकाले गर्ने यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढ्ने देखिदा यस्तो खर्च नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ४,९९,१०० |
|---|---|

१८६.७ **कन्टिन्जेन्सी खर्चः** कन्टिन्जेन्सी रकम छुट्याउँदा प्रचलित खरिद कानुन बमोजिम वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्चमा समेत लागत अनुमान तयार गर्दा नै प्रष्ट खुलाई अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने, लागत अनुमानमा व्यवस्था भए बमोजिम कन्टिन्जेन्सी रकम भुक्तानी रकमको अनुपातमा पारदर्शी, मितव्ययी र औचित्यपूर्ण तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। यस वडाले यो वर्ष कन्टिन्जेन्सीबाट देहाय बमोजिम रु. ४२४६५८ खर्च लेखेको छ । यस वडा कार्यालय भित्र यसको भुगोल, क्षेत्र र योजनाको प्रकृति अनुसार सवारी मर्मत तथा भाडा, इन्धन, सूचना प्रकाशन, ज्याला, दैनिक भ्रमण भत्ता, सुपरभिजन जस्ता कार्यमा कन्टिन्जेन्सीबाट खर्च गर्न मिल्ने देखिदैन । कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा

सो समेत गरेको छैन । लागत अनुमान तयार गर्दा वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्च समेत खुलाएको छैन । एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखाङ्कन गर्नुपर्नेमा देहाय बमोजिमको खर्च सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेबाट पालिकालाइ थपव्ययभार पारेको देखिएको हुदा जिम्मेवार पदाधिकारी र व्यक्तिलाइ कानुन बमोजिम जवाफ तुल्याउनु पर्ने देखिएको रु.

| क्र.सं | खर्च विवरण | रकम (रु.) |
|---|---|---|
| १ | कार्यालय संचालन | १८९५१३ |
| २ | अनुगमन/दैनिक भ्रमण खर्च | ७५००० |
| 3 | मर्मत खर्च | १४२२९५ |
| जम्मा | | ४०६८०८ |

| अनियमित भएको | ४,०६,८०८ |
|---|---|

## १८७ वडा नं. ३१ तर्फ

१८७.१ **उपभोक्ता समितिबाट गराएको कामः** वडा कार्यालयले यो वर्ष गरेको पूंजीगत खर्च मध्ये ५० वटा उपभोक्ता समितिहरुबाट रु.१२७६६०२३ को कार्य गराएकोमा रु. १५३६८८२। को कार्य लागत/ जनसहभागिताबाट गराइ बाँकी रु. ११२२९१४१। वडा कार्यालयबाट भुक्तानी भएको बिवरण प्राप्त भएको छ ।

| उपभोक्ता समिति संख्या | लागत अनुमान | सम्झौता रकम | जम्मा भएको काम | कार्यालयबाट भुक्तानी | लागत/जनसहभागिताबाट भएको |
|---|---|---|---|---|---|
| ५० | १३११३३९३ | १४१०७३९० | १२७६६०२३ | ११२२९१४१ | १५३६८८२ |

उक्त कारोबारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१८७.२ **(क) न्युन विजकिकरणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । वडा अन्तर्गत उपभोक्ता समिति मार्फत गराएको कार्यहरूमा निम्नानुसार जिल्ला दररेट अनुसार निर्माण सामग्रीहरूको दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा निर्माण सामग्री खरिदको बिल पेस गरेकोले निम्नानुसार बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.

| भौ नं र मिति | उपभोक्ता समिति | सामग्री | परिमाण(बोरा/घमी) | भुक्तानी दर भ्याट सहित | खरिद दर भ्याट सहित | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| २८ २०८०।१२।३० | तारास्वारा अगेटारी सडक स्तरोन्नती | ओपिसी | १५५ | ७८८ | ६२४ | २५४८५ |
| | | गिट्टी | १६ | २३४२ | १८०८ | ८५४४ |
| ३१ २०८१।१।३ | स्यानी चौतारा कोदेखोला सडक स्तरोन्नती | ओपिसी | १४७ | ७८८ | ६१९ | २४८३४ |
| | | ढुङ्गा | २५ | २६१० | २०३४ | १४४०० |
| | | बालुवा | २६ | २७४१ | २७१२ | ७५४ |
| ३६ २०८१।१।२७ | अधेरीकुना जलाधार सिढी बाटो | ओपिसी | १३० | ७८८ | ५७६ | २७५४४ |
| | | बालुवा | ३५ | २७४१ | २२०४ | १८८१३ |
| | | ढुङ्गा | २५ | २६१० | १५८२ | २५७०० |
| ३८ २०८१।१।३० | माछापुच्छ्रे सडक स्तरोन्नती योजना | ओपिसी | ४७५ | ७८८ | ६१२ | ८३४६७ |
| | | ढुङ्गा | ७० | २६१० | १६९५ | ६४०५० |
| | | बालुवा | ७० | २७४१ | २६५६ | ५९८५ |
| | | गिट्टी | ४० | २३४२ | २०३४ | १२३२० |
| २७ २०८०।१२।२१ | वनपाले अदुवावारी पाण्डेथर सपाउने बाटो स्तरोउन्नती समिति | ओपिसी | ११३ | ७८८ | ६१९ | १९०९० |
| | | ढुङ्गा | १५ | २६१० | २०३४ | ८६४० |
| २३ २०८०।१२।१३ | उतरमार्ग ढलान उ स | ओपिसी | १६० | ७८८ | ६३८ | २३९५७ |
| | | ढुङ्गा | २४ | २६१० | १६६७ | २२६३८ |
| | | बालुवा | ९० | २७४१ | २००० | ६६६८१ |
| २१ २०८०।१२।६ | चिसाकुना वालखे कोलाहाले सडक स्तरोउन्नती | ओपिसी | १५५ | ७८८ | ६५० | २१४५७ |
| | | ढुङ्गा | ६३ | २६१० | ९०४ | १०७४७८ |
| १७ २०८०।११।२० | उकान्तकुना देखी कोइराला धारापधेरो सडक | ओपिसी | १८५ | ७८८ | ६४४ | २६६५५ |
| ६६ २०८१।३।९ | मिलिजुली मार्ग सडक स्तरोन्नती समिति | ढुङ्गा | ४५ | २६१० | २२०० | १८४४५ |
| | | ओपिसी | ९७ | ७८८ | ६४१ | १४३०५ |
| | | गिट्टी | १०० | २३४२ | ९५१ | १३९०५४ |
| ५६ २०८१।२। | पशुपती टोल विकास संस्था नहरचोक | ओपिसी | २५० | ७८८ | ५४० | ६२०१० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | | | | | | |
| ७० २०८१।३। १४ | त्रिशुल डाडा चौर बाटो स्तरोउन्नती | ओपिसी | ७५ | ७८८ | ५२१ | २००४४ |
| | | गिट्टी | २६ | २३४२ | १६०० | १९२९० |
| ७१ २०८१।३। १४ | प्रकृति टोल मार्ग स्तरउन्नती उ स | ओपिसी | २०० | ७८८ | ६५० | २७६८६ |
| | | ढुङ्गा | २५ | २६१० | २२६० | ८७५० |
| ८० २०८१।३। १७ | रामटोल सामुदायिक भवन स्तरोन्नती समिति | बालुवा | १५ | २७४१ | १८०८ | १३९९५ |
| ८३ २०८१।३। २० | पशुपती मार्ग निर्माण | ओपिसी | ५०० | ७८८ | ६५१ | ६८६५० |
| | | ढुङ्गा | ८५ | २६१० | २२६० | २९७५० |
| | | बालुवा | ४० | २७४१ | २३७३ | १४७२० |
| | | | | | जम्मा | १०४५१९१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,४५,१९१ |

१८७.३ **(ख) उपभोक्ता समितिद्धारा खरिदः** सार्वजनिक खरिद नियमावलिको नियम ९७ मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गर्न सकिने व्यवस्था रहेको छ साथै सो नियमावलीमा उपभोक्ता समितिले सामाग्री खरिद गर्न पाउने कुनै व्यवस्था गरेको देखिदैन । कानूनी व्यवस्था अनुसार निर्माण कार्यमात्र उपभोक्ता समिति द्धारा गराउनुपर्ने व्यवस्था हुँदा हुँदै तपसिल बमोजिमको मालसामानमा खरिद समेत उपभोक्ता समिति मार्फत गरिएको नियमसम्मत नभएको रु.

| गो भौ मिति | उपभोक्तासमिति | सामग्री | आपूर्तिकर्ता | भुक्तानी |
|---|---|---|---|---|
| १५० २०८१।२।१३ | कोट देउराली बहुउद्देशिय सहकारी संस्था लिमिटेड | चिलिङभ्याट | मुक्तिनाथ कृषी कम्पनि लिमिटेड | २००००० |
| २१० २०८१।३।२४ | वडा स्तरीय कृषि संञ्जाल | मिनि टिलरवितरण | एस के मेशिनरी एण्ड पम्प सप्लायर्स | २००००० |
| | | | जम्मा | ४००००० |

| | |
|---|---|
| अनियमित भएको | ४,००,००० |

१८७.४ **वडा कार्यायलय करार कर्मचारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कार्यालयले सरसफाई सम्बन्धी कार्यको लागि एक कर्मचारी करार नियुक्ति गरी वर्षभरीमा रु.१८००००।- भुक्तानी गरेको छ । आन्तरिक स्रोतको विश्लेषण र दिगो व्यवस्थापन बेगर नै वडा कार्यालयले करारमा नियुक्ति गरी भुक्तानी गरेको कार्यलाई यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन । यसरी पालिकालाई थप व्ययभार पर्ने गरी वडा कार्यालयले करार कर्मचारी राखी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,८०,००० |

१८७.५ **प्रमाण पेश गर्नुपर्नेः** १५० २०८१।२।१३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । दुध चिस्याउने चिलिम भ्याट मेसिन खरिद गर्नकालागि ५० प्रतिशत अनुदान वापत २०००००० वडा बाट भुक्तानी भएको बाकीँ श्री कोट देउराली बहुउद्देशिय सहकारी संस्था लिमिटेड द्धारा खरिद गरि भुक्तानी लगेको देखिन्छ। बज्रबरे दुध संकलन केन्द्र सञ्चालन गर्न रकम दिएको तर सो बाट खरिद गरिएको चिलिम भ्याट मेसिन जिन्सी आम्दानी बाधेको प्रमाण पेश नभएकोले प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नेपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

१८७.६ **अनुत्पादक एवं वितरणमुखी खर्च**आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन¸ २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा केही भौचरहरू परीक्षण गर्दा वडाले देहाय बमोजिम दीर्घकालीन रूपमा रोजगारी सिर्जना नहुने वितरणमुखी कार्यमा रकम खर्च गरेको देखिन्छ। यसबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। यस्ता केही खर्च देहायअनुसार छन्:

| गोभौ नं मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| 15 2080.8.12 | तिजगित कार्यक्रम सहयोग | पोखरा टेलिभिजन एण्ड मिडिया प्रा लि | १०००० |
| २६ २०८०।८।१४ | बेगनास कोट भैरव पुजा खर्च | बेगनास कोट भैरव क्षेत्र विकास संस्था | १९९५० |
| ६६ २०८०।९।२५ | तिजगित कार्यक्रम सहयोग | स्टार नेपाल मिडिया हब प्रा लि | ९००० |
| ५२ २०८०।९।११ | दशै पिङ निर्माण सहयोग | नोच बहादुर गुरुङ | १०००० |
| 163 2081.2.29 | बाजा वितरण | सुस्मिता मादल तथा बाजा केन्द्र | १२५४३० |
| १६२ २०८१।२।२९ | आरन सामाग्री वितरण | एस के मेसिनरी एण्ड पम्प सप्लायर्स | ६९५०० |
| १५६ २०८१।२।२३ | दर खाने कार्यक्रम | गुमा देवि अधिकारी | ६००० |
| | | | २४९८८० |

१८७.७ **संघीय संस्थालाई सहयोगः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य सम्वन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ ।कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम तोकिएको कार्यमा मात्र बजेट खर्च गर्नुपर्ने र संघिय तथा प्रादेशिक निकायहरुको खर्च सोही निकायको लागि स्वीकृत बजेट तथा कार्यक्रम भित्र रहेर सम्वन्धित निकायहरुले खर्च गर्नुपर्ने प्रावधानहरु रहेका छन् । कार्यालयले देहाय बमोजिम अन्य निकायहरुको खर्च समेत यस कार्यालयबाट गरेको देखिदा स्थानिय संचित कोषमा थपभार पर्न गएकोले नियमसम्मत भन्न मिल्ने नदेखिएको रु.

| गो भौ मिति | विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| १६ २०८०।८।१२ | सि आर भि प्रहरी शिसुवा लाइ इन्धन खर्च | भटेराम गुरुङ | ४००० |
| २०० २०८१।३।१९ | सुन्दरी डाँडा प्रहरी चौकी लाइ विभिन्न सामाग्रि हस्तान्तरण | हुमराज भुषाल | २५००० |
| | | | २९००० |

| | |
|---|---|
| अनियमित भएको | २९,००० |

१८७.८ **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । प्राप्त विवरण अनुसार यस वडाले देहाय बमोजिम विभिन्न प्रयोजनको लागि यो वर्ष बिभिन्न १४ जना व्यक्ति एवं संघ संस्थालाई वडा वडाध्यक्षको तोक आदेशबाट जम्मा रु. १३७५००।- आर्थिक सहायता वितरण गरेको बिबरण प्राप्त भएको छ।यस्तो खर्चमा कानुनको पूर्ण पालना गर्दै मितव्ययिता कायम गर्नु पर्दछ।

| गो भौ मिति | विवरण | सहयोग पाउने | रकम |
|---|---|---|---|
| १९ २०८०।८।१२ | आर्थिक सहयोग आगलागि | कृष्ण बहादुर परियार | १०००० |
| ३९ २०८०।९।१ | आर्थिक सहयोग उपचार सहयोग | विजय राज कडेल | १०००० |
| ४० २०८०।९।१ | आर्थिक सहायता | बालकृष्ण अधिकारी | ३००० |
| ४१ २०८०।९।१ | आर्थिक सहायता | शिवचन्द्र त्रिपाठी | ३००० |
| ४८ २०८०।९८ | आर्थिक सहायता | लक्ष्मी थापामगर | ८००० |
| ६४ २०८०।९।२४ | आर्थिक सहायता राहात | हरिमाया सार्की | १०००० |
| ५३ २०८०।९।११ | आर्थिक सहायता राहात | नारायण रानाभाट | १०००० |
| १०६ २०८०।१२।२९ | आर्थिक सहायता राहात | सूर्य प्रसाद लामिछाने | २०००० |
| १०९ २०८०।१२।२२ | आर्थिक सहायता राहात | मैया तिवारी | १५००० |
| ९१ २०८०।११।९ | आर्थिक सहायता राहात | देवि तिवारी | १०००० |
| १४५ २०८१।२।१३ | आर्थिक सहायता राहात | चन्द्र ओझा | १०००० |
| १३३ २०८१।१।२० | आर्थिक सहायता राहात | हरि बहादुर थापा | २०००० |
| २०७ २०८१।३।२१ | आर्थिक सहायता राहात | आइति लामा | ३५०० |
| २२१ २०८१।३।२४ | | सूर्य नेपाली | ५००० |
| | | | १३७५०० |

१८७.९ **कन्टिन्जेन्सी खर्चः** सार्वननिक खरिद नियमावली, २०६४ को नियम १० उपनियम (७) र अनुसुची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ज स्टाफ खर्च २ र सानातिना अन्य खर्च २ गरी ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्ने व्यवस्था छ। गण्डकी प्रदेश खर्च मापदण्ड २०७९ को दफा १४ मा कन्टिन्जेन्सी निर्धारण गर्दा आवश्यकता र मितिव्ययितालाई ध्यानमा राखी कन्टिन्जेन्सी छुट्याउन सकिने र आवश्यकता नपर्ने भएमा कन्टिन्जेन्सी रकम छुट्याउन नहुने उल्लेख छ । कन्टिन्जेन्सी रकम छुट्याउँदा प्रचलित खरिद कानुन बमोजिम वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्चमा समेत लागत अनुमान तयार गर्दा नै प्रष्ट खुलाई अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने, लागत अनुमानमा व्यवस्था भए बमोजिम कन्टिन्जेन्सी रकम भुक्तानी रकमको अनुपातमा पारदर्शी, मितव्ययी र औचित्यपूर्ण तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। पोखरा महानगर पालिका वडा नं ३१ ले योवर्ष कन्टिन्जेन्सीबाट देहाय

बमोजिम रु ९८२४० खर्च लेखेको छ । यस वडा कार्यालय भित्र यसको भुगोल, क्षेत्र र योजनाको प्रकृति अनुसार सवारी मर्मत तथा भाडा, इन्धन, सूचना प्रकाशन, ज्याला, दैनिक भ्रमण भत्ता, सुपरभिजन जस्ता कार्यमा कन्टिन्जेन्सीबाट खर्च गर्न मिल्ने देखिदैन । कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी कितावमा उल्लेख गर्नु पर्नेमा सो समेत गरेको छैन । लागत अनुमान तयार गर्दा वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्च समेत खुलाएको छैन । एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखाङ्कन गर्नुपर्नेमा देहाय बमोजिमको खर्च सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेबाट पालिकालाई थपव्ययभार पारेको देखिएको हुँदा जिम्मवेवार पदाधिकारी र व्यक्तिलाई कानुनबमोजिम जवाफदेही तुल्याउनुपर्ने देखिएको रु.

| क्रसं | खर्चशीर्षक | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| १ | कार्यालय सञ्चालन(रेनकोट र झोला खरिद) | अस्मिता ट्रेडर्स | ५४२४० |
| २ | अन्य खर्च (घर भाडा भुक्तानी) | सुधा थापा | ४४००० |
| | | जम्मा | ९८२४० |

| | |
|---|---|
| अनियमित भएको | ९८,२४० |

१८८ **वडा नं. ३ तर्फ**

१८८.१ **उपभोक्ता समितिबाट गराएको कामः** कार्यालयले यो वर्ष गरेको पुँजीगत खर्च मध्ये १८ वटा उपभोक्ता समितिहरूबाट रु. ७२६६२४१ को कार्य गराएकोमा रु. १२८९६८० को कार्य लागत/ जनसहभागिताबाट गराई बाँकी रु. ६५६४१९३ पालिकाबाट भुक्तानी भएको विवरण प्राप्त भएको छ ।

| उपभोक्तासमितिसंख्या | लागतअनुमान | सम्झौतारकम | जम्माभएकोकाम | कार्यालयबाटभुक्तानी | लागत/जनसहभागिताबाटभएको |
|---|---|---|---|---|---|
| १८ | १२८४०३६१ | १२६३९४७२ | ७२६६२४१ | ६५६४१९३ | १२८९६८० |

उक्त कारोबारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

१८८.२ **(क) न्युन बिजकीकरणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । वडा अन्तर्गत उपभोक्ता समिति मार्फत गराएको कार्यहरूमा निम्नानुसार जिल्ला दररेट अनुसार निर्माण सामग्रीहरूको दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा निर्माण सामग्री खरिदको बिल पेस गरेकोले निम्नानुसार बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.

| भौ नं र मिति | उपभोक्ता समिति | सामग्री | परिमाण | भुक्तानी दर ( रु . ) | खरिद दर ( रु . ) | बढी भुक्तानी ( रु .) |
|---|---|---|---|---|---|---|
| ७। १२ । २१ | नदिपुरमार्ग ढल निर्माण उ स | ओपिसी सिमेन्ट | ३४० | ७८८ | ५८० | ७०७८३ |
| २७। ३ । १९ | कन्या मार्ग ढल निर्माण उ स | ओपिसी सिमेन्ट | ४८८ | ७८८ | ७०० | ४३०३७ |
| ३१। ३ । २३ | श्रीवन्त कीर्ति विहार | इट्टा | ४३०० | १८ | ७ | ४७३०० |
| ३६। २ । २० | शान्तिपथ बाटो तथा नाला सेल्फ मर्मत उ स | ओपिसी सिमेन्ट | १२५ | ७८८ | ६३० | १९७७३ |
| | | | | | जम्मा | १,८०,८९३ |

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **११,५८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८०,८९३ |

१८८.३ **(ख) उपभोक्ता समितिको कार्यमा जनसहभागिताः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १क मा एक करोड रुपैयाँ सम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने, नियम ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । त्यस्तै गण्डकी प्रदेश सरकारको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा उपभोक्ताको लागत सहभागितामा सञ्चालन हुने आयोजनाको कार्यान्वियन उपभोक्ता समितिबाट गर्न प्राथमिकता दिनुपर्ने, दफा ६ मा उपभोक्ता समितिको लागत सहभागिता कम्तीमा १० प्रतिशत हुनुपर्ने व्यवस्था छ । उपभोक्ता समितिबाट गरिने कार्यहरूमा उपभोक्ताहरूको समेत जनसहभागिताको अंश रहने गरी कार्य गराउनुपर्दछ । उपभोक्ता समितिबाट कार्य गराउँदा उपभोक्ताबाट हुने जनसहभागिताको अंश समेत भुक्तानी हुँदा पालिकालाई थप व्ययभार पर्न गएको रु.

| गो.भौ.नंर मिति | उपभोक्तासमिति | मूल्याङ्कन एवं भुक्तानी | न्युनतम१० प्रतिशत जनसहभागिता |
|---|---|---|---|
| १६।३।२ | श्रीराधाकृष्ण मन्दिर निर्माण उ स | १९८००० | १९८०० |

| | |
|---|---|
| अनियमित भएको | १९,८०० |

१८८.४ **वितरणमुखी खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । यस वडाले विभिन्न समूह, क्लव, संघ संस्था समेतलाई कार्यक्रम, खेलकुद, मेला, महोत्सव समेतका लागि आर्थिक सहायता तथा सामग्री वितरण गरेको छ । यस प्रकारको वितरणमुखी खर्चबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। उदाहरणः

| भौ.नं.र मिति | भुक्तानीपाउने | प्रयोजन | रकम (रु.) |
|---|---|---|---|
| १६।९।४ | गोर्खासंचार सहकारी संस्था लि | तयामचानृत्य प्रतियोगिता | १०००० |
| १७।९।४ | तेर्सापट्टीतयामचार नाच समिति | तयामचा नाचआर्थिक सहयोग | ७५००० |
| २५।९।१८ | पोखराथिएटर प्रा लि | नाटकमहोत्सव | १०००० |
| २८।९।२४ | स्टारनेपाल मिडिया हब प्रा लि | तिज गितप्रतियोगिता | ५००० |
| ३५।९।२५ | रानीपौवातया मचा नाच समिति | तया मचानृत्य प्रतियोगिता | ५०००० |
| ४६।११।१५ | बाघजात्राआयोजक समिति | बाघजात्रा | ५०००० |
| ५०।११।२१ | नेपालस्ट्रोङ्गेष्ट क्योकुसिन कराते संघ | खेलकुदप्रतियोगिता | ५००० |
| ५७।१२।१४ | कन्यामाध्यमिक विद्यालय | तिज गितप्रतियोगिता | १०००० |
| ६०।१२।२० | विकासानन्दफाउन्डेशन परिवार | मनोक्रान्तिअभियान | ८००० |
| ९१।२।३० | विन्ध्यवासिनीमहिला समूह | फर्निचरसमेत खरिद | ५०००० |
| १३२।३।१६ | पोखरेलीयुवा सांस्कृतिक परिवार | टिकटमामुक्त कार्यक्रम | ५०००० |
| १३४।३।१६ | नेपालखेलकुद पत्रकार मन्च | पोखरा स्पोर्ट्स अवार्ड | १०००० |
| १४१।३।१८ | सहारा क्लव | फुटबल प्रतियोगिता | ५००० |
| १४३।३।२० | अमरसिंहब्वाइज क्लव | फुटबल प्रतियोगिता | १५००० |
| जम्मा | | | ३५३००० |

१८८.५ **वडा कार्यालय करार कर्मचारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कार्यालयले सरसफाई सम्बन्धी कार्यको लागि गिता सिकेलाई करार सेवा शुल्क शिर्षकबाट वर्षभरीमा रु.१६६७७० भुक्तानी गरेको छ । आन्तरिक स्रोतको विश्लेषण र दिगो व्यवस्थापन बेगर नै वडा कार्यालयले करार तथा ज्यालादारीमा नियुक्त गरी भुक्तानी गरेको कार्यलाई यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन । यसरी पालिकालाई थप व्ययभार पर्ने गरी वडा कार्यालयले करार कर्मचारी राखी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,६६,७७० |

१८८.६ **असम्बन्धित पुस्तकः** खरिदअर्थ मन्त्रालयबाट जारी भएको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा ६(३) मा सरकारी निकायको कामसँग सम्बन्धित पुस्तक तथा पत्रपत्रिका मात्र खरिद गर्न पाइने व्यवस्था छ । यस कार्यालयले भौ नं १२-२०८०।८।१३ बाट मलामी पहाड र सारङ्गी चराहरूको पहाड पुस्तक खरिदबापत रमेश श्रेष्ठलाई रु.६५०० र गो.भौ. नं. ३१-२०८०।९।२५ बाट सिर्जनाका डोबहरू र सिप शिल्पी र फोटोग्राफी नामक पुस्तक खरिद बापत फोटो जेनिथलाई रु. १४५०० भुक्तानी गरेको छ । उक्त पुस्तक कार्यालयसँग सम्बन्धित रहेको भन्ने स्पष्ट आधार देखिदैन । यसमा सुधार गर्नुपर्दछ ।

१८९ **वडा नं. १७ तर्फ**

१८९.१ **उपभोक्ता समितिबाट गराएको कामः** कार्यालयले यो वर्ष गरेको पुँजीगत खर्च मध्ये ३० वटा उपभोक्ता समितिहरूबाट रु. १७६५१४७९ को कार्य गराएकोमा रु. १९७३५६८ को कार्य लागत/ जनसहभागिताबाट गराई बाँकी रु. १५६७७९११ कार्यालयबाट भुक्तानी भएको विवरण प्राप्त भएको छ ।

| उपभोक्ता समितिसंख्या | लागत अनुमान | सम्झौता रकम | जम्मा भएको काम | कार्यालयबाटभुक्तानी | लागत/जनसहभागिताबाट भएको |
|---|---|---|---|---|---|
| ३० | १८३११८२४ | २१३११७३८ | १७६५१४७९ | १५६७७९११ | १९७३५६८ |

उक्त कारोबारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

१८९.२ **(क) न्युन बिजकीकरणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । वडा अन्तर्गत उपभोक्ता समिति मार्फत गराएको कार्यहरूमा निम्नानुसार जिल्ला दररेट अनुसार निर्माण सामग्रीहरूको दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा निर्माण सामग्री खरिदको बिल पेस गरेकोले निम्नानुसार बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.

| भौ नं र मिति | उपभोक्ता समिति | सामग्री | परिमाण | भुक्तानी दर | खरिद दर | फरक |
|---|---|---|---|---|---|---|
| १२।८।२६ | सडक नाला तथा टेवा पर्खाल निर्माण समिति | ओपिसी सिमेन्ट | १५० | ७८८ | ६७८ | १६५२७ |
| १३।८।२६ | छोरेपाटन पुल्चोक सडक निर्माण समिति | ओपिसी सिमेन्ट | ४३४ | ७८८ | ६६० | ५५६३१ |
| | | ढुङ्गा | १२३ | २६१० | १८३३ | ९५५३१ |
| १७।९।१३ | समावेशी टोल बाटो निर्माण उपभोक्ता समिति | ओपिसी सिमेन्ट | ३७५ | ७८८ | ७०० | ३३०७१ |
| | | ढुङ्गा | ९० | २६१० | १६९५ | ८२३५० |
| २२।९।२६ | डेभिजफल गुप्तेश्वर क्याम्पस जाने बाटो तथा नाला निर्माण उपभोक्ता समिति | ओपिसी सिमेन्ट | १३० | ७८८ | ५७७ | २७४६४ |
| २९। १० । १५ | प्रगति टोल - पुष्पलाल अध्ययन केन्द्र बाटो निर्माण समिति | M15 | ३३ | ११५०० | ९५०० | ६६९८० |
| ४०।११।८ | स्वावलम्बी टोल विकास सडक निर्माण उपभोक्ता समिति | ओपिसी सिमेन्ट | ११० | ७८८ | ६५८ | १४३५७ |
| | | M15 | ३८ | ११५०० | १०५०० | ३८४३२ |
| | | ढुङ्गा | ४० | २६१० | २००० | २४३९६ |
| ४१।११।८ | संगमचोक छोरेपाटन बाटो निर्माण समिति | ढुङ्गा | ५६ | २६१० | १८०० | ४५३५५ |
| ४२। ११ । ११ | प्रगति टोल हाम्रो बाटो निर्माण उपभोक्ता समिति | ढुङ्गा | ३८ | २६१० | १९२१ | २६१८२ |
| | | M15 | ४१ | ११५०० | ११००० | २१५०० |
| ४३। ११ । ११ | बिरुवाटोल सुन्दर मार्ग बाटो निर्माण | गिट्टी | ६० | २३४२ | १९२१ | २५२६० |
| ४४। ११ । १४ | साना कृषि कुलो मर्मत तथा पुन: निर्माण | ओपिसी सिमेन्ट | १८६ | ७८८ | ६३४ | २८६५९ |
| ४५। ११ । १४ | पिपलतरा मार्ग बाटो निर्माण उपभोक्ता समिति | ओपिसी सिमेन्ट | १०२० | ७८८ | ६५० | १४०९४५ |
| ५४। ११ । २२ | सिद्दार्थ राजमार्ग पुल्चोक बाटो ढलान तथा नाला निर्माण समिति | ओपिसी सिमेन्ट | १२८ | ७८८ | ४५० | ४३२८६ |
| ६०।१।१३ | शान्ति टोल नागिन टोल बाटो निर्माण उपभोक्ता समिति | गिट्टी | ३५ | २३४२ | १५०० | २९४७० |
| ६१।१।१७ | सु- शान्त टोल बाटो निर्माण उपभोक्ता समिति | ओपिसी सिमेन्ट | २०६ | ७८८ | ६५० | २८४६५ |
| | | ढुङ्गा | १८ | २६१० | १८३३ | १३९७८ |
| ७४।३।१३ | सडक नाला तथा टेवा पर्खाल निर्माण समिति | ओपिसी सिमेन्ट | २२५ | ७८८ | ७२१ | १५१२९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८५।३।२४ | माछापुच्छ्रे प्रगतिटोलबाट उत्तर तर्फ बाटो निर्माण उ. स . | ओपिसी सिमेन्ट | १८० | ७८८ | ६५१ | २४७१४ |
| ८८।३।२४ | भवन निर्माण समिति मानव सेवा आश्रम | ढुङ्गा | ३५ | २६१० | १५०० | ३८८५० |
| | | | | | जम्मा | ९३६५३२ |

| असुल गर्नुपर्ने | ९,३६,५३२ |
|---|---|

१८९.३ **बढी भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **३७,७८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१८९.४ **वितरणमुखी खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । यस वडाले विभिन्न समूह, क्लव, संघ संस्था समेतलाई कार्यक्रम, खेलकुद, मेला, महोत्सव समेतका लागि आर्थिक सहायता तथा सामग्री वितरण गरेको छ । यस प्रकारको वितरणमुखी खर्चबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। उदाहरणः

| भौ.नं. र मिति | भुक्तानी पाउने | प्रयोजन | रकम (रु.) |
|---|---|---|---|
| २०।६।२२ | ८५ वर्ष माथिका ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | इलेक्ट्रिक हट वाटर ब्याज, सातु र सल वितरण | ३९७५० |
| २१।६।२३ | हिमालयन बोर्डिङ्ग स्कुल | बुद्धिचाल प्रतियोगिता | ३१९१० |
| ४२।८।११ | नेवा खल कस्की | गाइजात्रा | २४००० |
| ४७।८।२६ | शुक्ला साहित्य प्रतिष्ठान | कृष्ण भजन प्रतियोगिता | १०००० |
| ६०।९।२६ | श्री दुर्गा मन्दिर व्यवस्थापन समिति | विजयादशमी कलशयात्रा | ३०००० |
| ५६।९।१६ | मदन भण्डारी स्पोर्टस एकेडेमी | क्रिकेट प्रतियोगिता | ९९००० |
| ६३।९।२६ | माइन्ड फ्रेस चेस क्लव | बुद्धिचाल प्रतियोगिता | ९९००० |
| ६५।१०।२ | ड्यामसाइड क्लव | ड्यामसाइड न्यु इयर फेस्टिभल | २००००० |
| ६७।१०।५ | गर्भवती महिला पोषण प्याकेझ वितरण कार्यक्रम | गर्भवती महिलाहरूलाई घिउ, अण्डा, हर्लिक्स, गेडागुडी वितरण | १३५००० |
| ७२।१०।१६ | पोखरा स्पोर्टस एण्ड ब्याडमिन्टन क्लव | ब्याडमिन्टन प्रतियोगिता | ५०००० |
| ९३।११।२१ | पुल्चोक क्लव | सडक दौड प्रतियोगिता | १५०००० |
| ९६।११।२२ | ढुङ्गेसाँघु सितापाइला आमा समूह | प्रसाद वितरण कार्यक्रम | ५०००० |
| १२२।१।२० | सुशान्त क्लव | भजन टुक्का कार्यक्रम | २०००० |
| १२९।१।२७ | जातृति नेवा खल | लाखे नृत्य | २५००० |
| १९८।३।१३ | सुर्यतारा क्लव पोखरा | खेलकुद महोत्सव | १००००० |
| २०४।३।१६ | निवृत्त राष्ट्रसेवक समाज | स्टिल दराज खरिद | १९००० |
| २०८।३।१६ | नेपाल किसान महासंघ जिल्ला कार्य समिति | रोपाई महोत्सव | १५००० |

१८९.५ **अन्य सरकारी कार्यालयको खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता र प्रभावकारिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । कार्यालयले देहायबमोजिम अन्य सरकारी कार्यालयको कार्य बापत सहायता रकम उपलब्ध गराएको छ । अन्य कार्यालयको लागि सोही कार्यालयबाट नियमानुसार बजेट व्यवस्था हुने भएकोले कार्यालयले गर्ने यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढ्ने देखिदा यस्तो खर्च नियमसम्मत नदेखिएको रु.

| भौ.नं. र मिति | कार्यालय | प्रयोजन | रकम (रु.) |
|---|---|---|---|
| १८।९।१३ | गण्डकी प्रदेश प्रहरी गण | सिमेन्ट खरिद | २९००० |
| ५४।९।१३ | ट्राफिक प्रहरी कार्यालय कास्की | कम्प्युटर खरिद | ६५००० |
| २१७।३।२४ | छोरेपाटन प्रहरी चौकी | गमबुट लाईट खरिद | २७००० |
| जम्मा | | | १२१००० |

| अनियमित भएको | १,२१,००० |
|---|---|

१८९.६ **वडा कार्यालय करार कर्मचारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने

कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कार्यालयले मासिक रु.१५००० पारिश्रमिक दिने गरी सडक सरसफाईका लागि कोपिला दमाईलाई वर्षभरीमा रु.१७६६२६ भुक्तानी गरेको छ । आन्तरिक स्रोतको विश्लेषण र दिगो व्यवस्थापन बेगर नै वडा कार्यालयले करार तथा ज्यालादारीमा नियुक्त गरी भुक्तानी गरेको कार्यलाई यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन । यसरी पालिकालाई थप व्ययभार पर्ने गरी वडा कार्यालयले करार कर्मचारी राखी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,७६,६२६ |

१८९.७ **कार्य सम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(१) मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा उपनियम (२) बमोजिम सोको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै नियम १२५ मा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। यस कार्यालयले देहायबमोजिम मर्मत/जडान कार्य गर्दा सोको कार्य सम्पन्न प्रतिवेदन पेस भएको नदेखिदा मर्मत/जडानको कार्यसम्पन्न प्रतिवेदन पेस गर्नुपर्ने रु.

| भौ. नं. र मिति | आपूर्तिकर्ता | कार्य विवरण | रकम (रु.) |
|---|---|---|---|
१९५.३ **(ख) बढी भुक्तानीः** (गो.भौ.नं. ७५-२०८१।२।२०)सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । टाडी कल्भर्ट मर्मत योजना उपभोक्ता समितिको रु.३००००० को योजनामा प्राविधिक लागत अनुमान तथा सम्झौता अनुसार निर्माण कार्यको लागत अनुमान रु.३३७४२४।७ तथा जनसहभागिता रु.३७४२४।७ कायम भएकोमा नापी किताब एवं प्राविधिक बिल अनुसार कन्टिन्जेन्सी सहित जम्मा जोडजम्मा रकम रु.२८१०५७।०५ हुनेमा कन्टिन्जेन्सी रकम बढी राखी कान्टिन्जेन्सी सहित रु.३०८३४४।१५ को मूल्याङ्कनको आधारमा बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,९४८ |

१९५.४ **वितरणमुखी खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन¸ २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । यस वडाले विभिन्न समूह¸ क्लव¸ संघ संस्था समेतलाई कार्यक्रम¸ खेलकुद¸ मेला¸ महोत्सव समेतका लागि आर्थिक सहायता तथा सामग्री वितरण गरेको छ । यस प्रकारको खर्चबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। उदाहरणः

| भौ.नं. र मिति | भुक्तानी पाउने | प्रयोजन | रकम (रु.) |
|---|---|---|---|
| ६९।१२।५ | फेदी नेवा: खल | न्युँदया भिन्तुना | १९९९० |
| ७३।१२।७ | राधाकृष्ण साँस्कृतिक समूह | भजन चुड्का प्रतियोगिता | २०००० |
| ९९।२।२१ | लेकसिटी ब्याडमिन्टन क्लव | खेलकुद प्रतियोगिता | २०००० |
| १०१।२।२३ | साझा साँस्कृतिक समाज | तिज गित प्रतियोगिता | १५००० |
| ११८।३।१३ | आराधाना युवा क्लव | भलिबल प्रतियोगिता | १०००० |

१९५.५ **वडा कार्यालय करार कर्मचारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कार्यालयले मासिक रु.१८००० पारिश्रमिक दिने गरी इन्दिरा तिवारीलाई सरसफाई सेवाका लागि वर्षभरीमा रु.२१६००० भुक्तानी गरेको छ । आन्तरिक स्रोतको विश्लेषण र दिगो व्यवस्थापन बेगर नै वडा कार्यालयले करार तथा ज्यालादारीमा नियुक्त गरी भुक्तानी गरेको कार्यलाई यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन । यसरी पालिकालाई थप व्ययभार पर्ने गरी वडा कार्यालयले करार कर्मचारी राखी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,१६,००० |

१९५.६ **कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० उपनियम (७) र अनुसुची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ज स्टाफ खर्च २ र सानातिना अन्य खर्च २ गरी ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्ने व्यवस्था छ। गण्डकी प्रदेश खर्च मापदण्ड¸ २०७९ को दफा १४ मा कन्टिन्जेन्सी निर्धारण गर्दा आवश्यकता र मितिव्ययितालाई ध्यानमा राखी कन्टिन्जेन्सी

छुट्याउन सकिने र आवश्यकता नपर्ने भएमा कन्टिन्जेन्सी रकम छुट्याउन नहुने उल्लेख छ । कन्टिन्जेन्सी रकम छुट्याउँदा प्रचलित खरिद कानुन बमोजिम वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्चमा समेत लागत अनुमान तयार गर्दा नै प्रष्ट खुलाई अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने, लागत अनुमानमा व्यवस्था भए बमोजिम कन्टिन्जेन्सी रकम भुक्तानी रकमको अनुपातमा पारदर्शी, मितव्ययी र औचित्यपूर्ण तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। यस वडाले यो वर्ष कन्टिन्जेन्सीबाट देहाय बमोजिम रु. १३२५०० खर्च लेखेको छ । यस वडा कार्यालय भित्र यसको भुगोल, क्षेत्र र योजनाको प्रकृति अनुसार सवारी मर्मत तथा भाडा, इन्धन, सूचना प्रकाशन, ज्याला, दैनिक भ्रमण भत्ता, सुपरभिजन जस्ता कार्यमा कन्टिन्जेन्सीबाट खर्च गर्न मिल्ने देखिदैन । कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा सो समेत गरेको छैन । लागत अनुमान तयार गर्दा वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्च समेत खुलाएको छैन । एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखाङ्कन गर्नुपर्नेमा देहाय बमोजिमको खर्च सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेबाट पालिकालाइ थपव्ययभार पारेको देखिएको हुदा जिम्मेवार पदाधिकारी र व्यक्तिलाइ कानुन बमोजिम जवाफ तुल्याउनु पर्ने देखिएको रु.

| क्र.सं | खर्च विवरण | रकम (रु.) |
|---|---|---|
| १ | अनुगमन/दैनिक भ्रमण खर्च | ६०००० |
| २ | इन्धन खर्च | ४०००० |
| ३ | अन्य शीर्षक | १०००० |
| ४ | अन्य शिर्षक विद्युत महसुल | २२५०० |
| जम्मा | | १३२५०० |

| | |
|---|---|
| अनियमित भएको | १,३२,५०० |

१९६ **वडा नं. १८ तर्फ**

१९६.१ **उपभोक्ता समितिबाट गराएको कामः** वडा कार्यालयले यो वर्ष गरेको पूंजीगत खर्च मध्ये ४७ वटा उपभोक्ता समितिहरुबाट रु.४१४७१०२२ को कार्य गराएकोमा रु.६२८८०९१। को कार्य लागत/ जनसहभागिताबाट गराइ बाकी रु.३५१८२९३१। वडा कार्यालयबाट भुक्तानी भएको बिवरण प्राप्त भएको छ ।

| उपभोक्ता समिति संख्या | लागत अनुमान | सम्झौता रकम | जम्मा भएको काम | कार्यालयबाट भुक्तानी | लागत/जनसहभागिताबाट भएको |
|---|---|---|---|---|---|
| ४७ | ५२२५३४१२ | ५२२५३४१२ | ४१४७१०२२ | ३५१८२९३१ | ६२८८०९१ |

उक्त कारोबारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१९६.२ **(क) न्युन विजकिकरणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । वडा अन्तर्गत उपभोक्ता समिति मार्फत गराएको कार्यहरूमा निम्नानुसार जिल्ला दररेट अनुसार निर्माण सामग्रीहरूको दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा निर्माण सामग्री खरिदको बिल पेस गरेकोले निम्नानुसार बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.

| भौ नं र मिति | उपभोक्ता समिति | सामग्री | परिमाण(बोरा/घमि) | भुक्तानी दर भ्याट सहित | खरिद दर भ्याट सहित | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ४ २०८०।९।१९ | कृषि सडक देखि व्याउती भित्ता जोड्ने सडक ढलान बाटो नि उ स | ढुङ्गा | ४५ | २६१० | १४६९ | ५१३४५ |
| | | बालुवा | ४० | २७४१ | २४८६ | १०२०० |
| | | ओपिसी | २०० | ७८८ | ६५१ | २७४६० |
| | | गिट्टी | ३१ | २३४२ | १०१७ | ४१०७५ |
| ६ २०८०।१०।७ | सुन्दर पोखरी स्वास्थ्य चौकी मोटरबाटो ढलान निर्माण समिति | ओपिसी | ७५ | ७८८ | ६९० | ७३३१ |
| | | ढुङ्गा | १४० | २६१० | १७८५ | ११५४४४ |
| १३ २०८०।१०।१८ | खहरे देखि कृषि सडक जोड्ने मो बा निर्माण समिति | ढुङ्गा | १०५ | २६१० | २३७३ | २४८८५ |
| | | ओपिसी | ५५० | ७८८ | ६६१ | ६९९२२ |
| | | गिट्टी | ८४ | २३४२ | १५०१ | ७०६७४ |
| | | बालुवा | ५४ | २७४१ | २४८६ | १३७७० |
| १५ २०८०।१०।२४ | कोत्रे सडक देखि लाम्बेदी सडक ढलान उ स | ढुङ्गा | २२० | २६१० | २००० | १३४१७८ |
| २३ २०८०।११।६ | लकुरा तोरिपानी सडक निर्माण समिति | ओपिसी | ७०० | ७८८ | ६५८ | ९१३६४ |
| | | ढुङ्गा | १३५ | २६१० | १७५२ | ११५८९८ |
| | | बालुवा | ६४ | २७४१ | २३७३ | २३५५२ |
| २२ २०८०।११।१ | ग्यारजाती बालसुधार देखि पृथ्वी नारायण शालिकराम बाटो निर्माण उ स | ओपिसी | ३०० | ७८८ | ६२५ | ४८९८७ |
| | | ढुङ्गा | ५५ | २६१० | १८०८ | ४४११० |
| १४ २०८०।१०।१९ | सिलिगाबोट धारा पँधेरो कृषि सडक जोड्ने बाटो ढलान | ओपिसी | ८६० | ७८८ | ६२६ | १३९४५८ |
| | | ढुङ्गा | २१७ | २६१० | १३५६ | २७२११८ |
| | | गिट्टी | ६० | २३४२ | १०१७ | ७९५०० |
| | | बालुवा | ७० | २७४१ | २४८६ | १७८५० |
| ३८ २०८०।११।३० | गुड डे बेकरीदेखि पिप्ले सम्म बाटो ढलान उ स | ढुङ्गा | १२० | २६१० | १७९९ | ९७३२५ |
| | | ओपिसी | ७५ | ७८८ | ७०१ | ६५६९ |
| ३२ २०८०।११।२० | लाकारा तोरीपानी पधेरो मो बा निर्माण समिति | ढुङ्गा | १०० | २६१० | ११९८ | १४१२२० |
| ३१ २०८०। | वडा कार्यालयदेखि चण्डिको डिल सम्म ढलान बाटो उ | ओपिसी | ८५ | ७८८ | ६३५ | १३०१५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११।१६ | स | | | | | |
| | | ढुङ्गा | ३५ | २६१० | १४६९ | ३९९३५ |
| | | बालुवा | २१ | २७४१ | २४८६ | ५३५५ |
| २९ २०८०।११।१५ | चखपुर मसाढ अनदु पानी कुवा ढलान बाटो निर्माण समिति | ओपिसी | १५० | ७८८ | ६५० | २०७६५ |
| | | बालुवा | १५ | २७४१ | १८०० | १४११४ |
| | | गिट्टी | १५ | २३४२ | ११०१ | १८६२१ |
| ५० २०८१।१।२ | मेथलाङ देखि कृषि सडक जोड्ने बाटो ढलान | ओपिसी | १६० | ७८८ | ६३५ | २४४९९ |
| | | पिपिसी | ६० | ६८६ | ५४० | ८७८० |
| ४७ २०८०।१२।२० | पदेलि चौतारा देखि खड्काथर जोड्ने ढलान बाटो निर्माण | बालुवा | ८१ | २७४१ | १८५१ | ७२०९५ |
| | | गिट्टी | १३१ | २३४२ | ११५० | १५६१०७ |
| | | ढुङ्गा | १७१ | २६१० | १०५१ | २६६६०६ |
| ४५ २०८०।१२।१२ | भर्लाबोट क्रियापुत्री भवनमा सार्वजनिक शौचालय उ स | ढुङ्गा | २८ | २६१० | १३७४ | ३४६०६ |
| | | पिपिसी | ३०० | ६८६ | ५१४ | ५१६९९ |
| ६० २०८१।२।१ | पदेलि खपौदि कृषि सडक स्तरोन्नती उ स | ओपिसी | १८६० | ७८८ | ६३५ | २८४८०३ |
| | | गिट्टी | ३०२ | २३४२ | १९९९ | १०३५९५ |
| | | ढुङ्गा | ४७० | २६१० | २५०१ | ५१३७६ |
| ७६ २०८१।३।१८ | सराङ्गकोट धार्मिक एव पर्यटन क्षेत्र विकास समिति | ओपिसी | ५०० | ७८८ | ६०० | ९४०७५ |
| | | ढुङ्गा | २५० | २६१० | २००२ | १५१९१० |
| ७५ २०८१।३।१८ | सराङकोट पर्यटन पूर्वाधार निर्माण समिति | ओपिसी | २५० | ७८८ | ६०० | ४७०३८ |
| ७४ २०८१।३।१६ | सराङकोट पर्यटन पूर्वाधार निर्माण समिति | इट्टा | ८५०० | १८ | ८ | ८५७६५ |
| | | ओपिसी | ३९५ | ७८८ | ६३१ | ६२२६८ |
| | | | | | जम्मा | ३२५१२६२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,५१,२६२ |

१९६.३ **(ख) बढी भुक्तानीः** २।२०८०।८।२६ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ ।सडक तथा अन्य

पूर्वाधार मर्मत उपभोक्ता समिति द्धारा गरिएको सडक निर्माण कार्यमा कुल मुल्याङ्कन रकम रु ६३७५७८ बाट उपभोक्ता समितिको सहभागिता अंश १० प्रतिशत कट्टा गरी रु ५७३८२० हुनुपर्नेमा रु ६३७५०० भुक्तानी भएकाले बढी हुन गएको रू.६३६८०।- रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६३,६८० |

१९६.४ **अनुगमन भत्ताः** तालिम गोष्ठी कार्यशाला तथा अध्ययन भ्रमण खर्च सम्बन्धी निर्देशिका २०७४ को परिच्छेद २ तालिम, गोष्ठि, कार्यशाला, सेमिनार तथा अध्ययन भ्रमण सम्बन्धी खर्च व्यवस्था को १६ नं मा अनुगमन सम्बन्धी व्यवस्था गरेको छ । जसमा अनुगमन भत्ता १५०० हुने व्यवस्था गरेको र अनुगमन पश्चात अनुगमन प्रतिवेदन पेश गरेपछि मात्र भत्ता भुक्तानी गर्ने व्यवस्था गरेको छ । यसरी तल उल्लेखित गो भौ र मितिबाट विभिन्न वडाका पदाधिकारी र कर्मचारीले अनुगमन गरी सो बापतको भत्ता वुझेको देखिन्छ तर अनुगमन कर्ताले कहि बढी दरमा समेत अनुगमन भत्ता बुझेको देखिन्छ ।साथै निर्देशिकामा उल्लेख भए बमोजिमको अनुगमन प्रतिवेदन पेश गरेको देखिदैन त्यसैले कानूनी व्यवस्थामा भएको व्यहोरा पुरा नगरी गरिएको अनुगमन बापतको भत्ता रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| गो भौ मिति | कार्यक्रमकोनाम | कर्मचारीपदाधिकारीको नाम | पद | भुक्तानीरकम कर बाहेक |
|---|---|---|---|---|
| ५२ २०८१।१।९ | महिला सशक्तीकरण तथा नेतृत्व विकास कार्यक्रम | मिना कुमारी पौडेल बराल | वडा सचिव | १७०० |
| | | रमेश बहादुर थापा वडा सदस्य | वडा सदस्य | १७०० |
| ४३२०८०।१२।२५ | मादल प्रशिक्षण कार्यक्रममा | मिनाकुमारी पौडेल बराल | वडा सचिव | २५५० |
| | | | जम्मा | ५,९५० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,९५० |

१९६.५ **अनुत्पादक एवं वितरणमुखी खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन¸ २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा केही भौचरहरू परीक्षण गर्दा वडाले देहाय बमोजिम दीर्घकालीन रूपमा रोजगारी सिर्जना नहुने वितरणमुखी कार्यमा रकम खर्च गरेको देखिन्छ। यसबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। यस्ता केही खर्च देहायअनुसार छन्:

| गोभौ नं मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ८५।२०८१।३।११ | कराते प्रतियोगिता सहयोग | हिमाली स्काउट ट्रुप | ४४००० |
| ८१।२०८१।३।४ | वडा अध्यक्ष कप खेलकुद | भकुण्डे युवा क्लब | ८१५०० |
| ८०।२०८१।३।४ | लामागाँउ कप | बैद्ध तामाङ आमा समूह | ४३५०० |
| ७६ ।२०८१।२।३० | फर्निचर सामान वितरण | सराङकोट जेष्ठ नागरिक समिति | ९५००० |
| | | जम्मा | २६४००० |

१९६.६

**वडा कार्यालय करार कर्मचारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कार्यालयले सरसफाई सम्बन्धी कार्यको लागि एक कर्मचारी करार नियुक्ति गरी वर्षभरीमा रु.१८००००।- भुक्तानी गरेको छ । आन्तरिक स्रोतको विश्लेषण र दिगो व्यवस्थापन बेगर नै वडा कार्यालयले करारमा नियुक्ति गरी भुक्तानी गरेको कार्यलाई यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन । यसरी पालिकालाई थप व्ययभार पर्ने गरी वडा कार्यालयले करार कर्मचारी राखी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,८०,००० |

१९६.७ **प्रशिक्षण भत्ता बढी भुक्तानीः** तालिम गोष्ठी कार्यशाला तथा अध्ययन भ्रमण खर्च सम्बन्धी निर्देशिका २०७४ को परिच्छेद २ तालिम, गोष्ठि, कार्यशाला, सेमिनार तथा अध्ययन भ्रमण सम्बन्धी खर्च व्यवस्था को ४ नं मा गोष्ठि, सेमिनार, सम्मेलन तथा कार्यशाला सम्बन्धी व्यवस्था रहेको छ । सो व्यवस्थाको (क) मा गोष्ठि, सेमिनार, सम्मेलन तथा कार्यशलामा सहजकर्ताले अनिवार्य रुपमा कार्यपत्र पेश गर्नु पर्ने छ। कार्यपत्र पेश नगरेको अवस्थामा कार्यपत्र वापतको पारिश्रमिक भुक्तानी गरिने छैन भन्ने व्यवस्था गरेको छ । ५२ २०८१।१।९ नं गो भौ र मितिबाट भुक्तानी भएको महिला सशक्तीकरण तथा नेतृत्व विकास कार्यक्रम अन्तर्गतको प्रशिक्षण भत्ता भुक्तानी गर्दा कार्यपत्रको समेत रकम भुक्तानी गरिएको छ ।यसरी कानूनी व्यवस्था प्रतिकुल हुनेगरि कार्यपत्र प्रस्तुत नभइ गरिएको भुक्तानी सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| प्रशिक्षक | सेसन | कर बाहेक भुक्तानी | हुनुपर्नर्भुक्तानी | वढीभुक्तानी |
|---|---|---|---|---|
| गिता आचार्य | १ | १३६० | ८५० | ५१० |
| गौरब त्रिपाठी | १ | १३६० | ८५० | ५१० |
| धन बहादुर नेपाली | २ | २७२० | १७०० | १०२० |
| | | | जम्मा | २,०४० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०४० |

१९६.८ **कन्टिन्जेन्सी खर्चः** सार्वननिक खरिद नियमावली, २०६४ को नियम १० उपनियम (७) र अनुसुची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ज स्टाफ खर्च २ र सानातिना अन्य खर्च २ गरी ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्ने व्यवस्था छ। गण्डकी प्रदेश खर्च मापदण्ड २०७९ को दफा १४ मा कन्टिन्जेन्सी निर्धारण गर्दा आवश्यकता र मितिव्ययितालाई ध्यानमा राखी कन्टिन्जेन्सी छुट्याउन सकिने र आवश्यकता नपर्ने भएमा कन्टिन्जेन्सी रकम छुट्याउन नहुने उल्लेख छ । कन्टिन्जेन्सी रकम छुट्याउँदा प्रचलित खरिद कानुन बमोजिम वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्चमा समेत लागत अनुमान तयार गर्दा नै प्रष्ट खुलाई अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने, लागत अनुमानमा व्यवस्था भए बमोजिम कन्टिन्जेन्सी रकम भुक्तानी रकमको अनुपातमा पारदर्शी, मितव्ययी र औचित्यपूर्ण तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। पोखरा महानगर पालिका वडा नं १८ ले योवर्ष कन्टिन्जेन्सीबाट देहाय बमोजिम रु १०६६८७२ खर्च लेखेको छ । यस वडा कार्यालय भित्र यसको भुगोल, क्षेत्र र योजनाको प्रकृति अनुसार सवारी मर्मत तथा भाडा, इन्धन, सूचना प्रकाशन, ज्याला, दैनिक भ्रमण भत्ता, सुपरभिजन जस्ता कार्यमा कन्टिन्जेन्सीबाट खर्च गर्न मिल्ने देखिदैन । कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी कितावमा उल्लेख गर्नु पर्नेमा सो समेत गरेको छैन । लागत अनुमान तयार गर्दा वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्च समेत खुलाएको छैन । एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४

अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखाङ्कन गर्नुपर्नेमा देहाय बमोजिमको खर्च सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेबाट पालिकालाई थपव्ययभार पारेको देखिएको हुँदा जिम्मेवेवार पदाधिकारी र व्यक्तिलाई कानुनबमोजिम जवाफदेही तुल्याउनुपर्ने देखिएको रु.

| क्र. सं. | खर्च विवरण | भुक्तानी |
|---|---|---|
| १ | अनुगमन भत्ता | ९९००० |
| २ | इन्धन | १३२३० |
| ३ | खाजा खर्च | ५५८६० |
| ४ | खानेपानी पाइप खरिद | १०५९९ |
| ५ | छपाइ खर्च | ५२८१६ |
| ६ | निर्माण कार्यको भुक्तानी | ६१००० |
| ७ | फर्निचर खरिद | १२२३२६ |
| ८ | बाला चतुर्दशी मेलामा प्रसाद वापतको खर्च | १२८४२ |
| ९ | मर्मत खर्च | ८६७० |
| १० | वडामा आल्मोनियमको कार्य गरेवापतको ज्याला | २३००० |
| ११ | विद्युत लाईन व्यवस्थापन | १२९३४० |
| १२ | विविध | ५२३३४ |
| १३ | स्टेशनरी खरिद | ५९७०९ |
| | जम्मा | ७००७२६ |

| अनियमित भएको | ७,००,७२६ |
|---|---|

१९७ **वडा नं. २० तर्फ**

१९७.१ **उपभोक्ता समितिबाट गराएको कामः** कार्यालयले यो वर्ष गरेको पुँजीगत खर्च मध्ये १४ वटा उपभोक्ता समितिहरूबाट रु.७२,८४,०००।- को कार्य गराएकोमा रु.९,११,०००।- को कार्य लागत/ जनसहभागिताबाट गराई बाँकी रु.६३,७३,०००।- पालिकाबाट भुक्तानी भएको विवरण प्राप्त भएको छ ।

| उपभोक्ता समिति संख्या | लागत अनुमान | सम्झौता रकम | मूल्याङ्कन रकम | कार्यालयबाट भुक्तानी | लागत सहभागिता |
|---|---|---|---|---|---|
| १४ | ८२८८००० | ८२८८००० | ७२८४००० | ६३७३००० | ९११००० |

उक्त कारोबारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१९७.२ **(क) न्यून विजकीकरण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (४ ) उपभोक्ता समितिलाई निर्माण कार्यको काम दिदा लागतअनुमानमा रहेको मूल्यअभिवृद्धि कर ओभरहेड कन्टेन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरी भुक्तानी दिनुपर्ने प्रावधान छ। कार्यालयले निम्नानुसारका उपभोक्ता समितिलाई देहायबमोजिम निर्माण सामग्री खरिदको रकम भुक्तानी गर्दा निज समितिले उक्त सामग्री खरिद गर्दा विल विजक बमोजिम भुक्तानी गरेको मूल्य भन्दा बढी मूल्य लागत अनुमान र सम्झौतामा समावेश गरी सोही बमोजिम भुक्तानी गरेको देखियो । यसप्रकार उपभोक्ता समितिलाई गरेको विल विजकको भुक्तानीका केही उदाहरणलाई अध्ययन गर्दा देहाय बमोजिम वढी भुक्तानी हुन गएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| भौ नं र मिति | उपभोक्ता समिति | सामग्री | परिमाण | भुक्तानी दर | खरिद दर भ्याट सहित | बढी |
|---|---|---|---|---|---|---|
| ११।२०८०।१०। २४ | हरिहर मन्दिर सिढी निर्माण उस | बालुवा | ७४ | २७४१ | २४८६ | १८८७० |
| | | गिट्टी | ३० | २३४२ | ११९८ | ३४३२६ |
| | | ढुङ्गा | ३० | २६१० | १४९८ | ३३३४९ |
| १३।२०८०।११।१ | देवी मन्दिर मार्ग निर्माण उस | ढुङ्गा | ५० | २६१० | २००० | ३०४९५ |
| | | ओपिसी | २८० | ७८८ | ६७९ | ३०५३४ |
| १७।२०८०।११। १८ | कुना नेटा उस | ढुङ्गा | २६ | २६१० | २३१० | ७८०७ |
| | | गिट्टी | १३ | २३४२ | २०२० | ४१८० |
| १८।२०८०।११। १८ | एकता मार्ग नाला तथा बाटो निर्माण उस | गिट्टी | ८ | २३४२ | ११९९ | ९१४५ |
| | | ढुङ्गा | १२ | २६१० | १५०० | १३३२६ |
| २०।२०८०।१२।७ | माझटोल कार्की मार्ग ढलान योजना उस | ढुङ्गा | ३ | २६१० | १५०० | २७७६ |
| | | गिट्टी | ३२. | २३४२ | १५९९ | २३७७८ |
| | | ओपिसी | ३०० | ७८८ | ६६९ | ३५७६६ |
| २६।२०८०।१२। १९ | मौरीहिया गाउँको गोरेटो बाटो निर्माण उस | पिपिसी | २१८ | ६८६ | ५५० | २९६८५ |
| २७।२०८०।१२। १९ | कल्दुपाखा गोरेटो बाटो निर्माण उस | गिट्टी | ६४ | २३४२ | १५५९ | ५००८६ |
| ३२।२०८१।२।३ | पशुपति धर्मशालादेखि मुखिनी बारी मार्ग उस | ओपिसी | १०० | ७८८ | ६४० | १४८६० |
| ३९।२०८१।२।३१ | ज्येष्ठ नागरिक दिवा सेवा पार्कमा सार्वजनिक शौचालय उस | बालुवा | ४४ | २७४१ | २३९९ | १५०४८ |
| १२८।२०८१।३। २४ | पोखरा महानगरपालिका वडा स्तरीय सडक सञ्जाल समिति | ढुङ्गा | ५५ | २६१० | १८१८ | ४३५५१ |
| | | | | | जम्मा | ३९७५८२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,९७,५८२ |

१९७.३ **(ख) हेभी इक्विपमेण्टको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरू मध्ये अधिकांश कार्य मोटर बाटो ढलान गर्ने, स्तरोन्नती गर्ने, रिटेनिगं वाल लगाउने, पिच गर्ने, खानेपानी टंकी निर्माण गर्ने, सिंचाइ योजना निर्माण,, भवनहरू निर्माण आदि कार्यसँग सम्बन्धित रहेका छन् । प्राय सबैजसो कार्यहरूमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभि मेशिनहरू प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । कार्यालय अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित

योजनाका उपभोक्ता समितिहरूले हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमावलीको ब्यबस्था अनुरूप कार्य गराउनुपर्दछ । केही उदाहरणः

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ७।२०८०।९।४ | पोखरा महानगरपालिका वडा स्तरीय सडक संजाल समिति | बाटो सरसफाइ | ३९९८३९ | डोजर | १९३१४९ |
| ५।२०८०।६।८ | पोखरा महानगरपालिका वडा स्तरीय सडक संजाल समिति | बाटो सरसफाइ | १७२७६३ | डोजर | १७२७६३ |
| ३८।२०८१।२।१८ | वेसी घारी मौजा मोहोरिया लामडाँडा देउराली मार्ग मर्मत उस | बाटो मर्मत | १०००००० | डोजर | ४५००० |
| | | | | जम्मा | ४१०९१२ |

१९७.४ **(ग) शुन्य सहभागिताः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १क मा एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ तथा सोहि नियमको ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । त्यस्तै गण्डकी प्रदेश सरकारको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा उपभोक्ताको लागत सहभागितामा सञ्चालन हुने आयोजनाको कार्यान्वियन उपभोक्ता समितिबाट गर्न प्राथमिकता दिनुपर्ने, दफा ६ मा उपभोक्ता समितिको लागत सहभागिता कम्तीमा १० प्रतिशत हुनुपर्ने व्यवस्था छ । महानगरपालिकाले आफ्नो सार्वजनिक खरिद नियमावली, २०७७ को पहिलो संशोधन(मिति २०७७ माघ २४) बाट उपभोक्ता समितिबाट सञ्चालित योजनाहरूमा जनसहभागिता शुन्य बनाउन सकिने गरि कार्यपालिकाले मनासिव कारण सहितको प्रस्तावबाट निर्णय गर्न सक्ने व्यवस्था गरेको देखिन्छ । सोही व्यवस्थालाई आधार मानी कार्यपालिकाबाट विद्यालय भवन र कम्पाउण्ड वाल, जेष्ठ नागरिक भवन, पार्क, विपद व्यवस्थापन, मठ मन्दिर, क्रिया पुत्री भवन, सार्वजनिक शौचालय, चौतारी, पोखरी निर्माणमा जनसहभागिता नलाग्ने निर्णय गरी उक्त कार्यहरूमा जनसहभागिता जुटाएको देखिँदैन । यसरी संघीय तथा प्रादेशिक खरिद ऐन तथा नियमावलीमा जनसहभागिता शुन्य हुने वा जनसहभागितानै नहुने व्यवस्था नरहेको अवस्थामा समेत जनसहभागिता नहुने कार्यमा उपभोक्ता समितिद्वारा कार्य गराउन सकिने देखिदैन । उपभोक्ता समितिबाट गरिने कार्यहरूमा उपभोक्ताहरूको समेत जनसहभागिताको अंश रहने गरी कार्य गराउनुपर्दछ । उपभोक्ता समितिबाट कार्य गराउँदा उपभोक्ताबाट हुने जनसहभागिताको अंश समेत भुक्तानी हुँदा पालिकालाई थप व्ययभार पर्न गएको रु.

| भौनं र मिति | उपभोक्तासमिति | ल इ | मूल्याङ्कनएवं भुक्तानी | भुक्तानीरकम | न्युनतम१० प्रतिशत जनसहभागिता रकम (रु.) |
|---|---|---|---|---|---|
| ३९।२०८१।२।३१ | ज्येष्ठ नागरिक दिवा सेवा पार्कमा सार्वजनिक शौचालय उस | ६००७३८ | ५९९८९३ | ५९९८९३ | ५९९८९ |

| | |
|---|---|
| अनियमित भएको | ५९,९८९ |

१९७.५ **ढुंगा, गिट्टी, बालुवा लगायतको शुल्क असुली :** पोखरा महानगर पालिकाआर्थिक ऐन, २०८० को दफा ७ अनुसूची १० ले नदीजन्य वा खानीजन्य पदार्थको उत्खनन्, संकलन, प्रयोग, बिक्री तथा निकासीमा प्रतिघनमिटर ढुंगा, गिट्टी र बालुवा रु.८२०।, ग्राभेल रु. ३५०। र माटो रु.२४०।का दरले शुल्क असुल गर्नुपर्ने व्यवस्था गरेको छ ।यस कार्यालय अन्तर्गत निम्नानुसारका योजनाहरुमा निर्माण व्यवसायी मार्फत निर्माणका कार्यहरु गर्दा योजनाहरु सञ्चालन गरेको ठाउँमा प्रयोग भएका खानीजन्य वा नदीजन्य पदार्थहरु ढुंगा, गिट्टी,

बालुवा आदि प्रयोग गर्दा पोखरा महानगर पालिकाले निर्धारण गरेको दररेट बमोजिम राजश्व सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्ने प्रावधान रहेता पनि देहायका निर्माण कार्यमा निर्माण व्यवसायीहरुले कार्यालयबाट ठेक्का विलको भुक्तानी लिँदा नियमानुसार उक्त निर्माण सामग्रीहरु प्रयोग गरेकोमा रोयल्टी तिरी निर्माण सामग्री प्रयोग गरेको सम्बन्धमा छानबिन गरी राजस्व छुट हुन नदिने प्रवन्ध गर्नुपर्दछ ।

| भौ नं र मिति | ठेक्का नं | कामको विवरण | निर्माण व्यवसायी | सामग्री | परिमाण | रोयल्टी, मु अ क |
|---|---|---|---|---|---|---|
| १२।२०८०।१०।२९ | कोटेशन् | वडा कार्यालय नजिक नाला निर्माण | जि वि डी कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ढुङ्गा | ११ | १०१९३ |
| २१।२०८०।१२।८ | कोटेशन् | इन्दुपाखा चोकदेखि ग्रैहीगाउँ सडक स्तरोन्नति | लिरुङ निर्माण सेवा | ढुङ्गा | ५२ | ४८१८३ |
| २३।२०८०।१२।१४ | कोटेशन् | भकभके चालिसे मार्ग स्तरोन्नति | एड्रियन मल्टिपर्पोज कन्स्ट्रक्सन प्रा लि | ढुङ्गा | ४७ | ४३५५० |
| | | | | जम्मा | ११० | १०१९२६ |

१९७.६ **वितरणमुखी खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रतिफल अधिकतम नहुने र सो खर्च नगर्दा समेत कार्यसञ्चालनमा बाँधा नपर्ने योजना तथा कार्यक्रममा कार्यविधि बेगर वितरणमुखी खर्च गरेको देखिन्छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । आन्तरिक आम्दानी समेत न्युन रहेको र कालान्तरमा यस्ता खर्चले पालिकालाई कार्यसञ्चालनमा समेत थप दायित्व सृजना गर्ने हुनाले वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।यस्ता किसिमका वितरणमुखी खर्चका केही उदाहरणहरू यस प्रकार छन्:

| **भौ.नं.।मिति** | **विवरण** | **पाउने** | **खर्च** |
|---|---|---|---|
| ९।२०८०।६।१६ | तीत गित कार्यक्रम | वडास्तरीय तीज गीत कार्यक्रम | ८०००० |
| ४३।२०८०।१०।२ | क्रिकेट प्रतियोगिता सहायता | मदन भण्डारी स्पोर्टस एकेडेमी | ५०००० |
| ५८।२०८०।११।१५ | नृत्य प्रतियोगिता | रानीपौवा तथा मचा नाच समिति | २५००० |
| ६०।२०८०।११।१६ | साँस्कृतिक कार्यक्रम सहयोग | हरिहर मन्दिर आमा समूह | २०००० |
| ६१।२०८०।१२।२३ | भजन चुड्का | शुक्ला साहित्य प्रतिष्ठान | ५००० |
| ६९।२०८०।१२।२३ | तीज गीत सहयोग | बार्दली मिडिया प्रा लि | १३५६० |
| ७८।२०८१।१।१७ | भलिबल प्रतियोगिता सहयोग | जन उत्थान युवा क्लब | ६५००० |
| ८०।२०८१।१।२४ | शिवरात्री कार्यक्रम सहयोग | शिव शक्ति युवा क्लब | ६५००० |
| १०७।२०८१।३।१४ | चुड्का प्रतियोगिता | जनजागरण सामुदायिक विकास केन्द्र | ६५००० |
| ११०।२०८१।३।१७ | फुटबल प्रतियोगिता सहयोग | श्रृखला क्लब | ६५००० |
| ११७।२०८१।३।१९ | खेलकुद सहयोग | डाँडागाउँ युनाइटेड क्लब | ६५००० |
| १२५।२०८१।३।१९ | भलिबल प्रतियोगिता सहयोग | विन्देश्वरी युवा क्लब | २०००० |
| | | जम्मा | ५३८५६० |

१९७.७ **वडा कार्यायलय करार कर्मचारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कार्यालयले सरसफाई सम्बन्धी कार्यको लागि एक कर्मचारी करार नियुक्ति गरी वर्षभरीमा रु.१,८५,३६१।- भुक्तानी गरेको छ । आन्तरिक स्रोतको विश्लेषण र दिगो व्यवस्थापन बेगर नै वडा कार्यालयले करारमा नियुक्ति गरी भुक्तानी गरेको कार्यलाई यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन । यसरी पालिकालाई थप व्ययभार पर्ने गरी वडा कार्यालयले करार कर्मचारी राखी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,८५,३६१ |

१९७.८ **सडक बत्ति जडानः** २५।२०८०।८।१७ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरेको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गरेको कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले वडाका विभिन्न स्थानमा सडक बत्ति जडान तथा मर्मत कार्यको लागि सांग्रीला सप्लायर्सलाई रू.२,८४,४३५।- भुक्तानी गरेकोमा सो बत्ति जडान भएको कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले सोको प्रमाण हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८४,४३५ |

१९७.९ **बढी भुक्तानीः** ५५।२०८०।११।२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम बिल भर्पाइ संलग्न गरेर मात्र भुक्तानी गरेर मात्र खर्च लेख्नु पर्ने व्यवस्था छ । कार्याललयले विभिन्न समयमा खाजा खाना वापत विसी राइस मिल एण्ड प्याकेजिङ्ग उद्योगलाई रू.१७,६१०।– भुक्तानी दिई खर्च लेखेकोमा रू.११,६१०।– को मात्र विजक पेस भएकोले बढी भुक्तानी भएको रू.६०००।– असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००० |

१९७.१ **कन्टिन्जेन्सी खर्चः** सार्वननिक खरिद नियमावली, २०६४ को नियम १० उपनियम (७) र अनुसुची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ज स्टाफ खर्च २ र सानातिना अन्य खर्च २ गरी ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्ने व्यवस्था छ। गण्डकी प्रदेश खर्च मापदण्ड २०७९ को दफा १४ मा कन्टिन्जेन्सी निर्धारण गर्दा आवश्यकता र मितिव्ययितालाई ध्यानमा राखी कन्टिन्जेन्सी छुट्याउन सकिने र आवश्यकता नपर्ने भएमा कन्टिन्जेन्सी रकम छुट्याउन नहुने उल्लेख छ । कन्टिन्जेन्सी रकम छुट्याउँदा प्रचलित खरिद कानुन बमोजिम वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्चमा समेत लागत अनुमान तयार गर्दा नै प्रष्ट खुलाई अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने, लागत अनुमानमा व्यवस्था भए बमोजिम कन्टिन्जेन्सी रकम भुक्तानी रकमको अनुपातमा पारदर्शी, मितव्ययी र औचित्यपूर्ण तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। पोखरा महानगर पालिका वडा नं.२० ले योवर्ष कन्टिन्जेन्सीबाट देहाय बमोजिम रु.१,१३,१०८।- खर्च लेखेको छ । यस वडा कार्यालय भित्र यसको भुगोल, क्षेत्र र योजनाको प्रकृति अनुसार सवारी मर्मत तथा भाडा, इन्धन, सूचना प्रकाशन, ज्याला, दैनिक भ्रमण भत्ता, सुपरभिजन जस्ता कार्यमा कन्टिन्जेन्सीबाट खर्च गर्न मिल्ने देखिदैन । कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा सो समेत गरेको छैन । लागत अनुमान तयार गर्दा वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्च समेत खुलाएको छैन । एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखाङ्कन गर्नुपर्नेमा देहाय बमोजिमको खर्च सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेबाट पालिकालाई थपव्ययभार पारेको देखिएको हुँदा जिम्मेवार पदाधिकारी र व्यक्तिलाई कानुनबमोजिम जवाफदेही तुल्याउनुपर्ने देखिएको रु.

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | खाजा | ३०५०० |
| २ | इन्धन | २७१०८ |
| ३ | मसलन्द सामग्री | १९५०० |
| ४ | अनुगमन | ३६००० |
| | जम्मा | ११३१०८ |

| | |
|---|---|
| अनियमित भएको | १,१३,१०८ |

१९८ **वडा नं. १ तर्फ**

१९८.१ **उपभोक्ता समितिबाट गराएको कामः** कार्यालयले यो वर्ष गरेको पुँजीगत खर्च मध्ये १३ वटा उपभोक्ता समितिहरूबाट रु.५३,४१,५१२०।- को कार्य गराएकोमा रु.५,६५,०९२।- को कार्य लागत/ जनसहभागिताबाट गराई बाँकी रु.४७,७६,०२८।- पालिकाबाट भुक्तानी भएको विवरण प्राप्त भएको छ ।

| उपभोक्ता समिति संख्या | लागत अनुमान | सम्झौता रकम | मूल्याङ्कन रकम | कार्यालयबाट भुक्तानी | लागत सहभागिता |
|---|---|---|---|---|---|
| १३ | ५८७५५५६ | ५८४८२२३ | ५३४११२० | ४७७६०२८ | ५६५०९२ |

उक्त कारोबारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

१९८.२ **(क) न्यून विजकीकरण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (४ ) उपभोक्ता समितिलाई निर्माण कार्यको काम दिदा लागतअनुमानमा रहेको मूल्यअभिवृद्धि कर ओभरहेड कन्टेन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरी भुक्तानी दिनुपर्ने प्रावधान छ। कार्यालयले निम्नानुसारका उपभोक्ता समितिलाई देहायबमोजिम निर्माण सामग्री खरिदको रकम भुक्तानी गर्दा निज समितिले उक्त सामग्री खरिद गर्दा विल विजक बमोजिम भुक्तानी गरेको मूल्य भन्दा बढी मूल्य लागत अनुमान र सम्झौतामा समावेश गरी सोही बमोजिम भुक्तानी गरेको देखियो । यसप्रकार उपभोक्ता समितिलाई गरेको विल विजकको भुक्तानीका केही उदाहरणलाई अध्ययन गर्दा देहाय बमोजिम वढी भुक्तानी हुन गएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| भौ नं र मिति | उपभोक्ता समिति | सामग्री | परिमाण | भुक्तानी दर | खरिद दर भ्याट सहित | फरक |
|---|---|---|---|---|---|---|
| ११।२०८०।९।८ | संस्कृत मा वि गुरुकुल कम्पाउण्ड वाल तारजाली निर्माण उपभोक्ता समिति | ढुङ्गा | २१ | २६१० | २०३४ | १२०९६ |
| | | गिट्टी | १२ | २३४२ | १६९५ | ७७६४ |
| | | ढुङ्गा | ८ | २६१० | १०६६ | ११५८३ |
| १४।२०८०।१०।२ | गाईघाट क्रियाकर्म स्थल व्यवस्थापन समिति | पिपिसी | ६० | ६८६ | ६०० | ५१८७ |
| | | ढुङ्गा | २२ | २६१० | २०३४ | १२६७२ |
| | | बालुवा | १६ | २७४१ | २४८६ | ४०८० |
| १८।२०८०।११।१ | भिमकाली तमुसमाज जानेबाटो नाला सहित ढलान निर्माण उस | ओपिसी | ३८४ | ७८८ | ६१६ | ६६१७५ |
| २२।२०८१।१।७ | शान्तिटोल अपुरो बाटो ढलान उस | ढुङ्गा | १७५ | २६१० | २००० | १०६७३३ |
| २८।२०८१।१।१६ | पराजुली पेट्रोल पम्पअगाडि माया दाहालको घरजाने बाटोमा नाला स्ल्याब निर्माण उस | गिट्टी | ९ | २३४२ | १२०० | १०२७७ |
| | | ढुङ्गा | ८ | २६१० | १३१३ | १०३७६ |
| | | ओपिसी | ८० | ७८८ | ७०१ | ७००६ |
| ४०।२०८१।३।२ | मोहरिया टोल बालगोपाल भजन गुठीमा शौचालय तथा ढलान उपभोक्ता समिति | ओपिसी | ३० | ७८८ | ५८८ | ६०१७ |
| | | इट्टा | ८००० | १८ | ८ | ७६२०० |
| | | पिपिसी | ५० | ६८६ | ५४० | ७३१७ |
| | | | | | जम्मा | ३४३४८३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४३,४८३ |

१९८.३ **ढुंगा, गिट्टी, बालुवा लगायतको शुल्क असुली :** पोखरा महानगर पालिकाआर्थिक ऐन, २०८० को दफा ७ अनुसूची १० ले नदीजन्य वा खानीजन्य पदार्थको उत्खनन्, संकलन, प्रयोग, बिक्री तथा निकासीमा प्रतिघनमिटर ढुंगा, गिट्टी र बालुवा रु.८२०।, ग्राभेल रु. ३५०। र माटो रु.२४०।का दरले शुल्क असुल गर्नुपर्ने व्यवस्था गरेको छ ।यस कार्यालय अन्तर्गत निम्नानुसारका योजनाहरुमा निर्माण व्यवसायी मार्फत निर्माणका कार्यहरु गर्दा योजनाहरु सञ्चालन गरेको ठाउँमा प्रयोग भएका खानीजन्य वा नदीजन्य पदार्थहरु ढुंगा, गिट्टी, बालुवा आदि प्रयोग गर्दा पोखरा महानगर पालिकाले निर्धारण गरेको दररेट बमोजिम राजश्व सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्ने प्रावधान रहेता पनि देहायका निर्माण कार्यमा निर्माण व्यवसायीहरुले कार्यालयबाट ठेक्का विलको भुक्तानी लिँदा नियमानुसार उक्त निर्माण सामग्रीहरु प्रयोग गरेकोमा रोयल्टी तिरी निर्माण सामग्री प्रयोग गरेको सम्बन्धमा छानबिन गरी राजस्व छुट हुन नदिने प्रवन्ध गर्नुपर्दछ ।

| भौ नं र मिति | ठेक्का नं | कामको विवरण | निर्माण व्यवसायी | परिमाण | रोयल्टी, मू अ क र |
|---|---|---|---|---|---|
| ५।२०८०।८।६ | कोटेसन | अधिकारी टोल बाटो ढलान | इनोभेटिभ बिल्डर्स | ४५ | ४१६९७ |
| २१।२०८१।१।२ | ४३।PMC।०८०।८१ | पृथ्वीनारायण क्याम्पस गेटबाट शंकरटोलसम्म नाला तथा ढल निर्माण | ग्रिनब्रिक कन्स्ट्रक्सन प्रा.लि. | १० | ९२६६ |
| ३५।२०८१।२।२२ | कोटेसन | जिल्ला शिक्षा गेट अगाडि बाटो तथा नाला निर्माण | आरुषी कन्स्ट्रक्सन | ८ | ७४१३ |
| ३६।२०८१।२।२२ | कोटेसन | गण्डकी प्रदेश सभा गेट अगाडि बाटो तथा ढल च्याम्बर निर्माण | ग्रिन कन्स्ट्क्सन प्रा.लि. | ५ | ४६३३ |
| ४७।२०८१।३।९ | कोटेसन | स्मृति स्टम्भ निर्माण तथा पार्क निर्माण | लेवल वान कन्स्ट्रक्सन | १६ | १४८२६ |
| ५८।२०८१।३।२४ | ६७।PMC।०८०।८१ | गाईघाट पूर्वाधार निर्माण | सर्व कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन | १०२ | ९४५१३ |
| ५५।२०८१।३।२३ | ९५।PMC।०८०।८१ | अधिकारी टोल गुठीवारी नाला निर्माण | सन्ध्या एण्ड दिव्या बिल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा लि | २१ | १९४५९ |
| | | जम्मा | | २०७ | १९१८०६ |

१९८.४ **वडा कार्यालय करार कर्मचारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कार्यालयले सरसफाई सम्बन्धी कार्यको लागि एक कर्मचारी करार नियुक्ति गरी वर्षभरीमा रु.१,४२,०००।- भुक्तानी गरेको छ । आन्तरिक स्रोतको विश्लेषण र दिगो व्यवस्थापन बेगर नै वडा कार्यालयले करारमा नियुक्ति गरी भुक्तानी गरेको कार्यलाई यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन । यसरी पालिकालाई थप व्ययभार पर्ने गरी वडा कार्यालयले करार कर्मचारी राखी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १,४२,००० |

१९८.५ **वितरणमुखी खर्च;** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रतिफल अधिकतम नहुने र सो खर्च नगर्दा समेत कार्यसञ्चालनमा बाँधा नपर्ने योजना तथा कार्यक्रममा कार्यविधि बेगर वितरणमुखी खर्च गरेको देखिन्छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । आन्तरिक आम्दानी समेत न्युन रहेको र कालान्तरमा यस्ता खर्चले पालिकालाई कार्यसञ्चालनमा समेत थप दायित्व सृजना गर्ने हुनाले वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ । यस्ता किसिमका वितरणमुखी खर्चका केही उदाहरणहरू यस प्रकार छन्:

| भौ.नं.।मिति | विवरण | पाउने | खर्च |
|---|---|---|---|
| ३०।२०८०।९।२२ | १४ सेट कडाइ साडी | महिला स्वयंसेविका | ४५८७८ |
| ५९।२०८१।१।२ | सामग्री खरिद | देवी पञ्चाङ्ग जेष्ठ नागरिक दिवा मिलन केन्द्र | ९९२०० |
| ६०।२०८१।१।३ | सामग्री खरिद | ज्येष्ठ नागरिक मञ्च | ८५२०० |
| १०३।२०८१।३।४ | नगद रू.५००० का दरले भुक्तानी | १२ जना गर्भवती महिला | ६०००० |
| ८।२०८०।६।२३ | विविध कार्यक्रम | नेपाल राष्ट्रिय खड्गी समाज | ४०००० |
| ९।२०८०।६।२५ | तीज गित प्रतियोगिता सहयोग | सूर्यचन्द्र विकास समाज | ५००० |
| २५।२०८०।९।१ | कृष्ण भजन प्रतियोगिता सहयोग | शुक्ला साहित्य प्रतिष्ठान | ५००० |
| ३१।२०८०।९।२४ | वाद्यवादन सामग्री खरिद | बागबजार तायमचा समिति | २०००० |
| ५७।२०८०।१२।१४ | वाघजात्रा सहयोग | बाघजात्रा आयोजक समिति | २५००० |
| ६२।२०८१।१।१३ | देउसी भैलो कार्यक्रम | त्रिशक्ति समाज सेवा क्लब | १५००० |
| ६७।२०८१।१।२५ | सडक नाटक महोत्सव | पद्याप्रेप थिएटर | १०००० |
| ७६।२०८१।२।२० | नेपाल आइडल शो सहायता | सुशिल कुमार परियार | १०००० |
| ८०।२०८१।२।२२ | बाजा खरिद | मोहरिया सिंहनाथ टो नेवा मिसा पुच | ४०००० |
| ८१।२०८१।२।२२ | सहायता | देवी पञ्चाङ्ग जेष्ठ नागरिक दिवा मिलन केन्द्र | १८००० |
| ९२।२०८१।२।३१ | भजन कृतन कार्यक्रम | पोखरेल युवा साँस्कृतिक परिवार | १५००० |
| ९५।२०८१।२।३१ | सामग्री खरिद | मारानाथ मण्डली | ३०००० |
| ४१।२०८०।१०।१२ | क्रिकेट प्रतियोगिता सहयोग | मदन भण्डारी स्पोर्टस् एकेडेमी | २५००० |
| ७०।२०८१।२।१ | खेलकुद कार्यक्रम सहायता | बुद्धटोल युवा क्लब | २५००० |
| ८५।२०८१।२।२४ | भलिबल प्रतियोगिता सहयोग | विन्ध्येश्वरी युवा क्लब | १०००० |
| ८९।२०८१।२।२९ | भेट्रान फुटबल प्रतियोगिता सहयोग | बगर भाइ खलक | २५००० |
| | | **जम्मा** | **६०८२७८** |

१९८.६ **संघीय संस्थालाई सहयोगः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य सम्वन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ ।कार्याबलयले स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम तोकिएको कार्यमा मात्र बजेट खर्च गर्नुपर्ने र संघीय तथा प्रादेशिक निकायहरुको खर्च सोही निकायको लागि स्वीकृत बजेट तथा कार्यक्रम भित्र रहेर सम्वन्धित निकायहरुले खर्च गर्नुपर्ने प्रावधानहरु रहेका छन् । कार्यालयले देहाय बमोजिम अन्य निकायहरुको खर्च समेत यस कार्यालयबाट गरेको देखिदा स्थानीय संचित कोषमा थपभार पर्न गएकोले नियमसम्मत भन्न मिल्ने नदेखिएको रु.

| भौ.नं.।मिति | संस्थाको नाम | वापत | रकम |
|---|---|---|---|
| १२।२०८०।९।८ | विन्दुवासिनी संस्कृत विद्यापिठ (क्याम्पस) | फर्निचर खरिद | ९५००० |
| १७।२०८०।१०।१७ | वडा प्रहरी कार्यालय | बालबालिका स्तनपान कक्ष निर्माण | ९६००० |
| | | जम्मा | १९१००० |

| अनियमित भएको | १,९१,००० |
|---|---|

१९८.७ **कन्टिन्जेन्सी खर्चः** पोखरा महानगर पालिका वडा नं.१ ले यो वर्ष कन्टिन्जेन्सीबाट देहाय बमोजिम रु.२,३७,८८१।- खर्च लेखेको छ । यस वडा कार्यालय भित्र यसको भुगोल, क्षेत्र र योजनाको प्रकृति अनुसार सवारी मर्मत तथा भाडा, इन्धन, सूचना प्रकाशन, ज्याला, दैनिक भ्रमण भत्ता, सुपरभिजन जस्ता कार्यमा कन्टिन्जेन्सीबाट खर्च गर्न मिल्ने देखिदैन । कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी कितावमा उल्लेख गर्नु पर्नेमा सो समेत गरेको छैन । लागत अनुमान तयार गर्दा वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्च समेत खुलाएको छैन । एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखाङ्कन गर्नुपर्नेमा देहाय बमोजिमको खर्च सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेबाट पालिकालाई थपव्ययभार पारेको देखिएको हुँदा जिम्मेवार पदाधिकारी र व्यक्तिलाई कानुनबमोजिम जवाफदेही तुल्याउनुपर्ने देखिएको रु.

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | खाजा खर्च | ५९३२९ |
| २ | झोला खरिद | ५७००० |
| ३ | पालोपहरा | ६००० |
| ४ | रेलिङ्ग निर्माण | ५९६ |
| ५ | सामग्री खरिद | १८६०० |
| ६ | सूचना प्रकाशन | १६००० |
| ७ | मसलन्द तथा मर्मत | ८०३५६ |
| | जम्मा | २३७८८१ |

| अनियमित भएको | २,३७,८८१ |
|---|---|

१९९ **वडा नं. १५ तर्फ**

१९९.१ **उपभोक्ता समितिबाट गराएको कामः** कार्यालयले यो वर्ष गरेको पुँजीगत खर्च मध्ये ६४ वटा उपभोक्ता समितिहरूबाट रु.४,६२,०१,२३१.१९ को कार्य गराएकोमा रु.६८,८०,००३.७४ को कार्य लागत/ जनसहभागिताबाट गराई बाँकी रु.३,९३,२१,२२७।- कार्यालयबाट भुक्तानी भएको विवरण प्राप्त भएको छ ।

| उपभोक्ता समितिसंख्या | लागत अनुमान | सम्झौता रकम | जम्मा भएको काम | कार्यालयबाटभुक्तानी | लागत/जनसहभागिताबाट भएको |
|---|---|---|---|---|---|
| ६४ | ४८०१९९४७.६८ | ४७६३११८८.०६ | ४६२०१२३१.१९ | ३९३२१२२७ | ६८८०००३.७४ |

उक्त कारोबारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

१९९.२

**(क) न्युन बिजकीकरणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । वडा अन्तर्गत उपभोक्ता समिति मार्फत गराएको कार्यहरूमा निम्नानुसार जिल्ला दररेट अनुसार निर्माण सामग्रीहरूको दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा निर्माण सामग्री खरिदको बिल पेस गरेकोले निम्नानुसार बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.

| भौ नं र मिति | उपभोक्ता समिति | सामग्री | परिमाण | भुक्तानी दर ( रु. ) | खरिद दर ( रु. ) | बढी ( रु. ) |
|---|---|---|---|---|---|---|
| ९। १० । ११ | फालेपाटन चौतारी पुर्व तर्फ जाने बाटो निर्माण उ स | ओपिसी सिमेन्ट | १७७ | ७८८ | ७१० | १३८४० |
| १०। १० । १५ | गरिमा टोल बाटव निर्माण उ स | ओपिसी सिमेन्ट | ६४० | ७८८ | ५२५ | १६८१४७ |
| १६। १० । २२ | कालिका पब्लिक क्याम्पस देखि पश्चिम तर्फको सानी मजुवा १५ बाटो निर्माण उ स | ओपिसी सिमेन्ट | ६२७ | ७८८ | ६५० | ८६७९६ |
| १७। १० । २५ | ठुली मजुवा संरचना टोलका भित्री बाटो निर्माण उ स | ओपिसी सिमेन्ट | २७० | ७८८ | ७३५ | १४४९४ |
| १९। १० । २६ | ढुङ्गेसाँघु छिमेकी तमु समाज भवन निर्माण | ओपिसी सिमेन्ट | ३०० | ७८८ | ६४४ | ४३२२४ |
| २१। १० । २९ | सानी मजुवा वसुन्धरा मार्ग देखि दक्षिण तर्फको बाटो निर्माण उ स | ओपिसी सिमेन्ट | ७१० | ७८८ | ६५० | ९८२८५ |
| २२। ११ । ८ | मैत्रिक टोल भु पु सैनिक मार्ग टुटुङ्गा बाटो निर्माण उ स | ओपिसी सिमेन्ट | २५४ | ७८८ | ७०० | २२३९७ |
| ३२। १२ । १३ | प्रतिभा मार्ग लेन नं ८ बाटो निर्माण उ स | ओपिसी सिमेन्ट | ४२१ | ७८८ | ६८० | ४५४३४ |
| ३३। १२ । १४ | टुटुङ्गा आदरश् मार्गका भित्री बाटोहरू निर्माण | ओपिसी सिमेन्ट | ६१६ | ७८८ | ७०० | ५४३१८ |
| ३५। १२ । १५ | लमजुङ समाज घर कालिका मार्ग देखि पुर्व तर्फ जाने बाटो निर्माण उ स | ओपिसी सिमेन्ट | २१६ | ७८८ | ६४४ | ३११२१ |
| | | ढुङ्गा | ४० | २६१० | १५०० | ४४४०० |
| ३८। १२ । २० | ठुली मजुवा दुवारेखरबारी ओरालो बाटो निर्माण उ स | ओपिसी सिमेन्ट | २८० | ७८८ | ६८० | ३०२९० |
| ३९। १२ । २३ | बानिया मार्ग बाटो निर्माण उ स | ओपिसी सिमेन्ट | २१६ | ७८८ | ५९९ | ४०८८४ |
| ४१। १२ । २६ | श्यामश्याम सध्सम भवन निर्माण उ स | ओपिसी सिमेन्ट | २४० | ७८८ | ५४२ | ५८९८७ |
| | | इट्टा | १९६०० | १८ | १० | १५१२५३ |
| ४३। १ । १६ | नयाँगाउँ ट्याक्सी चोक वरिपरिको भित्री बाटो निर्माण उ स | ओपिसी सिमेन्ट | २०० | ७८८ | ६५० | २७६८६ |
| ४४। १ । १७ | माछापुच्छ्रे मार्ग बाटो निर्माण ले नं १ चिरन पोखरा १५ | ओपिसी सिमेन्ट | १८० | ७८८ | ६३८ | २६९५१ |
| ४५। १ । १७ | राति खहरे खेलकुद मैदान स्तरोन्नति तथा नाला निर्माण उ स | ओपिसी सिमेन्ट | १३४० | ७८८ | ६३८ | २००६३८ |
| | | ढुङ्गा | १४२ | २६१० | १३७५ | १७५९१४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४६। १ । १८ | पट्नेरी अधुरो ढलान बाटो तथा कल्भर्ट निर्माण उ स | ओपिसी सिमेन्ट | ४०० | ७८८ | ६५० | ५५३७२ |
| | | पिपिसी सिमेन्ट | १८० | ६८६ | ५४२ | २५९३४ |
| ४७। १ । १८ | गरिमा टोल ढलान बाटो निर्माण समिति | ओपिसी सिमेन्ट | २८२ | ७८८ | ६५० | ३९०३७ |
| | | ढुङ्गा | ४९ | २६१० | १४०० | ५८८५५ |
| ५२। १ । २६ | सुनौलो मार्ग अधुरो बाटो निर्माण समिति | ओपिसी सिमेन्ट | २९५ | ७८८ | ७३५ | १५८३६ |
| | | ढुङ्गा | ५१ | २६१० | १६९५ | ४६४४५ |
| ५५। २ । ६ | श्रीकृष्ण मार्ग बाटो ढलान निर्माण उ स | ओपिसी सिमेन्ट | ४०३ | ७८८ | ७०० | ३५५३६ |
| ५६। २ । ६ | पुष्पाञ्जली मार्ग बाटो निर्माण उ स | ओपिसी सिमेन्ट | ४४८ | ७८८ | ६२२ | ७४६७३ |
| ६६। २ । १६ | हरियोखर्क हस्पिटलमा भौतिक निर्माण उ स | ओपिसी सिमेन्ट | १५० | ७८८ | ६५० | २०७६५ |
| | | पिपिसी सिमेन्ट | १०० | ६८६ | ५४९ | १३७३० |
| ६८। २ । २० | अमिनतारा भित्री बाटो निर्माण उ स | ओपिसी सिमेन्ट | २६९ | ७८८ | ६२० | ४५२४१ |
| ७०। २ । २२ | वडाका अन्य बाटो निर्माण तथा मर्मत उ स | ओपिसी सिमेन्ट | ४४२ | ७८८ | ६५५ | ५८६८९ |
| ७५। ३ । ११ | वडा भित्रका खुल्ला ठाउँमा खेल स्थल निर्माण तथा खेल सामग्री खरिद उ स | ओपिसी सिमेन्ट | १९० | ७८८ | ६५० | २६२५४ |
| ७८। ३ । ११ | राती खहरे खेल मैदान तार जाली भौतिक निर्माण तथा मैदान स्तरोन्नति उ स | ओपिसी सिमेन्ट | १११२ | ७८८ | ६२९ | १७६५५२ |
| | | ढुङ्गा | ९४ | २६१० | १३७९ | ११५४४० |
| ९५। ३ । २३ | गलेश्वर मार्ग भित्री बाटो निर्माण उ स | ओपिसी सिमेन्ट | ४०० | ७८८ | ७५१ | १४६९२ |
| ९८। ३ । २४ | मितेरी टोल बाटो निर्माण उ स | ओपिसी सिमेन्ट | ६६५ | ७८८ | ६५० | ९१८९१ |
| १०१। ३ । २४ | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्रको शौचालय निर्माण उ स | इट्टा | ७७७९ | १८ | ८ | ७७६११ |
| | | | | | जम्मा | २३२७६१२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,२७,६१२ |

१९९.३ **(ख) उपभोक्ता समितिमार्फत सामग्री खरिदः** सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम ९७ मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गर्न सकिने व्यवस्था रहेको छ । सोही नियमावलीमा उपभोक्ताहरूलाई श्रममूलक कार्यमा लगाउनुपर्ने उल्लेख छ । सो कानुनी व्यवस्था हेर्दा उपभोक्ता समितिमार्फत सामग्री खरिद गर्न सकिने प्रावधान रहेको देखिदैन । वडा अन्तर्गत देहायका उपभोक्ता समित मार्फत सामग्री खरिद गरी सो खरिद बापतको रकम उपभोक्ता समितिलाई भुक्तान गरेको नियमसम्मत नदिखएको रु.

| भौ.नं. र मिति | उपभोक्ता समिति | भुक्तानी (रु.) | खरिद भएको सामग्री |
|---|---|---|---|
| ६७।२।१७ | फलेपाटन सामुदायिक भवनको पुस्तकालयमा पुस्तक तथा फर्निचर खरिद समिति | १४९५९६ | पुस्तक र फर्निचर खरिद |
| १०६।३।२४ | मितेरी सामुदायिक भवनमा ब्याडमिन्टन म्याट खरिद उ स | १५०००० | म्याट खरिद |
| | जम्मा | २९९५९६ | |

| | |
|---|---|
| अनियमित भएको | २,९९,५९६ |

१९९.४ **वडा कार्यालय करार कर्मचारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कार्यालयले माली/कार्यालय सहयोगी पदमा कृष्ण कुमारी घर्तीलाई मासिक १८००० का दरले करार सेवा शुल्क शिर्षकबाट वर्षभरीमा रु.२१६००० भुक्तानी गरेको छ । आन्तरिक स्रोतको विश्लेषण र दिगो व्यवस्थापन बेगर नै वडा कार्यालयले करार तथा ज्यालादारीमा नियुक्त गरी भुक्तानी गरेको कार्यलाई यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन । यसरी पालिकालाई थप व्ययभार पर्ने गरी वडा कार्यालयले करार कर्मचारी राखी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,१६,००० |

१९९.५ **वितरण भरपाईः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ ।कार्यालयले देहायबमोजिम सामग्री खरिद गरेकोमा सो वितरणको भरपाई पेस भएको नदेखिदा सो वितरणको भरपाई पेस हुनुपर्ने

| भौ. नं र मिति | सामग्री | परिमाण | मूल्य (रु.) |
|---|---|---|---|
| १८८।३।२४ | गारबेज ब्याग प्लाष्टिक | ८४ के जी | १६३५४ |
| जम्मा | | | १६,३५४ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **५०,४४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,३५४ |

१९९.६ **वितरणमुखी खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन¸ २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको

जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । यस वडाले विभिन्न समूह, क्लव, संघ संस्था समेतलाई कार्यक्रम, खेलकुद, मेला, महोत्सव समेतका लागि आर्थिक सहायता तथा सामग्री वितरण गरेको छ । यस प्रकारको वितरणमुखी खर्चबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। उदाहरणः

| **गो.भौ नं मिति** | **भुक्तानी पाउने** | **प्रयोजन** | **रकम (रु.)** |
|---|---|---|---|
| ५०।२०८०।९।२९ | पर्यटन व्यवसायी महिला संघ नेपाल | धार्मिक साँस्कृतिक मेला महोत्सव तथा सहयोग | ८००० |
| ५१।२०८०।९।५१ | मदन भण्डारी स्पोर्टस एकेडेमी | खेलकुद सामग्री | ३०००० |
| ६०।२०८०।१०।७ | रानी पौवा तय: मचा नाँच समिति | धार्मिक साँस्कृतिक मेला महोत्सव तथा सहयोग | ५००० |
| ६६।२०८०।१०।२१ | युनिक स्पोर्टस | खेलकुद सामग्री | ५१८०० |
| ६७।२०८०।१०।२२ | विकासानन्द फाउण्डेसन विश्व परिवार | धार्मिक साँस्कृतिक मेला महोत्सव सहयोग | ५००० |
| ७१।२०८०।१०।२३ | याम बहादुर गुरुङ | खेलकुद सामग्री | ९८५० |
| ९१।२०८०।११।१३ | नेपाल क्योकुशिन कान कराते संघ | खेलकुद प्रतियोगिता | २५००० |
| ९७।२०८०।११।१७ | नेपाल स्ट्रोङ्गेष्ट क्योकुसन कराते संघ | खेलकुद प्रतियोगिता | ४००० |
| ९९।२०८०।११।२२ | शुक्ला साहित्य प्रतिष्ठान | धार्मिक साँस्कृतिक मेला महोत्सव तथा सहयोग | ३००० |
| १२२।२०८०।१।२६ | नेपाल मुवाँ थायी अर्गनाइजेशन | खेलकुद प्रतियोगिता | ५००० |
| १२३।२०८०।१।३१ | साहारा क्लब | खेलकुद प्रतियोगिता | ३०००० |
| १२४।२०८०।२।१ | युनाइटेड क्लब | खेलकुद प्रतियोगिता | २५००० |
| १२५।२२०८०।२।१ | टाइगर ग्रुप अफ पोखरा नेपाल | खेलकुद प्रतियोगिता | १०००० |
| १८२।२०८१।३।२० | आशिर्वाद क्लव अफ नेपाल | साहित्यिक साँझ | ४००० |
| १४८।२०८१।३।१४ | नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी | पोखरा स्पोर्ट्स अवार्ड | २०००० |
| १६८।२०८१।३।१७ | कोलपाटन आमा समूह | सोफा सेट तथा प्लाष्टिक कुर्सी समेत खरिद | १००००० |
| जम्मा | | | ३३५६५० |

१९९.७ **कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० उपनियम (७) र अनुसुची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ज स्टाफ खर्च २ र सानातिना अन्य खर्च २ गरी ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्ने व्यवस्था छ। गण्डकी प्रदेश खर्च मापदण्ड, २०७९ को दफा १४ मा कन्टिन्जेन्सी निर्धारण गर्दा आवश्यकता र मितिव्ययितालाई ध्यानमा राखी कन्टिन्जेन्सी छुट्याउन सकिने र आवश्यकता नपर्ने भएमा कन्टिन्जेन्सी रकम छुट्याउन नहुने उल्लेख छ । कन्टिन्जेन्सी रकम छुट्याउँदा प्रचलित खरिद कानुन बमोजिम वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्चमा समेत लागत अनुमान तयार गर्दा नै प्रष्ट खुलाई अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने, लागत अनुमानमा व्यवस्था भए बमोजिम कन्टिन्जेन्सी रकम भुक्तानी रकमको अनुपातमा पारदर्शी, मितव्ययी र औचित्यपूर्ण तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। यस वडाले यो वर्ष कन्टिन्जेन्सीबाट देहाय बमोजिम रु. ३५८२१३ खर्च लेखेको छ । यस वडा कार्यालय भित्र यसको भुगोल, क्षेत्र र योजनाको प्रकृति अनुसार सवारी मर्मत तथा भाडा, इन्धन, सूचना प्रकाशन, ज्याला, दैनिक भ्रमण भत्ता, सुपरभिजन जस्ता कार्यमा कन्टिन्जेन्सीबाट खर्च गर्न मिल्ने देखिदैन । कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा सो समेत गरेको छैन । लागत अनुमान तयार गर्दा वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्च समेत खुलाएको छैन । एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार विभिन्न खर्च

संकेत नं. बाट खर्च लेखाङ्कन गर्नुपर्नेमा देहाय बमोजिमको खर्च सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेबाट पालिकालाइ थपव्ययभार पारेको देखिएको हुदा जिम्मेवार पदाधिकारी र व्यक्तिलाइ कानुन बमोजिम जवाफ तुल्याउनु पर्ने देखिएको रु.

| क्र. सं | खर्च विवरण | रकम ( रु .) |
|---|---|---|
| १ | खाजा/ खाना समेत विविध खर्च | ७१६४२ |
| २ | अनुगमन/ दैनिक भ्रमण खर्च | १४२००० |
| ३ | कार्यालय संचालन खर्च | १२११८१ |
| ४ | इन्धन खर्च | १०००० |
| ५ | अन्य शिर्षक | १३३९० |
| जम्मा | | ३५८२१३ |

| | |
|---|---|
| अनियमित भएको | ३,५८,२१३ |

२०० **वडा नं. ११ तर्फ**

२००.१ **उपभोक्ता समितिबाट गराएको कामः** कार्यालयले यो वर्ष गरेको पुँजीगत खर्च मध्ये २६ वटा उपभोक्ता समितिहरूबाट रु. २,९३,०२,१८७।- को कार्य गराएकोमा रु. ३५,८४,०३४।- को कार्य लागत/ जनसहभागिताबाट गराई बाँकी रु. २,५७,१८,१५३।- कार्यालयबाट भुक्तानी भएको विवरण प्राप्त भएको छ ।

| उपभोक्ता समितिसंख्या | लागत अनुमान | सम्झौता रकम | जम्मा भएको काम | कार्यालयबाटभुक्तानी | लागत/जनसहभागिताबाट भएको |
|---|---|---|---|---|---|
| २६ | ३३२७७०७४ | ३३२७७०७४ | २९३०२१८७ | २५७१८१५३ | ३५८४०३४ |

उक्त कारोबारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

२००.२ **(क) न्युन बिजकीकरणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । वडा अन्तर्गत उपभोक्ता समिति मार्फत गराएको कार्यहरूमा निम्नानुसार जिल्ला दररेट अनुसार निर्माण सामग्रीहरूको दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा निर्माण सामग्री खरिदको बिल पेस गरेकोले निम्नानुसार बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.

| भौ नं र मिति | उपभोक्ता समिति | सामग्री | परिमाण | भुक्तानी दर ( रु.) | खरिद दर ( रु.) | बढी ( रु.) |
|---|---|---|---|---|---|---|
| ४।७।१२ | वासु भट्टराईको घरदेखि पुर्व पट्टिको सडक स्तरोन्नति | ओपिसी सिमेन्ट | १५४ | ७८८ | ५३० | ३९७६४ |
| ७।९।१३ | महाकालेश्वर मार्ग ( क ) वडा कार्यालय मुनिको बाटो निर्माण उ स | ओपिसी सिमेन्ट | ३६५ | ७८८ | ६५० | ५०५२७ |
| १७। ११ । १ | रामेश्वर मन्दिर स्तरोन्नति | ओपिसी सिमेन्ट | ५०० | ७८८ | ६७० | ५९०९० |
| | | पिपिसी सिमेन्ट | २१० | ६८६ | ५७० | २४४६२ |
| १८। ११ । २१ | रिङ्घेपानी देवी बास्तोलाको घरदेखि दक्षिण पट्टीको बाटो स्तरोन्नति | ओपिसी सिमेन्ट | ४०० | ७८८ | ६१५ | ६९२७१ |
| | | पिपिसी सिमेन्ट | २५० | ६८६ | ५१५ | ४२८७१ |
| २१। १२ । ५ | नागको थानदेखि मचारी जाने बाटो स्तरोन्नति | ढुङ्गा | ६७ | २६१० | २२३९ | २४८७० |
| २२। १२ । ६ | भाष्कर मार्ग पुन समाज घर वरिपरी सडक स्तरोन्नति समिति | ओपिसी सिमेन्ट | ३२० | ७८८ | ७०१ | २८०२६ |
| २३। १२ । ६ | कमेरोपानी पधेरो देखि सर्वेश्वर खेल मैदान जानी बाटो सडक स्तरोन्नति | ढुङ्गा | ६५ | २६१० | १३७५ | ८०५१० |
| २५। १२ । ७ | सिस्नेरी टोल विकास संस्था | ओपिसी सिमेन्ट | २८० | ७८८ | ६८० | ३०२९४ |
| २७। १२ । २० | भोज प्रसादको घरदेखि चित्र प्रसादको घरसम्म सडक स्तरोन्नति | ओपिसी सिमेन्ट | २३७ | ७८८ | ६५० | ३२७४९ |
| ३२।१।९ | महाकालेश्वर मार्ग अन्तर्गत पर्ने चन्द्र प्रकासको घर पुर्व बाटो स्तरोन्नति | ओपिसी सिमेन्ट | १८० | ७८८ | ६४४ | २५९३४ |
| ३५। १ । १३ | काहुँ टापु काहु आधारभुत हुदै मणि शिवालय पहेरी खोला जोड्ने सडक स्तरोन्नति निर्माण उ स | ओपिसी सिमेन्ट | ४०० | ७८८ | ६२५ | ६५२७५ |
| | | ओपिसी सिमेन्ट | १८० | ७८८ | ६६७ | २१८६६ |
| | | पिपिसी सिमेन्ट | २४० | ६८६ | ५५४ | ३१८६७ |
| | | ढुङ्गा | १३९ | २६१० | १३७५ | १७२०४९ |
| ४३। १ । ३० | खिलांग मार्ग बाटो ढलान उ स | ओपिसी सिमेन्ट | १०९ | ७८८ | ७०० | ९६१२ |
| | | ढुङ्गा | ४० | २६१० | १६९५ | ३६६०० |
| ५०। २ । | माछापुच्छ्रे बाटो निर्माण उ स | ओपिसी | ४६३ | ७८८ | ६५० | ६३९७३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २९ | | सिमेन्ट | | | | |
| ५४।३।६ | गुरु प्रसाद बास्तोलाको घरदेखि डिलको चौतारी जानी नाला स्लाव सहित सडक स्तरोन्नति | ओपिसी सिमेन्ट | १२९७ | ७८८ | ६५० | १७९५४४ |
| ५५।३।९ | सिस्नेरी टोल विकास संस्था | ओपिसी सिमेन्ट | १२० | ७८८ | ५४२ | २९४९४ |
| ६१। ३ । १७ | हिले डहर उपल्लो न्यासा हुँदै दलित बस्ती जोड्ने सडक स्तरोन्नति | ढुङ्गा | ५०६ | २६१० | २२०४ | २०५६८९ |
| | | ओपिसी सिमेन्ट | ७५८ | ७८८ | ५३१ | १९४८६७ |
| ७८। ३ । २४ | महिला कृषि समूह | ओपिसी सिमेन्ट | ११८ | ७८८ | ५७० | २५७४६ |
| | | | | | जम्मा | १५४४९५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,४४,९५० |

२००.३ **(ख) उपभोक्ता समितिको कार्यमा जनसहभागिताः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १क मा एक करोड रुपैयाँ सम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने, नियम ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । त्यस्तै गण्डकी प्रदेश सरकारको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा उपभोक्ताको लागत सहभागितामा सञ्चालन हुने आयोजनाको कार्यान्वयन उपभोक्ता समितिबाट गर्न प्राथमिकता दिनुपर्ने, दफा ६ मा उपभोक्ता समितिको लागत सहभागिता कम्तीमा १० प्रतिशत हुनुपर्ने व्यवस्था छ । महानगरपालिकाले आफ्नो सार्वजनिक खरिद नियमावली, २०७७ को पहिलो संशोधन (मिति २०७७।१०।२४) बाट उपभोक्ता समितिबाट सञ्चालित योजनाहरूमा जनसहभागितामा छुट दिने सकिने गरी कार्यपालिकाले मनासिव कारण सहितको प्रस्तावबाट निर्णय गर्न सक्ने व्यवस्था गरेको देखिन्छ । सोही व्यवस्थालाई आधार मानी कार्यपालिकाबाट विद्यालय भवन र कम्पाउण्ड वाल, जेष्ठ नागरिक भवन, पार्क, विपद व्यवस्थापन, मठ मन्दिर,क्रिया पुत्री भवन, सार्वजनिक शौचालय, चौतारी, पोखरी निर्माणमा जनसहभागिता नलाग्ने निर्णय गरी उक्त कार्यहरूमा जनसहभागिता जुटाएको देखिदैन । यसरी संघीय तथा प्रादेशिक कानुनमा समेत उपभोक्ता समितिबाट गरिने कार्यहरूमा जनसहभागिताको अंश समेत समावेश गरी भुक्तानी दिँदा सो अंश कट्टा गर्नुपर्ने व्यवस्था रहेको अवस्थामा जनसहभागिता नलाग्ने गरी उपभोक्ता समितिद्धारा कार्य गराउन सकिने देखिदैन। उपभोक्ता समितिबाट गरिने कार्यहरूमा उपभोक्ताहरूको समेत जनसहभागिताको अंश रहने गरी कार्य गराउनुपर्दछ । उपभोक्ता समितिबाट कार्य गराउँदा उपभोक्ताबाट हुने जनसहभागिताको अंश समेत भुक्तानी हुँदा पालिकालाई थप व्ययभार पर्न गएको रु.

| भौ.नं. र मिति | उपभोक्ता समिति | भुक्तानी (रु.) | न्युनतम १० प्रतिशत जनसहभागिता |
|---|---|---|---|
| ५।७।१४ | रानीपौवा टोल विकास संस्था | १४४३८३ | १४४३८ |
| १७।११।१ | रामेश्वर मन्दिर स्तरोन्नति | २०००००० | २००००० |
| २४।१२।७ | कुसुण्ड संस्कार सदन भवन तथा भयर थान मर्मत | ५००००० | ५०००० |
| ३३।१।९ | कमेरपानी संस्कार भवन मर्मत उ स | ३००००० | ३०००० |
| ५२।२।३१ | सन्तानेश्वर मन्दिर सौरेनी स्थानमा चौतारी निर्माण | १२५००० | १२५०० |
| ५९।३।१३ | रामघाट सडक तथा शवदाह निर्माण तदर्थ समिति | २००००० | २०००० |
| ७१।३।२३ | भानु वाङ्मय प्रतिष्ठान | ७०१५७८ | ७०१५८ |
| ७४।३।२४ | मानव सेवा आश्रम | ५००००० | ५०००० |
| ७७।३।२४ | पश्चिमाञ्चल पार्क निर्माण समिति | ३१७९९५ | ३१८०० |
| ८२।३।२४ | लालिगुरास टोल विकास संस्था | ३००००० | ३०००० |
| जम्मा | | | ५०८८९६ |

| अनियमित भएको | ५,०८,८९६ |
|---|---|

२००.४ **अध्ययन अवलोकन भ्रमणः**आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन¸ २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन¸ २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता र प्रभावकारिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । कार्यालयले जनप्रतिनिधि तथा कर्मचारी समेत ३३ जना बागलुङ¸ पर्वत¸ म्याग्दी र मुस्ताङ समेतका स्थानमा ४ दिने अध्ययन अवलोकन तथा अभिमुखिकरण कार्यक्रमका लागि गो.भौ. नं. ८७ बाट रु.३१४४५० खर्च लेखेको छ। त्यस्तै गो.भौ. नं. ८१ बाट होमस्टे लगायत पर्यटकीय क्षेत्र अवलोकन बापत रु.६४२०० खर्च लेखेको छ । यस्तो खर्चबाट कार्यालयलाई थप व्ययभार पर्न जाने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२००.५ **वडा कार्यालय करार कर्मचारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कार्यालयले करार सेवा शुल्कबाट मासिक १६५०० पारिश्रमिक पाउने गरी डिल्लु प्रसाद शर्मालाई पालो पहरा समेतको कार्यका लागि वर्षभरिमा रु.१९८००० र कृष्ण प्रसाद लामिछानेलाई कृषि हेरालोको रूपमा मासिक रु.८००० का दरले वर्षभरीमा रु.९६००० भुक्तानी गरेको छ । आन्तरिक स्रोतको विश्लेषण र दिगो व्यवस्थापन बेगर नै वडा कार्यालयले करार तथा ज्यालादारीमा नियुक्त गरी भुक्तानी गरेको कार्यलाई यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन । यसरी पालिकालाई थप व्ययभार पर्ने गरी वडा कार्यालयले करार कर्मचारी राखी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | २,९४,००० |
|---|---|

२००.६ **वितरणमुखी खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन¸ २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ ।

त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । यस वडाले विभिन्न समूह, क्लव, संघ संस्था समेतलाई कार्यक्रम, खेलकुद, मेला, महोत्सव समेतका लागि आर्थिक सहायता तथा सामग्री वितरण गरेको छ । यस प्रकारको वितरणमुखी खर्चबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। उदाहरणः

| भौ.नं. र मिति | भुक्तानी पाउने | प्रयोजन | रकम (रु.) |
|---|---|---|---|
| ३।६।१७ | रानीपौवा तयामचा नाच समिति | ताया मचा नृत्य प्रतियोगिता | २००००० |
| ४३।९।२३ | मेन डोजो कराते फुलबारी | खेलकुद सामग्री खरिद | १५००० |
| ४६।९।२६ | वडा प्रहरी कार्यालय रामबजार | इन्धन खर्च | २०९०० |
| ४९।१०।३ | नेपाल रेडक्रस सोसाइटी यु रे स | भलिबल प्रतियोगिता | ४०००० |
| ६५।१०।१८ | नेपाल स्ट्रोङ्गेष्ट क्योकुसिन कराते संघ | कराते प्रतियोगिता | १०००० |
| ७७।११।२९ | साहारा क्लव पोखरा | फुटबल प्रतियोगिता | १०००० |
| ८८।१२।२७ | अन्नपूर्ण सामुदायिक विकास मञ्च | तिज मेला | १०००० |
| १०३।१।२५ | तमु प्ये ल्हु संघ | ल्होसार | २५००० |
| १३६।३।१४ | सिद्धेश्वर महिला समूह | कार्पेट तथा डोरम्याट खरिद | ५५००० |
| १३८।३।१६ | बाघजात्रा आयोजक समिति पोखरा | बाघजात्रा | २५००० |
| १४३।३।१७ | विकासानन्द फाउण्डेसन विश्व परिवार | योग शिविर | १०००० |
| १४५।३।१७ | विन्ध्येश्वरी युवा क्लव | भलिबल तथा साँस्कृतिक कार्यक्रम | १०००० |
| १६४।३।२४ | नेपाल किसान महासंघ कास्की | रोपाइ महोत्सव | ९००० |
| जम्मा | | | ४४९९०० |

२००.७ **कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० उपनियम (७) र अनुसुची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ज स्टाफ खर्च २ र सानातिना अन्य खर्च २ गरी ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्ने व्यवस्था छ। गण्डकी प्रदेश खर्च मापदण्ड, २०७९ को दफा १४ मा कन्टिन्जेन्सी निर्धारण गर्दा आवश्यकता र मितिव्ययितालाई ध्यानमा राखी कन्टिन्जेन्सी छुट्याउन सकिने र आवश्यकता नपर्ने भएमा कन्टिन्जेन्सी रकम छुट्याउन नहुने उल्लेख छ । कन्टिन्जेन्सी रकम छुट्याउँदा प्रचलित खरिद कानुन बमोजिम वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्चमा समेत लागत अनुमान तयार गर्दा नै प्रष्ट खुलाई अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने, लागत अनुमानमा व्यवस्था भए बमोजिम कन्टिन्जेन्सी रकम भुक्तानी रकमको अनुपातमा पारदर्शी, मितव्ययी र औचित्यपूर्ण तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। यस वडाले यो वर्ष कन्टिन्जेन्सीबाट देहाय बमोजिम रु. ३४९५६१ खर्च लेखेको छ । यस वडा कार्यालय भित्र यसको भुगोल, क्षेत्र र योजनाको प्रकृति अनुसार सवारी मर्मत तथा भाडा, इन्धन, सूचना प्रकाशन, ज्याला, दैनिक भ्रमण भत्ता, सुपरभिजन जस्ता कार्यमा कन्टिन्जेन्सीबाट खर्च गर्न मिल्ने देखिदैन । कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा सो समेत गरेको छैन । लागत अनुमान तयार गर्दा वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्च समेत खुलाएको छैन । एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखाङ्कन गर्नुपर्नेमा देहाय बमोजिमको खर्च सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेबाट पालिकालाइ थपव्ययभार पारेको देखिएको हुदा जिम्मेवार पदाधिकारी र व्यक्तिलाइ कानुन बमोजिम जवाफ तुल्याउनु पर्ने देखिएको रु.

| क्र. सं | खर्च विवरण | रकम ( रु .) |
|---|---|---|
| १ | खाजा/ खाना समेत विविध खर्च | ९५००० |
| २ | कार्यालय संचालन खर्च | २०३३६१ |
| ३ | इन्धन खर्च | १६००० |
| ४ | मर्मत खर्च | ३५२०० |
| जम्मा | | ३४९५६१ |

| | |
|---|---|
| अनियमित भएको | ३,४९,५६१ |

२०१ **वडा नं. २९ तर्फ**

२०१.१ **उपभोक्ता समितिबाट गराएको कामः** वडा कार्यालयले यो वर्ष गरेको पूंजीगत खर्च मध्ये ४२ वटा उपभोक्ता समितिहरुबाट रु.२९९३९८५९ को कार्य गराएकोमा रु. ४०६१३४७। को कार्य लागत/ जनसहभागिताबाट गराइ बाँकी रु.२४६६०६३३। वडा कार्यालयबाट भुक्तानी भएको विवरण प्राप्त भएको छ ।

| उपभोक्ता समिति संख्या | लागत अनुमान | सम्झौता रकम | जम्मा भएको काम | कार्यालयबाट भुक्तानी | लागत/जनसहभागिताबाट भएको |
|---|---|---|---|---|---|
| ४४ | ३२६०७३३५ | ३२६०७३३५ | २९९३९८५९ | २४६६०६३३ | ४०६१३४७ |

उक्त कारोबारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

२०१.२ **(क) न्युन विजकिकरणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । वडा अन्तर्गत उपभोक्ता समिति मार्फत गराएको कार्यहरूमा निम्नानुसार जिल्ला दररेट अनुसार निर्माण सामग्रीहरूको दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा निर्माण सामग्री खरिदको बिल पेस गरेकोले निम्नानुसार बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.

| भौ नं र मिति | उपभोक्ता समिति | सामग्री | परिमाण(बोरा/घमी) | भुक्तानी दर भ्याट सहित | खरिद दर भ्याट सहित | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ९ २०८०।९।२५ | पिपलडालि मार्गबाट थापाको घर सम्म बाटो निर्माण उ स | ढुङ्गा | ३७ | २६१० | २२८३ | १२११४ |
| | | बालुवा | २१ | २७४१ | १५७१ | २४५७६ |
| | | ओपिसी | २५० | ७८८ | ७११ | १९३५३ |
| | | गिट्टी | ३० | २३४२ | १७६३ | १७३७६ |
| १२ २०८०।१०।२३ | न्युरिकुना कृष्ण बस्नेतको घर जाने बाटो निर्माण | ढुङ्गा | ३० | २६१० | १६९५ | २७४५० |
| | | गिट्टी | ३० | २३४२ | २२६० | २४६० |
| | | ओपिसी | १५६ | ७८८ | ६१० | २७७६५ |
| २१ २०८०।११।९ | पन्ध्रसाल गोविन्द न्यौपानेको घर जाने बाटो उ स | ओपिसी | २३० | ७८८ | ६२२ | ३८३३६ |
| | | ढुङ्गा | ४२ | २६१० | १६९५ | ३८४३० |
| | | बालुवा | ३० | २७४१ | २२६० | १४४३० |
| २० २०८०।११।६ | त्रियन धर्म चक्र बौद्ध गुम्बामा पर्खाल निर्माण | इट्टा | ६००० | १८ | १० | ४६९८० |
| | | ओपिसी | १०० | ७८८ | ६०५ | १८३६३ |
| ३२ २०८०।१२।१५ | माछापुच्छ्रे टोलको गडुवा खोला तटबन्धन निर्माण योजना | ओपिसी | ११५ | ७८८ | ६६१ | १४६२० |
| | | गिट्टी | १६ | २३४२ | १४०० | १५०७१ |
| ५० २०८१।२।२१ | पट्नेरीमा सडक स्तरोन्नती | ओपिसी | ११२५ | ७८८ | ६१० | २००२२८ |
| | | ढुङ्गा | २३० | २६१० | २०३४ | १३२४८० |
| | | गिट्टी | १०४ | २३४२ | १०९९ | १२९२२१ |
| | | बालुवा | ६७ | २७४१ | १८०० | ६३०४१ |
| ४६ २०८१।२।९ | सिद्धार्थ लाइन सडक निर्माण | ओपिसी | ५७३ | ७८८ | ६१९ | ९६८०३ |
| | | गिट्टी | ३७ | २३४२ | १३९९ | ३४८९३ |
| ४२ २०८१।१।३१ | गडुवा खोला संरक्षण तथा बाटो निर्माण | ओपिसी | ९५६ | ७८८ | ६२२ | १५९३४६ |
| ५१ २०८१।२।२३ | खल्याड कुमाल चोक समिखोला चोकदेखि दक्षिण तर्फ सडक स्तरउन्नती उ स | ओपिसी | ४२० | ७८८ | ६१० | ७४७५२ |
| | | ढुङ्गा | ५९ | २६१० | १६९५ | ५३९८५ |
| | | बालुवा | १२८ | २७४१ | २२६० | ६१५६८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६८ २०८१।३।१९ | नयाँ बस्ति टोलमा बाटो निर्माण क्रमागत समिति | ओपिसी | ९०० | ७८८ | ६५० | १२४५८७ |
| | | ढुङ्गा | ११७ | २६१० | २२६० | ४०९५० |
| ६१ २०८१।३।१७ | मिलिजुलि तथा गौरी शंकर टोलमा सडक स्तरोन्नती | ओपिसी | १८०० | ७८८ | ७०१ | १५७६४४ |
| | | गिट्टी | १७५ | २३४२ | १६९५ | ११३२२५ |
| | | बालुवा | ३२३ | २७४१ | २२६० | १५५३६३ |
| | | ढुङ्गा | ३४५ | २६१० | ९९९ | ५५५८२३ |
| ९९ २०८१।३।२४ | नौबिसे क्षेत्रमा नाला निर्माण | ढुङ्गा | १६० | २६१० | २०३४ | ९२१६० |
| | | ओपिसी | ५९७ | ७८८ | ६६१ | ७५८९७ |
| | | गिट्टी | १२० | २३४२ | २००० | ४१०२८ |
| | | | | जम्मा | | २६८०३१८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,८०,३१८ |

२०१.३ **वितरणमुखी कार्यक्रम :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका तथा नगरपालिका र दफा १२ मा वडा समितिको काम, कर्तव्य र अधिकार तोकेको छ । दफा १६ को उपदफा (४)(१) क. मा नगर प्रमुखको र (४)(१)ग. मा वडाध्यक्षको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्थामा नगर प्रमुख र वडाध्यक्षले आर्थिक सहायता दिन सक्ने, वितरणमुखी प्रकृतिका खर्च गर्न मिल्ने र पालिकालाइ थपव्ययभार श्रृजना गर्ने प्रकृतिका कार्यमा खर्च गर्न सक्ने अधिकार रहेको देखिएन । दफा ७३ उपदफा (७) मा कार्यपालिकाले सभावाट स्वीकृत बजेटको सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । पालिकाले वडास्तरीय बजेट, योजना तथा कार्यक्रममा समावेश गराइ चालु बजेटबाट वितरणमुखी र थप आर्थिक व्ययभार श्रृजना हुने प्रकृतिका कार्यको लागि गौ भौ नं १६२ मिति २०८१।२।२७ बाट सामाजिक विकासमा अग्रणी भुमिका निर्वाह गर्नु हुने अग्रजहरुलाइ नागरिक सम्मान कार्यक्रम गर्नका लागी भनि आवश्यक सम्मानित व्यक्तिहरु मध्ये एक जनालाइ २२ क्यारेट आधा तोला सुनको श्री गौरव पदक, २ जनालाइ चाँदीको ३ तोलाको श्री रत्न पदक र ७ जनालाइ चाँदीको १ तोलाको श्री गरिमा पदक गरी जम्मा १० थान पदक मिति २०८१/०१/२८ गतेको सुन चाँदीको बजार भाउ अनुसार ज्याला सहित रु. १,१७,२९४।(एक लाख सत्र हजार दुइ सय चौरानव्वे) मा खरिद गरि नमस्ते आभुषणलाई भुक्तानी गरेको छ । साथै गो भौ नं २११ मिति २०८१।३।२१ बाट सो सम्मान कार्यक्रम गर्नका लागि स्टेज निर्माण, साउन्ड सिस्टम, छपाई, टेन्ट लगायतका कार्यमा रु २,०७,०००। खर्च गरिएको छ ।यसरी खर्च गर्दा वडाध्यक्षको तोक आदेश अनुसार खर्च लेखिएको छ । यस प्रकार लेखिएको वितरणमुखी खर्चबाट महानगरलाइ थपव्ययभार पर्न गएकोले नियमसम्मत नभएको रू.

| | |
|---|---|
| अनियमित भएको | ३,२४,२९४ |

२०१.४ **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । प्राप्त विवरण अनुसार यस वडाले देहाय बमोजिम विभिन्न प्रयोजनको लागि यो वर्ष बिभिन्न ५ जना व्यक्ति एवं संघ संस्थालाई वडा वडाध्यक्षको तोक आदेशबाट जम्मा रु.५१७७५।- आर्थिक सहायता वितरण गरेको बिबरण प्राप्त भएको छ।यस्तो खर्चमा कानुनको पूर्ण पालना गर्दै मितव्ययिता कायम गर्नु पर्दछ।

| गो भौ मिति | विवरण | सहयोग पाउने | रकम |
|---|---|---|---|
| ८५ २०८०।१०।१४ | आर्थिक सहयोग उपचार खर्च | तारादेवि वि क | ५००० |
| | आर्थिक सहयोग उपचार खर्च | सोम माया वि क | ५००० |
| ६४ २०८०।९।१७ | आर्थिक सहयोग राहात | याम कुमारी सुनार | १४७७५ |
| ८७ २०८०।१०।१५ | आर्थिक सहायता | शिसुवा नागरिक समाज | २०००० |
| १९१ २०८१।३।१८ | आर्थिक सहायता | देवि भण्डारी | ७००० |
| | | जम्मा | ५१७७५ |

२०१.५ **अनुत्पादक एवं वितरणमुखी खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन¸ २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा केही भौचरहरू परीक्षण गर्दा वडाले देहाय बमोजिम दीर्घकालीन रूपमा रोजगारी सिर्जना नहुने वितरणमुखी कार्यमा रकम खर्च गरेको देखिन्छ। यसबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। यस्ता केही खर्च देहायअनुसार छन्:

| गोभौ नं मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| २६ २०८०।६।२५ | तिज मेला २०८० सहयोग | भण्डारढिक टोल विकास संस्था | १२१५०० |
| ३६ २०८०।७।२३ | तिज गित कार्यक्रम | जीवन देव पौडेल | ३०००० |
| ५७ २०८०।९।२ | महिला डोरी तान्ने कार्यक्रम | नेपाल खेलकुद महासंघ | १५००० |
| ५१ २०८०।८।२२ | दशै तिहार छठ लगायतका चाडपर्वको शुभकामना आदानप्रदान कार्यक्रममा भएको खर्च | राजकुमार शर्मा | १४७५३५ |
| ४२ २०८०।८।१२ | गाइ जात्रा कार्यक्रम सहयोग | भण्डारढिक नेवा खल | १०००० |
| ८३ २०८०।१०।९ | ल्होसार पर्व कार्यक्रम सहयोग | ड्योए तमु घिं | १५००० |
| ७३ २०८०।९।२५ | कालारात्री महोत्सब | जागृति युवा क्लब | २०००० |
| १०५ २०८०।१०।२९ | विविध सास्कृतिक कार्यक्रम | राष्ट्रिय युवा संघ नेपाल | १०००० |
| ९४ २०८०।१०।२५ | अपाङ्ग हरुलाइ ब्लान्केट वितरण | रेशन इम्पोरियम | ८३६२० |
| १०७ २०८०।११।११ | केपि वली कप कृकेट प्रतियोगिता सहयोग | मदन भन्डारी स्पोर्टस एकेडेमि | ३५००० |
| १३९ २०८०।१२।२७ | सुर्यतारा खेल महोत्सबमा पुरस्कार प्रायोजन | सुर्य तारा क्लब | ६४४००० |
| १५३ २०८१।२।९ | व्याडमिन्टन प्रतियोगिता सहयोग | लेक सिटि व्याडमिन्टन क्लब | २००००० |
| १८५ २०८१।३।१७ | खेलकुद सामाग्री वितरण | विभिन्न समुह | ८३९३६ |
| १८४ २०८१।३।१७ | खेलकुद सामाग्री वितरण | विभिन्न समुह | ६२९८६ |
| १७६ २०८१।३।१७ | जेष्ठ नागरिक दिवा खाजा वितरण | शिवेश्वर सनातन धर्म सेवा समिति | २५००० |
| १७४ २०८१।३।१७ | भेट्रान्स फुटबल प्रतियोगिता सहयोग | आदर्श युवा क्लब | १९००० |
| २१३ २०८१।३।२१ | श्रीमदभगवद् गीता र मानव जीवनमा आवश्यकता र महत्व कार्यक्रम सहयोग | गीता अध्ययन प्रतिष्ठान | १२५००० |
| 78 2080.9.27 | अतिविपन्न विद्यार्थिलाइ पोशाक वितरण | मिन बहादुर परियार | ९८६११ |
| | | जम्मा | १७४६१८८ |

२०१.६ **सीपमुलक तालिमः** (१७९ २०८१।३।१७) गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । वडाले दलित नागरिकहरुलाई आय आर्जन तथा सिपमुलक कार्यक्रम अन्तर्गत दलितलाई आत्मनिर्भर तथा स्वरोजगार बनाउने उद्देश्यले १५ दिने चप्पल सिलाइ बुनाई सीप विकास तालिम संचालन गरी रु १९९७२७।– किङग्स इन्टरनेशनल कलेज प्रा लि लाई भुक्तानी गरेकोमा के कति सामान वा वस्तुहरु उत्पादन भए र सो बिक्री भए वा भएन यकिन गर्न सकिएन। सो यकिन गरी ती वस्तु तथा सामानहरु बिक्री गरी राजस्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

२०१.७**कन्टिन्जेन्सी खर्चः** सार्वननिक खरिद नियमावली, २०६४ को नियम १० उपनियम (७) र अनुसुची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ज स्टाफ खर्च २ र सानातिना अन्य खर्च २ गरी ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्ने व्यवस्था छ। गण्डकी प्रदेश खर्च मापदण्ड २०७९ को दफा १४ मा कन्टिन्जेन्सी निर्धारण गर्दा आवश्यकता र मितिव्ययितालाई ध्यानमा राखी कन्टिन्जेन्सी छुट्याउन सकिने र आवश्यकता नपर्ने भएमा कन्टिन्जेन्सी रकम छुट्याउन नहुने उल्लेख छ । कन्टिन्जेन्सी रकम छुट्याउँदा प्रचलित खरिद कानुन बमोजिम वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्चमा समेत लागत अनुमान तयार गर्दा नै प्रष्ट खुलाई अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने, लागत अनुमानमा व्यवस्था भए बमोजिम कन्टिन्जेन्सी रकम भुक्तानी रकमको अनुपातमा पारदर्शी, मितव्ययी र औचित्यपूर्ण तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। पोखरा महानगर पालिका वडा नं २९ ले योवर्ष कन्टिन्जेन्सीबाट देहाय बमोजिम रु ४५२२९३ खर्च लेखेको छ । यस वडा कार्यालय भित्र यसको भुगोल, क्षेत्र र योजनाको प्रकृति अनुसार सवारी मर्मत तथा भाडा, इन्धन, सूचना प्रकाशन, ज्याला, दैनिक भ्रमण भत्ता, सुपरभिजन जस्ता कार्यमा कन्टिन्जेन्सीबाट खर्च गर्न मिल्ने देखिदैन । कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी कितावमा उल्लेख गर्नु पर्नेमा सो समेत गरेको छैन । लागत अनुमान तयार गर्दा वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्च समेत खुलाएको छैन । एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखाङ्कन गर्नुपर्नेमा देहाय बमोजिमको खर्च सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेबाट पालिकालाई थपव्ययभार पारेको देखिएको हुँदा जिम्मवेवार पदाधिकारी र व्यक्तिलाई कानुनबमोजिम जवाफदेही तुल्याउनुपर्ने देखिएको रु.

| क्र.सं. | खर्च शीर्षक | रकम |
|---|---|---|
| १ | खाजा/खाना समेत विविध खर्च | १३०६९० |
| २ | कार्यालय संचालन खर्च | १२८१०४ |
| ३ | डोर हाजीरी खर्च | ७२८४ |
| ४ | इन्धन खर्च | ५३७५५ |
| ५ | मर्मत खर्च | ८५०० |
| ६ | फर्निचर खरिद | १२३९६० |
| | जम्मा | ४५२२९३ |

| | |
|---|---|
| अनियमित भएको | ४,५२,२९३ |

२०२ **वडा नं. २५ तर्फ**

२०२.१**उपभोक्ता समितिबाट गराएको कामः** कार्यालयले यो वर्ष गरेको पुँजीगत खर्च मध्ये ४५ वटा उपभोक्ता समितिहरूबाट रु.३,१२,१८,७७२।- को कार्य गराएकोमा रु.४७,१४,८८६।- को कार्य लागत/ जनसहभागिताबाट गराई बाँकी रु.२,६५,०३,८८६।- कार्यालयबाट भुक्तानी भएको विवरण प्राप्त भएको छ ।

| उपभोक्ता समिति संख्या | लागत अनुमान | सम्झौता रकम | जम्मा भएको काम | कार्यालयबाट भुक्तानी | लागत/जनसहभागिताबाट भएको |
|---|---|---|---|---|---|
| ४५ | ३६६१५९२० | ३६६१५९२० | ३१२१८७७२ | २६५०३८८६ | ४७१४८८६ |

उक्त कारोबारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

२०२.२

**(क) न्युन बिजकीकरणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । वडा अन्तर्गत उपभोक्ता समिति मार्फत गराएको कार्यहरूमा निम्नानुसार जिल्ला दररेट अनुसार निर्माण सामग्रीहरूको दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा निर्माण सामग्री खरिदको बिल पेस गरेकोले निम्नानुसार बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.

| भौ नं र मिति | उपभोक्ता समिति | सामग्री | परिमाण | इकाई | भुक्तानी दर ( रु .) | खरिद दर ( रु .) | बढी ( रु . ) |
|---|---|---|---|---|---|---|---|
| २। ९ । ८ | लाम्पाटा बाटो निर्माण समिति | ओपिसी सिमेन्ट | २५० | बोरा | ७८८ | ७०० | २२०४५ |
| | | ढुङ्गा | ३१ | घ. मि . | २६१० | १२०० | ४४०७७ |
| ३। ९ । २४ | सोतिपसल लस्करे बाटो निर्माण समिति | ओपिसी सिमेन्ट | ३४३ | बोरा | ७८८ | ६९९ | ३०४२८ |
| | | ढुङ्गा | ४७ | घ. मि . | २६१० | १४६७ | ५४१९४ |
| ५। १० । १८ | टिकारामको घर माइस्थान बाटो निर्माण उ स | ओपिसी सिमेन्ट | ५०६ | बोरा | ७८८ | ६०० | ९५२०४ |
| | | ढुङ्गा | ५९ | घ. मि . | २६१० | २०३४ | ३४२१४ |
| ८। ११ । २२ | चन्यान बाटो तथा नाला निर्माण उ स | ओपिसी सिमेन्ट | ४०० | बोरा | ७८८ | ७५० | १५२७५ |
| | | ढुङ्गा | ६० | घ. मि . | २६१० | १५०० | ६६६०० |
| ९। ११ । २९ | बास्तोला बस्ती बाटो ढलान उ स | ओपिसी सिमेन्ट | २१० | बोरा | ७८८ | ६५१ | २८८३३ |
| ११। १२ । ८ | दाहालको डहर बाटो निर्माण उ स | ओपिसी सिमेन्ट | ३८६ | बोरा | ७८८ | ७०० | ३४०४१ |
| १२। १२ । १३ | नयाँ बस्ती प्रगतिचोक बाटो निर्माण उ स | ओपिसी सिमेन्ट | २११ | बोरा | ७८८ | ६५० | २९१६१ |
| १४। १ । १२ | खहरिको बाटो गुरासे बाटो निर्माण उ स | ओपिसी सिमेन्ट | २५० | बोरा | ७८८ | ३११ | ११९३०१ |
| १५। १ । १६ | बडहरे बाटो निर्माण उ स | ढुङ्गा | ६३ | घ. मि . | २६१० | २००० | ३८४७९ |
| १६। १ । १६ | बाँस्बोट सुइखेतखोला ट्रसपुल निर्माण उ स | ढुङ्गा | २८ | घ. मि . | २६१० | २००० | १७०८० |
| २०। १ । २१ | झिकिर्का फलामे खेत सिँचाई योजना | ओपिसी सिमेन्ट | १६० | बोरा | ७८८ | ६८९ | १५८२१ |
| २७। २ । ४ | झिझिर्का बाटो स्तरोन्नति उ स | ओपिसी सिमेन्ट | २५० | बोरा | ७८८ | ६६१ | ३१७८३ |
| ३५। २ । २५ | कालिकाचोकदेखि मगर बस्ती सम्मको नाला निर्माण उ स | ओपिसी सिमेन्ट | १६८ | बोरा | ७८८ | ६५० | २३२१४ |
| ३९। २ । २७ | सुईखेत शेरापुल कृषि सडक उ स | ओपिसी सिमेन्ट | ३८४ | बोरा | ७८८ | ६९२ | ३६९२९ |
| ४०। २ । २७ | सुँइखेल डुवान नियन्त्रण उ स | ओपिसी | ४७६ | बोरा | ७८८ | ६५० | ६५८९३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सिमेन्ट | | | | | |
| ४५। २ । ३१ | दुधेखर्क दुलेगौडा नाला तथा सडक निर्माण समिति | ओपिसी सिमेन्ट | ९९३ | बोरा | ७८८ | ७०१ | ८६९६७ |
| ४९।। ३ । ४ | सुन्दरपुरी २ बाटो तथा नाला निर्माण उ स | ओपिसी सिमेन्ट | २५० | बोरा | ७८८ | ६५६ | ३३०२८ |
| ६०। ३ । १० | रामचोक सानोपाटन तथा डिलबारी नाला निर्माण उ स | ओपिसी सिमेन्ट | २२४८ | बोरा | ७८८ | ७०० | १९८२५२ |
| | | ढुङ्गा | २७० | घ. मि . | २६१० | १५०० | २९९६०१ |
| ७१। ३ । २० | मिलनचोक गैरी नाला निर्माण उ स | ओपिसी सिमेन्ट | ७११ | बोरा | ७८८ | ७०० | ६२७०३ |
| ९२। ३ । २४ | १ नं गेट डडाली बाटो तथा नाला निर्माण उ स | ओपिसी सिमेन्ट | २५० | बोरा | ७८८ | ६७८ | २७५४५ |
| | | | | | | जम्मा | १५१०६६८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,१०,६६८ |

२०२.३ **वितरणमुखी खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । यस वडाले विभिन्न समूह, क्लव, संघ संस्था समेतलाई कार्यक्रम, खेलकुद, मेला, महोत्सव समेतका लागि आर्थिक सहायता तथा सामग्री प्रदान गरेको छ । यस प्रकारको वितरणमुखी खर्चबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। उदाहरणः

| भौ.नं. र मिति | भुक्तानी पाउने | प्रयोजन | रकम (रु.) |
|---|---|---|---|
| १०।११।२९ | नेपाल रेडक्रस सोसाइटी हेमजा उपशाखा | फर्निचर सामग्री खरिद | १५०००० |
| १८।९।१९ | पर्यटन व्यवसायी महिला संघ नेपाल | तिज साँस्कृतिक महोत्सव | १०००० |
| २०।९।२२ | अमृत नेपाली | आर्थिक सहायता | १५००० |
| ३८।१२।६ | नेपाल स्ट्रोङ्गेष्ट क्योकुसिन कराते सङ्घ | खेलकुद सहयोग | ५००० |
| ५२।१।३० | लियो क्लव अफ हेमजा | खेलकुद सहयोग | १५००० |
| ६९।२।२ | विन्ध्येश्वरी युवा क्लव | भलिबल प्रतियोगिता | १०००० |
| ७१।२।२५ | नव आदर्श सामुदायिक विकास समाज | तिज महोत्सव | १०००० |
| ७४।२।२५ | हेमजा साहित्य प्रतिष्ठान | पर्यटन तथा संस्कृति महोत्सव | २५००० |
| ७५।२।२५ | रानीपौवा तायामचा नाच समिति | नृत्य प्रतियोगिता | १०००० |

२०२.४

**कार्य सम्पन्न प्रतिवेदनः** (गो.भौ. नं. २३-२०८१।१।३०)स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता र प्रभावकारिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(१) मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा उपनियम (२) बमोजिम सोको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ भने नियम १२५ मा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। यस कार्यालयले विष्णुमाया सप्लायर्सबाट HDPE pipe 1900 meter र gabion box 330 sq feet खरिदबापत रु.२६२८५० भुक्तानी गरेकोमा उक्त सामग्रीहरू प्रयोगमा आएको प्रमाण पेस भएको नदेखिदा उक्त सामग्रीहरू प्रयोगमा आएको प्राविधिक मूल्याङ्कन सहितको कार्यसम्पन्न प्रतिवेदन पेस हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,६२,८५० |

२०२.५ **अध्ययन अवलोकन भ्रमणः** (गो.भौ.नं. ३५।१२।१) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता र प्रभावकारिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । कार्यालयले जनप्रतिनिधि तथा कर्मचारीको अध्ययन अवलोकन भ्रमणका लागि रु. २,००,०००।- खर्च लेखेको छ । यस्तो खर्चबाट कार्यालयलाई थप व्ययभार पर्न जाने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२०२.६ **कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० उपनियम (७) र अनुसुची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ज स्टाफ खर्च २ र सानातिना अन्य खर्च २ गरी ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्ने व्यवस्था छ। गण्डकी प्रदेश खर्च मापदण्ड, २०७९ को दफा १४ मा कन्टिन्जेन्सी निर्धारण गर्दा आवश्यकता र मितिव्ययितालाई ध्यानमा राखी कन्टिन्जेन्सी छुट्याउन सकिने र आवश्यकता नपर्ने भएमा कन्टिन्जेन्सी रकम छुट्याउन नहुने उल्लेख छ । कन्टिन्जेन्सी रकम छुट्याउँदा प्रचलित खरिद कानुन बमोजिम वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्चमा समेत लागत अनुमान तयार गर्दा नै प्रष्ट खुलाई अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने, लागत अनुमानमा व्यवस्था भए बमोजिम कन्टिन्जेन्सी रकम भुक्तानी रकमको अनुपातमा पारदर्शी, मितव्ययी र औचित्यपूर्ण तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। यस वडाले यो वर्ष कन्टिन्जेन्सीबाट देहाय बमोजिम रु. ७२७९८६ खर्च लेखेको छ । यस वडा कार्यालय भित्र यसको भुगोल, क्षेत्र र योजनाको प्रकृति अनुसार सवारी मर्मत तथा भाडा, इन्धन, सूचना प्रकाशन, ज्याला, दैनिक भ्रमण भत्ता, सुपरभिजन जस्ता कार्यमा कन्टिन्जेन्सीबाट खर्च गर्न मिल्ने देखिदैन । कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा सो समेत गरेको छैन । लागत अनुमान तयार गर्दा वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्च समेत खुलाएको छैन । एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखाङ्कन गर्नुपर्नेमा देहाय बमोजिमको खर्च सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेबाट पालिकालाइ थपव्ययभार पारेको देखिएको हुँदा जिम्मेवार पदाधिकारी र व्यक्तिलाई कानुन बमोजिम जवाफ तुल्याउनु पर्ने देखिएको रु.

| क्र. सं. | खर्च विवरण | रकम ( रु.) |
|---|---|---|
| १ | छपाइ | ६९३०१ |
| २ | टि भि | ७८००० |
| ३ | सम्मान | ५००० |
| ४ | मसलन्द | ४२००० |
| ५ | अनुगमन | ७२००० |
| ६ | प्रकोप व्यवस्थापन | ८८२६ |
| ७ | डिजिटल बोर्ड | ७८७५० |
| ८ | विविध | २२७१० |
| ९ | इन्धन | ७८६२ |
| १० | बिज्ञापन शुल्क | ५००० |
| ११ | प्रहरी विज्ञापन खर्च | ५००० |
| १२ | झोला छाता स्वयं सेविका | ९३५३० |
| १३ | झोला छाता कर्मचारी | ५१००० |
| १४ | लायन्स अधिवेशन खर्च | १०००० |
| १५ | हेमजा संचार | ५०००० |
| १६ | अन्य खर्च | १२९००७ |
| जम्मा | | ७२७९८६ |

| | |
|---|---|
| अनियमित भएको | ७,२७,९८६ |

२०३ **वडा नं. ३० तर्फ**

२०३.१ **उपभोक्ता समितिबाट गराएको कामः** कार्यालयले यो वर्ष गरेको पुँजीगत खर्च मध्ये ५१ वटा उपभोक्ता समितिहरूबाट रु. २,२७,७१,८१७।- को कार्य गराएकोमा रु. २९,००,४७७।- को कार्य लागत/ जनसहभागिताबाट गराई बाँकी रु. १,८९,५२,०००।- कार्यालयबाट भुक्तानी भएको विवरण प्राप्त भएको छ ।

| उपभोक्ता समितिसंख्या | लागत अनुमान | सम्झौता रकम | जम्मा भएको काम | कार्यालयबाटभुक्तानी | लागत/जनसहभागिताबाट भएको |
|---|---|---|---|---|---|
| ५१ | २२९३७४६४ | २२९३७४६४ | २२७७१८१७ | १८९५२००० | २९००४७७ |

उक्त कारोबारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

२०३.२ **(क) न्युन बिजकीकरणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । वडा अन्तर्गत उपभोक्ता समिति मार्फत गराएको कार्यहरूमा निम्नानुसार जिल्ला दररेट अनुसार निर्माण सामग्रीहरूको दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर उपभोक्ता

समितिबाट जिल्ला दररेट भन्दा कम दरमा निर्माण सामग्री खरिदको बिल पेस गरेकोले निम्नानुसार बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.

| भौ नं र मिति | उपभोक्ता समिति | सामग्री | परिमाण | भुक्तानी दर | खरिद दर भ्याट सहित | फरक |
|---|---|---|---|---|---|---|
| १३। १० । १५ | बोरिङ मार्ग स्तरोन्नती समिति | ओपिसी सिमेन्ट | ५१९ | ७८८ | ६२९ | ८२४०२ |
| | | ढुङ्गा | ५४ | २६१० | १६९५ | ४९५२९ |
| | | गिट्टी | ९० | २३४२ | १४१३ | ८३६५५ |
| १४। १० । १५ | अंकारेश्व मार्ग स्तरोन्नती उपभोक्ता समिति | ओपिसी सिमेन्ट | ३६५ | ७८८ | ६८९ | ३६०९१ |
| | | ढुङ्गा | ६५ | २६१० | १८०८ | ५२१३० |
| १७। १० । १६ | नहरबाट आपको खोर सडक स्तरोन्नतीउपभोक्ता समिती | ओपिसी सिमेन्ट | २४२ | ७८८ | ६५५ | ३२१३३ |
| १९। ११ । ३ | बरालथर भित्र मिलन टोलमा बाटो स्तरोन्नती उ. स . | ओपिसी सिमेन्ट | ३८० | ७८८ | ६५५ | ५०४५६ |
| २३। ११ । १० | आँपको खोर सडक स्तरोन्नतीउपभोक्ता समिति | ओपिसी सिमेन्ट | १४१ | ७८८ | ५७६ | २९८७५ |
| ३४। १२ । १३ | गहते मार्ग स्तरोन्नती समिति | ओपिसी सिमेन्ट | २१४ | ७८८ | ६४४ | ३०८३३ |
| ३७। १२ । २५ | कृषि हाट बजार निर्माणउपभोक्ता समिति | ओपिसी सिमेन्ट | ३८५ | ७८८ | ५९९ | ७२८७३ |
| ३८। १२ । २८ | गुरुकूल भित्र बाटो स्तरोन्नतीउपभोक्ता समिती | ओपिसी सिमेन्ट | ३०० | ७८८ | ६१० | ५३३९४ |
| | | गिट्टी | ३३ | २३४२ | १४०० | ३१०८६ |
| ४३। १ । २५ | पि. यु . पुर्वि सडक निर्माण उपभोक्ता समिति | गिट्टी | ७२ | २३४२ | १७०० | ४६२२४ |
| ४६। १ । २७ | सन्सरी मार्ग स्तरोन्नती उ. स . | गिट्टी | ५८ | २३४२ | १३०० | ६०४३६ |
| | | ओपिसी सिमेन्ट | १८० | ७८८ | ६१६ | ३१०१९ |
| 53। २ । ६ | राम बजार नाला तथा सडक निर्माण उ. स . | गिट्टी | १०५ | २३४२ | २०७४ | २८१८७ |
| | | ढुङ्गा | ११० | २६१० | २३११ | ३२९०७ |
| ५५। २ । १३ | सुर्यमुखी सामुदायिक भवन स्तरोन्नती उ . स . | पिपिसी सिमेन्ट | १३५ | ६८६ | ५५० | १८४२४ |
| ९३। ३ । १८ | पशुपतिनाथ शिवशक्ति मन्दिर ३० | ओपिसी सिमेन्ट | ३३५ | ७८८ | ६५५ | ४४४८१ |
| १०४। ३ । १८ | सिस्नेमुलबाट पानी टंकी जाने बाटो ढलान उ स | ओपिसी सिमेन्ट | २५० | ७८८ | ६२२ | ४१६७० |
| | | गिट्टी | २३ | २३४२ | १३०० | २३४४५ |
| १११। ३ । १९ | बोरिङ मार्ग स्तरोन्नति समिति | ढुङ्गा | ८६ | २६१० | २०३४ | ४९५३६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गिट्टी | ५० | २३४२ | १८०८ | २६७०० |
| ११४। ३ । १९ | खयरखोर अन्नपूर्ण मार्ग स्तरोन्नति | ओपिसी सिमेन्ट | ३८० | ७८८ | ६७२ | ४४०१५ |
| १२२। ३ । २४ | समृद्धि टोल भित्र सडक स्तरोन्नति योजना उ स | ओपिसी सिमेन्ट | ३६३ | ७८८ | ६४० | ५३९४२ |
| | | | | | जम्मा | ११०५४४३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,०५,४४३ |

२०३.३ **(ख) उपभोक्ता समितिको कार्यमा जनसहभागिताः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १क मा एक करोड रुपैयाँ सम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने, नियम ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । त्यस्तै गण्डकी प्रदेश सरकारको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा उपभोक्ताको लागत सहभागितामा सञ्चालन हुने आयोजनाको कार्यान्वयन उपभोक्ता समितिबाट गर्न प्राथमिकता दिनुपर्ने, दफा ६ मा उपभोक्ता समितिको लागत सहभागिता कम्तीमा १० प्रतिशत हुनुपर्ने व्यवस्था छ । महानगरपालिकाले आफ्नो सार्वजनिक खरिद नियमावली, २०७७ को पहिलो संशोधन (मिति २०७७।१०।२४) बाट उपभोक्ता समितिबाट सञ्चालित योजनाहरूमा जनसहभागितामा छुट दिने सकिने गरी कार्यपालिकाले मनासिव कारण सहितको प्रस्तावबाट निर्णय गर्न सक्ने व्यवस्था गरेको देखिन्छ । सोही व्यवस्थालाई आधार मानी कार्यपालिकाबाट विद्यालय भवन र कम्पाउण्ड वाल, जेष्ठ नागरिक भवन, पार्क, विपद व्यवस्थापन, मठ मन्दिर,क्रिया पुत्री भवन, सार्वजनिक शौचालय, चौतारी, पोखरी निर्माणमा जनसहभागिता नलाग्ने निर्णय गरी उक्त कार्यहरूमा जनसहभागिता जुटाएको देखिदैन । यसरी संघीय तथा प्रादेशिक कानुनमा समेत उपभोक्ता समितिबाट गरिने कार्यहरूमा जनसहभागिताको अंश समेत समावेश गरी भुक्तानी दिँदा सो अंश कट्टा गर्नुपर्ने व्यवस्था रहेको अवस्थामा जनसहभागिता नलाग्ने गरी उपभोक्ता समितिद्धारा कार्य गराउन सकिने देखिदैन। उपभोक्ता समितिबाट गरिने कार्यहरूमा उपभोक्ताहरूको समेत जनसहभागिताको अंश रहने गरी कार्य गराउनुपर्दछ । उपभोक्ता समितिबाट कार्य गराउँदा उपभोक्ताबाट हुने जनसहभागिताको अंश समेत भुक्तानी हुँदा पालिकालाई थप व्ययभार पर्न गएको रु.

| गो.भौ.नं. र मिति | उपभोक्ता समिति | मूल्याङ्कन तथा भुक्तानी | न्युनतम १० प्रतिशत जनसहभागिता |
|---|---|---|---|
| १५।१०।१५ | मैत्रि सभाहल मर्मत उपभोक्ता समिति | ५९०३८ | ५९०४ |
| ३३।१२।७ | ग्रिनपार्क संरक्षण तथा निर्माण समिति | २९११६४ | २९११६ |
| ३७।१२।२५ | कृषि हाट बजार निर्माण उपभोक्ता समिति | १४५२९९३ | १४५२९९ |
| ७४।३।११ | ग्रिनपार्क संरक्षण तथा निर्माण समिति | १११७०६२ | १११७०६ |
| ९३।३।१८ | पशुपतिनाथ शिवशक्ति मन्दिर ३० | १४१९५१४ | १४१९५१ |
| जम्मा | | | ४३३९७७ |

| | |
|---|---|
| अनियमित भएको | ४,३३,९७७ |

२०३.४ **वितरणमुखी खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको

जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । यस वडाले विभिन्न समूह, क्लव, संघ संस्था समेतलाई कार्यक्रम, खेलकुद, मेला, महोत्सव समेतका लागि आर्थिक सहायता तथा सामग्री वितरण गरेको छ । यस प्रकारको वितरणमुखी खर्चबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। उदाहरणः

| भौ.नं.र मिति | भुक्तानीपाउने | प्रयोजन | रकम (रु.) |
|---|---|---|---|
| १४।६।२३ | श्री त्रिनेश्वर मन्दिर संरक्षण तथा व्यवस्थापन समिति | तिज गीत प्रतियोगिता | ३०००० |
| १९।८।५ | वडा प्रहरी कार्यालय गगन गौडा | इन्धन | ५००० |
| २३।८।१७ | भण्डारढिक टोल विकास संस्था | खेलकुद प्रतियोगिता | ५००० |
| ३०।८।२८ | चेतनशिल आदर्श युवा क्लव | फुटसल प्रतियोगिता | ३५००० |
| ३४।९।३ | भिमसेन नेवा खल: | ताय मचा नृत्य | ५००० |
| ४३।९।२२ | शान्तिदेवी तिवारी | आर्थिक सहायता | १५००० |
| ८२।११।२० | सिआरभि प्रहरी शिशुवा | इन्धन | ५००० |
| ९७।१२।१४ | कृषि सञ्जाल पोखरा ३० | प्लाष्टिकका कुर्सी टेबल खरिद | ३९४६३ |
| १०८।१।२२ | ङ्योए तमु धि | ल्होसार | १०००० |
| १२०।२।१७ | लेक सिटी ब्याडमिन्टन क्लव | ब्याडमिन्टन प्रतियोगिता | ६५००० |
| १२१।२।२० | श्री राम मन्दिर संरक्षण समिति | खाद्यान्न तथा भ्रमण | २५००० |
| १२२।२।२० | राम मन्दिर आत्मज्ञान प्रचार संघ | तातोपानी कुण्ड अवलोकन | २५००० |
| १४६।३।१४ | चेतनशिल पुन मगर समाज | भलिबल प्रतियोगिता | २५००० |
| १४८।३।१५ | विन्ध्येश्वरी युवा क्लव | भलिबल प्रतियोगिता | ५००० |

२०३.५ **वडा कार्यालय करार कर्मचारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कार्यालयले कार्यालय सरसफाईका लागि अन्जना सुवेदी अधिकारीलाई करार ज्यालादारीमा राखी मासिक रु.१८००० का दरले वर्षभरीमा रु.२१६००० भुक्तानी गरेको छ । आन्तरिक स्रोतको विश्लेषण र दिगो व्यवस्थापन बेगर नै वडा कार्यालयले करार तथा ज्यालादारीमा नियुक्त गरी भुक्तानी गरेको कार्यलाई यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन । यसरी पालिकालाई थप व्ययभार पर्ने गरी वडा कार्यालयले करार कर्मचारी राखी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,१६,००० |

२०३.६ **अध्ययन अवलोकन भ्रमणः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता र प्रभावकारिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । कार्यालयले जनप्रतिनिधि तथा कर्मचारी समेतको पर्यटन प्रवर्द्धनका लागि तनहुँको दगाम गाउँको भ्रमण बापत रु.९०,५६५।- खर्च लेखेको छ । यस्तो खर्चबाट कार्यालयलाई थप व्ययभार पर्न जाने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२०३.७**कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० उपनियम (७) र अनुसुची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ज स्टाफ खर्च २ र सानातिना अन्य खर्च २ गरी ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्ने व्यवस्था छ। गण्डकी प्रदेश खर्च मापदण्ड, २०७९ को दफा १४ मा कन्टिन्जेन्सी निर्धारण गर्दा आवश्यकता र मितिव्ययितालाई ध्यानमा राखी कन्टिन्जेन्सी छुट्याउन सकिने र आवश्यकता नपर्ने भएमा कन्टिन्जेन्सी रकम छुट्याउन नहुने उल्लेख छ । कन्टिन्जेन्सी रकम छुट्याउँदा प्रचलित खरिद कानुन बमोजिम वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्चमा समेत लागत अनुमान तयार गर्दा नै प्रष्ट खुलाई अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने, लागत अनुमानमा व्यवस्था भए बमोजिम कन्टिन्जेन्सी रकम भुक्तानी रकमको अनुपातमा पारदर्शी, मितव्ययी र औचित्यपूर्ण तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। यस वडाले यो वर्ष कन्टिन्जेन्सीबाट देहाय बमोजिम रु. २१५६१० खर्च लेखेको छ । यस वडा कार्यालय भित्र यसको भुगोल, क्षेत्र र योजनाको प्रकृति अनुसार सवारी मर्मत तथा भाडा, इन्धन, सूचना प्रकाशन, ज्याला, दैनिक भ्रमण भत्ता, सुपरभिजन जस्ता कार्यमा कन्टिन्जेन्सीबाट खर्च गर्न मिल्ने देखिदैन । कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा सो समेत गरेको छैन । लागत अनुमान तयार गर्दा वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्च समेत खुलाएको छैन । एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखाङ्कन गर्नुपर्नेमा देहाय बमोजिमको खर्च सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेबाट पालिकालाइ थपव्ययभार पारेको देखिएको हुदा जिम्मेवार पदाधिकारी र व्यक्तिलाइ कानुन बमोजिम जवाफ तुल्याउनु पर्ने देखिएको रु.

| क्र. सं | खर्च विवरण | रकम ( रु .) |
|---|---|---|
| १ | अनुगमन/ दैनिक भ्रमण खर्च | ४०००० |
| २ | कार्यालय संचालन खर्च | ४८१६० |
| ३ | इन्धन खर्च | ८०३०० |
| ४ | मर्मत खर्च | ४७१५० |
| | जम्मा | २१५६१० |

| | |
|---|---|
| अनियमित भएको | २,१५,६१० |

## २०४ आन्तरिक लेखापरीणबाट कायम व्यहोरा

२०४.१आन्तरिक लेखापरीक्षणबाट कायम भएका निम्ननानुसार व्यहोराहरु असुल गर्नुपर्ने रु

| | | |
|---|---|---|
| | पुर्वाधार विकास महाशाखा चालू तर्फ | |
| गो.भौ.नं । मिति | विवरण | रकम |
| राजश्व तर्फ | | |
| | बाराही सेदी प्रा.लि. पोखरा-१८ ले सेदीडाँडामा होटल होटल-रिसोर्ट बनाउँदा माटो निकासी दस्तुर बापत र.नं. ४९७१, मिति २०८०/१०/१२ बाट रु. २६,२२,४३१।- असुली भएको देखिन्छ।सो सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा निज कम्पनीबाट रु.३ करोड ७ लाख असुल हुनुपर्ने भनी उजुरी/ ताकेता भई आएको, यस कार्यालयको च.नं. ७६८९, मिति ०७८-०१-०६ मा माटो निकासी नगर्ने गरी २ दिन डोजर चलाउने अनुमती दिएको देखिन्छ।यस सन्दर्भमा कार्यालयको छानविन समितिले मिति २०७८।०१।०७ देखि वर्षभर नै निरन्तर डोजर चलेको उल्लेख गरेको तर सो बापतको राजश्व, प्राविधिक प्रतिवेदन अनुरुप stock मा रहेको सामग्री एवम् access road मा पुरेको माटोजन्य सामग्रीको राजश्व यकिन नगरेको, सो वापतको तिर्नुपर्नेमा राजश्व असुल गराउन राजश्व शाखा, छानविन समिति एवम् कार्यालयले तदारुकता देखाएको नपाइएको र रु.२६,२२,४३१।- मात्र राजश्व तिरेको पाइएकाले थप राजश्व गुम्न गएको देखिन्छ। साथै समितिको प्रतिवेदनले १४,९२१ घ.मी. माटो भवनको जग पुर्न प्रयोग भएको भनिए पनि उक्त परिमाण अस्वाभाविक भएकाले सो यकिन गर्न विशेष छानविन हुनुपर्ने एवम् जरीवाना लिनुपर्ने देखिन्छ।साथै निम्नानुसारको राजश्व रकम वाराही सेदी प्रा.लि पोखराबाट असुल हुनुपर्ने देखिन्छ:<br>· छानविन समितिले २०७८ सालबाट निरन्तर JCB चलेको भनिएकाले कम्तिमा ३ आ.व.को ६२ रोपनी जग्गाको डोजर अनुमति दस्तुर प्रति रोपनी रु.८०००।- को दरले रु.१४८८०००।-<br>· समितिको रिपोर्ट अनुरुप बाटोमा राखेको माटोजन्य सामग्री १४०० घ.मी. को रु.१२०।- का दरले रु.१६८०००।–<br>· समितिको रिपोर्ट अनुसार स्टक सामग्री (जो हाल स्टकमा नरहेको) ४९४० घ.मी. को रु.१२०।- का दरले रु.५९२८००।- गरी जम्मा रु.२२४८००। | ३९०४८०० |
| शहरी विकास,पर्यटन तथा वातावरण चालु तर्फ | | |
| 206। 081।2। 32 | पोखरा महानगरपालिकाको तालिम गोष्ठी,कार्यशाला तथा अध्ययन भ्रमण खर्च सम्वन्धी निर्देशिका २०७४ अनुसार तालिम सञ्चालन गर्दा प्रशिक्षकलाइ कार्यपत्र र प्रशिक्षण बापत रु १६०० का दरले भत्ता दिने प्रावधान रहेको छ सो भन्दा वढी भत्ता रकम भुक्तानी गर्न मिल्ने व्यवस्था नरहेको तर दलित महिला संघलाई गरिएको भुक्तानीमा प्रशिक्षण बापत टेक बहादुर बि.क.लाई प्रतिदिन ५ सेसन गरी रु.८०००।- का दरले २ दिनको भत्ता रु.१६०००।- भुक्तानी गरिएकाले बढी भुक्तानी रकम निजबाट असुल गरिनुपर्ने। | ५४४० |
| **वडा नं ४ को चालु तर्फ** | | |
| 95।८१।२। २८ | पोखरा महानगरपालिकाको तालिम गोष्ठी,कार्यशाला तथा अध्ययन भ्रमण खर्च सम्वन्धी निर्देशिका २०७४ अनुसार अध्ययन अवलोकनका लागि खाना बापत रु ५००, खाजाबापत रु २०० र आबासको लागि दैनिक भ्रमण भत्ताको २५प्रतिशत भुक्तानी गर्नुपर्ने प्रावधान रहेको छ । जसमा राजु बहादुर कोइरालालाइ भ्रमण बापतको रकम पे.फ तथा बाकी रकम भुक्तानीमा दररेट भन्दा रु वढि रकम राखी ४३८०।- खाना तथा खाजाको बिल पेश गरिएको तथा कोठा भाडा औषतमा रु ४०० का दरले भुक्तानी गर्नुपर्नेमा ७ जनालाइ ३ दिनको रु८४०० भुक्तानी गर्नुपर्नेमा ३०४९९।- भुक्तानी गरिएको बढि रकम रु २२०९९।- असुल गरिनुपर्ने । | २६४७९ |
| वडा नं ७ पूँजिगत तर्फ | | |
| | अजिता अधिकारी पोख्रेललाई विभिन्न योजनाहरुको बजेटबाट चालु खर्चको भुक्तानी गरिएकाले पूँजीगत बजेटलाई चालुमा खर्च गर्न नमिल्ने कानुनी प्रावधान रहेको छ तर यस वडामा पूँजीगत वजेट शिर्षकबाट चालु शिर्षकमा खाजा खर्च | ४७२६९ |

| | | |
|---|---|---|
| 66।081।3।<br>24 | वापत भुक्तानी भएको उक्त खर्चलाई असुल गरिनुपर्ने रु ४७२६९। | |
| **वडा नं ८ चालु तर्फ** | | |
| १७।०८०।<br>७।१४ | वडा स्तरीय कृषि सञ्जाल पोखरालाइ कौशी खेति बापत गरिएको भुक्तानीमा रकम बुझ्ने ब्यक्तिको हस्ताक्षर नभएकोले निम्नानुसारको भत्ता भुक्तानीलाई अन्तिम लेखा परिक्षण अगाडी नियमित गरिनुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु ४६००।–<br>सावित्री घिमिरे (प्रशिक्षक)- १६००<br>दुर्गा अधिकारी (प्रशिक्षक)- १६००<br>कान्ती अधिकारी (संयोजक)- ४००<br>कान्ती अधिकारी (प्रतिवेदन)-१००० | ४६०० |
| १९५।०८१।<br>२।२९ | वडाबाट स्वास्थ्य सम्बन्धि सामान वितरण कार्यक्रममा कार्य स्पष्ट नगरी विभिन्न व्यक्तिहरुलाई गरिएको भत्ता भुक्तानीलाई नियमित मान्न नसकिएकोर रु ७०००।<br>सोही कार्यक्रममा यातायात खर्च बापत तोकिए भन्दा बढी रकम भुक्तानी गरिएकाले असुल उपर गरिनुपर्ने रु ५०००। | ५००० |
| ३०।२०८१।<br>२।२२ | जनप्रिय मा.वि. उपभोक्ता समितिलाई कार्यसम्पन्न प्रतिवेदनभन्दा बढी भएको भुक्तानी असुल गरिनुपर्ने रु १४८३ | १४८३ |
| **वडा नं ११ चालु तर्फ** | | |
| ७।२०८०।<br>७।१७ | एरिका डेभलपर्स प्रा.लि लाई वडा न ११ मा पहिरो पन्छाय वापतको भुक्तानीमा विल रकम भन्दा वढि रकम भुक्तानी गरिएको हुदाँ उक्त वढी रकम एरिका डेभलपर्स बाट असुलउपर गरिनुपर्ने रु.५५५३.१० | ५५५३.१ |
| **वडा नं १८ चालु तर्फ** | | |
| ४८।०८०।<br>११।१५ | श्री जानकी माध्यमिक विद्यालयलाई कार्यसम्पन्न प्रतिवेदन, इस्टिमेट तथा measurement प्रमाणित नभई भुक्तानी रु २८५४३५।- मा कुल बजेट रु ३०००००।- रहेकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार रु १७८३।- कम काम भएको तर सवै रकम भुक्तानी भएकोले बढि रकम उक्त विद्यालयबाट असुल गरिनुपर्ने रु १७८३।- | १७८३ |
| **वडा नं २६ पूँजिगत** | | |
| ६८।०८१।<br>२।११ | समुन्द्र कन्स्ट्रक्सनलाई लक्ष्मी मा.वि. देखि न्यू ऐरा बाँकी खण्ड स्तरोन्नती योजना बापतको भुक्तानीमा प्राविधिक मूल्याङ्कन बेगरको बढी भुक्तानी भएको हुँदा वढी रकम असुल उपर गरिनुपर्ने रु ८५३८। | ८५३८ |
| वडा नं ३२ चालु | | |
| ७८।०८०।<br>१२।१९ | मेघराज पौडेललाई शिक्षकहरुलाई मोटिभसनल तालिम सञ्चालनमा कार्यक्रमको प्रशतावना तथा लागत इस्टिमेट स्विकृत वेगर कार्यक्रम सञ्चालन गरिएको भुक्तानी रु. १६२९९८ मध्ये २ जना प्रशिक्षकले २ दिन प्रशिक्षण गराएकोमा ४/४ कक्षा मात्र लिन सक्ने हुदा प्रशिक्षक रामचन्द्र लामिछानेले २ दिनमा ८ कक्षाको १६०० को दरले १०८८० रकम बुझेकोमा वढि रकम असुल गरिनुपर्ने रु. ४४८०।- | ४४८० |
| | | ४०,१५,४२५.१ |

| | | |
|---|---|---|
| | जम्मा | |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२८,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,१५,४२५.१ |

२०४.२ **आन्तरिक लेखापरीक्षणबाट कायम भएका अनियमित बेरुजुका व्यहोराहरु**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२४** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| |
|---|
| अनियमित भएको |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | आन्तरिक लेखापरीक्षणबाट कायम भएको अनियमित बेरुजु देहायअनुसार छः | ४,२६,८९,४५१ |

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|

| कृषि तथा पशु चालु तर्फ | | | |
|---|---|---|---|
| गो भौ ।मिति | | विवरण | रकम |
| २३ ३३४ | | यस महानगरपालिकाको आर्थिक कार्यविधि ऐन २०७५ मा खर्च गर्ने तरिकाका सम्वन्धमा भएको व्यवस्था अनुसार सरकारी सम्पतिको प्रयोग एव खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने उल्लेख छ । यस कार्यालयको आर्थिक विकास महाशाखा अन्तर्गत कृषिमा विधुत महशुल समयमै भुक्तानी नगर्दा रु ३३५१.०९ थप व्यभार परेको देखिन्छ । समयमा महशुल बुझाई छुट लिनुपर्नेमा जरिवाना तिरी राज्यलाई थप व्यभार पर्ने भएकोले महशुल ढिला तिर्ने प्रवृतिको अन्त्य गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | ३५५१ |
| २३।०८०।६।१६ | | | |
| ३३४।०८१।०१।१६ | | | |
| २६२।०८०।१२।१३ | | विधाता हस्तकला प्रशिक्षण केन्द्रलाई गरिएको भुक्तानीमा सिलाई मेसिन ११ वटा, मेसिन स्टेन ११ वटा र टेवल ११ वटा खरिद गरिएकोमा केन्द्रलाई हस्तान्तरण नगरिएको उक्त सामान जिन्सी खतामा आम्दानी बाध्नुपर्नेमा नबाधेको, दाखिला प्रतिवेदन समावेश नभएको, साथै वितरण गरेको भए भरपाई समावेश गर्नुपर्नेमा सो नगरिएकोले उक्त खर्चलाई नियमित मान्न नसकिएको रु ६००००।- | ६०००० |
| ३७१।०८१।२।१ | | विजुली मर्मतका लागि खरिद गरिएका सामाग्री बापतको रकम भुक्तानीमा जिन्सी दाखिला प्रतिवेदन समावेश नभएकोले नियमित मान्न नसकिएको रु ४३९०३।- | ४३९०३ |
| कृषि तथा पशु पुँजीगत तर्फ | | | |
| १५।२०८०।७।२४ | | विष्णु भट्टराई लाई रैथाने बाली प्रदर्शन कार्यक्रम बापत पेश्की भुक्तानीमा कार्यक्रमको प्रस्तावना तथा लागत इष्टिमेट समावेश नभएको एव वस्तुपारक प्रतिवेदन सलग्न नभएकोले उक्त खर्चलाई नियमित मान्न नसकिएको रु १३००००।- | १३०००० |
| ६।२०८०।७।१ | | कालीमुढा कृषि फर्मलाइ रैथाने बाली संरक्षण कार्यक्रम सञ्चालनका लागि गरिएको भुक्तानीमा कार्यक्रमको स्वीकृत प्रशतावना, कार्यक्रममा सहभागी उपस्थित माइन्युटको | ५६००० |

| क्र.सं. | | | बेरुजुको विवरण | | रकम |
|---|---|---|---|---|---|
| | | | पुष्टाई समावेश नभएको, पुष्टाई हुने फोटोहरु समावेश नभएको तथा खाजाको मात्र विल पेश गरिएकोले नियमित मान्न नसकिएको रु ५६०००।- | | |
| | स्वास्थ्य महाशाखा चालु तर्फ | | | | |
| | ८९।२०८१।३।२३ | | आर्थिक वर्षको अन्तमा क्यासिक टेडर्स कन्सर्नबाट औषधी खरिद गरि भण्डारमा राखिएको सेवाग्राहीलाई यस आ.व.मा वितरण गर्नुपर्ने औषधी पुष्टी नभई खरिदलाई प्रगती हासिल गर्न प्रयाप्त पहल गरेको नदेखिएको हुँदा सो खरिदलाइ नियमित मान्न नसकिएको रु | ९७८९७ | |
| | पूर्वाधार विकास महाशाखा चालु तर्फ | | | | |
| | ९९।२०८०।४।१४ | | थामाको पहिरा पार्क निर्माण समितिलाई पार्क निर्माण गरेवापतको भुक्तानीमा प्राविधिक नाप जाँच गरि नापजाँच नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्नेमा स्वीकृत विल भन्दा वढी रकम भुक्तानी भएको हुँदा उक्त समितिबाट असुल गरिनुपर्ने रु | ७२४८२ | |
| | २९२।२०८०।७।१ | | नेपाल इन्जिनियर्स एशोसिएसनलाई इन्जिनियरहरुको संस्थागत रजिष्ट्रेशन बापत भनि गरिएको भुक्तानीमा कार्यालयले खर्च गर्नुपर्ने कुनै स्पष्ट आधार र कारण नदेखिएकाले नियमित मान्न नसिकएको रु. | १५०००० | |
| | ३०४, ३०५।२०८०।७।२ | | शहरी योजना आयोग कार्यालय मर्मतको लागी एउटै प्याकेज बनाई सूचना प्रकाशन नगरी टुक्राटुक्रा पारी सोझै खरिद गरेकोले नियमित मान्न नसकिएको रु. | ११३८२०२ | |
| | | | महाशक्ति आल्मुनियमलाई रु.२७६४२६।५३ | | |
| | | | स्काइस्क्वायर विल्डर्स एण्ड सप्लायर्सलाई रु.८६१७७४।७४ | | |
| | | | यस महानगरपालिकाको आर्थिक कार्यविधि ऐन २०७५ मा खर्च गर्ने तरिकाका सम्वन्धमा भएको व्यवस्था अनुसार सरकारी सम्पतिको प्रयोग एव खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने उल्लेख छ । यस कार्यालयको न.का. चालुमा विधुत महशुल समयमै भुक्तानी नगर्दा रु १७७४५३।८० थप व्यभार परेको देखिन्छ । समयमा महशुल | | |

| क्र.सं. | | बेरुजुको विवरण | | रकम |
|---|---|---|---|---|
| | | बुझाई छुट लिनुपर्नेमा जरिवाना तिरी राज्यलाई थप व्यभार पर्ने भएकोले महशुल ढिला तिर्ने प्रवृतिको अन्त्य गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | | |
| | नगरकार्यपालिका चालुतर्फ | | | |
| | ११।०८०।५।५ | यस महानगरपालिकाको आर्थिक कार्यविधि ऐन २०७५ मा खर्च गर्ने तरिकाका सम्वन्धमा भएको व्यवस्था अनुसार सरकारी सम्पतिको प्रयोग एव खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने उल्लेख छ । यस कार्यालयको न.का. चालुमा विधुत महशुल समयमै भुक्तानी नगर्दा रु १७७४५४ थप व्यभार परेको देखिन्छ । समयमा महशुल बुझाई छुट लिनुपर्नेमा जरिवाना तिरी राज्यलाई थप व्यभार पर्ने भएकोले महशुल ढिला तिर्ने प्रवृतिको अन्त्य गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | १७७४५३ | |
| | ३५०।०८०।९।१ | | | |
| | ४२७।०८०।९।२९ | | | |
| | २६५।०८०।७।२० | | | |
| | ८५७।०८१।३।१७ | | | |
| | ७२।०८०।५।१९ | विभिन्न संघ संस्थासंग साझेदारी कार्यक्रम भनि अवण्डा बजेट राख्ने कार्य बजेटको सिद्धान्त सम्मत नभएको, साझेदारी कार्यक्रमको लागत अनुमान हचुवा आधारमा भएको,नम्स पालना नभएको,कार्यक्रमबाट महानगरपालकालाई हुने लाभ यकिन नभएको,पटके निर्णयबाट खर्च भएको एंव कार्य सम्पन्न प्रतिवेदन एंव पुष्टयाई संलग्न नभएको,खर्चलाई नियमित मान्ने आधार संलग्न हुनुपर्ने | ४२११९९९ | |
| | ७५।०८०।५।२२ | | | |
| | १३१।०८०।०६।०५ | थासाङ्ग थकाली किचनलाई खाना वापत गरिएको भुक्तानीमा प्रयोजन नखुलेको हुँदा नियमित गरिनुपर्ने रु.२५२५०।- | २५२५० | |
| | १४४।०८०।०६।०८ | समान बजेट / कार्यक्रम अस्तित्व भएको अन्य कार्यालयको खर्च यस महानगरवाट भुक्तानी गर्दा तालुक कार्यालयहरुको स्वीकृति लिनुपर्ने भनी विगतमा म.ले.म बेरुजु कायम भएकोले पुन सोही प्रकृतिको खर्च दोहोरिने गरि गौतम मेशिनरी टुल्सलाई प्रदेश प्रहरी कार्यालयको लागी घाँस काट्ने मेसिन खरिद वापत रकम भुक्तानी गरिएकोले नियमित गरिनुपर्ने रु. २०६८५।- | २०६८५ | |
| | ६९४।०८१।१।१३ | वडा दशै र चैते दशैको अवसरमा मौलो पुजाका लागि गरीएको भुक्तानीमा विल | १५००० | |

| क्र.सं. | | | बेरुजुको विवरण | | रकम |
|---|---|---|---|---|---|
| | | | भरपाइ समावेश नगरिएकोले नियमित मान्न नसकिएको रु १५०००।- | | |
| | ८१९।०८१। २।२१ | | गिरिधारी सुवेदीलाइ न्यायिक समिति प्रशिक्षण कार्यक्रम सञ्चालनमा प्रशिक्षक बापत एकै ब्यक्तिले एकै दिनमा ५ कक्षा बापतको भत्ता बुझेकोमा एक ब्यक्तिले एक दिनमा कति कक्षा सम्म लिन पाउने हो एकिन गरि नियमित गरिनुपर्ने रु १४५५०।- | १४५५० | |
| | शहरि विकास पर्यटन तथा वातावरण चालु तर्फ | | | | |
| | १३९। २०८१।२। ११ | | खेल कार्यक्रम सञ्चालन गर्न कास्की जिल्ला क्रिकेट संघलाई गरिएको भुक्तानीमा कार्यक्रमको उपलव्धी तथा सहभागीहरु उपस्थित विवरण समावेश नभएकोले उक्त नियमित मान्न नसकिएको रु ९४७१४।- | ९४७१४ | |
| | २०२ | | सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ मा सार्वजनिक खरिद गर्दा सिधै खरिद वा सूचना प्रकाशन समेतको विधिगत प्रकृयाको व्यवस्था रहेको तर उक्त प्रावधानको विपरित विना सूचना प्रकाशन विना एकै सस्था HAAN लेखनाथलाई खेल प्रतियोगिता कार्यक्रम सञ्चालन गर्न भुक्तानी गरिएकोले नियमित गरिनुपर्न रु | २९३७२५१ | |
| | शहरि विकास पर्यटन तथा वातावरण पुँजिगत तर्फ | | | | |
| | ५४।०८०। ०९।२९ | | यस महानगरपालिकाको आर्थिक कार्यविधि ऐन २०७५ मा खर्च गर्ने तरिकाका सम्वन्धमा भएको व्यवस्था अनुसार सरकारी सम्पतिको प्रयोग एव खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने उल्लेख छ । यस कार्यालयको शहरी विकास, पर्यटन तथा बातावरणमा विधुत महशुल समयमै भुक्तानी नगर्दा रु १९१२६९। थप व्यभार परेको देखिन्छ । समयमा महशुल बुझाई छुट लिनुपर्नेमा जरिवाना तिरी राज्यलाई थप व्यभार पर्ने भएकोले महशुल ढिला तिर्ने प्रवृतिको अन्त्य गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | १९१२६९ | |
| | १५२,१५६।२०८१।३।२४ | | परामर्श सेवा लिदा नगरसभाबाट नमर्स समबन्धी कानुन नबनाइएको, यस कार्यलय भवन निर्माणको स्वीकृति एवं नियमन गर्ने कार्य गर्न जनशक्ति हुँदा हुँदै कार्यालयको आफ्नै लालपुर्जा नभएको स्थानमा पेश भए वमोजिमको विज्ञ सहितको सवै जनशक्तिहरु फिल्डमा कार्य गरेको,प्रारम्भिक एवं अन्तिम | २२१४०१० | |

| क्र.सं. | | बेरुजुको विवरण | | रकम |
|---|---|---|---|---|
| | | चरणमा यस कार्यालयको सम्वन्धित समितिमा प्रस्तुति गरेको पुष्ट्याई संलग्न नभएको समेतको कारणले कम्तिमा प्रस्तावित सबै जनशक्तिहरु केही जनताको इच्छावमोजिम उपरोक्त अनुसार कार्य। उपस्थिति गरेको नदेखिएको,सम्वन्धित विज्ञ जनशक्तिहरुको खर्च संचार यातायातको लागि समेत भएको खर्च भक्तानी निम्नानुसार असुल गर्नुपर्ने देखिन्छ । | | |
| | | भूमी इन्जिनियरिङ कन्सोर्टिएमलाई Damsite- Shanti Stupa Pumdikot, Bhedikharka- Nigale danda-Paiya-Panchase Tourism Trail at Ward No. 22 of Pokhara बापत रु.१७३२०६५ | | |
| | | भिजनरी डिजाइन प्रा.लि. लाई पञ्चासे सिइ बाबा बापत रु. ४८१९४५ | | |
| | २१६।२०८१।३।५ | बाघजात्रा आयोजक समितिलाई गरिएको भुक्तानीमा कार्यक्रम 2080/5/18 देखि 2080/5/20 गतेसम्म सञ्चालन भएकोमा बिल भरपाईहरु 2081/1/11,2081/2/1 र 2081/3/3 गतेका पेश भएको हुँदा उक्त खर्चलाई नियमित मान्न नसकिएको रु. | ६९५९१६ | |
| | वडा १ चालु तर्फ | | | |
| | ९०।२०८१।०२।२९ | आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ४७ अनुसार कार्यायिलयले खरिद गरेका खर्च हुने र नहुने सामानहरुको दाखिला, माग फारम, खरिद आदेश र दाखिला प्रतिवेदन समावेश गरि भुक्तानी दिनुपर्दछ साथै कार्यालयले विभिन्न समयमा खरिद गरेको मालसामानको जिन्सी खातामा समयमा नै अपडेट गर्नुपर्दछ । तर कार्यालयले प्रकिया पुरा नगरि गरेको देहायबमोजिमको भुक्तानिलाइ नियमित मान्न नसकिएको रु ४६४००। | ४६४०० | |
| | ९३।२०८१।२।३१ | | | |
| | | महिला मैत्री आमा समुहलाइ ३ वटा मादल खरिद बापतको भुक्तानि रु ३००००।– | | |
| | | कामना जागरण महिला समुहलाइ मादल मुजुरा खरिद बापतको भुक्तानीमा रु १६४००।- | | |
| | वडा नं २ चालु तर्फ | | | |
| | ८।०८०।६।२२, | यस महानगरपालिकाको आर्थिक कार्यविधि ऐन २०७५ मा खर्च गर्ने तरिकाका | २८४० | |

| क्र.सं. | | बेरुजुको विवरण | | रकम |
|---|---|---|---|---|
| | | सम्वन्धमा भएको व्यवस्था अनुसार सरकारी सम्पतिको प्रयोग एव खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने उल्लेख छ । यस कार्यालयको वडा न २ मा विधुत महशुल समयमै भुक्तानी नगर्दा रु २८३९।९९ थप व्यभार परेको देखिन्छ । समयमा महशुल बुझाई छुट लिनुपर्नेमा जरिवाना तिरी राज्यलाई थप व्यभार पर्ने भएकोले महशुल ढिला तिर्ने प्रवृतिको अन्त्य गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | | |
| | १७।०८०।०९।०४ | | | |
| | ३१।०८०।११।१० | | | |
| | ३८।०८०/११/२९ | विश्व शाक्यवाट १५ वटा पुस्तकहरु खरिद गरिएकोमा दाखिला प्रतिवेदन फारम समावेश नगरिएकोले नियमित गरिनुपर्ने रु ११२५०।- | ११२५० | |
| | वडा नं ३ चालु तर्फ | | | |
| | ७२।०८१।१।१२ | जेष्ठ नागरिक जनप्रतिनिधि कर्मचारीको भ्रमण बापत चन्द्रावति अधिकारी वाग्लेलाई गरिएको भुक्तानीमा पोखरा देखि देवघाट सम्मको वस भाडा १ दिनको रु ४५०००।- भुक्तानी गरिएको देखिन्छ जुन अस्वभाविक देखिन्छ । तसर्थ २ दिनको रु ४५०००।- का दरले गरिएको उक्त खर्चलाई नियमित मान्न नसकिएको रु ९००००।- | ९०००० | |
| | ९४।०८१।२।३१ | पोखरा महानगरपालिकाको तालिम गोष्ठी,कार्यशाला तथा अध्ययन भ्रमण खर्च सम्वन्धी निर्देशिका २०७४ अनुसार तालिम सञ्चालन गर्दा प्रशिक्षकलाइ कार्यपत्र बापत रु ६०० का दरले भत्ता दिने प्रावधान रहेको छ ।तर दलित उत्पीडीत जनजाति तथा विपन्न वर्गको क्षमता अभिवृद्धि शिर्षक अन्तर्गत सवि परिवारलाइ भुक्तानी भएको रकम मध्ये प्रशिक्षणबापत रु १०००।- र कार्यपत्रवापत ६०० का दरले भुक्तानी भएको तर कार्यपत्र समावेश नभएकोले नियमित मान्न नसकिएको रु ८४००। | १६८०० | |
| | | रामदेवी वानिया ६ सेसनको रु १६०० का दरले रु ११२००।- भुक्तानी हुनुपर्नेमा वढी भुक्तानी रु ४२००।– | | |
| | | | | |
| | | लक्ष्मी शर्मा ६ सेसनको रु १६०० का दरले | | |

| क्र.सं. | | बेरुजुको विवरण | | रकम |
|---|---|---|---|---|
| | | रु ११२००।- भुक्तानी हुनुपर्नेमा बढी भुक्तानी रु ४२००।- | | |
| | वडा नं ४ चालु तर्फ | | | |
| | २।०८०।६।२५ | यस महानगरपालिकाको आर्थिक कार्यविधि ऐन २०७५ मा खर्च गर्ने तरिकाका सम्वन्धमा भएको व्यवस्था अनुसार सरकारी सम्पतिको प्रयोग एव खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने उल्लेख छ । यस कार्यालयको वडा न ४ मा विधुत महशुल समयमै भुक्तानी नगर्दा रु ५१३७।२५ थप व्यभार परेको देखिन्छ । समयमा महशुल बुझाई छुट लिनुपर्नेमा जरिवाना तिरी राज्यलाई थप व्यभार पर्ने भएकोले महशुल ढिला तिर्ने प्रवृतिको अन्त्य गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | ५१३७ | |
| | ४५।२०८०।१०।१९ | गोपालजि मन्दिर सेवा समितिलाई गाईजात्रा तथा कृष्णा अष्टमी पूजा खर्च बापतको भुक्तानीमा निवेदन र विल मात्र समावेश भएको, कार्यक्रम सञ्चालन सम्वन्धि पुष्टाईका प्रमाणहरु समावेश नभएकोले उक्त खर्चलाई नियमित मान्न नसकिएको रु २५०००।- | २५००० | |
| | १३७।०८१।३।२२ | पोखरा महानगरपालिकाको तालिम गोष्ठी,कार्यशाला तथा अध्ययन भ्रमण खर्च सम्वन्धी निर्देशिका २०७४ अनुसार तालिम सञ्चालन गर्दा प्रशिक्षकलाइ कार्यपत्र बापत रु ६०० का दरले भत्ता दिने प्रावधान रहेको छ । पोखरा उद्योग वाणिज्य संघलाइ बालमैत्री स्थानीय शासन कार्यक्रमबापतको भुक्तानी रु १३९२२५।- मा प्रशिक्षणबापत प्रेम नारायण प्रोखरेललाइ २ दिनको ६ सेसनका लागि १६००।- का दरले भुक्तानी गरिएकोमा कार्यपत्र समावेश नभएकोले कार्यपत्र सलग्न गरि नियमित गरिनुपर्ने रु ३६००।- | ३६०० | |
| | ५८।०८०।११।१४ | आर्थिक कार्यविधी नियमावली २०६४ को नियम नियम ४७ अनुसार कार्यायलयले खरिद गरि वा नगरि कुनै प्रकारले हस्तान्तरण भएको मालसामान जिन्सी खातामा आम्दानी बाध्नुपर्दछ।कार्यालयले विभिन्न समयमा खरिद गरेको मालसामानको जिन्सी खातामा समयमा नै आम्दानी बाधी नियमित गर्नुपर्ने रु ३५६२५। | ३५६२५ | |
| | १४७।०८१।३।२४ | | | |

| क्र.सं. | | बेरुजुको विवरण | | रकम |
|---|---|---|---|---|
| | १४९।०८१।३।२४ | गण्डकी कम्प्युटर्सबाट ६ वटा पेनड्राइभ बापतको भुक्तानी रु ७२००।- भरपाइ समेत नभएको । | | |
| | | गोल्डेन नर्सरीबाट फुल खरिद बावतको भुक्तानी रु १३६५०।– | | |
| | | नेपाल किसान महासंघलाइ विउहरु खरिद बापतको भुक्तानी रु १४७७५।- भरपाइ समेत नभएको । | | |
| | वडा नं ४ पुँजिगत तर्फ | | | |
| | | टुडाको पाटनमा रहेको सार्वजानिक स्थानमा पार्क निर्माण वापत उपभोक्ता समितिलाई गरिएको भुक्तानीमा मेसिनको प्रयोग गरी कार्यसम्पन्न गरिएको तर मेसिन प्रयोग गर्ने कम्पनीसगँ गरिएको सम्झौता र लगबुक समावेश नगरिएकोले उक्त खर्चलाई नियमित मान्न नसकिएको रु ८००००।- | ८०००० | |
| | वडा नं ५ चालु तर्फ | | | |
| | ८३।०८०।१।१७ | यस महानगरपालिकाको आर्थिक कार्यविधि ऐन २०७५ मा खर्च गर्ने तरिकाका सम्वन्धमा भएको व्यवस्था अनुसार सरकारी सम्पतिको प्रयोग एव खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने उल्लेख छ । यस कार्यालयको वडा न ५ मा विधुत महशुल समयमै भुक्तानी नगर्दा रु १२३१। थप व्यभार परेको देखिन्छ । समयमा महशुल बुझाई छुट लिनुपर्नेमा जरिवाना तिरी राज्यलाई थप व्यभार पर्ने भएकोले महशुल ढिला तिर्ने प्रवृतिको अन्त्य गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | १२३१ | |
| | वडा नं ७ चालु तर्फ | | | |
| | ३९।०८०।११।०२ | प्राप्ति ट्रेडिङ् एण्ड सेनेटेरीलाइ पानी ट्याङ्की बापत गरिएको भुक्तानीमा हस्तान्तरण फारम संलग्न नरहेको साथै प्राप्त गर्ने ब्यक्ति वा समुह यकिन नभएकोले उक्त खर्चलाई नियमित मान्न नसकिएको रु ४११००।- | ४११०० | |
| | ४०।०८०।११।०२ | प्राप्ति ट्रेडिङ् एण्ड सेनेटेरीलाइ चाप कटर बापत गरिएको भुक्तानीमा हस्तान्तरण फारम संलग्न नरहेको साथै प्राप्त गर्ने ब्यक्ति वा समुह यकिन नभएकोले उक्त खर्चलाई नियमित मान्न नसकिएको रु ६४०००।- | ६४००० | |

| क्र.सं. | | बेरुजुको विवरण | | रकम |
|---|---|---|---|---|
| | १२०।२०८०।३।१४ | वडा सचिव राजेन्द्र पौडेललाई १ दिनको अन्तरक्रिया बापतको भुक्तानीमा प्रशिक्षण र प्रशिक्षक यातायात खर्च बापतको रु.१०,०००।- भुक्तानीमा भुक्तानीको लागी पुष्ट्याईँका कागजात पेश गर्नुपर्ने, बाहिरी प्रशिक्षक हो भने बाह्य प्रशिक्षक पुष्टी हुने कागजात संलग्न राखि नियमित गरिनुपर्ने। | १०००० | |
| | १४१।२०८१।३।२३ | गण्डकी एग्रो सोलुसन प्रा.लि. लाई कृषकका लागी बिउविजन प्रोत्साहन कार्यक्रममा ५०% अनुदान अन्तर्गत ९४ जनालाई वितरण गरिएकोमा ६८ जना कृषकको मात्र भरपाई पेश भएकोले वाँकीको भरपाई पेश गरि उक्त खर्चलाई नियमित गरिनुपर्ने रु १३०००। | १३००० | |
| | वडा नं ७ पुँजिगत तर्फ | | | |
| | ४०।२०८१।३।१० | मयुर फोसेट्स प्रा.लि.लाई पाइप खरिद बापत गरिएको भुक्तानीमा प्रयोजन नखुलेको साथै पाईप हस्तान्तरण गरिएको प्रमाण पेश नगरिएकाले उक्त खर्चलाई नियमित मान्न नसकिएको रू. | ५५५२७ | |
| | ६६।२०८१।३।२४ | अजिता अधिकारी पोख्रेललाई विभिन्न योजनाहरुको बजेटबाट चालु खर्चको भुक्तानी गरिएकाले पूँजीगत बजेटलाई चालुमा खर्च गर्न नमिल्ने कानुनी प्रावधान रहेको छ तर यस वडामा पूँजीगत वजेट शिर्षकबाट चालु शिर्षकमा खाजा खर्च वापत भुक्तानी भएको उक्त खर्चलाई असुल गरिनुपर्ने रु ४७२६९। | ४७२६९ | |
| | वडा नं ८ चालु तर्फ | | | |
| | ३। ०८०।६।२१ | यस महानगरपालिकाको आर्थिक कार्यविधि ऐन २०७५ मा खर्च गर्ने तरिकाका सम्वन्धमा भएको व्यवस्था अनुसार सरकारी सम्पतिको प्रयोग एव खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने उल्लेख छ । यस कार्यालयको वडा न ८ मा विधुत महशुल समयमै भुक्तानी नगर्दा रु ३८२४।७४ थप व्यभार परेको देखिन्छ । समयमा महशुल बुझाई छुट लिनुपर्नेमा जरिवाना तिरी राज्यलाई थप व्यभार पर्ने भएकोले महशुल ढिला तिर्ने प्रवृतिको अन्त्य गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | ३८२५ | |
| | ६१।०८०।९।२९ | आमा मिलन केन्द्रलाई महिला शशक्तिकरण | ३००० | |

| क्र.सं. | | बेरुजुको विवरण | | रकम |
|---|---|---|---|---|
| | | बापत गरिएको भुक्तानीमा सहजकर्ता वापत १६०० तथा कार्यपत्र बापत रु १००० बढि दररेट राखी भुक्तानी गरिएकोले नियमित गरिनुपर्ने रु ३०००।– | | |
| | | | | |
| | | सवनम शर्मा सहजकर्ता/कार्यपत्र बापत-२६००।- बढि भुक्तानि रु १०००।– | | |
| | | | | |
| | | सविता ढुङ्गाना सहजकर्ता/कार्यपत्र बापत-२६००।- बढि भुक्तानि रु १०००।– | | |
| | | | | |
| | | इन्दिरा पौडेल सहजकर्ता/कार्यपत्र बापत-२६००।- बढी भुक्तानि रु १०००।- | | |
| | २१६।०८१।३।१७ | कार्यालयमा खरिद गरिने जिन्सी सामानको भुक्तानी गर्दा माग फारम, खरिद आदेश, दाखिला प्रमाणीकरण गरी खर्च भएर जाने र खर्च भएर नजाने जिन्सीको बेग्लाबेग्लै जिन्सी खातामा लगत राख्नुपर्ने,वितरण गरिने सामानहरुको हस्तान्तरण गरिएको देखाउनुपर्ने र प्रत्येक वर्ष यथार्थ र सही तरिकाले अ.ल्या. गरी जिन्सी खाता अपडेट गर्नुपर्नेमा सो नभएको पाइएकाले निम्न बमोजिमको भुक्तानीलाई नियमित मान्न नसकिएको: | १२०८८२० | |
| | २१७।०८१।३।७ | | | |
| | २१८।०८१।३।१० | सन्देश साइन्स हाउसको ह्वीलचियर बापतको रु. २८५००० | | |
| | २१९।०८१।३।१० | अटिजम केयर सोसाइटी गण्डकीको रु. १४६२६५ | | |
| | २५२।०८१।३।१६ | | | |
| | २८४।०८१।३।२४ | कम्प्लिट ट्रेडर्सको रु. ४९२५ | | |
| | | फेवा वाटर प्यूरीफायर सप्लायर्सलाई वाटर डिस्पेन्सर बापतको रु.९७००।– | | |
| | | Four G. Engineering Solution को डिजिटल बडापत्र बापतको रु. ४४६३५०।– | | |
| | | Spiral Technologies Pvt. Ltd. को web based darta and chalani sifaris सफ्ट्वेयर बापतको रु.३४८८३१।– | | |
| | | श्रीराम दिदीबहिनी समुहको वाद्यबाधन सामग्रीको रु.१०२५०।– | | |
| | | | | |

| क्र.सं. | | बेरुजुको विवरण | | | रकम |
|---|---|---|---|---|---|
| | | अस्मिता ट्रेड कन्सर्नको रु. ९९५५३।– | | | |
| | | न्यू सृजना छापाखानालाई रु. ४०२५७। | | | |
| | | सुन्दर मार्ग टोल विकास संस्थालाई रु. २९४७२।– | | | |
| | | न्यू जुपिटर बुक्स एण्ड स्टेशनरीलाई रु.४४७१७।- | | | |
| | वडा नं ८ पुजिगत तर्फ | | | | |
| | १७।०८०।१२।२६ | N.C.C बैङ्क भित्रिबाटो ढलान उ.स लाई मेसिनको प्रयोग गरि कार्यसम्पन्न वापतको भुक्तानीमा उपभोक्ता समितिबाट सम्पन्न गरिएका योजनाहरुमा मेसिनको प्रयोग गरी कार्यसम्पन्न गरिएको तर मेसिन प्रयोग गर्ने कम्पनीसगँ गरिएको सम्झौता र लगबुक समावेश नगरिएकोले सम्झौता र लगबुक समावेश गरि नियमित गरिनुपर्नेरु २०१००७।- | २०१००७ | | |
| | १२९।२०८१।१।२ | वडाका जनप्रतिनिधि र कर्मचारीहरुको तनाव व्यवस्थापन कार्यक्रमको लागी भनि चितवनमा गरिएको कार्यक्रममा देहाय वमोजिमको व्यहोरा देखिएकाले नियमित मान्न नसकिएको रु ६२८०० | ६२८०० | | |
| | | उपस्थित भन्दा बढी खाजा खानाको भुक्तानी रु.७८०० | | | |
| | | गाडी भाडा भुक्तानीमा सम्झौता बेगरको भुक्तानी रु. ५५०००।- | | | |
| | २४०।२०८१।३।१५ | श्री एयरपोर्ट टोल विकास समूहलाई ज्येष्ठ नागरिक पुस्तान्तरण अनुभव आदानप्रदान कार्यक्रममा गरिएको देहायबमोजिम प्रयोजनको भुक्तानीलाई नियमित मान्न नसकिएको: | ११८५० | | |
| | | अनुभव आदानप्रदान कार्यक्रममा प्रशिक्षक भत्ता रु.२००० | | | |
| | | स्टेशनरी बापतको खर्च रु.४०५० | | | |
| | | सहभागीभन्दा बढीको खाजा खर्च भुक्तानी रु.५८००।- | | | |
| | २७०।२०८१।३।१९ | सविता ढुंगानालाई झोला र रेनकोट बापतको भुक्तानीमा ३ सेटको भरपाई नपुगेकाले | १३२९८ | | |

| क्र.सं. | | बेरुजुको विवरण | | रकम |
|---|---|---|---|---|
| | | अन्तिम लेखापरिक्षणपूर्व नियमित गरिनुपर्ने अन्यथा असुल उपर गरिनुपर्ने। | | |
| | १७१।२०८१।०२।२० | यस महानगरपालिकाको आर्थिक कार्यविधि ऐन २०७५ मा खर्च गर्ने तरिकाका सम्वन्धमा भएको व्यवस्था अनुसार सरकारी सम्पतिको प्रयोग एव खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने उल्लेख छ । यस कार्यालयको वडा न ८ मा विधुत महशुल समयमै भुक्तानी नगर्दा रु ४१३५। थप व्यभार परेको देखिन्छ । समयमा महशुल बुझाई छुट लिनुपर्नेमा जरिवाना तिरी राज्यलाई थप व्यभार पर्ने भएकोले महशुल ढिला तिर्ने प्रवृतिको अन्त्य गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | ४१३५ | |
| | १७२। २०८१।०३। १९ | | | |
| | १९५। २०८१/२/२९ | वडाबाट स्वास्थ्य सम्बन्धि सामान वितरण कार्यक्रममा कार्य स्पष्ट नगरी विभिन्न व्यक्तिहरुलाई गरिएको भत्ता भुक्तानीलाई नियमित मान्न नसकिएकोर रु ७०००। | ७००० | |
| | ४३, ४४ ।२०८१।३/६ | वि & एस मेटल इन्जिनियरिङ वक्सलाई गरिएका देहायबमोजिमका भुक्तानीलाई प्राविधिक मूल्यांकन गरि कार्यसम्पन्न प्रतिवेदन विनानै भुक्तानी गरिएकाले उक्त खर्चलाई नियमित मान्न नसकिएको रु ६२३२४। | ६२३२४ | |
| | | | | |
| | | वडामा गेट निर्माण बापतको रु.३११६२ | | |
| | | वडामा गेट निर्माण बापतको रु. ३११६२ | | |
| | वडा नं ९ चालु तर्फ | | | |
| | ६।०८०।०८।१८ | नयाँ वजार सास्कृतिक समितिलाई गरिएको भुक्तानीमा सांस्कृति सामान खरिद गरि सास्कृतिक समितिमा दाखिला नगरिएकोले उक्त खर्चलाई नियमित मान्न नसकिएको रु ५१०००।- जोकर ड्रेस सेट १ जोडा रु.१६०००।- | ५१००० | |
| | | पेटी ड्रेस रु.१७५००।- | | |
| | | जोडी ड्रेस रु .१७५००।- जम्मा रु. ५१०००।- | | |
| | ८३।०८१।३। | कार्यालयमा खरिद गरिने जिन्सी सामानको | ४०६७४३ | |

| क्र.सं. | | | बेरुजुको विवरण | | रकम |
|---|---|---|---|---|---|
| | १६ | | भुक्तानी गर्दा माग फारम, खरिद आदेश, दाखिला प्रमाणीकरण गरी खर्च भएर जाने र खर्च भएर नजाने जिन्सीको बेग्लाबेग्लै जिन्सी खातामा लगत राख्नुपर्ने र प्रत्येक वर्ष यथार्थ र सही तरिकाले अ.ल्या. गरी जिन्सी खाता अपडेट गर्नुपर्नेमा सो नभएको पाइएकाले निम्न बमोजिमको भुक्तानीलाई नियमित मान्न नसकिएको: | | |
| | ५२।०८१।२। ११ | | मसलन्द र कार्यालय सामग्री बापत रु. ७६३८३ | | |
| | ५५।०८१।२। १ | | सृजना भट्टराई पोखरेललाई रू. २६००० | | |
| | ६४।०८१।२।१८ | | लक्ष्मीदेवी स्टेशनरी एण्ड जनरल सप्लायर्सलाई रु. ९५७५६ | | |
| | | | न्यू सृजना छापाखानालाई रु. ४८९६० | | |
| | | | पोखरा इन्क सपलाई रु.१५७६० | | |
| | | | पाण्डे कम्प्युटर प्रशिक्षण तथा मर्मत सेन्टरलाईरु. ४५७१५ | | |
| | | | लक्ष्मीदेवी स्टेशनरी एण्ड जनरल सप्लायर्सलाई रु. ९८१६९ | | |
| | ८१।०८१।३। ११ | | कार्यालयमा विविध खर्च बापतको भुक्तानी दिँदा प्रयोजन खुलाएरमितव्ययी तरिकाले गरिनुपर्नेमा जथाभावी तरिकाले विल भुक्तानी गरिएको, खरिदगरिएका सामानहरुको प्रयोजन नखुलेको तथा खर्चमा मितव्ययिता नअपनाइएको हुँदानियमित मान्न नसकिएको: | २१२०५८ | |
| | ८४।०८१।३। १६ | | स्रोजल किराना पसललाई रु. ३८८०० | | |
| | ५२।०८१।२। १ | | स्रोजल किराना पसललाई रु. ९९५३८ | | |
| | ५३।०८१।२। १ | | सृजना भट्टराई पोखरेललाई रू. ३८४२० | | |
| | ५४।०८१।२। १ | | गम ब. सार्कीलाई रु. १९८०० | | |
| | ८३।०८१।३। १६ | | कुलराज पौड्याललाई रु. १५५०० | | |
| | ५३।०८१।२। | | कुलराज पौड्याललाई रु. २५९९९ | | |

| क्र.सं. | | | बेरुजुको विवरण | | | रकम |
|---|---|---|---|---|---|---|
| | १ | | | | | |
| | ५६।०८१।२।१ | | गम ब. सार्कीलाई रु. १३००० | | | |
| | | | धर्मराज अधिकारीलाई रु. १०००० | | | |
| | | | | | | |
| | वडा नं ९ पुँजिगत तर्फ | | | | | |
| | ६२।०८१।२।१८ | | जमुना थापालाई विभिन्न विद्यालयमा योग शिक्षण बापत गरिएको भुक्तानीमा शिक्षक नियुक्ति गरिएको प्रमाण पेश नभएको, पूँजीगत शिर्षकबाट चालु प्रकृतिको शिर्षकमा खर्च गरेकोले उक्त खर्चलाई नियमित मान्न नसकिएको रु ११८०००। | ११८००० | | |
| | ९२।०८१।३।२१ | | | | | |
| | ७९।०८१।३।११ | | शहरी स्वास्थ्य केन्द्र ९ लाई ५० थान ज्याकेट खरिद बापत गरिएको भुक्तानीमा भरपाई पेश नभएकाले अन्तिम लेखापरिक्षणपूर्व नियमित गरिनुपर्ने, अन्यथा असुल उपर गरिनुपर्ने। | ३१००० | | |
| | वडा नं ११ चालु तर्फ | | | | | |
| | २०।०८०।०८।२९ | | यस महानगरपालिकाको आर्थिक कार्यविधि ऐन २०७५ मा खर्च गर्ने तरिकाका सम्वन्धमा भएको व्यवस्था अनुसार सरकारी सम्पतिको प्रयोग एव खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने उल्लेख छ । यस कार्यालयको वडा न ११ मा विधुत महशुल समयमै भुक्तानी नगर्दा रु ९३०५।थप व्यभार परेको देखिन्छ । समयमा महशुल बुझाई छुट लिनुपर्नेमा जरिवाना तिरी राज्यलाई थप व्यभार पर्ने भएकोले महशुल ढिला तिर्ने प्रवृतिको अन्त्य गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ | ९३०५ | | |
| | १२८।०८१।०३।०६ | | | | | |
| | १६८।०८१।३।२४ | | कार्यालयमा खरिद गरिने जिन्सी सामानको भुक्तानी गर्दा माग फारम, खरिद आदेश, दाखिला प्रमाणीकरण गरी खर्च भएर जाने र खर्च भएर नजाने जिन्सीको बेग्लाबेग्लै जिन्सी खातामा लगत राख्नुपर्ने र प्रत्येक वर्ष यथार्थ र सही तरिकाले अ.ल्या. गरी जिन्सी खाता अपडेट गर्नुपर्नेमा सो नभएको | १५४६६९ | | |

| क्र.सं. | | | बेरुजुको विवरण | | रकम |
|---|---|---|---|---|---|
| | | | पाइएकाले निम्न बमोजिमको भुक्तानीलाई नियमित मान्न नसकिएको: | | |
| | ४२।०८१।१।२६ | | डिल्लु प्रसाद शर्मालाई रु.१४७७५ | | |
| | | | सि.सि. क्यामेरा जडान बापतको रु. १३९८९४ | | |
| | वडा नं १२ चालु तर्फ | | | | |
| | ४८।०८०।१०।२२ | | उज्यालो वडा अभियान अन्तर्गत एस.गण्डकी लाइट एण्ड इलेक्ट्रोनिक्स लाई गरिएको भुक्तानीमा प्राविधिक मुल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन समावेश नगरिएको हुँदा प्रतिवेदन समावेश गरि नियमित गरिनुपर्ने रकम रु.४९९४८०।- | ४९९४८० | |
| | वडा नं १३ पुँजिगत तर्फ | | | | |
| | ९६।०८१।३।२४ | | वनस्टप टेक्नोलोजी प्रा.लि.लाई सि.सि. क्यामेरा जडान बापत गरिएको भुक्तानीमा खरिद आदेश, दाखिला, सि.सि. क्यामेरा प्रयोग भएको/ नभएको प्रमाण जस्ता कुनै पनि पुष्ट्याईँका कागजात सलग्न नभएकाले उक्त खर्चलाई नियमित मान्न नसकिएको | ९७५६०५ | |
| | वडा नं १४ चालु तर्फ | | | | |
| | ३, १६।०८०।०६।०५ | | यस महानगरपालिकाको आर्थिक कार्यविधि ऐन २०७५ मा खर्च गर्ने तरिकाका सम्वन्धमा भएको व्यवस्था अनुसार सरकारी सम्पतिको प्रयोग एव खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने उल्लेख छ । यस कार्यालयको वडा न १४ मा विधुत महशुल समयमै भुक्तानी नगर्दा रु ८२४२।थप व्यभार परेको देखिन्छ । समयमा महशुल बुझाई छुट लिनुपर्नेमा जरिवाना तिरी राज्यलाई थप व्यभार पर्ने भएकोले महशुल ढिला तिर्ने प्रवृतिको अन्त्य गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ | ८२४२ | |
| | १६।०८०।०८।१२ | | | | |
| | २१।०८०।०८।२० | | उज्यालो सडक तथा वत्ति निर्माण कार्यक्रम अन्तर्गत थेम्स ट्रेडर्सलाई गरिएको भुक्तानीमा प्राविधिक मुल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन | ७६५०९३ | |

| क्र.सं. | | | बेरुजुको विवरण | | रकम |
|---|---|---|---|---|---|
| | | | सलग्न नभएको हुँदा उक्त प्रतिवेदन सलग्न गरि नियमित गरिनुपर्ने रु. ७६५०९३।- | | |
| | वडा नं १५<br>चालू तर्फ | | | | |
| | १०१।<br>२०८१।३।<br>२४ | | समान बजेट/अस्तित्व भएको अन्य कार्यालयले गर्ने खर्च यस महानगरपालिकाबाट भुक्तानी गर्दा तालुक कार्यालयको स्वीकृति लिनुपर्नेमा प्रदेश प्रहरी केन्द्रमा शौचालय निर्माणका लागी गरिएको भुक्तानीमा सो बमोजिम नभएकाले नियमित मान्न नसकिएको रु ९९६६२८। | ९९६६२८ | |
| | वडा नं १६ चालु तर्फ | | | | |
| | | | यस महानगरपालिकाको आर्थिक कार्यविधि ऐन २०७५ मा खर्च गर्ने तरिकाका सम्वन्धमा भएको व्यवस्था अनुसार सरकारी सम्पतिको प्रयोग एव खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने उल्लेख छ । यस कार्यालयको वडा न १६ मा विधुत महशुल समयमै भुक्तानी नगर्दा रु १८८७।७७ थप व्यभार परेको देखिन्छ । समयमा महशुल बुझाई छुट लिनुपर्नेमा जरिवाना तिरी राज्यलाई थप व्यभार पर्ने भएकोले महशुल ढिला तिर्ने प्रवृतिको अन्त्य गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | १८८७।७७ | |
| | वडा नं १८<br>चालु तर्फ | | | | |
| | ४३।०८०।<br>१२।१५ | | महिला शसक्तिकरण तथा नेतृत्व विकास कार्यक्रम वापत विशाल गायकले पे.फ गरि वाकी रकम भुक्तानीमा म्युजिक सेन्टर पो-३ वाट मादल खरिद वापत विल नं. १७४,१७१,१७०,१७३,वाट रु. १२२५००/- को पान विलवाट टुक्रा टुक्रा गरि खरिद गरिएको उक्त खर्चलाई नियमित मान्न नसकिएको रु १२२५००/- | १२२५०० | |
| | २६।०८०।<br>१०।०७ | | यस महानगरपालिकाको आर्थिक कार्यविधि ऐन २०७५ मा खर्च गर्ने तरिकाका सम्वन्धमा भएको व्यवस्था अनुसार सरकारी सम्पतिको प्रयोग एव खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने उल्लेख छ । यस कार्यालयको वडा न १८ मा विधुत महशुल समयमै भुक्तानी नगर्दा रु १७२९।५१ थप व्यभार परेको देखिन्छ । समयमा महशुल बुझाई छुट | १७२९।५१ | |

| क्र.सं. | | | बेरुजुको विवरण | | | रकम |
|---|---|---|---|---|---|---|
| | | | लिनुपर्नेमा जरिवाना तिरी राज्यलाई थप व्यभार पर्ने भएकोले महशुल ढिला तिर्ने प्रवृतिको अन्त्य गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | | | |
| | ६०। | ०८१/०२/०१ | आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ४७ अनुसार कार्यायलयले खरिद गरेका खर्च हुने र नहुने सामानहरुको दाखिला, माग फारम, खरिद आदेश र दाखिला प्रतिवेदन समावेश गरि भुक्तानी दिनुपर्दछ साथै कार्यालयले विभिन्न समयमा खरिद गरेको मालसामानको जिन्सी खातामा समयमा नै अपडेट गर्नुपर्दछ । तर कार्यालयले प्रकिया पुरा नगरि गरेको देहायबमोजिमको भुक्तानिलाइ नियमित मान्न नसकिएको | ६४१९९ | | |
| | ७४ | ।०८१/२/२८ | सराङ्ककोट गोठादी भिरपानी लिफ्टिङ् खानेपानी उ.सलाई पाइप खरिदबापतको भुक्तानी रु २०१६०।- | | | |
